ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी




१५८ औं मोतीजयन्तीको अवसरमा आख्यानकार डा. हरिप्रसाद भण्डारीलाई प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सदस्य माननीय डिल्लीराज भुसालबाट जानकी साहित्य पुरस्कार प्रदान ।



१५८ औं मोतीजयन्तीमा प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सदस्य माननीय डिल्लीराज भुसालबाट मन्तव्य प्रकट




२१० औं भानुजयन्तीमा प्रमुख अतिथि पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थीद्वारा पुस्तक आम्दानी बाँध्न छाप लगाउँदै




२१० औं भानुजयन्तीमा श्री गणेश श्रीपालीद्वारा उपहारस्वरूप पुस्तकहरू प्रदान



श्री ऋषिकेशव भारद्वाजबाट संस्कृत विषयका प्राथमिक तहका पाठ्यपुस्तकहरू उपहारस्वरूप प्रदान

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ५०    ❑ अङ्क : ४    ❑ सम्पूर्णाङ्क : ९९    ❑ साउन-असोज, २०८०

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

## किरण पुस्तकालय
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण : किरण पुस्तकालयको वाचनालय

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# विपनाहरू / सपनाहरू

- विपनाहरू वर्तमान हुन् हाम्रा । तिनलाई हामी भोग्छौं, छाम्छौं, छुन्छौं, देख्छौं, चाख्छौं, सुँघ्छौं, सुन्छौं । विपनाहरू तिता पनि छन्, मिठा पनि छन्, बिझाउने पनि छन्, कोमल पनि छन् । विपनाको लोकमा दुख्ख छ, दर्द छ, अभाव छ, रोग छ, शोक छ, मृत्यु छ ।

- सपनाहरू भविष्य हुन् हाम्रा । हामी ती भोग्दैनौं, देख्छौं मात्र ! सपनाहरू सुमधुर मात्र छन्, कोमल मात्र छन् । सुखै-सुख छ त्यहाँ । सपनाको लोकमा दुख्ख, अभाव, रोग, शोक, मृत्यु छैन । एउटा फेन्टासी हो सपना ।

- सपनाहरू प्रायः सुतेमा देखिने हुन् । अब दिउसै वा सम्साँझमा कतै हिंड्दा-डुल्दा पनि सपना देखिने भएका छन् । कतै होर्डिङ बोर्डहरूमा पनि सपनाहरू झुन्डिएका देखिन्छन् । जस्तैः-

  १. तपाईंको युरोप जाने सपना साकार पार्न हामीलाई सम्झनुहोस् ।
  २. तपाईंको कोरिया जाने सपना पूरा गर्न हामीसँग सम्पर्क गर्नुहोस् ।
  ३. तपाईंको अस्ट्रेलिया जाने सपना हामी पूरा गरिदिन्छौं, आउनुहोस् ।

- अब यसरी नै देखिरहनेछौं हामीले सपनाहरू । अब यसरी नै पूरा हुनेछन् हाम्रा सपनाहरू पनि । अब यसरी नै हाम्रा सन्तानहरू पछ्याउने छन् सपनाका पाइलाहरू । हो देशवासीलाई सपनाका पछि पठाएर यहाँ नून, सुन र सम्पत्ति जोर्नेछन् यसै गरी सपनाका सौदागरहरू । देशको उन्नतिको सपना देख्दैछन् केही थान मान्छेहरू यसै गरी ।

- निर्जन बन्दैछन् बस्तीहरू । श्रम, सीप र जाँगर बगिरहेछ बर्खाको भेलसँगै तल-तल । बाँझै छन् खेतबारीहरू । शून्य छन् आँगनहरू । भग्न हुन थालेका घरभित्र छन् - भग्नहृदय बाआमाहरू । यस्तोमा कृषिक्रान्तिको सपना देखिरहेछन्-माटो र हिलो नदेखेका एकथरी मान्छेहरू ।

- सपना देखेथ्यौं हामीले पनि कुनै दिन-देशोन्नतिका, समानताका । सपनाका लागि लडेथ्यौं हामी आपसमा पनि । हाम्रा सपनाहरू छताछुल्ल भएर पोखिएका छन्- विपनामा, वर्तमानमा, यथार्थमा । हो हामी उठाइरहेछौं तिनै पोखिएका सपनाहरू पोल्टामा ।

-ooo-

## कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | पुस्तक छापिएको २२ दिनमै ... | चूडामणि गौतम | १ |
| २. | मेरा चार पुस्ताले भारतीय सेनामा... | विष्णुबहादुर सिंह | १४१ |
| **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी** | | | |
| १. | मनको कलकलमा मुक्तक-मन्थन | जयदेव गौतम | १३ |
| २. | सहाना प्रधान : महिला मुक्ति, ... | प्रदीप ज्ञवाली | २३ |
| ३. | असंख्य विद्वान्हरूलाई मोहित ... | छत्रमान सुब्बा | ४३ |
| ४. | गुल्मी धुरकोटका ऐतिहासिक ... | डा. रामराज पन्थी | ४८ |
| ५. | अधिकमास (मलामास) कसरी ... | डा. लक्ष्मीकान्त पन्थी | ५८ |
| ६. | धार्मिक तथा ऐतिहासिक क्षेत्र... | हीरा ए.सी. | ७३ |
| ७. | मारवाडी समाज : सामान्य परिचय | विजय सागर | ८४ |
| ८. | घर्ती/भुजेल जातिका स्थल नामहरू | विष्णु घर्ती 'भनभनेली' | ११९ |
| ९. | सानो कद | चिरञ्जीवी दाहाल | १२७ |
| १०. | नेपाली जनजीवनमा देहरादूनको ... | उदय ठाकुर | १३८ |
| **कथा/लघुकथा** | | | |
| १. | वडाध्यक्ष र नेपाली स्याट-१ | गुरुप्रसाद कुमाल 'बुलबुल' | १२५ |
| २. | नाता | कल्पना पौडेल 'जिज्ञासु' | १३९ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | उनी/उनीहरू | डा. श्यामप्रसाद न्यौपाने | १२ |
| २. | अक्षरको खेती | मुकुन्द शर्मा चालिसे | २१ |
| ३. | मृत्युको बुईमा जिन्दगी | गोविन्द गिरी प्रेरणा | २२ |
| ४. | ईश्वर | आस्था केपिला | ३२ |
| ५. | केही भावानूदित कविता | प्रह्लाद पोखेल | ४१ |
| ६. | गजल | बूँद राना | ४२ |
| ७. | रेसुङ्गार्जुन | मित्र 'उराठी' गौतम | ४२ |
| ८. | फूल | सरु सुधा | ५६ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| ९. | भानुभक्त र उनको रामायण | कृष्णशरण उपाध्याय पौडेल | ५७ |
| १०. | गाउँ सबै रित्तियो | विष्णुकान्त पन्थी | १२२ |
| ११. | मान्छे र प्रकृति | कमला गौतम | १२३ |
| १२. | देश दुख्नुपर्दछ | राकेशकुमार झा 'रसिक' | १२४ |
| १३. | मेरो देश ऋण बोकिरहेछ | हेमबाबु लेखक | १३३ |
| १४. | आदिकवि भानुभक्त आचार्य | टेकनारायण रिमाल 'कौशिक' | १३५ |
| १५. | राष्ट्रघात | शकुन्तला पौडेल | १३६ |
| १६. | कसरी बन्छ यो देश ? | कृष्ण पाण्डेय | १३७ |
| १७. | फर्की आऊ घर | नमोनारायण पन्थी | १४० |

**संस्मरण/यात्रा/नियात्रा**

| | | | |
|---|---|---|---|
| १. | रेसुङ्गाको उभौली र लेकाली छाक | तेजप्रकाश श्रेष्ठ | ६ |
| २. | बाकूको बाटो | विनोद नेपाल | ३३ |
| ३. | थकित पैताला टेकेर | लीलाराज दाहाल | ५२ |
| ४. | गौरीशंकरको छायाँ | खगेन्द्र गिरी 'कोपिला' | ६३ |

**स्थायी स्तम्भहरू**

| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | शशि पन्थी | १४१ |
| ४. | पुस्तकालय परिचय | शिवध्वज शाही | १४४ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १४९ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | दीन पन्थी/अकिञ्चन | १५१ |
| ७. | यताउताबाट | बुटवल टुडे, दैनिक निर्णय | १६१ |
| ८. | पाठक-प्रतिक्रिया | घनश्याम गौतम/डिल्लीराज खनाल | १६५ |
| ९. | किरण पुस्तकालयका आजीवन सदस्यको परिचय | | १६७ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १७० |


ooo


# पर्यटक/तीर्थयात्रीहरूको तथ्याङ्क सङ्कलनसम्बन्धी रेसुङ्गा नगरपालिकाको अनुरोध

"जाऊँ हिंड रेसुङ्गा" अभियानको सिलसिलामा रेसुङ्गा भ्रमण गर्ने पर्यटक/तीर्थयात्रीहरूको तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका लागि खानीगाउँको मन्दिर अगाडि **पर्यटन सूचना केन्द्र** स्थापना गरिएको छ । उक्त सूचना केन्द्रमा आफ्नो विवरण टिपाई सहयोग गरिदिनुहुन रेसुङ्गा भ्रमण गर्ने महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं ।

# रेसुङ्गा नगरपालिका

पर्यटन सूचना केन्द्र, गुल्मी

# पुस्तक छापिएको २२ दिनमै सबै प्रति बिके ।



✍ **चूडामणि गौतम**

*(गुल्मी जिल्लामा अवस्थित किरण पुस्तकालयबाट प्रकाशित हुने गरेको त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'का लागि अङ्ग्रेजी तथा नेपाली भाषाका विद्वान् व्याकरणकार एवम् शब्दकोशहरूका लेखक श्री चूडामणि गौतमसँग उक्त पत्रिकामा प्रकाशनार्थ डा. लक्ष्मीकान्त पन्थीद्वारा प्रश्नहरू सोधी लिइएको अन्तर्वार्ता यस प्रकार छ : - सम्पादक)*

**१. नमस्कार । तपाईंसँग मेरो सामान्य परिचय हुँदाहुँदै पनि आज तपाईंको विशेष परिचय लिन र केही प्रश्नहरू सोधी तिनका उत्तरहरूसमेत 'हाम्रो पुरुषार्थ' पत्रिकामा प्रकाशनार्थ अन्तर्वार्ता लिन आएको छु । मञ्जूर हुनुहोला कि ?**

❑ यहाँ जस्तो विद्वान्बाट मलाई प्रश्न सोधिनुमा म आफ्नो गौरव ठान्दछु ।

**२. तपाईंको जन्मस्थान, घरायसी परिचय एवम् शिक्षा-दीक्षा कहाँबाट, कसको प्रेरणाले र कसरी प्राप्त गर्नुभयो ? खुलस्त रूपमा थाहा पाउन सकिएला कि ?**

❑ मेरो जन्मस्थान तेह्रथुम जिल्लाको, हाल आठराई गाउँपालिका वार्ड नं. २ पाकतिन हो । माता भीमरूपा तथा पिता यमनाथ गौतमको पुत्र हुँ । मेरो प्राथमिक शिक्षा आफ्नै गाउँको धूले पाठशालामा अक्षरारम्भ गरी छिमेकी गाउँ खेल्पुरको श्रीराम संस्कृत प्राथमिक विद्यालयबाट लघुकौमुदीको प्रारम्भिक अध्ययन भयो । केही समयपछि त्यस विद्यालयमा अंग्रेजी पढ्ने सुविधा भएकाले कक्षा ४ र ५ त्यहीं पढियो । दुबै कक्षामा म कक्षामा प्रथम भएँ र पुरस्कृत भएँ ।

त्यसपछि मूलपानी, संक्रान्तिस्थित हाइस्कूलमा प्रवेश लिएँ । कक्षा ६ देखि १० सम्म त्रि - मोहन हाइस्कुलमा अध्ययन गरें । खुशीको कुरा के भने हरेक कक्षामा म प्रथम स्थानमा रहें ।

खास प्रेरणा दिने कोही थिएन । तर पढ्नुपर्छ भन्ने व्यग्रता भने अन्तर्मनमा थियो ।

**३. पढाइ पूरा भइसकेपछि जागीर खानका लागि पनि कतै केही कोशिश गर्नुभयो कि ? अथवा जीवनवृत्ति के कसरी संचालन गर्नुभयो ? जान्न सकिएला ?**

❑ एसएलसी परीक्षामा उत्तीर्ण भइसकेपछि अगाडि आइएस्सी पढ्ने सोच बनाएको थिएँ । तर अर्थाभावको कारणले आफ्नै गाउँको प्राथमिक विद्यालयमा पढाउन थालें । केही महीनापछि ताप्लेजुङ जिल्लाको एउटा हाइस्कूलमा पढाएर केही रकम जोहो गर्न सकें । पछि विराटनगरको महेन्द्र मोरङ कलेजमा प्रवेश लिएँ । आइएस्सीको अन्तिम परीक्षामा बिमारको कारणले गर्दा आइएस्सी पूरा गर्न सकिनँ ।

तर पनि मैले पढेका सबै विषयमा मेरो ज्ञान थियो । प्रमाणपत्रको आधारमा म एसएलसी मात्र भए पनि कक्षा १० सम्म विद्यार्थीहरूलाई पढाउन सक्ने क्षमता ममा थियो । यसरी अढाई वर्षसम्म पढाउँदै आफ्नो सामान्य आजीविका चलाएँ ।

त्यसपछि आइएमा गणित तथा संस्कृत लिएर निजी (प्राइभेट) रूपमा परीक्षा दिएर उत्तीर्ण भएँ ।

त्यसै गरी बी.ए. मा गणित र नेपाली लिएर निजी (प्राइभेट) रूपमा परीक्षामा उत्तीर्ण भएँ ।

**४. पहाडी जीवनको रहनसहन र बसाइ छोडेर मधेसतिर किन आउनुभएको थियो ? अथवा मधेसतिरै जागीर भएको थियो कि कसो ?**

❑ मैले सोह्र वर्षको उमेरमा ए.बी.सी.डी. सिकेको हुँ । बीचमा विभिन्न कारणले पढाइको क्रमभङ्ग भयो । बत्तीस वर्षको उमेरमा बी.ए. परीक्षामा उत्तीर्ण भएको हुँ ।

जागीर खाने सिलसिलामा विराटनगरमा एउटा संस्थानमा चौथो (मुखिया) तहमा ६ महीने अस्थायी जागीर पाएँ । ६ महीनापछि मेरो जागीर छुट्यो ।

म मधेसतिर (विराटनगर) आउनुको लक्ष्य त आइएस्सी पढ्नका लागि नै हो । माथि उल्लेख भएको जागीरको निरन्तरता नभएपछि, बी.ए. पास गरेर पनि मुखियाको जागीर नमिल्ने देशमा 'आफू कहिल्यै जागीर (खास गरेर सरकारी जागीर) नखाने प्रण गर्दै महाप्रबन्धकबाट बिदा भएको थिएँ ।

त्यस बेला अधिकृत वा हाकिमको जागीर पाइने निश्चितता नै थियो भने हुन्छ । मेरा भाइ रामचन्द्र गौतम वि.सं. २०२७ देखि गोरखापत्रको शुद्धाशुद्धकर्ता (प्रूफरीडर) बाट शुरू गरेर २०३२ सम्ममा उपसम्पादक भइसकेका थिए । उनले चार-चार पटकसम्म लोकसेवाको फर्म हुलाकबाट रजिष्टर्ड गरी पठाएका थिए । तर म जागीरै नखाने प्रण गरेको मान्छे भनेर भाइलाई अबदेखि फर्म पठाउनु पर्दैन है, भाइ भनेको थिएँ । अनि 'के गर्नुहुन्छ, दाजु' भन्दा 'ट्यूशन पढाएर खान्छु' भन्थें ।

मसँगै पढ्ने अधिकांश साथीहरू कोही उपसचिव, कोही न्यायाधीश, कोही प्रबन्धक आदि भएका थिए । तर 'एक सुको' नभएको प्राणी म नचाहिंदो प्रण गरेर अभिशप्त जिन्दगी भोग्दो थिएँ ।

**५. तपाईंले अङ्ग्रेजी पढ्ने विद्यार्थीहरूका लागि अति उपयोगी व्याकरण (Higher Level English Grammar, Composition and Pronunciation) तथा अङ्ग्रेजी एवम् नेपालीमा समेत प्रामाणिक एवम् परिष्कृत धेरैवटा शब्दकोशहरू पनि लेख्नुभएको छ । यस्तो प्रेरणा कसरी मिल्यो ?**

❑ विराटनगरमा काफ्ले पुस्तक भण्डार सञ्चालन गरेर बस्ने नारायण काफ्लेले एक दिन अप्रत्याशित रूपमा भन्नुभयो - 'गौतमजी, तपाईंलाई नेपाली तथा अङ्ग्रेजी दुबै जान्ने विद्यार्थी भन्दछन् । वि.सं. २०२८ देखि नयाँ शिक्षा लागू भएको छ । तर अङ्ग्रेजी व्याकरण सिकाउने छुट्टै पुस्तक छैन । तपाईंले त्यस्तो पुस्तक लेख्नुभयो भने म छापुँला नि' - उहाँले थप्नुभयो ।

मैले 'साँच्चै हो त !' भन्दै त्यस दिन म उहाँसित बिदा भएँ ।

मेरो मस्तिष्कमा अङ्ग्रेजी - नेपाली ग्ग्रामर लेख्ने धुन सवार भइसकेको थियो ।

मसँग भएका ग्ग्रामरका थोत्रा दुईवटा पुस्तक र एउटा भर्खरै किनेको नयाँ पुस्तक भए ।

मैले पैंतीस वर्षको अन्तिम महीनामा बिलकुल नयाँ पुस्तक लेख्न शुरूवात गरें । पहिलो दिन बिहानै ६ बजे शुरू गरेर राती २ बजेसम्म अनवरत रूपमा लेखिरहें । यस्तो ऊर्जा कहाँबाट, कसरी र कहिले आयो म भन्न सक्दिनँ ।

मैले सबभन्दा पहिले गरेको काम अङ्ग्रेजी ग्र्यामरलाई नेपालीमा अनुवाद गरें । नेस्फील्ड ग्र्यामरको नेपाली विद्यार्थीहरूलाई चाहिने भाग अनुमान गरेर अनुवाद गर्दा पूरै ६ महीना लाग्यो । अनुवाद आफैंले हेर्दा हाँस हो कि बकुल्लो हो भनेर निर्क्योल गर्नै सकिनँ । तर पनि टुटेफुटेको अनुवादले चित्त बुझाएँ ।

अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्दा त सजिलो लाग्यो । तर नेपालीबाट आफूले जानेको अङ्ग्रेजीमा अनुवाद गर्दा पो फलामको च्यूरा चपाए जस्तो हुने हो कि भन्ने आशङ्का पनि थियो । जे होस्, कनीकुथी गर्दै झन्डै वर्ष दिन लगाएर अङ्ग्रेजीमा अनुवाद गरियो ।

पुस्तकको पाण्डुलिपि तयार गरेपछि उनै काफ्लेलाई भेट्न गएँ र प्रकाशन गरिदिने कुराको स्मरण गराएँ । तर उहाँले आफ्नो असमर्थता जनाएपछि मनमनै अठोट गरें । 'जे पर्ला - पर्ला' भन्ने आँट गर्दै आफैं छपाउने निष्कर्षमा पुगें ।

वि.सं. २०६७ सालको असारतिर भारू ५, ७००/ - बोकेर बनारसतर्फ लागें । काशी, विश्वनाथ गलीस्थित माधव मुद्रणालय पुगेर मुद्रणालयका माधव धवनलाई भारू ५, ०००/ - का साथ पुस्तक छाप्ने पाण्डुलिपि दिएँ ।

करीब अढाई महीनापछि आश्विनको पहिलो सातामा परेको फूलपातीको दिन पुस्तक प्रकाशित भयो । शुरूमा ११०० प्रति छापिएको सो पुस्तक पाँच वर्षमा त बिक्ला कि भन्ने मेरो आँकलन थियो । मेरो आकलन विपरीत २२ दिनमै सबै प्रति बिके ।

यसबाट मलाई अघि बढ्ने प्रखर ऊर्जा प्राप्त भयो । दोस्रो संस्करण निकाल्नमा यही तथ्य प्रेरणा - स्रोत बन्यो ।

**६. सर, तपाईंले गरेका उक्त पुस्तकहरूको लेखन कार्यबाट नेपाली समाजले तपाईंलाई कुनै केही अभिनन्दन, सम्मान, पुरस्कार अथवा कुनै कदर पनि गर्‍यो कि ?**

❑ मैले नेपालीहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'हाइ हाइ अङ्ग्रेजी' ठान्ने सङ्कुचित मनोवृत्तिलाई बाध्यतावश अङ्ग्रेजी - नेपाली वा अङ्ग्रेजीमा लेख्ने जीवनवृत्ति वा पेशा अँगालेको हुँ । मैले यस्तो लेखनबाट सामान्य आर्जन

गरेर भाग्य अजमाएको मात्र हुँ । मलाई जो मिल्यो, त्यसैलाई भाग्य सम्झेको हुँ ।

मेरी आमा बूढी भएर चाउरिएका छालाले ढाकिएकी भए पनि तिनै मेरी जन्मदात्री हुन् । त्यसै गरी मैले आमाका काखमा सुतेर सबभन्दा पहिले सिकेको भाषा नै मेरो स्तुत्य मातृभाषा हो ।

तर प्रपञ्च र परिबन्दले गर्दा विदेशी भाषामोहबाट बाहिर निस्कनै सकिनँ । मैले सुदूरको विदेशी भाषामा कुनै पुरस्कार पाउने कुरै भएन ।

प्रसङ्गवश अलिकति भन्न पाउँदा पनि ठूलो गर्व लाग्दो रहेछ । आफ्नो भनेको आफ्नै हो । यही वि.सं. २०८० ज्येष्ठ महीना १३ गतेका दिन प्रज्ञा - भवनमा दायित्व वाङ्मय प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा मलाई प्राप्त भएको 'विद्वच्छिरोमणि हेमराज पुरस्कार' बाट अपूर्व अनुभूति भएको छ ।

**७. सर, शैक्षिक क्षेत्रमा मैले उल्लेख गर्न र सोध्न बिर्सेका अरू केही महत्त्वपूर्ण उपलब्धिहरू छन् भने तिनको पनि विस्तृत विवरण दिन सकिएला कि, जसले गर्दा आउने पुस्ताका विद्यार्थीहरूलाई बढी प्रेरणा मिलोस् ।**

❑ शैक्षिक क्षेत्रमा मैले लेखन तथा प्रकाशन गरेका सबै पुस्तकहरू विद्यार्थीहरूले सिक्न सकून् भन्ने उद्देश्यले लेखिएका पुस्तक हुन् ।

**८. सर, धेरै लामो समयसम्म यसरी तपाईंले गर्नुभएको शैक्षिक एवम् सामाजिक सेवाबाट आफूलाई कत्तिको सन्तुष्टि मिलेको अनुभव गर्नुभएको छ ?**

❑ यहाँले मेरो व्यावसायिक लेखन तथा प्रकाशनलाई शैक्षिक एवम् सामाजिक नामकरण गरिदिनुभएकोमा यहाँलाई हृदयतः साधुवाद प्रकट गर्दछु । त्यति हुँदा हुँदै पनि मैले शीतको थोपा जम्मा गर्दै सानो घैलो भरेर जीवनचर्या चलाउन पाएकोमा मलाई सन्तुष्टि मिलेको छ ।

**९. यहाँले धेरै पुस्तकको लेखन र प्रकाशनपछि यिनको बिक्री वितरणबाट के कस्तो प्रतिफल प्राप्त भयो र यसले तपाईंको जीवन सञ्चालनका लागि राम्रो सहयोग पुऱ्याएकै छ कि ? बताउन सकिएला ?**

❑ पुस्तक लेखनकै कुरा गर्ने हो भने 'बृहत्तर नेपाली शब्दकोश' मेरा साना - ठूला कृतिहरूको गणनामा १०७ औं विशालकाय ग्रन्थ हो ।

यही वैशाखदेखि १०९ औं ग्रन्थको लेखन तथा सम्पादनमा वृद्धावस्थाको अनमोल समय व्यतीत गर्दो छु ।

ooo

# रेसुङ्गाको उभौली र लेकाली छाक

✍ **तेजप्रकाश श्रेष्ठ**
**प्रतिभाकुञ्ज, तीनथाना, १५, चन्द्रागिरि नगरपालिका**

हामी उक्लिरहेका छौं रेसुङ्गाको उभौली । हजार सिँढी ! पैंतीस सास ! स्वाँ स्वाँ र फ्वाँ फ्वाँ ! सङ्गीतको झङ्कार झैं !

सम्झिरहेछु म । बिहानको सङ्गीतमय क्षण ! वयोवृद्ध दिदीबैनी राधा बेलवासे र मानकुमारी भुसाल ! उनीहरूका गला र कला ! लोकरामायणको गायन । एकतारेको झङ्कार । लोकवार्ताका संयोजक शशि पन्थीजीको संयोजन ।

हामीलाई यही सुनाउन उनीहरू आइपुगेका रहेछन् माइती जिल्ला । टाढा नजिकको हेक्का राखेनन् उनीहरूले आफ्ना बुबाको बिडो थाप्न । उनीहरूका बुबा त्यस भेकका नामुद एकतारेका माध्यमबाट गवैया रहेछन् लोकरामायणका । लोकवार्ताको जगेर्नाको प्रयास । स्तुत्य !

लोकवार्ता सम्झिँदै उक्लिरहेछु म । रेसुङ्गाको लेक ! धार्मिक आस्थाको केन्द्र ।

बुढा पाइलाहरू गतिशील छन् सहयात्री जीतबहादुर रायमाझीका र मेरा ! सँगै उक्लिरहेका छौं हामी । अस्सी वसन्त नजीकका रायमाझी सरका शिथिल पाइलाहरू ! गतिशील छन् युवा जोशका साथ । जम्जमाउँछन् मेरा पाइलाहरू पनि ! प्रत्येक खुड्किला मुस्कुराउँछन् हाम्रा पदस्पर्शमा ।

भय मडारिएकै हो पौवाबाट गन्तव्य पछ्याउन खोज्दा । पौवा अर्थात् तम्घास (गुल्मी) देखि सन्धिखर्क (अर्घाखाँची) छिचोल्ने मार्गको सर्वोच्च स्थल ! एउटा पर्वतीय छेडो अथवा देउराली । एउटा बिसौनी । सुन्दर पोखरी र छानेशैलीका मन्दिर अवस्थित सुन्दर ज्ञान पार्क । हाल पौवा रिसोर्ट सञ्चालन भएकाले जम्जमाएको छ गुल्मीको आकर्षक पर्यटकीय गन्तव्य । सडक विस्तारले सहज तुल्याएको यहाँसम्म ।

सवारीको विश्रामस्थलबाट उक्लिन्छ रेसुङ्गाको उकालो । पदयात्रा गर्नुपर्ने वाध्यता ! तर हाम्रो रहर हो यतिबेला । समुद्री सतहबाट २३४७ मिटर उचाइको रेसुङ्गा चुली पछ्याउने गन्तव्य मार्ग । सल्बलाउन थाल्छन् हाम्रा पाइलाहरू ।

एक हजार सिँढीले अत्याउँछ हामीलाई । झन् अत्याउँछन् युवा सहयात्रीहरू ।

"ओ हो ! तपाईं त उक्लिन सक्नुहुन्न होला । यतै आराम गरेर बस्नुहोस् ।"

“बरा, हिजो राति पेटको गडबड्ले बिमार हुनुभयो । सक्नुहुन्न । उः त्यहाँ होटलमा आराम गरेर बस्नु नै बेश होला भन्छन्, महासचिव प्रा. डा. ध्रुवप्रसाद भट्टराई ।” उनलाई चिन्ता छ कार्यक्रमको ।

“हो हो, बस्नुहोस् यतै ।” सहानुभूति बर्सिन्छन् असरल्ल ।

“सक्छु । किन नसक्नु । मलाई के भएको छ र ! हिजो खानाको गडबडीले राति केही असहज भएको थियो । अहिले स्वस्थ्य छु ।” रायमाझी सरको आत्मबल उक्लियो सिँढीसँगै । पछ्याएँ मैले ।

झुस्स दाह्रीजुँगा, चिम्से आँखा, ख्याउटे अनुहार, ढल्के टोपी, खैरो खैरो ज्याकेट, छड्के भिरेको सेतो झोला, र दृढताको प्रतीक जोश उनका बाह्य स्वरूप हुन् । आन्तरिक ओज त उनी हुन् साहित्यकार, अन्वेषक, लोकवार्ताविद्का साथै मूलतः चित्रकार । मैथिली चित्रकलामा सिद्धहस्त छन् उनी । जिज्ञासु र जाँगरिला छन् उनी जीवनको उत्तरार्द्धमै पनि ।

म पनि उनको पछिपछि छु । उमेरमा पनि म उनैलाई पछ्याउँदै छु अहिले । हुन त म उकालोदेखि हायलकायल हुन्छु सधैँ । सिँढी उक्लिनु त हम्मेहम्मे नै हुने गर्छ । तर आँट पलाएको छ सहयात्रीको जोश र हिम्मत भेटेर । हिम्मत र आँटले नै त जीवन फत्राउने गर्छ । निर्भीक बन्छन् मेरा पाइलाहरू पनि । र त, गतिशील बन्दैछन् गन्तव्य र आकाङ्क्षा !

घाम पनि उक्लिरहेछ हामीसँगै । विक्रमको २०७९ को याम ! न्यानोबाट तातो बन्दै छ फागुन ९ को घाम । यस वर्षको ग्याल्मो ल्होसारको पुनीत दिन । हाम्रो राष्ट्रिय पर्व ! हिमाली जाति शेर्पाहरूको महान् चाड ! जम्जमाएको छ खस्रु, बाँझ, गुराँस, धुपी, सल्ला आदि रूख बुट्यानको छेको ! सियाल पस्किँदै छ यात्रुका लागि । वनले घेरिएको परिवेश ! चराचुरूङ्गीहरूको चिर्बिर ! पसिना ओबाउन र सुस्ताउन ठिङ्ग उभिएर चारैतिर हेर्छु । खरायो, मृग, स्याल चितुवाको अस्तित्व त हुँदो हो यहाँ । घना छ वन । तर देखिएनन् कुनै वन्यजन्तु ।

म उधो हेर्छु, कति छोट्टिएछ गन्तव्य ? कति उक्लिएछौं हामी । उभो लाग्दा उधो हेर्नु भन्छन् भुक्तभोगीहरू । लामै बाटो हिँडिसकिएछ भन्ने विश्वास पलाउँछ । उभो हेर्दा अत्तालिन्छ रे मन । अझै तुर्नुपर्ने बाँकी गन्तव्य देख्दा ।

“लौ लौ सरहरू ! दुईसय खुट्किलो उक्लिसके छौं । उक्लिऔंला सुस्त सुस्त । के हतारो छ र ! आराम गर्नुहोस् ।” सहयात्री दिल्लीरमण सुवेदीको युवा जोशले हामीलाई ढाडस दिन पुग्छ ।

यसो हेर्छु खुट्किलाका भित्ताहरू । नभन्दै दुईसय अङ्क अङ्कित रहेछ एउटा खुड्किलाकै भित्तोमा । ठाउँ ठाउँमा यस्तै सङ्केत भेटिन्छन् गन्तव्यका विश्रान्ति ।

सहयोगी र सहृदयी छन् सुवेदी । हामीलाई साथ दिइरहेछन् अहिले । अरू सहयात्रीहरू कताकता पुगे खै ! पत्रकार पेशामा जीवन हाँकिरहेका सुवेदी लोकवार्तामा गहन रुचि राख्ने कर्मठ युवा । त्यसैले त तीस पैंतीस जनाको लोकवार्ताविद्को समूहका एक सक्रिय सदस्यको रूपमा लम्किरहेछन् उनी ।

"त्यै त भन्या ! के हत्तारो छ र हामीलाई । सुस्त सुस्त पुगिहाल्छौं । झन्डै मलाई काठमाडौं फर्काइ दिएका लौ । कस्ता साथीहरू । अलिकति केही हुनासाथ अत्तालिने । मैले मान्दै मानिनँ र पो ! आफूलाई कस्तो हुट्हुटी छ नौलोनौलो ठाउँ पुग्नु । स्वर्गतुल्य स्वदेशको पाखापखेरा चहार्नु । आँटेको काम बीचैमा अधुरो छोड्नु मेरो स्वभावै छैन । अहिले पनि झन्डै तलै बस्नुपरेको । किन बस्थेँ तल ।" रायमाझी सरले गहिरै सुस्केरा हाले गुनासोसहित ।

सुवेदीजीले भिडियो पनि खिच्न भ्याए कुरा गर्दागर्दै । हामी उक्लियौं फेरि सुस्त सुस्त । झ्याम्मै गरूडस्थान देखापर्‍यो सिँढीको मध्यमध्य भागमा । केही सहयात्रीहरू सुस्ताइरहेका भेटिए हामीभन्दा पहिले लम्केकाहरू । विश्रामका लागि राखिएका फलामे बेन्चमा हामी पनि सुस्तायौं केहीबेर । कछुवा र खरायोको दौड दोहोराएनौं ।

मैले पुलुक्क हेरेँ रायमाझी सरको अनुहार । अहँ कतै थकावटको चिह्नसम्म देख्न सकिनँ । बरू आफै थाकेथाके जस्तो अनुभव । नागबेली आकारको सिँढीका खुट्किलाहरू विलुप्त भए थुम्काथुम्कीमा । तल र माथिका सिँढीका खुट्किलाहरू ओझल पर्थे पर्वतीय धरातलमा । अत्यास हराउँदो रहेछ यसो हुँदा । हजार खुट्किला एकैसाथ देख्दा अत्याउँदो हो हामीलाई । मानिसको स्वभाव हो एक्कैचोटी दायित्वको थुप्रो देख्दा अत्तालिने । तर त्यस्तो हुन पाएन । किस्ताबन्दीमा देखिए खुट्किलाहरू । पर्वतीय धरातलको चुचुरो छिचोल्न खोज्दा एकपछि अर्को चुचुरो ठडिए झैँ ।

केही माथि उक्लेपछि रामकुण्ड अङ्कित सूचनापाटी बाण चिह्न । रामकुण्ड नजिकै रहेको सङ्केत । भनिन्छ त्रेतायुगमा भगवान् राम भाइ लक्ष्मणका साथ आगमन । ऋषि शृङ्गी (ऋष्यशृङ्ग) तपस्यास्थल आइपुग्दा पानीको समस्या देखेर आफ्नो बाणले भूमि छेदन गरी जल निकालेको पावन कुण्ड । रामकुण्ड ! अवलोकन गर्न लालायित भए पनि हामी त्यता लागेनौं । गन्तव्य नै पछ्याउन थाल्यौं । छिचोल्नु छ हामीले कसै गरेर पनि एक हजार खुट्किलाहरू । दायाँ बायाँ लाग्ने ह्याउ थिएन त्यतिबेला ।

रहरलाग्दा थिए सिँढी ! खुट्किलाहरू वैज्ञानिक तवरले चिनिएका थिए समान उचाइ र चौडाइका । सिलौटे ढुङ्गा एक समानका । चिरिच्याट्ट ! उक्लिँदा कुनै व्यवधान नआउने । बालबालिका र हामीजस्ता ज्येष्ठ नागरिकमैत्री । रेसुङ्गा संरक्षण समितिको सुझबुझ ।

ठाउँ ठाउँमा विश्राम स्थल । छमछम नाच्यो मेरो मन । हिजो गुल्मीको तम्घासमा अर्खले गुल्मीबाट आएका समूहले प्रस्तुत गरेको होली गीत र नाच झैँ । कति उत्साहित थिए ती लोकवार्ता संवाहकहरू । पाल्पा र गुल्मीका सांस्कृतिक सेतु । होली गीत र स्थानीय खैजेडी भजनमा चुर्लुम्म डुबेका थियौं हामी । उन्मुक्त र उत्साहित । लोकवार्ताको जगेर्नामा अग्रसर रैथानेहरू ! लोकवार्ता खोतल्न हिँडेका हामीहरू । ऱ्याङ्का ठ्याङ !

तम्घासका नेवाः खलःको प्रस्तुति लाखे नाच ! लाखे र घाँडे ! झल्झली आइरहेछ उनीहरूका जोश र जाँगर । धन्य, लोकसंस्कृतिको अवशेष पस्कँदै थिए उनीहरू जानी-नजानी । पिरलो छ बिर्सिने बानीबाट । पुस्तान्तरण नहुँदाको चोटबाट । जानकार पाकाहरूको विलयनपछि शून्यमा झर्दै छ आफ्नो संस्कार र संस्कृति । सिङ्गो लोकवार्ता ।

पिरलोसँगै हामी उक्लियौं एक हजार खुट्किला । हिँड्नुपर्छ, पुगिँदो रहेछ । जगेर्ना गर्नथालौं आफ्नै मौलिक परम्परा । सकिन्छ जगेर्ना गर्न 'आफ्नै संस्कृति आफ्नै पहिचान' । नेपालको पहिचान हो देशको विविध संस्कृति र संस्कार ।

रेसुङ्गा प्रवेशद्वारले स्वागत गऱ्यो मुस्कुराउँदै आफ्नै रैथाने पाराले । रायमाझी सरको अनुहार ढपक्कै बलेको देखियो । सन्तोषको सास फेरेँ मैले पनि । फुमन्तर भयो थकान ।

आम्मै ! माथि उक्लिन्न भन्नुहुने प्रा.डा.माधव पोखरेल सर त पहिले नै पुगिसक्नु भएछ । यस टोलीका नाइके अर्थात् लोकवार्ता परिषद, नेपालका अध्यक्ष प्रा. डा. प्रेम खत्री सरले त हामीलाई स्वागतै गर्न भ्याउनुभयो, "आउनोस् आउनोस् स्वागत छ' । उहाँहरू पनि कहाँ तन्नेरी हुनुहुन्छ र ! सत्तरी नाघिसकेका ज्येष्ठनागरिक । बुढापाका त भन्नु मिल्दैन होला गणतान्त्रिक युगमा । नयाँ युग, नयाँ स्वाँङ ! उच्चारण नै गर्न नहुने होला ठेट वा झर्रो शब्द त । अरूको इसारामा नाच्नै पर्ने ! कस्तो विडम्बना ! नत्र ......! खै कुन्नि ?

प्रवेशद्वारपश्चात् केही समथल धरातल । पहिलो दृष्टि कलात्मक यज्ञशालामा ! अर्थात् हवनकुण्ड ! भव्य र विशाल । देशकै सबैभन्दा विशाल हो रे । तीन तले छानेशैलीको झन्डै काष्ठमण्डप आकारको । बाहिर चारैतिर काठका खम्बाले अडाइएको छाना । बीचमा ढोका आफ्नै खालको । भित्र हवनकुण्ड र देवदेवीका मूर्तिहरू । सनातन परम्पराको पिल्पिलाउँदो दियो ।

प्राङ्गणको एका भित्तामा राधाकृष्ण मन्दिर र बालसिद्ध मन्दिर । एकाछेउमा पुजारी र वटुकहरूको दुई तले निवास । धुपी, सल्ला र जरका वृक्षले सुशोभित । रमणीय यस भूमिमा परापूर्वकालमा शृङ्गी ऋषिले तपस्या गरेकोले रेसुङ्गा तपोभूमिको नामले प्रख्यात ।

किंवदन्तीअनुसार ऋष्यशृङ्ग नामका प्रख्यात ऋषिले यहाँ योगसाधना गरेका थिए । कालान्तरमा यसै तपोभूमिमा तपस्वी शशिधर स्वामीले खस्रुको विशाल वृक्षको फेदमा योगसाधना गरे । हिउँदमा बाक्लो हिउँ पर्ने यस रेसुङ्गा लेक महाप्रभु, लक्ष्मीनारायण आदि साधुसन्तले योगसाधना गरेको तपोभूमि हो । योगको महिमा अपरम्पार छ । निर्धक्क भन्छन्, पुजारी पं. कृष्णप्रसाद पन्थी ।

हाल धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न थालिएकोमा मख्ख देखिन्छन् उनी । यस पुण्यभूमिलाई संस्कृतको पठनपाठनले अझ विशिष्ट तुल्याएको छ । वटुकहरूलाई आश्रममै राखेर वेद, पुराणको अध्ययन गराउनु सनातन धर्मको जगेर्ना गर्नु पनि हो । सनातन धर्मलाई चारैतिरबाट खेदो खनिरहेको सन्दर्भमा स्तुत्य छ यो जमर्को ।

हवनकुण्डभन्दा अझै माथि रहेछ सिद्धबाबा मन्दिर । करिब तीन सय खुट्किला उक्लिन बाँकी नै रहेछ रेसुङ्गाको प्रमुख मन्दिर सिद्धबाबा रेसुङ्गाको प्रमुख मन्दिर पुग्न । पातलो वनको माझको शीर्षस्थानमा अवस्थित दुई तले टिनको छाना भएको आकर्षक सानो मन्दिरमा विराजमान सिद्धबाबा । नमन गर्छौं हामी ।

चुचुरो माथि पनि चुचुरो ! कृत्रिम चुचुरो । अर्थात् भ्युटावर ! टाउको माथि टुपी । पर्यटकीय आकर्षण !

तलैबाट देखिन्छन् चारैतिरका रमणीय दृश्यहरू । स्पष्ट र आकर्षक ! उत्तरमा धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमालका धवल चुलीहरू ! दक्षिणमा समथल तराईका हरिया फाँटहरू । देखिन्छन् सबै एकैस्थानमा ठिङ्ग उभिँदा मात्रै पनि । यस्तो प्राकृतिक स्थलमा किन आवश्यक भयो होला भ्यु टावर ! होडबाजीको शृङ्खला ! चुलिएको छ । हामी प्रतिष्पर्धा गर्न चुक्दैनौ अनावश्यक दौडमा ।

जाँगर चलेन मेरो टावर चढ्न । सबै अद्भुत दृश्य नियालेँ तलैबाट धित मरून्जेल । टावर चढ्ने सहयात्रीलाई सोधेँ, "के देख्यौ माथिबाट ?"

"के देख्नु, उही त हो हिमाल, पहाड र तराईका फाँट । यहाँबाट जे देखिन्छ त्यही त हो । चढ्नै मात्र सास्ती !"

फिस्स हाँसेँ म । चुलीबाट फर्केर आउँदा पाकिसकेको रहेछ दालभात तरकारी । गुरु र चेलाहरूको भान्सामा । वटुकहरूले श्रद्धाले पस्केका दालभात तरकारी । अनि रैथाने सिस्नोको थप तरकारी । सिस्नोको तरकारी नखाएकाहरूलाई नौलो लोकवार्तामय स्वाद । गज्जब स्वादिलो थियो खाना । होटेलको भन्दा कता हो कता स्वादिष्ट र पौष्टिक । स्वस्थ्यकर र स्वच्छ । गुरुकुल परम्परा । एउटै थालमा सबै गर्लामगुर्लुम । तात्तातै मुछमाछ र सप्राङ्सुप्रुङ । आआफैले थाल मस्काइ । आहा ! मिठो छाक ! स्वादिलो भोजन !

ooo



www.rbb.com.np
आफ्नो भनेको आफ्नै हुन्छ
RBBL
Credit Card
प्रयोग गर्नुहोस्, हामी बिच रहेको विश्वास प्रति गर्व गर्नुहोस् ।
जीवन सहज बनाई दिने आफ्नैले त हो नी !
विशेषताहरू:
- २० हजार देखी ५ लाख सम्मको Credit Limit ।
- नेपाल, भारत र भुटानमा चल्ने ।
- प्रतिष्पर्धी बजारमा सस्तो ब्याजदर ।
- आफ्नो खातामा पैसा नभए पनि Limit अनुसार आर्थिक कारोबार गर्न सकिने ।
VISA
CUSTOMER NAME
तपाईको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ
फोनः (९७७-१) ४२५-२५९५ । फ्याक्सः (९७७-१) ४२५-२९३१ । इमेल: rbb.info@rbb.com.np

*// कविता //*

# उनी/उनीहरू

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल - १२, भुमही, नवलपरासी**

निकै धुमधामका साथ
मिर्मिरे बिहानीमा
घुरूक्क दैलो उघारेर
उज्यालो छर्न घरबाट निस्केका थिए
उनी / उनीहरू

द्यौरालीको चौतारीमा
कमिलाका ताँतीझैँ लामबद्ध भएर
ग्रीष्मर्तुमा न्याउली चरीले वनै घन्काएझैँ
नारा लगाइरहेका थिए -
असतोमा सद्गमय
तमसोमा ज्योतिर्गमय
मृत्योर्माऽमृतम् गमय
फैलिएर दिशाविदिशा
अनि
कुन्नि केके गरी
उनी / उनीहरू
मनमाफिकको माछापुच्छ्रे
धवलागिरिमात्र होइन
सगरमाथा चढेरै छाडे

अग्लो चुचुराको घुम्ने कुर्सीमा
बस्नमात्र के भ्याएका थिए
कुर्सीबाट तल नियाल्दा
अधस्तलको सौन्दर्यले
उनी / उनीहरूका
आँखै तिर्मिराए
ऐश्वर्यको सम्मोहनले
उनी / उनीहरूका
विचार धर्मराए
आफ्नै विचारमा टेक्ने
उनी / उनीहरूका
खुट्टै लर्बराए

आश्चर्य !
उज्यालो छर्न हिंडेका
उनी / उनीहरू
लक्ष्मणद्वारा घनघोर जङ्गलमा
अलपत्र छोडिएकी सीताझैँ
आफ्नै विचारलाई अलपत्रै छोडेर
संसारलाई ध्वाँसोझैँ अँध्यारो बनाए
उनी / उनीहरू
कता कताको रमाइलोमा हराए
अनि
आफ्नै मुहार उज्यालो बनाएर आए ।

ooo

*// निबन्ध //*

# मनको कलकलमा मुक्तक–मन्थन

✍ **जयदेव गौतम**
**बगनासकाली–५, पाल्पा**
**हाल : भर्जिनिया, अमेरिका**

प्रत्येक पहेँलो धातुलाई सुनको गजुर भन्न मन लाग्छ
प्रत्येक पन्छीलाई वनको मजूर भन्न मन लाग्छ ।
चाकरी गर्दा गर्दा यस्तो भइसकियो कि
बाटामा भेटिएको गधालाई पनि हजुर भन्न मन लाग्छ ।।

**— भूपी शेरचन**

रात केवल एक प्रहर बाँकी छ
तीन प्रहरको अन्तिम असर बाँकी छ ।
पश्चिम पुगेकी एक्ली चाँदनीलाई
केवल एउटा मेरै भर बाँकी छ ।।

**— भीमदर्शन रोका**

कतै जुवाडेले कौडी खेलाउँदै हेरेको छुकजस्तो
कतै भर्खर वसन्तले छोडेर गएको रुखजस्तो ।
यस्तो लागिरहेछ आफैँलाई अचेल यो जीवन
अन्तिम पातो पनि च्यातेपछिको एउटा ठुटो चेकबुकजस्तो ।।

**— हरिभक्त कटुवाल**

तारे भीरमा लहरो भएर बेरिइरहन सकूँ सधैँ
अँधेरी रातमा जून भएर उदाइरहन सकूँ सधैँ
तिम्रो जीवनको प्रत्येक अप्ठ्यारा र असजिला
मोडमा माहुरी भएर मधुसञ्चयन गरिरहन सकूँ सधैँ ।

**- उषा शेरचन**

लयमा लागिपर्नेहरूको अस्तित्व कहिल्यै विलय हुँदैन
होड नै चले नि शस्त्र - अस्त्रको यो पृथ्वीको प्रलय हुँदैन ।
किताबले बुद्धि, व्यवहारले बढ्छ विवेक पक्कै पनि
पढ्नपर्छ जिन्दगीबाटै अनुभवको कुनै विद्यालय हुँदैन ।।

**- रामकाजी कोने**

त्यसो त म आफैँले मुक्तक लेख्दिनँ तर के चाहिँ देखिरहेको र पढिरहेको छु भने पछिल्ला धेरै वर्षदेखि राजधानी काठमाडौं र राजधानीबाहिरका सहर-बजारहरूमा फेरि एकपटक मुक्तक - मन्थन चलिरहेछ । मुक्तक सिर्जना गर्ने र मुक्तक अनुरागीहरू मुक्तकको स्वरूप, संरचना, अर्थ, आकार - प्रकार र लम्बाइ-चौडाइ आदिबारे लिखित - अलिखित बहस चलाइरहेका छन् । एकातिर त्वरित मुक्तककार रामकाजी कोनेको दोस्रो मुक्तक - सङ्ग्रह 'मुक्तक मन्त्र' राजधानीमा सार्वजनिक भएको थियो (पछि उनका अरू मुक्तक - सङ्ग्रह पनि बजारमा आइसकेका छन्) । त्यो सार्वजनिकीकरण लगत्तै भदौ १ गते युवाकवि मोतीराम भट्ट जयन्तीको अवसरमा 'मोतीरामीय परम्परा' भन्दै चार पंक्तिकै 'समस्यापूर्ति कविता' वाचन कार्यक्रम भयो । केही पछि भदौ १६ गते पोखरेली कवि तीर्थ श्रेष्ठको 'एकल मुक्तक वाचन' कार्यक्रम सानदार ढंगले सफल भयो । त्यसको एक साता बित्न पाएको थिएन, उनै रामकाजी कोनेको अगुवाइ र कोने कल्याण कोषको आयोजनामा भदौ २३ गते सम्पन्न भयो 'नेपाली मुक्तक अन्तरक्रियात्मक गोष्ठी' ।

गोष्ठीको रमाइलो पक्ष के रह्यो भने 'नेपाली मुक्तकका प्रवृत्तिहरू' शीर्षकमा नेपाली मुक्तकबारे विद्यावारिधि गर्ने पहिलो व्यक्ति बुटवलनिवासी डा. मुरारि पराजुली आफ्नो पिएचडी अध्ययनको अनुभव साट्न आतुर थिए । साथै, उनीउपर सैद्धान्तिक बन्चरो उज्याएर तम्तयार भइबसेका थिए मुक्तक अध्येता एवं युवा सर्जक बादल घिमिरे, जो मुक्तकलाई मात्र विषय बनाई प्रकाशित अहिलेसम्मकै एमानको पुस्तक 'समकालीन नेपाली मुक्तक-सङ्ग्रह' प्रकाशन गर्ने तयारीमा डुबेका थिए ।

मुक्तकको शक्ति केसम्म हुन सक्छ ? उनै बादलको एउटा मुक्तक वातावरणमा गुञ्जेको थियो -

गरिबका बस्ती - बस्तीमा क्रान्ति पठाइदिन्छु<br>
भ्रष्ट सामन्तीका अनुहार जलाइदिन्छु ।<br>
तिमीले मलाई के सम्झेका छौ महाशय ?<br>
म मुक्तक लेखेरै सरकार ढलाइदिन्छु ॥

वरिष्ठ गीतकार र पुराना मुक्तक सर्जक रत्नशमशेर थापा, भेट्रान अशेष मल्ल, रामकाजी कोने, गजलकार ज्ञानुवाकर पौडेल, सदाबहार उषा शेरचन, विश्वविमोहन श्रेष्ठ, यादव भट्टराई, रमेश पौडेल आदिसमेत अन्य अनेक सिकारू मुक्तककार र पत्रकारको शालीन जमघटमा रत्नशमशेरले भने, "श्रोता - हृदयलाई

तान्न सक्ने क्षमता हुनुपर्छ मुक्तकमा । यस्तो मुक्तक दुईदेखि सात पंक्तिको हुनसक्छ ।"

तलका पंक्तिहरूले सायद श्रोता - हृदयलाई केही भन्लान् कि -

एकलास तिम्रो बाटोमा रमाइलो साथ दिन सक्तिनँ म
तिमी थाकेर ढल्दा सहाराको हात दिन सक्तिनँ म
बर्सनै नपाई डाँडा काटेको बादल जस्ता मेरो यौवन
चाहेर पनि ए ओइलाउँदी कली बर्षात् दिन सक्तिनँ म ।

**- भूपी शेरचन**

जीवन ओइलाएको पात जस्तो मन पर्दैन मलाई
जीवन बिलाएको रात जस्तो इच्छा हुँदैन मलाई ।
एकपल्ट झर्नुहोस् न बरू उज्यालो छोडेर
जीवन त बिहान र फूल जस्तो मन पर्छ मलाई ॥

**- कृष्णप्रसाद पराजुली**

शंका छैन, काव्य अथवा कविताको लघुत्तम स्वरूप नै मुक्तक हो । अर्थात् - सहृदयलाई चमत्कृत गर्न सक्षम आफैँमा पूर्ण चार पंक्तिको एक श्लोकी कविता नै मुक्तक हो । त्यसो त मुक्तकलाई कसैले 'छोटा कविता' भन्लान्, कसैले फारसी भाषाको अत्यन्त लोकप्रिय 'रूबाइयत' वा 'उमर खैयामका रूबाई' को ठाडो नेपालीकृत रचना, वा भनून् कसैले 'टुक्रे कविता', त कसैले 'हाइकू' लाई यसको उत्तम विकल्प मानेर अघि बढ्लान्, अझ पछिल्लो सिमलमा त 'छेस्का' भनिने तीन-पंक्ति-कविता पनि लेखिन थालिएको छ तर, काव्यका आम जानिफकारहरूले भनेजस्तै, मुक्तक नेपाली वाङ्मयको विशिष्ट प्राप्ति हो जसले राग, विराग, अनुराग, विचार, भावना, संवेदना, अनुभूति र कल्पनालाई जीवन्त चतुष्पदी अभिव्यक्ति प्रदान गर्दछ । साहित्यकार रामप्रसाद ज्ञवालीका शब्दमा 'झ्ड्का अनुभूतिको कवितात्मक चुड्का अभिव्यक्ति नै मुक्तक हो । ' अर्थात्, केवल चार पंक्तिको स्वरूप लिएर थोरैमा धेरै भन्ने असीम शक्ति भएको कवितात्मक अभिव्यक्ति मुक्तक हो ।

मुक्तकको सैद्धान्तिक पक्षबारे जान्नेहरू भन्दछन्, मुक्तकलाई सबैभन्दा पहिले परिभाषित गर्ने काम 'अग्निपुराण' ले गरेको छ, जसले भन्यो - हृदयलाई चमत्कृत पार्ने रचना नै मुक्तक हो । त्यसैगरी अर्का विद्वान् आचार्य दण्डीले 'एउटै श्लोकमा पाठकका हृदयमा चमत्कार उत्पन्न गर्न सक्ने क्षमता भएको रचना मुक्तक हो' भन्न भ्याए । डा. देवी नेपालका अनुसार, पूर्वीय काव्यशास्त्रहरूमा कविताको बाह्य स्वरूपका आधारमा विभिन्न नामकरण गरेको

पाइन्छ । पूर्वीय जगत्मा एक श्लोकको रचनालाई 'मुक्तक', दुई श्लोकको रचनालाई 'सान्दानिक वा युग्मक', तीन श्लोकको रचनालाई 'विशेषक वा निक्षेपक', चार श्लोकको रचनालाई 'कलापक' र पाँच श्लोकको रचनालाई 'कुलक' भन्ने गरिन्छ ।

सामान्यतया जुनसुकै विषयमा सिर्जना गर्न सकिने भए पनि मुक्तक भनेको मूलतः चार हरफमा लेखिने स्वतन्त्र पद्य संरचना हो, संरचनागत बन्धन भए पनि बन्धनरहित मुक्त सिर्जना हो । भनौं, यसको स्वरूप मूलतः चतुष्पदी नै हो जसमा पहिलो र दोस्रो हरफका अन्त्यको शब्द अनुप्रासमय हुन्छ तर तेस्रो हरफ चाहिँ स्वतन्त्र हुन्छ र चौथो हरफ फेरि अगाडिका प्रथम दुई पंक्तिजस्तै अनुप्रासबद्ध हुन्छ । यसको अर्थ, मुक्तकको चतुष्पदी संरचनाको व्यवस्थापन 'ए, ए, बी, ए' को स्वरूपमा हुन्छ, अर्थात् - अनुप्रासयुक्त पहिलो पंक्ति, अनुप्रासयुक्त दोस्रो पंक्ति, स्वतन्त्र अथवा अनुप्रासविनाको तेस्रो पंक्ति र फेरि अनुप्रासयुक्त चौथो र अन्तिम पंक्ति -

किन रूवाउँछ जिन्दगीले मलाई हाँस्ने रहर छ
जसरी हुन्छ मनभित्रका दर्दहरू मास्ने रहर छ ।
सम्झौता गरी गरी टिकाउनुपर्ने सम्बन्ध होइन
प्रेमले भरिपूर्ण निःस्वार्थ साइनो गाँस्ने रहर छ ॥

**- शान्ति अर्याल अधिकारी**

तिम्रो हृदयमा अमरताको गाथा झैँ म लेखिन सकूँ
उकाली ओह्राली जहाँ खोज्छौ त्यहाँ म भेटिन सकूँ ।
दुनियाँका झैँ हजार कामना छैन, यौटे कामना छ
तिमीले आँखा उघार्दा पनि चिम्लिँदा पनि म देखिन सकूँ ॥

**- तीर्थ श्रेष्ठ**

यस्तो लाग्छ आजभोलि फूल नफूलोस्
सारङ्गीको धुन सुनेर मन नभुलोस् ।
कहिलेकाहीँ सपनीमा उनलाई देखैँ भने
यस्तो लाग्छ कहिल्यै पनि निद्रै नखुलोस् ॥

**- पारू स्मृति**

पछिल्ला धेरै वर्षदेखि रसिला, भरिला, झरिला, खिरिला र पोटिला मुक्तक लेख्दै आइरहेका रामकाजी कोने अहिले 'नेपाल मुक्तक प्रष्ठिान' का अध्यक्ष पनि छन् ।

जेठ २०११ साल बुद्ध पूर्णिमाका दिन जन्मेका उनलाई धेरैजनाले 'रामकाजी दाइ' भन्छन् तर मलाई किनकिन 'कोने दाइ' मात्र भन्दा नै बढी सहज र आत्मीयता महसुस हुने गर्दछ । अत्यन्त सहयोगी स्वभाव भएका र अनेक सामाजिक कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी कोने दाइसित मलाई एकपटक मुक्तककै बारेमा संवाद गर्न मन लागेको थियो । मुक्तकका सम्बन्धमा कुराकानी गर्न र मुक्तक नै सुनाउन पाउँदा कोने दाइ औधी खुसी पनि हुन्छन् ।

मुक्तकसम्बन्धी मेरो सोधाइमा कोने दाइले सहजै भन्न थाल्नुभयो, "हेर्नुस्, जयदेव भाइ ! मुक्तक बिन्दुमा सिन्धु अटाउने कविताको उपविधा रहने कला हो अर्थात् गागरमा सागर अट्ने कला हो । छोटोमा थोरैले धेरै भन्ने कला पनि हो । मुक्तक छन्द विधानभित्र पर्दैन । यसरी छन्द विधानबाट मुक्त रहे पनि अथवा स्वतन्त्र रूपमा भनिए पनि मुक्तक आफैँमा पूर्ण हुन्छ । चार पंक्तिमा लेखिने मुक्तकको पहिलो पंक्तिले विषय उठान, दोस्रोले विकास, तेस्रोले उचाइ र चौथोले पूर्णता वा निचोड दिन्छ । मुक्तककारले जे भन्न खोजेको हो त्यो चौथो पंक्तिले छर्लङ्ग पार्ने काम गर्दछ । यसको अर्थ, चार पंक्तिमा तीनवटा अनुप्रासयुक्त हुनै पर्दछ, कसैले चारवटासम्म पनि मिलाउने गरेका छन् ।"

"नेपालमा मुक्तकको इतिहास झण्डै दुई सय पचास वर्ष अघिसम्म पुग्छ । तपाईंलाई थाहा छँदैछ, सुवानन्द दासलाई नेपाली भाषाका प्रथम कवि मानिन्छ । उनै सुवानन्द दासका समकालीन कवि शक्तिलवल्लभ अर्ज्याललाई नेपालका प्रथम मुक्तककार मानिन्छ । उनले विसं.१८३९ मा लेखेको 'तनहुँ भकुन्डो' नेपाली भाषाको पहिलो मुक्तक हो । अर्ज्यालको मुक्तक यस्तो छ –

धायको छ लमजुंग मुकुन्डो  
कास्कि बाँध सुनको छ षुकुन्डो ।  
पीउठानीकन देउ सुकुन्डो  
मारिलेउ तनहूँ त भकुन्डो ॥

"शक्तिबल्लभपछि खासगरी मोतीराम भट्टले पनि प्रशस्तै मुक्तक लेखेका छन् । यद्यपि तिनताका यो विधालाई मुक्तक नै भनेर भनिँदैनथ्यो । मलाई सम्झना भएसम्म विक्रमको २०१० सालदेखि मात्र हामीकहाँ मुक्तकको आधुनिक काल प्रारम्भ भएको हो । यसमा विशेष गरी भीमदर्शन रोकाले त्यसै साल 'प्रगति' पत्रिका (वर्ष १ अंक ३०) मा 'केही मुक्तक' शीर्षकमा आफ्ना रचना प्रकाशित गरेका थिए । त्यही प्रकाशनबाट नै आफ्नै नाममा नेपाली मुक्तक परम्पराको थालनी भएको हो । यस परम्परामा रोकापछि टेकबहादुर नवीनको भूमिका पनि विशेष छ, उनले 'केही चोइटा' शीर्षकमा नेपाली मुक्तकको पहिलो पुस्तक (वि.सं. २०१६ मा) सार्वजनिक गरेका थिए । त्यसपछि त भूपी शेरचन, हरिभक्त कटुवाल,

रत्नशमशेर थापा, सरूभक्त, तीर्थ श्रेष्ठ, उषा शेरचन, चेतन कार्की, राजेन्द्र थापा, वियोगी बुढाथोकीदेखि अगाडि बढ्दै यो क्षेत्र झ्नझ्न उर्वर बन्दै गएको छ । सबैको नाम म यहाँ उल्लेख गर्न सक्दिनँ तर म निर्धक्क भन्न सक्दछु, नयाँ पुस्ताका अनेक उत्साही प्रतिभाहरूले मुक्तक - लेखनको झण्डालाई निरन्तर उँचो उठाउँदै लगिरहेका छन् ।"

"चार पंक्तिमा लेखिने र गद्यमा लेखिने हुँदा मुक्तक अझै आम रूपले सर्वमान्य हुन सकिसकेको छैन तापनि बहुमान्य भने भइसकेको छ । हिजो कुनै बेला तीन, पाँच र सात पंक्तिमा लेख्ने मुक्तककारले पनि अब चार पंक्तिमा लेख्दै हुनुहुन्छ । त्यसकारण पनि म यस क्षेत्रको भविष्य सुन्दर एवं उज्यालो देख्दछु ।"

ट्याक्सीवाला ड्राइभरले प्राइभेट कारलाई हेरेजस्तो
भट्टीवाला पसलले आधुनिक बारलाई हेरेजस्तो ।
हेर्छिन् पत्नीले पतिका आइमाई साथीहरूलाई
बर्खास्त मन्त्रीले नयाँ अखबारलाई हेरेजस्तो ॥

**- भूपी शेरचन**

मलाई आज तातो दूध, निलुँ ओकलुँ जस्तो भाछ
सबैको हेला होचो भएँ आज जीवन सस्तो भाछ ।
बाघले पनि खाँदै खान्न काल आएर लाँदै लान्न
कठिन भन्न गाह्रो साह्रो मन पाकेर कस्तो भाछ ॥

**- ओम परियार**

सुख - दुःखमा जीवनभरी सँगसँगै हुने कोही होस्
दुख्दा मुटु झर्दा आँसु माया गरी छुने कोही होस् ।
नहोला र कसको चाह खुसीमै बितोस् जिन्दगानी
अन्तिम अवस्थामा पनि सँगै बसी रुने कोही होस् ॥

**- मीना चौलागाईं**

मुक्तकको चरित्र र प्रवृत्तिसम्बन्धमा पनि मैले सोधेको थिएँ । त्यसमा उही आफ्नो । 'सिग्नेचर' मृदु - मुस्कानसाथ कोने दाइको जवाफ थियो, "हेर्नुस्, जयदेव भाइ ! मुक्तक भनेको व्यस्त मानिसको साथी हो किनभने यो त बिन्दुमा सिन्धु अटाउने कला हो । यो हलुका सिर्जना हुनै सक्दैन । हाइकु, सिजो, तान्का, छेस्का आदि आदिभन्दा मुक्तकको वजन बढी छ । त्यसैले पनि मुक्तक - लेखनको क्षेत्रमा कलम चलाउने सबैसित मेरो आग्रह र अपेक्षा के छ भने मुक्तकलाई हलुका रूपमा नहेरौं र नलेखौं पनि । जस्तो लाग्यो, फगत त्यस्तै नलेखौं । मुक्तक मुक्तक नै हुनुपर्दछ । टुक्का राखेर मुक्तक हुँदैन, त्यो 'टुक्तक'

मात्र हुन्छ । मुक्तक वास्तवमा तरङ्ग हो, झङ्कार हो अनि सानो भएर पनि चोटिलो, पोटिलो र रसिलो विधा हो ।"

अन्य लेखन - सिर्जनाका अतिरिक्त मुक्तक - विधालाई जन - जनबीच थप लोकप्रिय बनाउने श्रेय 'पोखरेली युवा सांस्कृतिक परिवार' लाई छ । यो संस्थाले सबैभन्दा पहिले नेपालमा 'टिकटमा मुक्तक' कार्यक्रम नै आयोजना गरेको थियो, विसं २०३७ सालमा । त्यस मुक्तक वाचन कार्यक्रममा तत्कालीन नेपालका सबै शीर्षस्थ, वरिष्ठ, स्थापित र उदीयमान कवि एवं मुक्तककार सहभागी भएका थिए । पैसा तिरेर मुक्तक सुन्न आउने श्रोताहरूको ठूलो भिडले मुक्तकको शक्ति र आकर्षण सर्वत्र सम्प्रेषण गरेको थियो । त्यसअघि राजधानी काठमाण्डूमा २०३५-०३६ सालतिर भएको 'सडक कविता क्रान्ति'ले पनि मुक्तकलाई जनप्रियता प्रदान गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको थियो ।

संस्कृतको 'मुक्त' शब्दमा 'कन्' प्रत्ययको योग भएर बनेको मुक्तक अन्यबाट निरपेक्ष र आफैँमा पूर्ण हुन्छ । मुक्तकमा कर्णप्रियता हुन्छ, श्रुतिमधुरता, शालीनता र गूढता हुन्छ । अक्सर अन्त्यानुप्रासमा जोड दिइने हुनाले मुक्तकमा शब्दको चतुऱ्याइँपूर्ण चलखेल गरिएको हुन्छ । यथा (कोने दाइकै मुक्तक) -

भोकलाई भित्ताभरि, टाँसी दिन पाए हुन्थ्यो
शोकलाई शीतभरि, छरी दिन पाए हुन्थ्यो ।
पेट त बरू सारङ्गी भएकै जाती
जबजब भोक लाग्छ, रेटिदिन पाए हुन्थ्यो ॥

मुक्तकमा मर्ममा छुने गरी अभिव्यक्ति दिइन्छ, डन्डेसो खुस्कुञ्जेल शाब्दिक प्रहार गर्न सकिन्छ । समकालीन विसंगति, असमानता, उहापोह, अशान्ति, वितृष्णा, प्रेम, अनुराग, प्रकृति सबै विषय मुक्तकले समेटेको हुन्छ । रामकाजी कोनेका शब्दमा दुईवटा उदाहरण -

नाग र नेता एकै ठाउँ परेछ हजुर
डर लागेन भन्दै एउटाले सोधेछ हजुर ।
ईर्ष्यालु र विषालु दुबै छौं तापनि
डसे मलाई सर्प नै मर्छ, नेताले भनेछ हजुर ॥

... ... ...

आँसु लिई आँखाभरि आगोमाथि नाच्न सिकायो
मान्छेले मान्छेलाई दुःखको कसीमा जाँच्न सिकायो ।
अति पीडा दियो तर यौटा गुन लगायो भूकम्पले
पालैपालभित्रको नेपालमा मिलेर बाँच्न सिकायो ॥

साँचो कुरा के हो भने मुक्तक विगतमा गेयात्मक र प्रशंसनीय थियो, अचेल यसको भाउ अझ बढेको छ । नयाँ छिमलका रचनाकारहरू गजललाई पनि अँगालो मार्दै मुक्तकको धारालाई अविरल बगाइरहेछन् । मुक्तकको यो धार अझ वेगिलो र प्रवाहमय हुँदै जाँदो छ । मुक्तककार रमेश पौडेलका शब्दहरूमा यसो पनि भन्न सकिन्छ -

मुठी रोप्न भारोपर्म लाउन सकिन्छ
खले गह्रोमा हलगोरु दाउन सकिन्छ ।
आलीमै बसेर पनि भाका छोप्न जाने
मुक्तकमै असारे गीत गाउन सकिन्छ ॥

मुक्तक - विषयक यस निबन्धको बीट मार्दा मुक्तककार कोनेकै शब्द र मुक्तक फेरि एकपटक सापटी लिँदा बेस हुन्छ - मुक्तक एक हेराइ, एक ठम्याइ, एक लेखाइ र एक अर्थ्याइ बोकेर जन्मन्छ र अनन्त छाप छाड्दै अनेकको जिब्रोमा बाँचिरहन्छ -

अर्थमा पूर्ण छ थोरै छ पंक्ति
दर्शन नै अटाउन सक्ने छ शक्ति
शब्द सिकारीले साधेपछि निशाना
खुत्रुक्कै पार्छन्, यी मुक्तकमय अभिव्यक्ति ॥

मलाई लाग्छ, मुक्तकको महिमा अपरम्पार छ । यो त उखान - टुक्का जसरी नै ठाउँठाउँमा प्रयोग गर्न मिल्ने शक्तिले भरिपूर्ण छ । त्यसकारण, मुक्तकमा आकाशको अनन्तता छ, सागरको शान्ति छ, बिजुलीको झड्का छ, झरनाको झङ्कार छ, नदीको कलकल छ, फूलको सुवास छ, खेतको बयेली छ, जीवनदायी बयार छ, आशा - उमङ्गको स्पन्दन छ, कल्पनाको मिठास छ, हृदयको सरगम छ र मानव मनहरूलाई पुलकित पार्ने अजस्र सामर्थ्य छ । मुक्तक बनेर उद्घाटित भएका केवल ती चार पंक्तिले श्रोतालाई मलम र शीतलता प्रदान गर्न सक्दछन्, सँगसँगै ऊभित्र जोश र आक्रोश पनि भर्न सक्दछन् ।

ooo

**पुस्तकालयमा गई पत्र-पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# अक्षरको खेती

✍ **मुकुन्द शर्मा चालिसे**
**काठमाडौं**

मेरा अक्षर रोप्न थाल्छु यसरी सञ्जालको खेतमा
बन्लान् यी मृदुमञ्जरी पछि बढी संसारका चेतमा
हाम्रा अन्न हुनन् कि चोस्य रसिला बन्लान् यिनै पेय कि
पूरा तृप्ति दिने र पौष्टिक हुने मानौं यिनै लेह्य कि ॥

पुग्लान् यी सजिलै घरैघर उसै सञ्जालमा फैलिँदै
देलान् स्वाद उसै गरेर दिलमा आरोग्य राम्रो दिँदै
आली छन्द मिलाउँदै सुरचना रोपूँ म पानाभरि
यस्ता अक्षर हार-हार भरिऊन् हाम्रा खजानाभरि ॥

यी हुन् आलु पिँडालु सख्खर मुला यी हुन् सिमी गाजर
कोदो जौ गहुँ हुन् मकै पनि यिनै यी हुन् उवा फापर
यी हुन् धान अमूल्य अन्न गुडुरा मार्सी पहेँले पनि
यस्ता खाद्यभँडारले सब जना होऊन् असाध्यै धनी ॥

मीठा श्लोक दिने पदावलि हुने साहित्यका अक्षर
बोडी मास सिमी र सिल्टुङ चना केराउ हुन् आखिर
पास्साई अनि काउली पनि यिनै चिप्ले र भान्टा यिनै
लौका इस्कुस यी टमाटर यिनै फर्सी घिरौंला यिनै ॥

भिन्नै स्वाद दिने कुनै क्षण यिनै तीते करेला पनि
खोर्सानी धनिया अचार चटनी लब्सी चटेला पनि
यस्ता व्यञ्जननिम्तिमा सहर्तिंदै सञ्जालमा आउँछु
भाका भाव खुलाउँदै महकिँदै पस्की सदा ख्वाउँछु ॥

बन्छन् अक्षर एक-एक उखु झैँ चुस्ता रसीलो हुने
कैले ओखर झैँ भएर रस झन् विस्तारले आउने
स्वादै स्वाद बढाउने नकुहुने झन् झन् नयाँ झैँ हुनन्
जस्तो रोप्न तयार हुन्छु उसरी सञ्जालमा आउनन् ॥

हुन्छन् यी लटरम्म आँप कहिले यी सुन्तला बन्दछन्
यी अङ्गूर अनार दाडिम अझै यी मुन्तला बन्दछन्
केरा स्वाद दिने खचाखच यिनै झब्री हजारी पनि
रोपूँ अक्षर नै सदैव यिनकै सच्चा पुजारी बनी ॥

आएका उहिले बनी कृषक झैँ आचार्य ती भानु हुन्
मोती सोम र लेखनाथ सम हुन् लक्ष्मी तथा श्रेष्ठ हुन्
त्यस्तै सर्जक सूधपा अघि सरे आएर दाना छरे
बाली भव्य भयो अरू अघि सरे हाम्रै खजाना भरे ॥

बाह्रै मास घरै बसेर सहजै रोप्तै र टिप्तै रहौं
खेती अक्षरको गरौं प्रिय सखे बाँड्दै र खाँदै रहौं
हामी मानव खास हौं अमृतका सन्तान मृत्युञ्जयी
बाँचौं अक्षर अर्चना गरिरही कैल्यै नमर्ने भई ॥

०००

---

*// कविता //*

# मृत्युको बुईमा जिन्दगी

✍ **गोविन्द गिरी प्रेरणा**
**फल्स चर्च, भर्जिनिया, अमेरिका**

मृत्युको बुई चढेर
लामो अनिश्चित यात्रामा
होमिएको छ जिन्दगी !

खान पाएको छ
वृक्षादिबाट
प्यास मेट्न पाएको छ
झरना - खोलाबाट

ओर्लन सक्दैन जिन्दगी
मृत्युको बुईबाट
मृत्युको भय छ

मृत्यु थाकेको छैन
मृत्युलाई निद्रा पनि लागेको छैन
निरन्तर हिँडिरहेछ
बुईमा बोकेर जिन्दगी !

आफ्नो आहार
आफ्नै बुईमा बोकेर
भरिया बनेको छ मृत्यु

हर क्षण हर पल
आफ्नै सवारीको त्रासमा
मरीमरी बाँचिरहेछ जिन्दगी ।

०००

// आलेख //

# सहाना प्रधान : महिला मुक्ति, लोकतन्त्र र वामपन्थी आन्दोलनकी धरोहर

✍ **प्रदीप ज्ञवाली**
**पूर्व परराष्ट्र मन्त्री**
**नेपाल सरकार**

'महिलाहरू कुन हदसम्म स्वतन्त्र छन् भन्ने कुराले त्यो समाज कति स्वतन्त्र छ भन्ने तथ्यलाई प्रतिबिम्बित गर्छ । ' - चार्ल्स फुरेर

सहाना प्रधान नेपाली महिलाहरूकी प्रेरणास्रोत हुन् । उनी नेपालको लोकतान्त्रिक आन्दोलन, वामपन्थी आन्दोलन र महिला मुक्ति आन्दोलनकी त्रिवेणी हुन् । जुन युगमा, जस्ता मुद्दाहरूलाई उठाउँदै उनले आन्दोलनको थालनी गरिन् र आन्दोलनलाई जुन उचाइसम्म पुऱ्याउन योगदान गरिन् - त्यसले उनलाई न्यायप्रेमी नेपाली जनताको हृदयमा अत्यन्त सम्मानित रूपमा स्थापित गरेको छ । सामाजिक मुक्ति, राष्ट्रिय स्वाधीनता र महिला मुक्ति अभियानमा उनको प्रेरणा मृत्युपर्यन्त पनि कायम छ ।

## लोकतान्त्रिक आन्दोलनकी अग्रमोर्चाकी योद्धा

निरङ्कुशतन्त्रको उत्कर्षका कालखण्डमा सहाना प्रधान र उनका सहकर्मीहरूले लोकतन्त्रको झण्डा उठाए । सय वर्ष व्यतीत गरिसकेको जहानिया राणाशासनले आफ्ना विरूद्ध विद्रोह गर्नेहरूलाई कतिसम्म क्रूर दण्ड दिइन्छ भन्ने सङ्केत १९९७ मै दिइसकेको थियो - चार जना योद्धाहरूको कायरतापूर्ण हत्यामार्फत । तर उनीहरूको इच्छा र अनुमानका विपरीत, सहिदहरूको उत्सर्गले आन्दोलनमा रक्तबीजको भूमिका खेल्यो र यसले कैयौं युवाहरूलाई प्रजातन्त्रका निम्ति क्रान्तिमा होमिन प्रेरित गऱ्यो ।

सहिदहरूको त्यही उत्सर्गबाट प्रेरित भएर लोकतान्त्रिक आन्दोलनमा होमिने पहिलो पुस्ताका महिलामध्ये थिइन् सहाना प्रधान ।

झण्डै किशोर वयबाट सुरू भएको लोकतन्त्रका निम्ति सहाना प्रधानको सङ्घर्ष आजीवन जारी रह्यो । सात सालको क्रान्तिमा सहभागी थोरै अग्रणी महिलाहरूमध्ये एक रहेकी सहाना प्रधान तीस वर्षे पञ्चायती तानाशाहीको अन्त्यका निम्ति सञ्चालित ऐतिहासिक जनआन्दोलनकी अग्रणी नेतृ थिइन् र संयुक्त वाममोर्चाको अध्यक्षका रूपमा उनले अविस्मरणीय योगदान गरेकी थिइन् । पञ्चायतको अन्त्यसँगै गठित अन्तरिम सरकारमा वाममोर्चा (पछि नेकपा

एमाले)का तर्फबाट प्रतिनिधित्व गर्ने उनले आन्दोलनका उपलब्धिलाई संस्थागत गर्न प्रभावकारी भूमिका खेलेकी थिइन् ।

आन्दोलनका मुख्य शक्ति - नेकपा (एमाले) र नेपाली काङ्ग्रेसबीच तिक्तता बढ्दै जाँदा २०४६ सालको आन्दोलनका उपलब्धि सङ्कटमा परे र 'बाह्र वर्षमा खोलो फर्किन्छ' भन्ने उखानलाई चरितार्थ गर्दै २०५९ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले प्रतिगामी कदम चाले । २०६१ माघमा त यो नाङ्गो तानाशाहीमै परिणत भयो । फेरि एकपल्ट नेपाली जनताले बलिदानी सङ्घर्ष गर्नुपर्‍यो । यस पटकको सङ्घर्षले भने राजतन्त्रलाई सदाका निम्ति समाप्त पार्दै लोकतान्त्रिक गणतन्त्र स्थापना गर्‍यो । लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएको सत्तरी वर्ष लामो सङ्घर्षमा झण्डै साठी वर्ष सहाना प्रधानको कुनै न कुनै रूपमा निरन्तर सहभागिता रह्यो । यसरी नेपालको लोकतान्त्रिक आन्दोलनकी शीर्ष महिला नेतृका रूपमा सहाना प्रधानले नेपाली समाजलाई अविस्मरणीय गुन लगाएकी छिन् ।

## वामपन्थी आन्दोलनकी धरोहर

सहानाको राजनीतिक यात्राको अर्को अविभाज्य पाटो वामपन्थी आन्दोलनमा अविच्छिन्न सहभागिता र नेतृत्व हो । सुरूदेखि नै वामपन्थी आन्दोलनसँग गाँसिएकी सहानाको सक्रियता नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालसँग वैवाहिक सम्बन्धमा आबद्ध भएसँगै थप ऊर्जाशील भयो । लामो समयसम्म पुष्पलालकी जीवनसँगिनीका रूपमा उनको राजनीतिक यात्रामा आडभरोसा दिँदै र २०३५ सालमा पुष्पलालको देहावसानसँगै उनले छाडेर गएको विरासतलाई अगाडि बढाउँदै उनी पूर्णकालीन राजनीतिमा होमिइन् । पहिला नेकपा (पुष्पलाल समूह)को नेताको रूपमा, त्यसपछि नेकपा (मार्क्सवादी) को नेताका रूपमा, अनि संयुक्त वाममोर्चाको अध्यक्षका रूपमा र अन्त्यमा नेकपा (एमाले) का नेताको रूपमा उनको उल्लेखनीय योगदान रहेको छ ।

## महिला आन्दोलनकी 'आइकन'

नेपालको महिला मुक्ति आन्दोलनकी त उनी 'आइकन' कै रूपमा स्थापित छन् । महिलाहरूले पढ्न पाउनुपर्छ, महिलाहरूका लागि विद्यालयहरू खोलिनुपर्छ र उनीहरूलाई मताधिकार दिइनुपर्छ लगायतका माग राख्दै उनी र उनका सहयोद्धाहरूले सुरू गरेको नेपाली महिला आन्दोलनले आज एउटा उचाइ प्राप्त गरेको छ । नेपालको संविधान घोषणा भएसँगै राज्यका प्रत्येक अङ्गमा एक तिहाइ महिला सहभागिता सुनिश्चित भएको छ भने स्थानीय तहमा त ४० प्रतिशत महिला सहभागिताका लागि संवैधानिक - कानुनी प्रबन्ध छन् ।

संविधानले लैङ्गिक समानताको प्रत्याभूति गर्दै प्रजनन, सम्पत्ति र सामाजिक न्यायका क्षेत्रमा महिलाका लागि सकारात्मक विभेदको विशेष प्रबन्धसमेत गरेको छ । राज्यका तीन सर्वोच्च जिम्मेवारी - राष्ट्रपति (विद्यादेवी भण्डारी), प्रधानन्यायाधीश (सुशीला कार्की) र सभामुख (ओनसरी घर्ती) मा महिलाहरूलाई एकसाथ स्थापित गरेर नेपालले दक्षिण एसियामा मात्रै होइन, विश्वलाई नै एउटा सन्देश प्रवाह गर्न सफल भएको छ । यी सबै उपलब्धिहरूमा सहाना प्रधानको प्रेरणादायी योगदानको ठूलो भूमिका छ ।

यद्यपि महिलाहरूले समाजमा वास्तविक समानता प्राप्त गर्न, पूर्ण सुरक्षाको प्रत्याभूति गर्न र सम्मानपूर्वक राज्यका लागि योगदान गर्ने वातावरण सुनिश्चित गर्न भने धेरै लामो यात्रा तय गर्न बाँकी नै छ ।

१९७४ सालमा गठन भएको 'महिला समिति'लाई प्रस्थानबिन्दु मान्ने हो भने नेपाली महिला आन्दोलनले सङ्गठित स्वरूप ग्रहण गरेको १ सय वर्षभन्दा बढी भएको छ । योगमायालाई नेपालकी प्रथम महिला विद्रोहीका रूपमा गणना गर्दा सामाजिक सुधार र महिला अधिकारका लागि महिला विद्रोह प्रारम्भ भएको ७० वर्षभन्दा लामो समय व्यतीत भएको छ । शताब्दी लामो यात्रा तय गरेको नेपाली महिला मुक्ति आन्दोलनले यस अवधिमा आरोह - अवरोह, सफलता - विफलता र गौरव तथा ग्लानिका अनेकौं घुम्ती पार गरेको छ । अनेकौं उपलब्धि प्राप्त भएका छन्, सफलताहरू हासिल भएका छन् र नयाँ सम्भावनाका ढोका पनि खुल्दै गएका छन् । अनि, चुनौती पनि उत्तिकै गम्भीर छन् ।

शताब्दी लामो यो अन्तरालमा नेपाली समाजले पनि गुणात्मक परिवर्तनसँग साक्षात्कार गरेको छ - जहानिया राणाशासनबाट गणतन्त्रसम्म, सामन्तवादको अँध्यारो र बन्द समाजबाट धेरै हदसम्म खुला विश्वसँग जोडिएको र आधुनिकतातिर उन्मुख समाजसम्म, रैतीको अवस्थामा रहेका जनताको नागरिकको सम्मानित स्थानसम्म, निर्वाहमुखी कृषि अर्थतन्त्रबाट बहुराष्ट्रिय निगमका लगानीसम्म र सञ्चार र सूचना प्रविधिको अकल्पनीय उपभोगसम्म । स्वाभाविक रूपमा, नेपाली महिलाहरूको जीवनमा पनि यी सामाजिक - आर्थिक परिवर्तनहरूको गहिरो प्रभाव परेको छ र नेपाली महिलाको परिभाषा पनि क्रमशः बदलिंदै छ । नेपाली महिलाको पहिचान, सम्मान र स्थान उल्लेख्य ढङ्गले वृद्धि भएको छ ।

## समाज सुधारका प्रयासदेखि राष्ट्रको सर्वोच्च जिम्मेवारीसम्म

सामान्यतया हामी नेपाली महिला आन्दोलनलाई तीन चरणमा विभाजित गरेर अध्ययन गर्नसक्छौं - धर्मसुधार, सामाजिक जागरण तथा महिला कल्याणका

निम्ति गरिएका प्रयासहरूको पहिलो चरण, प्रजातान्त्रिक अधिकार प्राप्तिका निम्ति गरिएका आन्दोलनहरूको दोस्रो चरण अनि पहिचान, समानता, अविभेद, समान सहभागिता र नयाँ भूमिकाको खोजीनिम्ति अभियानको तेस्रो चरण ।

१९७४ (सन् १९१७) मा योगमायादेवी, दिव्याकुमारी कोइराला, पूर्णकुमारी देवी, देवकुमारी देवी, मोहनकुमारी देवीको सहभागितामा गठित 'महिला समिति' नै नेपाली महिलाहरूको पहिलो सङ्गठित प्रयास थियो । जहानिया राणाशासनको अन्धकार कालरात्रिमा नारी शिक्षा, समाज सुधार र महिलाहरूलाई सिप सिकाउनेजस्ता सामान्य उद्देश्य लिएको उक्त संस्थाको गठन तत्कालीन सन्दर्भमा आफैमा ठूलो कदम थियो । काम गर्न सजिलो होस् भनेर ती महिलाहरूले चन्द्रशमशेरकी बडामहारानीलाई अध्यक्षमा बसिदिन निवेदन गरेका थिए, तर उनले के, किन आदि खोजीनीति गरिन् । अनि महिलाहरूको दयनीय अवस्था दर्साउन भरियाहरूलाई बोकाएर झुत्रो मैलो, फाटेको भोटो टोपी, चोलीहरूको पुलिन्दा आदि पठाए । यसै कारण त्यो कदम साङ्केतिक विद्रोहमा रूपान्तरित भयो । चन्द्रशमशेरका कोपभाजनका कारण कृष्णप्रसाद कोइरालाहरू निर्वासित हुनुपर्‍यो, जसले गर्दा उनीहरूको परिवारले सुरू गरेको नेपालको पहिलो महिला सङ्गठन विघटित भयो ।

१९२४ ताका जन्मेकी योगमाया न्यौपानेले समाज सुधार, महिला र विधवा अधिकार, वन र चरन सुरक्षा, पुरोहितवाद, छुवाछूत र जातपात जस्ता अन्धविश्वास र रूढीको विरोधमा चलाएको अभियान ऐतिहासिक महत्त्वको थियो । वैधव्यपछि पुनर्विवाह गरेर विद्रोहको सुरूआत गरेकी उनले थुप्रै महिलालाई आफ्नो अभियानमा सरिक बनाउँदै जुद्धशमशेरलाई समाज सुधारका लागि निवेदन दिएकी थिइन् । आफ्नो निवेदनलाई राणाहरूले बेवास्ता गरेपछि उनले विरोधस्वरूप १९९८ असारमा ६८ जनासँग अरुण नदीमा जलसमाधि लिएकी थिइन् । पारिजातको शव्दमा नेपालकी यी 'प्रथम विद्रोही नारी'को विद्रोह त्यस समयको विशिष्ट र साहसिक परिघटना थियो । समाज सुधार गर्ने नेपाली महिलाहरूका यी दुबै सङ्गठित प्रयास विफल भए तर यिनले नेपाली महिलामा जागरणको नौलो बिहानी प्रारम्भ गरे ।

उपर्युक्त आन्दोलनहरूको बिरासतकै जगमा साहना प्रधानहरूले महिला आन्दोलनको नयाँ शृङ्खला सुरू गरे । महिला आन्दोलनले २००४ मा राजनीतिक अधिकार प्राप्तिको आन्दोलनको नयाँ स्वरूप ग्रहण गर्‍यो । २००४ सालमा मङ्गलादेवी, साधना, सहाना र स्नेहलतालगायत अग्रणी महिलाहरूले विभिन्न मागसहित जुलुस निकाले । उनीहरू गिरफ्तार भए र बन्दी जीवन बिताउन बाध्य भए । उक्त आन्दोलन राजनीतिक अधिकार प्राप्तिको लडाइमा नेपाली महिलाहरूको सहभागिताको पहिलो कदम थियो । उनीहरूको आंशिक

विजय भयो – उनीहरूले पुरुषसरह समान मताधिकार पाए, महिला शिक्षाका लागि पद्मकन्या स्कुल खोल्न राणाहरू बाध्य भए । धेरै युरोपेली मुलुकहरूमा समेत महिलाहरूले मताधिकार नपाएको पृष्ठभूमिमा नेपाली महिलाहरूले प्राप्त गरेको यो उपलब्धि ऐतिहासिक थियो । सात सालको आन्दोलनमा महिलाहरूको भूमिका उल्लेख्य रह्यो । यसरी यस शताब्दीको पहिलो दशकदेखि नेपाली महिला आन्दोलन नेपाली राजनीतिको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा विकास हुनथाल्यो । नेपाल महिला सङ्घ र नेपाल महिला सङ्गठन तत्कालीन जागरूक महिलाहरूका सङ्गठित अभिव्यक्ति थिए ।

सहाना प्रधान यस अभियानकी अग्रणी नेतृमध्ये एक थिइन् । तर, सात सालका उपलब्धिहरू २०१७ सालमा खोसिएर मुलुक तानाशाही शासनमुनि जकडिन बाध्य भएपछि विस्तारै अगाडि बढ्न लागेको महिला आन्दोलनले पनि गम्भीर धक्का खायो । त्यसबीचमा महिलाहरूले सङ्घर्षलाई अगाडि बढाउन प्रयास गरे । उनीहरूको आन्दोलन मूलतः तानाशाही शासनविरूद्ध प्रजातन्त्रका निम्ति केन्द्रित भयो । २०१७ सालमा राजाको तानाशाही कदमविरूद्ध कालो झण्डा लिएर सडकमा उत्रिने युवावयकी शैलजा आचार्य महिला आन्दोलनकारीहरूकी प्रतिनिधि पात्र थिइन् । लोकतन्त्र बहाली नगरी महिला मुक्तिको आन्दोलनलाई विशिष्ट ढङ्गले अगाडि बढ्नु सम्भव थिएन । त्यसैले ३० वर्षे पञ्चायती कालरात्रिमा महिला आन्दोलनको भूमिका मूलतः राजनीतिक अधिकार प्राप्तिको अभिन्न अङ्गका रूपमा रह्यो । झापा आन्दोलनमा कलिलो उमेरमा विद्रोहको झण्डा उठाएर तानाशाहहरूको सत्ता हल्लाइदिने गौरा प्रसाईं, सीता खड्का र लीला कट्टेलहरू, प्रजातन्त्रको खोजी गर्दा प्राध्यापन पेशा गुमाउन बाध्य सहाना प्रधानहरू, कष्टप्रद भूमिगत जीवन बिताउँदै जनता जगाउने शान्ता मानवी, अष्टलक्ष्मी शाक्य र सुशीला श्रेष्ठहरू, निर्मम दमन र यन्त्रणा खेप्दै आस्थाको दियो जोगाइराख्ने जीवन घिमिरे, विश्वेश्वरा दहाल र गोमा देवकोटाजस्ता सहिदपत्नीहरू, निर्वासन र जेलनेल खेप्दै प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउने सुशीला, नोना र लीला कोइरालाहरू, ३० को दशकदेखि क्रियाशील हुँदै राष्ट्रिय राजनीतिमा विशिष्ट छाप छाड्ने र मुलुकको सर्वोच्च ओहदा राष्ट्राध्यक्ष पदमा पुग्ने विद्या भण्डारी, ०३५/३६ को विद्यार्थी आन्दोलनबाट उदाएका पम्फा, सावित्रा, कमला पन्तलगायतका अगुवाहरूले लोकतन्त्र प्राप्तिको आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेले । पोखराकी विद्यार्थी नेतृ लक्ष्मी कार्की ०४६ सालको आन्दोलनकी 'आईकन' जस्तो बनेकी थिइन् । त्यस बीचमा, पुनर्गठित अनेमसङ्घले राजनीतिक अधिकार प्राप्तिको आन्दोलनमा सक्रिय भूमिका खेल्दै महिला मुक्तिको स्पष्ट कार्यदिशा तय गर्न र महिलाहरूको समस्या, माग र अधिकार प्राप्तिका प्रश्नमा पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो । राज्य संरक्षित महिला हिंसाको प्रतिनिधि घटनाको रूपमा रहेको नमिता – सुनिता काण्डमा महिलाको सङ्घर्ष त्यसको एउटा विशिष्ट

उदाहरण थियो । त्यही बेलादेखि नै एउटा विशिष्ट एजेण्डाको रूपमा महिला अधिकार र मुक्तिको बहस प्रारम्भ भयो । तर, माथि भनिएझैं, राजनीतिक अधिकार प्राप्तिको सङ्घर्षमा सक्रिय सहभागिता नै तत्कालीन महिला आन्दोलनको चारित्रिक विशेषता थियो । यी सबै आन्दोलनमा साहना प्रधानको नाम कहिल्यै अलग नहुने नाम हो ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलन र त्यसले स्थापना गरेको बहुदलीय व्यवस्थाले प्रजातान्त्रिक अधिकारलाई निकै विस्तार गऱ्यो । परिवर्तित सन्दर्भमा महिला आन्दोलनले पनि नयाँ आयाम प्राप्त गऱ्यो । अब त्यो प्रजातन्त्र प्राप्तिको सहयोगी भूमिकाबाट अगाडि बढ्दै महिलाका विशिष्ट मुद्दामा केन्द्रित हुनथाल्यो । खुलारूपमा क्रियाशील महिला सङ्घ र सङ्गठनहरूले हजारौं महिलाहरूलाई गोलबन्द गरे । महिला हिंसाका विरूद्ध सङ्गठित अभियान चलाए र महिला अधिकारको पक्षमा व्यापक जागरण ल्याए । पैत्रिक सम्पत्तिमा छोरासरह समान हक, महिलाको प्रजनन अधिकारको ग्यारेन्टी, विवाह र सम्बन्ध विच्छेदमा महिला अधिकारको प्रत्याभूति, घरेलु हिंसा, चेलीबेटी बेचबिखन र बलात्कार जस्ता सामाजिक अपराधविरूद्ध कडा कानूनी व्यवस्था आदि त्यतिबेलाका प्रतिनिधि माग थिए । महिलाहरूले त्यस्ता थुप्रै लडाइ" जित्दै पनि गए ।

उपस्थिति सीमित भए पनि महिलाहरूले संसद्मा प्रभावकारी भूमिका खेले । उपप्रधानमन्त्री, उपसभामुखजस्ता महत्त्वपूर्ण जिम्मेवारी बहन गरे । स्थानीय निकायमा दसौं हजार सङ्ख्यामा महिलाहरू उपस्थित भए । विकास निर्माण तथा सामाजिक रूपान्तरणमा उल्लेख्य भूमिका खेले । गैरसरकारी संस्था, उपभोक्ता समिति, सामुदायिक वनलगायत प्राकृतिक स्रोत व्यवस्थापनमा बढ्दो सहभागिता आदिले महिला आन्दोलनको नयाँ आयाम उद्घाटित हुँदै गयो । राजनीतिक परिवर्तनका लागि भनेर माओवादीले अपनाएको हिंसात्मक बाटो गलत थियो र त्यसका दुष्प्रभावहरूले समाज नराम्रो गरी आक्रान्त छ । तर, त्यस आन्दोलनमा महिला सहभागिता र 'माओवादी सेना' मा महिला सहभागिता महिलाहरूको बदलिंदो परिचयको सङ्केत थियो । क्रमशः राज्यका सुरक्षा निकायमा पनि महिला सहभागिता बढ्दै गयो । २०६२/६३ को युगान्तकारी आन्दोलनमा महिला सहभागिता उल्लेख्य थियो । सहिदका रूपमा, घाइतेको रूपमा, आन्दोलनको अग्रपङ्क्ति र पृष्ठभागमा, समानान्तर संसद्को नेतृत्व आदि अनेकौं भूमिकामा महिलाहरूको भूमिका ऐतिहासिक रह्यो । पुनःस्थापित प्रतिनिधिसभाले राज्यका प्रत्येक अङ्गमा एक तिहाइ महिला सहभागिता सुनिश्चित गर्न निर्देशन दियो । आज नेपाली महिलाहरू नयाँ संविधानका माध्यमबाट सामाजिक न्यायसहितको लोकतन्त्रको प्रत्याभूति र नेपाली महिलाको विशिष्ट भूमिका स्थापित गर्न क्रियाशील छन् ।

पार्टीको नेताका रूपमा, संयुक्त वाम मोर्चाको संयोजकका रूपमा, अन्तरिम सरकारका मन्त्री र पछि पनि विभिन्न समयमा वरिष्ठ मन्त्रीका रूपमा, सांसदका रूपमा, महिला हिंसा विरूद्ध दबाब समूहको संयोजकका रूपमा, अनेमसङ्घकी अध्यक्षका रूपमा यी सबै उपलब्धिमा साहना प्रधानको अविस्मरणीय भूमिका रहेको छ ।

यसरी, एक सय वर्षको यो यात्रामा नेपाली महिला आन्दोलन सामान्य धार्मिक सुधार, समाज सेवा र जागरण तथा महिला कल्याणको भूमिकाबाट विकसित र परिवर्तित हुँदै राज्यको समग्र रूपान्तरण र नेतृत्वको तयारी गर्ने ठाउँसम्म आइपुगेको छ ।

## महत्त्वपूर्ण उपलब्धि

महिला मुक्तिका दृष्टिले अझ लामो यात्रा तय गर्न बाँकी भए पनि यसबीचमा महत्त्वपूर्ण र ऐतिहासिक उपलब्धि हासिल भएका छन् । तिनीहरूप्रति आन्दोलनले गर्व गर्नुपर्छ र तिनको संरक्षण गर्दै थप उपलब्धिका लागि आन्दोलनलाई अगाडि बढाउनुपर्छ ।

नेपाली महिलाहरूले पहिलोचोटि शिक्षा र मताधिकारका निम्ति आवाज उठाएका थिए र आन्दोलनले महिलाको मताधिकार स्वीकार्न राणाहरूलाई बाध्य बनाएको थियो । यद्यपि, स्वतन्त्र मताधिकारको प्रयोग भने राणाशासनको समाप्तिसँगै महिला पुरुषले सँगसँगै प्रयोग गर्न पाए । महिला आन्दोलनको दबाबका कारण राणाहरू कन्या स्कुल खोल्न र महिलालाई पनि शिक्षाको अवसर दिन बाध्य भएका थिए । यद्यपि, पितृसत्तात्मक सामाजिक संरचनाका कारण शिक्षाको त्यो अवसरबाट आज पनि लाखौंलाख नेपाली महिला वञ्चित छन् ।

स्वतन्त्र सङ्गठनको अधिकार प्रत्याभूति हुनु र त्यसलाई उपयोग गर्दै लाखौं महिला राजनीतिक दल, महिला सङ्घ/सङ्गठन, सरकारी र गैरसरकारी सङ्घसंस्था, प्राकृतिक स्रोत व्यवस्थापन आदिमा सङ्गठित भएर राजनीतिक अधिकार, सामाजिक - आर्थिक मुद्दा एवम् आफ्ना सामुदायिक सवालमा क्रियाशील हुनु अर्को महत्त्वपूर्ण उपलब्धि हो । सम्भवतः राजनीतिक/सामाजिक संस्थामा महिला सहभागिताको यो स्तर दक्षिण एसियामै माथिल्लो स्तरमा पर्छ ।

६० वर्षअगाडि काठमाडौं नगरपालिका निर्वाचनमा साधना प्रधान पहिलो निर्वाचित प्रतिनिधि बनेयता राजनीतिक निकाय र निर्वाचित संस्थामा महिला सहभागितामा वृद्धि हुँदै गएको छ । स्थानीय तहमा ४० प्रतिशतभन्दा बढी महिलाको उपस्थिति छ र राष्ट्रपति, प्रधानन्यायाधीश र सभामुखका रूपमा महिलाले चुनौतीपूर्ण जिम्मेवारी सम्हालिसकेका छन् । संसद्मा एक तिहाइ महिला सहभागिता नेपाली

महिला आन्दोलनको महत्त्वपूर्ण उपलब्धि हो, जुन लोकतन्त्रको लामो इतिहास भएका र विकसित कतिपय मुलुकमा समेत उपलब्ध छैन ।

पैत्रिक सम्पत्तिमा समान अधिकारको प्रत्याभूति र यसमा महिलामाथि गरिएको विभेदको कानुनी अन्त्य, आमाको नाममा नागरिकताको व्यवस्था, प्रजनन अधिकारको ग्यारेन्टी, विवाह र सम्बन्ध विच्छेदमा महिलामैत्री कानुन निर्माण, महिला बेचबिखन र घरेलु हिंसाविरोधी कडा कानुन तर्जुमा, महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूमा हस्ताक्षर, अदालतहरूमा लैङ्गिक संवेदनशीलताको अभिवृद्धि यसबीचमा महिलाहरूले प्राप्त गरेका महत्त्वपूर्ण संवैधानिक, कानुनी र संरचनागत अधिकार हुन् । नेपालको संविधान जारी भएसँगै पितृसत्तात्मक सामाजिक संरचनाका आधारमा निर्मित कानुनी संरचनाको ठाउँ क्रमशः नयाँ कानुनले लिंदैछन् र समग्रमा महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउँदैछ । महिलाको एजेण्डा इन्कार र उपेक्षा गर्न नसकिने राष्ट्रिय एजेण्डा बन्न थालेको छ । नीति निर्माणदेखि कार्यान्वयनको तहसम्म महिला सहभागिता बढ्दो छ । सामाजिक सुरक्षा र सुधारका कारण शिशु र मातृ मृत्युदर घट्दै जानु, महिलाको औसत आयु, साक्षरता र मानव विकास सूचकाङ्कमा सकारात्मक परिवर्तन हुँदै जानु तथा स्वयम् महिलाहरूको मनोविज्ञान, मनोबल र आत्मविश्वास बढ्दै जानु यसबीचका महत्त्वपूर्ण उपलब्धि हुन् ।

## नयाँ चुनौती

यद्यपि, महिला मुक्ति आन्दोलनका सन्दर्भमा अनेकौं चुनौती विद्यमान छन् र नयाँ चुनौती पनि थपिंदै गएका छन् । एक्काईसौं शताब्दीको तेस्रो दशकमा आइपुग्दासमेत समाजको पितृसत्तात्मक संरचना र त्यसले निर्माण गरेको सामाजिक - सांस्कृतिक - नैतिक सम्बन्धमा गुणात्मक परिवर्तन आउन सकेको छैन । महिलामाथिको विभेद, उत्पीडन र हिंसा कुनै - कुनै रूपमा जारी छ ।

संवैधानिक र कानुनी दृष्टिले जे जति अधिकार प्राप्त छन्, ती मूलतः औपचारिकतामा सीमित छन् र तिनको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । कानुनी घोषणा र व्यावहारिक यथार्थबीचको गहिरो खाडल आन्दोलनको सर्वाधिक गम्भीर चुनौती हो । राज्यका प्रत्येक अङ्गमा कम्तीमा एक तिहाइ महिला सहभागिताको घोषणा कार्यान्वयनको प्रश्न होस् या सम्पत्तिमाथि समान अधिकारको प्रश्न, घरेलु हिंसाको अन्त्यको विषय होस् या चेलीबेटी बेचबिखनको विषय, छोराछोरीलाई हेर्ने दृष्टिकोणमा समानताको सबाल होस् या समान कामका निम्ति समान ज्यालाको सबाल, आमाको नाममा नागरिकता प्राप्तिको मुद्दा होस् या रोजगारीमा पहुँच - संविधानले प्रत्याभूति गरेका, कानुनले व्यवस्था गरेका या सार्वजनिक रूपमा प्रतिबद्धता गरिएका विषयको कार्यान्वयनको पक्ष सन्तोषजनक छैन ।

अन्धविश्वास र रूढीले सिर्जना गरेका महिला हिंसा र उत्पीडनजस्तै 'बोक्सी'का नाममा गरिने अमानवीय व्यवहार, छाउपडीका नाममा गरिने खेलबाड या दलित महिलामाथि छुवाछूतको कलङ्क समाप्त भएका छैनन्, बरू कतिपय ठाउँमा नयाँ ढङ्गले शिर उठाउन खोजिरहेका छन् । आधुनिकता र सहरीकरण पनि कतिपय सन्दर्भमा महिलाविरूद्ध अभिशापजस्तो बन्न पुगेको छ । महिलाहरूको 'सौन्दर्य' व्यापार झन् बढ्दो छ, विवाहदेखि लिएर अन्य सामाजिक संस्कारमा महिलामाथिको सौदाबाजीले नयाँ र खतरनाक रूप लिइरहेको छ । विज्ञान प्रविधिको दुरुपयोग गर्दै महिला अस्मितामाथि खेलबाड गर्ने, उनको संवेदनशीलतालाई 'ब्ल्याकमेलिङ' गर्ने प्रवृत्ति बढ्दो छ ।

आधुनिकीकरणसँगै सामाजिक अपराध पनि बढ्दो छ र महिलालाई निशाना बनाउने क्रम झन् बढ्दो छ । बदलिंदो आर्थिक सम्बन्धका कारण महिलाहरू परम्परागत परिवारको घेराबाट बाहिर आँगनमा, गाउँबाट सहरमा र देश छाडेर प्रदेशमा जाने क्रम पनि बढ्दो छ । यो नयाँ आयाम हो, तर नयाँ ठाउँ उनीहरूका निम्ति पूर्ण सुरक्षित बन्न सकेका छैनन् । सहर छिरेका युवतीहरू देहव्यापार, बलात्कार र बेचबिखनको सिकार बन्नु नयाँ चुनौती बनेको छ भने वैदेशिक रोजगारीको विस्तारसँगै त्यहाँ जाने महिलामाथिको यौनशोषण पनि बढिरहेको छ । दण्डहीनताको बढ्दो प्रवृत्तिसँगै महिलामाथिको यौनजन्य, सम्पत्ति आर्जनप्रेरित या बदलाजन्य आक्रमण बढिरहेका छन् ।

हिजो हिंसात्मक द्वन्द्वमा पनि महिलाहरू बहुआयामिक पीडाको सिकार बने । आफै मारिंदा होस् या घरको पुरुष सदस्यको हत्या या बेपत्ता हुँदा, पुरुषहरू घाइते, अपाङ्ग या विस्थापित हुँदा होस्, रोजगारीका अवसर गुम्दा, पुरुषहरू पलायन भएर सबै भारी एक्लै बोक्नुपर्दा होस् या द्वन्द्वले निर्माण गरेको मनोवैज्ञानिक ट्रमा - यी सबैको सर्वाधिक पीडा महिलामाथि नै परेको थियो । आज पनि द्वन्द्वका घाउहरू निको हुन सकिरहेका छैनन् । गरिबी र बेरोजगारीको पुनरुत्पादनले पनि महिलाहरूको जीवनलाई अझ कष्टकर र अझ जोखिमपूर्ण बनाउँदै लगेको छ ।

यसबाहेक, महिला अधिकार, आन्दोलन या मुद्दाहरू बढी मात्रामा सहरमुखी र मध्यमवर्ग केन्द्रित छन् र गाउँका, गरिबीको रेखामुनि रहेका, सञ्चारको दायराभन्दा पर रहेका र सीमान्तीकृत महिलाहरूका मुद्दाहरू ओझेलमा छन् ।

अर्थात्, वास्तविक महिला मुक्ति र समानताका लागि हिंड्नु पर्ने यात्रा निकै लामो छ ।

'महिलाहरू कुन हदसम्म स्वतन्त्र छन् भन्ने कुराले त्यो समाज कति स्वतन्त्र छ भन्ने तथ्यलाई प्रतिबिम्बित गर्छ' - काल्पनिक समाजवादी चार्ल्स फुरेरको यो

भनाइलाई मापक बनाएर हेर्ने हो भने नेपाली समाजको स्वतन्त्रताको स्तर कहाँनिर छ भन्ने यथार्थ निक्यौल गर्न गाह्रो पर्दैन । महिलाको वास्तविक समानताको प्रत्याभूति गर्दै समानतायुक्त समाज निर्माण गर्ने, उनीहरूको पूर्ण स्वतन्त्रताको सुनिश्चित गर्दै समाजमा पूर्ण लोकतन्त्र स्थापना गर्ने र उनीहरूलाई समृद्ध बनाउँदै समाजको वास्तविक समृद्धि हासिल गर्ने अभिभारा निकै चुनौतीपूर्ण छ ।

यस लामो र कठिन यात्राका लागि सहाना प्रधानको 'लिगेसी' सधैंभरि प्रेरणास्रोतका रूपमा रहिरहनेछ ।

ooo

---

*// कविता //*

# ईश्वर

✍ **आस्था कोपिला**
**खोटाङ**

मान्छेको मनबाट
श्रद्धा एकाएक ओझेल भएपछि
विश्वासको आकाशबाट
ईश्वर हराएपछि
आस्थाका गुम्बा, मस्जिद,
चर्च र मन्दिरहरू
अनायास ढल्न थाले
विडम्बना !!
सायद अब यो सृष्टिमा
ईश्वर अटाउँदैन कि ?

धेरै भए ईश्वरका फोटोकपीहरू
एकअर्कामा विवाद बढ्यो ईश्वरको
बुद्ध, यशु, मोहम्मद, विष्णु, पारूहाङ,
सुम्निमा, तागेरानुवाफुङ थपिदै गए
आ–आफ्नो विराटताको
खोजीमा निस्कन थाले

परिणाम धर्मयुद्ध चर्कियो
सृष्टिको अदालतमा मुद्दा दाएर भयो
इजलासले मान्छेलाई
अभियुक्त घोषित गऱ्यो ।

त्रासैत्रासको परिवेशभित्र
शरीरभरि युद्धको घाउ र खटिरा बाँचेर
पीडामा छट्पटाउँदै
ओकल्छ शब्द
विभाजित मान्छे –

फैसला गलत छ
आउनुहोस् !
अनुसन्धान अघि बढाऊँ !
हातमा माउस लिएर
यदि ह्याङ हुन्छ भने
फेर्नुपर्छ ईश्वरको गिदी
अनि …
मान्छेका भ्रामक विश्वासहरू ।

ooo

# बाकूको बाटो

✍ **विनोद नेपाल**
**पोखराथोक, माडी, पाल्पा**

अन्तर्राष्ट्रिय उडानका लागि सामान्यतया तीन घण्टा पहिले नै विमानस्थल पुग्नुपर्ने नियम छ सबैतिर । हाम्रो उडान समय ७.३० बजे थियो । यसैले अघिल्लै साँझ भोलि बिहान सम्भव भएसम्म ४.३० अघि नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेट हुने सल्लाह गरेका थियौं हामीले । यसो गर्दा सँगसँगै बोर्डिङ पास लिन पाइने र सँगसँगैका सिटमा बस्न पाइने हाम्रो सोचाइ थियो ।

सल्लाहअनुसार हामी निर्धारित समयमै भेट भयौं । दिन थियो ३० सेप्टेम्बर २०२२ अर्थात् २०७९ असोज १४ गते शुक्रबार ।

यो भ्रमणको प्रस्तावक म स्वयम् थिएँ, सहयात्रीहरू जुट्दै जानुभएकोले हाम्रो यो यात्रा सम्भव भएको थियो । समूहको तर्फबाट यात्रा व्यवस्थापकसँग कुराकानी गर्ने लगायतका सम्पूर्ण काम मैले नै गरेको थिएँ, यसैले यस टोलीको नेतृत्व म स्वयम् गरिरहेको थिएँ ।

सात जनाको यस टोलीमा प्रत्यक्ष भेट नभएका र अपरिचित पनि थियौं । यसैले भेटपछि परिचय नै पहिलो काम भयो ।

त्यसपछि हामी बोर्डिङ पास लिने कक्षसामु लाम लाग्यौं । बाहिर लामैलाम थियो, जब भित्र पस्यौं, भित्र पनि लाम लामो भइसकेको थियो । बिस्तारै अघि सर्दै जाँदा जब हाम्रो पालो आयो । सबैले आआफ्ना राहदानी सहितका कागजात मलाई सुम्पनुभयो ।

मैले सबै राहदानी एकैपटक काउण्टरमा राखिदिएँ । सम्बन्धित कर्मचारीले सातवटा मध्ये सबैभन्दा माथि रहेको राहदानी हातमा लिंदै भने 'एकएकवटा दिनुहोला । '

मैले भनें - 'सबैजना एकै टोलीका हौं, सिट सँगसँगै पर्ला भनेर एकैपटक दिएको ।'

उनले त्यसो गर्न नमिल्ने बताएपछि बोल्ने ठाउँ रहेन । अनि मैले एकएक गरेर राहदानी दिन थालें ।

एउटा बोर्डिङ पास के दिएका थिए कर्मचारी बोले - 'लौ है एकछिन पर्खनुपर्ने भयो । '

'किन? के भयो ?' मैले प्रश्न गरें । मेरो प्रश्नको जबाफमा उनले भने - 'सिस्टम डाउन' भयो । '

एक मनले भन्यो 'यहाँ कहिले पो सिस्टम अप छ, र सधै डाउन त छ । '

तर त्यसो भनि हालिनँ । किनकि यहाँ असान्दर्भिक होला भन्ने लाग्यो ।

जहाँसम्म यहाँ बिग्रिएको 'सिस्टम' को कुरा छ, हामीले प्रविधि त भित्र्याएका छौं तर त्यसमा निपुण हुन बाँकी नै छ । एकप्रकारले हामी तिनको प्रयोग गरिरहेका छौं, अभ्यस्त र सिद्धहस्त हुन बाँकी नै छ । त्यसले पनि बेलाबेलामा समस्या उत्पन्न गरिदिन्छ । हामीले प्रयोग गर्ने सामग्रीको गुणस्तर र विश्वसनीयताको आफ्नै पक्ष छँदैछ, अर्को कुरा हाम्रो विद्युत् आपूर्तिमा नियमितता छैन । प्रविधि अत्यन्त संवेदनशील हुन्छ । त्यसले पनि तिनलाई असर गर्छ । एकातिर अल्पज्ञान, अर्कोतिर विद्युत्को कारण वा अन्य कारण पनि समस्या हुन सक्छ । जेसुकै होस् 'सिस्टम'लाई दोष दिनु अचेल काम पन्छाउने सजिलो उपाय भएको छ कतिपय ठाउँमा ।

त्यसो त हामी कहाँ कुनै 'सिस्टम' नै छैन । कुनै कुरा यसरी यति समयमा हुन्छ भन्ने कुराको सुनिश्चितता छैन । यो पनि हामीभित्रैको एउटा क्षेत्र त हो, यहाँ 'सिस्टम'ले काम नगर्नुमा के नै आश्चर्य भयो र ?

केही बेरमा काम पुनः सुचारु भयो । गर्दागर्दै रोकिएको काम थाले कर्मचारीले । हामी 'लगेज' जिम्मा लगाई हातमा बोर्डिङ पास लिएर अध्यागमनतर्फ उक्लियौं । माथि उक्लिएपछि चाहिँ फरक खालको स्थिति हुन्छ अचेल । शान्त अनि व्यवस्थित लाग्छ त्यहाँ शायद तल जस्तो झोला, पोका, सुट्केश आदि नहुने भएकाले पनि होला खुला पनि लाग्छ । त्यहाँ ठूलो लाम थिएन, छिटै काम सकियो । त्यसपछि हामी अन्तिम सुरक्षा जाँच स्थलतर्फ लाग्यौं ।

अचेल सुरक्षा जाँचमा चाहिँ निकै कडाइ भएको रहेछ । कम्मरपेटी, घडी, मोवाइल, पर्सदेखि बाक्ला लुगा र जुत्तासम्म काढेर टोकरीमा राख्नुपर्ने रहेछ । केही वर्ष अघि सिंगापुरको चाङ्गी विमानस्थलमा यस्तै जाँच भएको थियो, यहाँ पनि थालिएछ, राम्रै लाग्यो । अब यहाँ पनि सोहीअनुसार गर्नुपर्ने भयो । जुन कुरा जे जसरी जहाँ राख्नुपर्ने थियो, राखियो । हाम्रा सामान जाँच्ने कामसँगै हामीलाई भित्र प्रस्थान कक्षतर्फ प्रवेश गर्ने अनुमति प्राप्त भयो ।

महिलाहरूतर्फ कम चाप भएकाले टोलीका तीन महिला सदस्य पहिले नै पुगिसक्नुभएको थियो त्यहाँ, हामी पुरुष केही ढिलो गरी पुग्यौं । त्यसपछि सुरू भयो उडानको प्रतीक्षा ।

उडान तालिका अनुसार ७.३० मा उड्नुपर्ने थियो विमान, समय भैसक्यो तर अझैसम्म हामीलाई बोलाउने सुरसार थाहा पत्तो छैन । उडान ढिलो हुने लगभग निश्चित भयो । नयाँ ठाउँमा उज्यालैमा पुग्न पाउँदा बेग्लै आनन्द हुन्छ अँध्यारोमा भन्दा अनि यात्रा पनि उज्यालोमै ठिक । उज्यालोमै पुगिन्छ भनेर ढुक्क भएका हामीलाई अब चिन्ता लाग्न थाल्यो ।

'लौ यता 'डिले' हुँदा उता पो 'ढिलो' हुने भयो', मैले भनें । सबैलाई ढिलो पुगिने चिन्ताले सताउन थाल्यो ।

वास्तवमा नयाँ ठाउँको यात्रा अँध्यारोमा गर्दा यात्रामार्गबारे केही थाहै हुँदैन । यसैले उज्यालोमा यात्रा गर्नु ठिक लाग्छ मलाई र यस्तै लाग्दो हो शायद प्रायः सबैलाई । धेरै लामो यात्रा भएमा जतिसुकै कोसिस गरे पनि समय मिलाउन सकिंदैन तर छोटो यात्रामा यो असम्भव हुँदैन ।

यत्तिकैमा प्रस्थान कक्षमा विमानचालकहरू देखा परे, उनीहरू अघि बढेपछि भने उडान अब धेरै ढिलो नहुनेमा ढुक्क भयौं ।

नभन्दै केही बेरमा सूचना जारी भयो, उद्घोषण भयो 'जजिरा एयरवेजको उडान नं जे ९ ५४० बाट कुवेत जाने यात्रुहरू कृपया फलानो गेटतर्फ पाल्नुहोला ।'

हामीले सूचना पछ्यायौं र सम्बन्धित द्वारतर्फ अघि बढ्यौं । बोर्डिङ पासको ठूलो हिस्सा त्यहीं बुझाई सानो भाग हातमा लिएर बाहिर रहेको बसमा चढ्यौं । केही बेरमा बस गुड्यो, विमान छेउ पुग्यो अनि ओर्लेर विमानमा चढ्यौँ र आ-आफ्ना स्थानमा बस्यौं । अचम्म, जे नहोस् भनेको त्यही भएछ, हाम्रा सिट त लथालिङ्ग कता कता पो परेछन् ! यहाँसम्म कि पति - पत्नीलाई नै पनि छुट्याइएछ । जसोतसो सँगसँगै बस्ने चाँजोपाँजो मिल्यो ।

सुमित्रा र मैले आ-आफ्ना सामान राख्न फरकफरक सुटकेस प्रयोग गरेका थियौं । साना सुटकेस हुँदा सजिलो हुने भएकाले आ-आफ्ना सामान अलगअलग भए कसैसँग '...कहाँ छ ?' वा 'फलानो चिज खोई ?' भनेर सोधिरहनसमेत नपर्ने भएकाले पनि हामीले त्यसो गरेका थियौं । ती सुटकेस अन्तिम गन्तव्य 'बाकू' पुगेर लिने गरी बुझाई थान्को लगाइसकेकाले हामीसँग हाते झोला मात्रै थिए । ती पनि सिटमाथि राखेपछि हामी फुक्काफाल भयौं ।

उडान तालिकाअनुसार बिहान ७.३० बजेको उडान ८.३० मा मात्रै भयो एक घण्टा ढिलो गरी ।

अब हामी तलका दृश्य हेर्न थाल्यौँ । बौद्धनाथ, चक्रपथ, नारायणहिटी, टुँडिखेल, धरहरा, स्वयम्भू....गुचमुच्च काठमाडौं खाल्डोका विभिन्न भाग नियाल्दै थियौं ।

विमान नागढुङ्गा छिचोलेर उपत्यकाबाहिर निस्क्यो । अलि परसम्म त हरियाली देखिँदै थियो । त्यसपछि भने कुहिरोले ढपक्क ढाक्यो । कतै केही देख्न पाइएन कुहिरोबाहेक । विमानले उचाइ लिंदै गयो । कुहिरो र बादल छिचोलेर माथि निस्क्यो विमान अनि देखियो उज्यालो घाम र नीलो आकाश । माथि पुगेपछि सबैभन्दा सुन्दर देखियो उत्तरतर्फको हिमाली शृङ्खला जुन हाम्रो शोभा हो, गौरव हो र प्राकृतिक पूँजी पनि हो ।

हामी उडिरह्यौं बादलमाथि, तल विभिन्न आकार बनेका छन् बादल र कुहिरोका, हेर्दै कतै पहाडका थुम्काथुम्की जस्ता आकृति कतै के कतै के अनुमान गर्दै अघि बढ्यौं ।

'अब त भारत पसियो होला' मैले अनुमान गरें र सुमित्रालाई भनें । त्यसो भनेको झण्डै आधा घण्टापछि तल जमिन देखिन थाल्यो तर हामी ३६ हजार फिट माथि उडिरहेकाले कहाँ र के कसरी ठम्याउनु ?

'फ्लाइट राडार' मा बेलाबखत हेर्दा देखिन्थ्यो भारतको दिल्ली, राजस्थान वा पञ्जाब, हरियाणा हुँदै पाकिस्तान प्रवेश गर्छ यो विमान कुवेत उड्दा, त्यहीं देखेर मैले ठाउँहरूको अनुमान गर्न थालें । पाकिस्तानको मध्यभागबाट केहीबेर उडेपछि कुवेत र त्यसभन्दा पश्चिमतर्फ जाने विमानहरू पाकिस्तान - अफगानिस्तान सीमा क्षेत्र हुँदै उड्छन्, तालिवानले सत्ताकब्जा गरेपछि अफगानिस्तानको आकाशबाट विमानहरू उड्दैनन् ।

काठमाडौंबाट झण्डै दुई घण्टाको उडानपछि पाकिस्तान प्रवेश गर्छ विमान । भारतीय भूमिमाथिको उडान त ठिकै थियो पाकिस्तान प्रवेश गरेको केही समयपछि भने दिक्क लाग्न थाल्यो तलका दृश्य देखेर । चर्को घाम, सुख्खा अनि मरूभूमि नै मरूभूमि छ तल, पट्यार लाग्दो यो दृश्य हेर्नु नपरे हुन्थ्यो भने पनि हेरिरहनु नै पर्‍यो निद्रा नलाग्ने भएकाले । फेरि यस विमानमा कहाँनेर पुगियो ? भनेर हेर्न, थाहा पाउन सकिने वा सिनेमा आदि हेर्ने स्क्रिन छैन, सिट अगाडि, विमानमा उद्घोषण पनि गरिंदैन यहाँनेर उडिरहेका छौं भनेर । विमानको एकैखालको आवाज सुनिएको छ घ्वाईँयँ...... । विमानकै आवाज झर्कोलाग्दो लाग्न थालेको छ । मानिसहरू आआफ्नै धुनमा छन् । हामी बायाँतर्फको सिटमा भएकाले अफगानिस्तानतर्फका दृश्य देख्न सक्दैनौं, बलुचिस्तानमाथि उडिरहेको चाहिँ तलका दृश्यबाट अनुमान गर्छौं ।

यात्रामार्गको हकमा त्यसपछि विमानले इरानको आकाशमा प्रवेश गर्छ र झण्डै डेढ घण्टा इरानको आकाशमाथि उडेपछि इरानको सहर सिराज हुँदै अरेबियन खाडीसमेत भनिने पर्सियन खाडीमा प्रवेश गर्छ । समुद्रमाथि झण्डै आधा घण्टा उडेपछि विमान कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लन्छ ।

छिटो ओर्लन पाए हुन्थ्यो भन्ने लागिरहेको छ । गोविन्द दाइ भन्नुहुन्छ 'दश - बाह्र घण्टा पनि उडियो तर आजको उडान साह्रै लामो लाग्यो खै किन हो ?' त्यसो त तीन वर्षअघि मिश्र देश यात्राको क्रममा दुबईबाट अलेक्जेण्ड्रियासम्मको झण्डै ६ घण्टा लामो यात्रा गरेका थियौं हामीले पनि । तर त्यसमा केहीबेर निदाएको र रात्रिकालीन उडान भएकाले पनि होला पट्यार महसुस भएन । दिउँसोको हकमा हाम्रा लागि यो नै अहिलेसम्मकै लामो उडान थियो । जेसुकै भए पनि आत्तिएर हतारिएर भएन, सुरक्षित अवतरणको प्रतीक्षामा रह्यौं, आफैलाई सम्झाउँदै ।

कुवेतको समय बिहान १०.४० मा हाम्रो विमान कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गऱ्यो नेपाली समय दिउँसो १.३० बजे, काठमाडौंबाट उडेको झण्डै पाँच घण्टामा ।

कुवेत पर्सियन गल्फको उत्तर पश्चिम कुनामा अरेवियन प्रायद्वीपमा अवस्थित मुलुक हो । यो मरूभूमि हो । पेट्रोलियम पदार्थले यस मुलुकलाई धनी बनाएको छ । इराकी नेता सद्दाम हुसेनको समयमा सन् १९९०को खाडी युद्धमा लगभग स्वतन्त्रता गुमाएको यस मुलुकले संयुक्त राष्ट्रसंघ र खासगरी संयुक्त राज्य अमेरिकाको पहलमा आफ्नो स्वतन्त्रता फिर्ता पाउन सफल भएको थियो । इरानसँग लडिरहेको इराकले कुवेतमा रहेको तेलको भण्डार अनि कुवेतलाई तिर्नुपर्ने ऋणका कारण पनि कुवेतमाथि कब्जा जमाउन पुगेको थियो । स्मरणीय छ, आक्रमणपश्चात् सद्दाम हुसेनले कुवेतलाई इराकको १९औं प्रान्त घोषणा गरेका थिए ।

पाकिस्तानको आकाशमा प्रवेश गरेदेखि कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा नओर्लेसम्म मेरो मनमा थुप्रै कुरा खेलिरहे । म अशान्त क्षेत्रमै छु भनेजस्तो लागिरह्यो । साँच्चिकै भन्नुपर्दा म इरान - इराक बीचको लामो युद्ध, त्यसको चपेटामा परेका मुलुक र तिनका नागरिकले बेहोर्नुपरेको दुःख कष्ट, भारत - पाकिस्तानबीचको वैमनस्य, अफगानिस्तानको अन्योलग्रस्त अवस्था अनि मानवतालाई सम्झेर द्रवित पनि भएँ । लडाइ, झगडा, काटाकाट, मारामार आफैमा उचित होइनन् तथापि यी जारी नै छन् । मानवता विरूद्धका व्यर्थका सङ्घर्ष र झैझगडा चलेकै छन् । शक्तिको होड जारी नै छ । आखिर किन लड्छ मान्छे ? किन सङ्घर्षमा उत्रन्छन् मुलुकहरू ? म एकपटक फेरि जारी रूस युक्रेन युद्ध सम्झन्छु र सम्झन्छु हामी जहाँ जाँदै छौं ती मुलुक त्यही भेगमा पर्छन् र यसपटकको हाम्रो गन्तव्य मुलुक अजरबैजान र छिमेकी अर्मेनियाँ बीच पनि सीमावर्ती क्षेत्रमा लामो समयदेखि जारी सङ्घर्ष रोकिएको छैन, जारी नै छ ।

कुवेतमा 'ट्रान्जिट' थियो हाम्रो । मैले हाम्रो यात्रा व्यवस्थापकसँग कुवेतमा केही घण्टा घुमफिर गर्ने गरी व्यवस्था मिलाउन अनुरोध गरेको थिएँ, तर कुवेती अध्यागमनसम्बन्धी नियमले त्यसो गर्न नसकिने बताएपछि कुवेतलाई आकाशबाटै हेरेर र विमानस्थलमै सीमित भएर चित्त बुझाउन बाध्य हुनु परेको थियो ।

उताबाट समयमै उडेको भए यहाँ दुई घण्टा कुर्नुपर्थ्यो, उताबाट ढिलो भएकाले यहाँ आउनासाथै अजरबैजानको राजधानी बाकू, जुन हाम्रो यस यात्राको गन्तव्य हो, तर्फ उड्ने विमानका लागि सम्बन्धित स्थानतर्फ लाग्नुपऱ्यो र हामी यहाँ धेरै अलमलिएनौं ।

हामी विमानस्थलमा कार्यरत कर्मचारीको निर्देशन र त्यस मार्गमा रहेका सूचना तथा सङ्केतलाई पछ्याउँदै अघि बढ्यौं । गजब के लाग्यो भने त्यस मार्गका ठाउँठाउँमा 'पारगमन यात्री' लेखिएको दिशा सङ्केत सूचकहरू थिए । हाम्रै भाषा र लिपिमा त्यसरी लेखिएका पाटीहरू देख्दा अत्यन्त गर्वको महसुस भयो ।

कुवेतबाट हाम्रो विमान उड्ने समय स्थानीय ११.२० बजे थियो । पुग्दापुग्दै १०.४० भइसकेकोले हामीलाई त्यहाँ धेरैबेर अडिने समय थिएन । आवश्यक प्रक्रिया पूरा गरी हामीलाई विमानतर्फ पठाइयो । विमान केही ढिलो गरी ११.४५ बजे अर्थात्, नेपाली समय दिउँसोको झण्डै २.४५मा उड्यो ।

कुवेत - बाकू 'रूट'मा यात्रुको चाप हुँदो रहेनछ । विमानका आधा जसो सिट खाली नै थिए । अधिकांश समय इरानको आकाश अनि केही समय क्यास्पियन सागरमाथि उडेपछि झण्डै दुई घण्टाको उडान पश्चात् हाम्रो विमान हैदर एलिएभ अन्तर्राष्ट्रिय विमानस्थल बाकूमा अवतरण गऱ्यो । अजरबैजानको समय कुवेतभन्दा एक घण्टा छिटो अनि नेपालको समय कुवेतको भन्दा दुई घण्टा पैँचालीस मिनटले छिटो छ ।

हाम्रो यो यात्राको दुईतर्फी टिकट नै जजिरा एयरवेजको थियो तर कुवेत - बाकू उडान लानमेई एयरलाइन्सको विमानबाट गराइयो । विमानको हकमा यो यात्रा एयरबस कम्पनीको ए३२० - २१४ विमानबाट गराइएको थियो र उडान नम्बर थियो जे९ ६०१ । यो विमान पुरानो मोडलको थियो । बाहिरबाट हेर्दा राम्रै देखिए पनि भित्र चाहिँ पुरानो देखिन्थ्यो । लाग्यो जजिराकै नामबाट उड्ने यो जजिराको भगिनी कम्पनी होला, तर पछि थाहा भयो यो कम्बोडियामा दर्ता भएको कम्पनी रहेछ । यस विमानले अधिकांश समय ३८ हजार फिटको उचाइमा उड्यो र सुरक्षित गन्तव्यमा पुऱ्यायो ।

विमानस्थलमा पुगेपछि हामीले अजरबैजान प्रवेशको अनुमति लिनुपर्ने थियो । हामी त्यसका लागि अध्यागमन सामु लाम लाग्यौं । लाम लामै थियो तर धेरैवटा

काउण्टर अनि फटाफट काम भएकाले धेरै समय लागेन । प्रवेश अनुमतिका क्रममा पुरुषहरूलाई धेरै सोधखोज गरिएन । महिलाहरूलाई भने कोभिड खोपको प्रमाण तथा फिर्ता टिकट आदि खोजियो । सम्भवतः मानव र खास गरी महिला तस्करीका प्रतिको सजगता थियो त्यो ।

त्यसपछि हामी आआफ्ना लगेज लिएर विमानस्थलबाट बाहिर निस्क्यौं । थुप्रै थिए त्यहाँ आगन्तुकको प्रतीक्षामा । आगन्तुक वा आफ्नो संस्थाको नाम लेखिएका कागज देखाउँदै उभिएकाहरू हामीलाई हेर्न थाले, हामी तिनलाई हेर्न थाल्यौं । हामीलाई लिन आउने व्यक्ति मेरो नाम लिएर वा भ्रमण व्यवस्थापक संस्थाको नाम लिएर आउने सूचना हामीलाई दिइएको थियो । मेरो वा हाम्रो टोलीका कसैको नाम लेखिएको कागज कसैको हातमा नदेखेपछि मैले हवाइ उडानका क्रममा बन्द रहेको मेरो मोवाइल खोलें । तत्कालै थाहा भयो हाम्रा भ्रमण व्यवस्थापकको तर्फबाट एक युवती आएकी रहिछन् जसले अघिदेखि नै हामीलाई हेरिरहेकी थिइन् ।

अब हामी 'हेलो' भन्दै उनीतर्फ सोभियौं । उनीतर्फ सोभिने हामी मात्र भएनौं अरू पाँच जना पनि भए । त्यसपछि थाहा भयो एउटै यात्रा व्यवस्थापकमार्फत यस खेपमा सँगसँगै बाकु पुग्ने बाह्र जना रहेछौं । उनले हाम्रो स्वागत गरिन् र अलि पर रोकिराखेको गाडी देखाउँदै भनिन्, 'ल हिंड्नुस् ऊ त्यो हो हाम्रो गाडी ।'

आआफ्ना सामानसहित हामी उनलाई पछ्याउँदै गाडीतर्फ लाग्यौं ।

चालकले हाम्रा सामान गाडीभित्र राखे । हामी गाडीमा बस्यौं र सहरतिर लाग्यौं ।

भण्डै आधा घण्टाको यस यात्रामा हामीलाई स्वागत गर्ने ती युवतीले आफ्नो नाम 'तुर्कान' भएको र यो यात्रा अवधिभर हरेक दिन बिहान १० बजेदेखि साँभको खाना खाने समयसम्म हामीसँगै रहने बताइन् । धाराप्रवाह अङ्ग्रेजी भाषामा बोल्ने उनले गाडी गुडेदेखि नै हाम्रो भ्रमण कसरी हुनेछ भन्ने विषयमा र हाम्रो कार्यक्रमका बारेमा बताइन् । यसैगरी उनले अजरबैजानका बारेमा पनि जानकारी गराइन् ।

हामी 'जाम' छिचोल्दै होटल 'वेस्ट साइन'मा पुग्यौं जहाँ हाम्रो बसोबासको व्यवस्था गरिएको थियो ।

हाम्री पथप्रदर्शक तुर्कानले होटलमा पुगेपछि हाम्रा राहदानी होटलवालालाई दिई सोको अभिलेख राख्न लगाई हाम्रा राहदानी हामीलाई नै फिर्ता गरिदिइन् र साँझ ६ बजे घुमफिरका लागि तयार रहन भन्दै बाहिरिइन् ।

हामी एउटा फरक भूगोलमा पुगेका थियौं । आधुनिकता र प्राचीनताको सङ्गम त हुँदै हो, यो मुलुक भौतिक विकास र सम्पन्नताका दृष्टिले अग्रपंक्तिमा रहेको मुलुकमा पुगेको अनुभूति भइरहेको थियो हामीलाई त्यहाँ पुग्दा । चौडा सडक, चिल्ला गाडी, ठाउँठाउँमा उद्यानहरू, हरियाली, शान्त परिवेश अनि सरसफाइको अवस्था आदिलाई देख्दा हामी विमानस्थलदेखि होटलसम्मकै यात्रामा अजरबैजानबाट प्रभावित भएका थियौं ।

क्यास्पियन विश्वकै ठूलो ताल हो, यसको आकारका कारण यसलाई समुद्रको रूपमा लिइएको छ, 'सागर' भनिएको छ । हामीले विमानको झ्यालबाटै देखेका थियौं त्यस सुन्दर ताललाई, अब उसलाई नजिकबाट भेट्ने, स्पर्श गर्ने हतार थियो, उता भ्रमण योजनामा उल्लेख भएका स्थानहरू र हामीले थाहा पाएका सुनेका र पढेका स्थानहरूसम्म पुग्न पनि हामीलाई हतार नै भएको थियो । घुम्नकै लागि अर्को भूगोल आएका हामी थाक्ने कुरा भएन, हाम्री पथप्रदर्शक तुर्कानले भनेअनुसारको समय अगावै तयार भएर हामी उनको प्रतीक्षामा होटलको प्रतीक्षालयमा बस्यौं ।

हामी पुग्दा काठमाडौंकै जस्तो मौसम अनि यहाँकै जस्तो तापक्रम थियो अजरबैजानको राजधानी बाकुको । भिन्नता सरसफाइमा रहेछ, प्रदूषणरहित स्वच्छ वातावरणमा रहेछ, सडक अनि सवारी साधनको व्यवस्थापनमा रहेछ । यस्तै, भिडभाडमा पनि कर्कस आवाजहरू सुन्नु नपर्ने र सवारी साधनसँग भिड्दै हिंडनुपर्ने अवस्था नहुनुमा भिन्नता रहेछ बाकु र काठमाडौंबीच । प्रथम दृष्टिमा नै बाकुले यसरी प्रभावित पाऱ्यो हामीलाई र 'यस्तै हुनपाए'भन्ने गरायो । महसुस भयो अनेक बाधा अवरोधबीच बाकु र सिङ्गै अजरबैजानले सही बाटो लिएको छ, खै हामीले कहिले पो समाउने हौं त्यस्तो बाटो ?

उल्लेख गर्नै पर्ने कुरा, अजरबैजान सन् १९१८ देखि १९२० सम्म स्वतन्त्र थियो । यो सन् १९२० मा सोवियत संघमा समावेश भएको थियो जसले सन् १९९१ मा पुनः स्वतन्त्रता प्राप्त गरेको थियो । त्यस यता यसले चामत्कारिक रूपमा विकास गरिरहेको छ । अजरबैजान सन् १९९२मा संयुक्त राष्ट्रसंघको सदस्य बनेको हो । यसको राजधानी बाकू संसारको निकै पुरानो सहरमध्येको एक हो र यो प्राचीनता र आधुनिकताको सङ्गमस्थल हो जुन क्यास्पियन सागरको किनारमा अवस्थित छ ।

ooo

# केही भावानूदित कविता

✍ **प्रह्लाद पोखेल**
**काठमाडौं-६, बौद्ध, रामहिटी**

१

मान्छेको जिन्दगी यो कठिन कहरमा ठोक्किँदै खारिने हो
जाँची विश्वस्त बन्दै बल सबल बुझी योग्यमा पारिने हो !
घुस्सा खाई अनेकौं समयसमयका क्रूर काठिन्यपूर्ण
हुर्के मात्रै रहन्थ्यो सकुशल जनको जिन्दगी अर्थपूर्ण !

२

झेल्नै पर्ने परीक्षा कठिनतम घडी जीवनी पूर्ण पार्न
गर्दै औचित्य पुष्टि प्रखर तवरले जिन्दगानी सपार्न
मान्छे बाँच्ने कलाको सफलतम कडी कर्म हो खारिएको
मान्छेले जिन्दगीमा हरसमय कडा होस् परीक्षा दिएको !
The unexamined life is not worth living .

– Socrates

३

'तिम्रो साथी छ सच्चा असल यदि भने गर्छ साम्ने प्रहार'
साथी घोसे र थाङ्ने कमसल मतिले पार्छ नेपथ्य मार !
देख्ला जो दाग कालो असल मति हुने मित्रले भन्छ कालै
चेपारो घस्छ जल्ले कुटिल मति लिई मार्न सक्ला अकालै !
True friends stab you in the front .

– Oscar Wilde

४

जस्तै सङ्कष्ट आओस् तर पनि कहिल्यै मित्रता तोड्नु हुन्न
घेरोस् कालो अँध्यारो वरिपरि जति नै मित्रता छोड्नु हुन्न
एक्लै एक्लै उज्यालोतिर हिँडिरहने स्वार्थको दास हुन्छ
साथी छोडिन्न जस्तै कठिन सकस होस् मित्र मित्रै रहन्छ ।
I would rather walk with a friend in the dark, than alone in the light.

– Unknown.

ooo

# गजल

✍ **बूँद राना**
**भैरहवा, सिद्धार्थनगर, रूपन्देही**

छु आजाद भन्छौं र गर्छौं गुलामी
कहाँसम्म लाछी भयौं आज हामी ।
जुझारुहरू बिर्सिई बिर्सिंदैनन्
दिएकै छु दिन्छु गजलको सलामी ।
यथास्थानमा आज भेटिन्न कोही
बनेछन् कि क्या हो सबै अग्रगामी
यहाँ व्यक्तिको स्वास्थ्यको के कुरा भो !
म देख्तै छु ऐले छ देशै बिरामी ।
छ बाँकी कसिङ्गर हिंजै फाल्नुपर्ने
सबै पर्खिंदैछन् गजबको सुनामी ।
यतिञ्जेल यो बूँदको भार धान्यौं
दिऊँ के म भन्छु - सबैमा नमामी ।।

ooo

---



# रेसुङ्गार्जुन

✍ **मित्र 'उराठी' गौतम**
**इस्मा - ६, अमरपुर, गुल्मी (हाल : तिलोत्तमा - २, रूपन्देही)**


अर्जुनसँग रेसुङ्गाले साउती गर्दोरैछ ।
लजाएर घुम्टो ओढी तम्घास डर्दोरैछ ।।
मुस्कुराई रेसुङ्गाले छड्के नजर हेरेपछि,
सङ्केत बुझी अर्जुन पनि पर सर्दोरैछ ।।
यौवनको नशा हो वा जवानीको उमङ्ग हो ?
लठ्ठ पार्ने वनफूलको वासना छर्दोरैछ ।।
नववधू जस्तै गरी सजिएकी सुन्दरीलाई
रेसुङ्गाले अङ्गालोमा सधै भर्दोरैछ ।।
"उराठी" नै मुग्ध भयो उनको प्रेम देखी,
लोभिएर स्वर्गबाट इन्द्र झर्दोरैछ ।।

ooo

// आलेख //

# असंख्य विद्वान्हरूलाई मोहित पारेको पुस्तक - पूर्वीय सभ्यता

✍ **छत्रमान सुब्बा**
**असम, भारत**




मैंले पढेका केही ग्रन्थहरूमा **'पूर्वीय सभ्यता' - - विश्वविख्यात विद्वान्हरूको दृष्टिमा** मेरो प्रिय ग्रन्थको सूचीमा मात्र नभएर हृदयमा पनि सजाएर राखेको छु । यसको मूल अङ्ग्रेजी भाषामा लेखिएको ग्रन्थ **'ग्रेट माइन्ड अन इन्डिया'**का शोधकर्ता मेघालयका विद्वान् लेखक श्री सलील ज्ञवाली रहेका छन् भने नेपाली अनुवादक 'पूर्वीय सभ्यता' शीर्षकमा काठमाडौं नेपालका विशिष्ट विद्वान् लेखक डा. गोविन्दराज भट्टराई हुन् । अब यहाँ यो कुरा आएको छ कि यस ग्रन्थलाई भट्टराई जस्ता विद्वान्ले नेपालीमा अनुवाद गरेका औ त्यो पनि तीन - तीन वर्षसम्म परिश्रम गरेर भनेपछि कति प्रेम र श्रध्दाले तयार गरिएको रहेछ भन्ने कुरा पढ्दै जाँदा थाहा लाग्दछ । मलाई लाग्छ नेपाली वाङ्मय विश्वमा उत्तराधुनिक चेतनालाई चर्चा, व्याख्या विश्लेषण अनि विमर्श गर्दै विश्वमा पुग्ने र अन्वेषणदेखि प्रयोगसम्म गर्ने खप्पिस सर्जकले नेपाली बौद्धिक संसारले पूर्वीय सभ्यतालाई राम्रोसँग चिनून्, जानून् र यसलाई आत्मसात् गरून् भन्ने ध्येयले अनुवाद गर्नु भएको बुझ्नुपर्छ । पढ्दै जाँदा यस्तो अनुभव हुन्छ मूल र अनुवाद सजिया पोषक तत्त्वले ग्रन्थ निर्मित छ । यहाँ कतै अनुवाद र मूल भाषाको रङ

छिटिएको छैन मानौं आफ्ना - आफ्नै ठाउँमा मौलिक छन् । ग्रन्थका मूल शोधकर्ता सलील ज्ञवाली पूर्वोत्तर भारतको मेघालय शिलङका प्रसिध्द साहित्यकार कृष्णप्रसाद ज्ञवालीका सुपुत्र एवम् चिन्तक र स्रष्टा हुन् । उनले आफ्नो सभ्यतालाई प्रेम मात्र गरेनन्, विश्वभरिका महानतम दार्शनिक, चिन्तक, कवि - साहित्यकार र वैज्ञानिकहरूले चमत्कार देखाएको मूल स्रोत हाम्रो सभ्यताबाट फुटेको हो भन्ने तथ्यलाई समेत प्रतिपादन गरेका छन् । उनका पिता कवि तथा निबन्धकार स्वर्गीय श्री कृष्णप्रसाद ज्ञवालीले तत्कालीन राजकीय प्रज्ञाप्रतिष्ठानमा प्रतिवर्ष आयोजित हुने कविगोष्ठीमा एकपल्ट प्रथम भएर पुरस्कृत र सम्मानित पनि भएका थिए ।




मैंले यहाँ एउटा कुरा भनिराख्नु उचित सम्झिएको छु त्यो हो पश्चिमाहरूले बारम्बार भन्दैछन् - पूर्वका प्राचीन ऋषिमुनिहरू ज्ञान - विज्ञानको जुन गहिराइ र उचाइमा पुगे त्यहाँसम्म हामी पुग्न सकेका छैनौं, आजको विज्ञान पुगेको छैन, भोलि पनि पुग्ने छैन भन्ने कुरा यहाँ उल्लेख गरिएको छ । ती कुरा कहाँ लेखिएका थिए, छन् अथवा कहाँ पढ्न पाइन्छ भन्ने जिज्ञासा मेटनु, तलतल मार्नु पूर्वीय सभ्यताले ओखतीको काम गर्नेछ । यस ग्रन्थमा धैर्यपूर्ण मिहिनेत र लगनशीलता पोखिएको छ भन्ने कुरा पाठकले अध्ययन गरेपछि थाहाँ हुदै जानेछ । अनि एकै ठाउँमा एउटै किताबमा संसारभरिका विद्वान्हरूले भारतीय/पूर्वीय सभ्यताप्रति उजागर गरेका अमूल्य वाणी हामी पढ्न पाउँछौं । फेरि आफ्नो सभ्यता कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा भी.एस. नाइपलको भारतीय

सभ्यताको पृष्ठभूमिमा लेखिएको **"द उन्डेड सिभिलाइजेसन"**को केही हरफहरू डा. गोविन्दराज भट्टराईले उल्लेख गर्नु भएको छ । त्यस ग्रन्थमा नाइपलको अनुभव यस्तो छ - **"महान् सिर्जनाको लागि अथवा विचारको लागि तपाईंको जन्म वा बास महान् सभ्यतामै भएको हुनुपर्छ । तपाईंको जन्म पनि गौरवशाली अतीतमा भएको भूमिमा हुनुपर्छ ।"** त्यसो हुँदा हामीले हाम्रो सभ्यता कति महान् र गौरवशाली थियो भन्ने कुरा जान्नुपर्दा, बुझ्नुपर्दा अथवा उपलब्धि गर्नुपर्दा सलील ज्ञवालीले पच्चीस वर्षको लगानीमा लेखेको 'पूर्वीय सभ्यता' ग्रन्थलाई एकपल्ट समीपबाट गहिरिएर हेर्नुपर्छ ।

विश्वका ठूलाबडा सबैजस्ता वैज्ञानिक, दार्शनिक, लेखक, विचारक र चिन्तकहरू - - - कोही गीता पढेर, कसैले उपनिषद् पढेर अनि कसैले वेदान्त पढेर, गणितशास्त्र, खगोलशास्त्र पढेर ज्ञान आर्जन गरेका छन् । यसको स्वरूप देखेर, चिनेर, बुझेर अभिभूत देखिन्छन् । यस कुराको मर्म बुझ्न अरू सबै कुरा नपढे पनि डा. गोविन्दराज भट्टराईले सलील ज्ञवालीजीको यस अनुपम ग्रन्थमा लेख्नु भएको हृदयस्पर्शी रचना - "नेपाली जीवनमा पठन - चिन्तन र सिर्जनाका धरातल" पढे पनि पाठकलाई ज्ञानगङ्गाको दर्शन गरे जस्तो महसुस हुन्छ भन्ने मलाई लाग्छ । यहाँ उल्लेख गरेको लेखको एक ठाउँमा डा. गोविन्दराजले यसरी लेख्नुभएको छ जो म पाठकहरूका निम्ति पस्किन चाहन्छु - - "ज्ञवालीजीको सङ्कलन पढेपछि हामीलाई बोध हुनेछ कि - - **"ग्रिसेली सभ्यता पनि पूर्वको तुलनामा धूमिल लाग्छ । यति महान् सभ्यता अन्यत्र कतै छैन । विश्वका समस्त सभ्यताहरूलाई एकै सूत्रमा जोड्दा पनि हाम्रो पूर्वीय सभ्यता र यसको दर्शन, चिन्तन र ज्ञानको सामुन्ने त्यो एउटा पिलपिले बत्ती मात्र लाग्नेछ ।"** म पढ्दै गएँ आश्चर्यचकित हुदै गएँ । यस्तो अनुभव हुन्छ पूर्वप्रतिको आदर र सद्भाव लेखकलाई जत्तिकै अनुवादकलाई पनि हुनु भनेको आफ्नो सभ्यता र संस्कृतिलाई अपार माया मात्र होइन हार्दिकताले अङ्गालेको बुझ्नु पर्नेछ । यसउसले जो कसैले एक प्रति ग्रन्थ सङ्ग्रह गर्ने, पढ्ने र आफूलाई चिन्ने आफ्नो ज्ञान - गरिमालाई बुझ्ने आजको समयको आह्वान हो । हामी यो आह्वानलाई ग्रहण गरौं, जानौं र जगत्लाई सँगै आफूलाई चिनौं भन्न चाहन्छु ।

यो ग्रन्थ मैंलेमात्र मन पराएर यसरी लेखेको कहाँ हो र ! आजसम्म प्रायः चौदह भाषामा क्रमशः नेपाली, हिन्दी, मराठी, बङ्गाली, तेलेगू, गुजराती, जर्मनी, अरबिक, उर्दू, मणिपुरी, कन्नड, तमिल, मलयालममा अनुवाद भैसकेको छ । अनि भारत र अमेरिकाका कतिपय विद्यालयहरूमा समेत यो ग्रन्थ उपयोग गरिएको जानकारी प्राप्त भएको छ । त्यतिमात्र होइन ज्ञवालीजीको यो ग्रन्थको भारतका विभिन्न प्रदेशहरूका मुख्यमन्त्री तथा राज्यपाललगायत नासाका वैज्ञानिकहरूले समेत मुग्ध - कंठसाथ प्रशंसा, विमोचन र टीका - टिप्पणी गरेको

एउटा गरिमापूर्ण दस्तावेज बनेको छ । म यहाँ २/३ जना महान् व्यक्तिका भनाइ उल्लेख गर्न चाहन्छु ।

"I am very proud to be able to translate Salil GewaliÚs book into German. Despite the modern western culture's affection to old Indian practices, particularly the wisdom related to yoga and meditation, very few know about the influence Indian philosophy that has had upon 'our' most popular thinkers like Schopenhauer, Johann Goethe, and Hermann Hesse. These great literary figures have stated at places that their work couldn't have existed without the influence of the Upanishads and the work of Kalidasa like Shakuntala…"

**– Caroline Hagen, Germany**

***

Reading "Great minds on India" is extremely enlightening. I will have now years of pleasure studying and enlightening my spirit with the treasures found in this book. Following the ancient wisdom, I am on the right path and I am also proud to be a representative of the Universe now (not just US, Texas),

The idea I learnt from the ancient texts of INDIA.

***

– **Miss Sherrie Lake, Texas**

"The book showcases the exceptionally rich civilization of India and its remarkable contributions to the world in the development of the Modern science, Mathematics, Linguistic, Metallurgy, Cosmology, Psychology, and other areas of studies. This book by Salil Gewali serves as a LIGHT of wisdom even to the educated who have lost their faith in the ancient heritage. " – Former Governor of West Bengali,

Shri Keshari Nath Tripathi, Governor of West Bengal, India

बेन फ्रेङ्कलिनका अनुसार एकजना पढ्न नजान्ने व्यक्ति र पढ्न जानेर नपढ्ने व्यक्तिमा केही खासै फरक पाइँदैन । त्यो भनेको अज्ञानतालाई अङ्गालो मार्ने कत्रो दुःसाहस । जान्नेहरूले आफ्नो गरिमालाई गुमाउनु भनेपछि कस्तो चिन्ता । यस्तो लाग्छ हाम्रो सभ्यताको गौरवपूर्ण इतिहास नजानी, नपढी, ज्ञानी र समझदार बन्ने स्वाङ पार्दै छौं । तर अब भने आफ्नो सभ्यतालाई सकारात्मक दृष्टिकोणले हेर्ने एउटा अत्यन्तै महत्त्वपूर्ण "पूर्वीय सभ्यता" ग्रन्थ दूरबीनको रूपमा हाम्रो हातमा आइपुगेको छ ।

भनिन्छ मानिसलाई दुई किसिमको शिक्षा हुनुपर्छ भनेर । एक त जीवनमा कमाइ गरेर खाने शिक्षा र अर्को जीवनमा सगौरव बाँच्न सिकाउने शिक्षा । यस सङ्कलनले हामीलाई आफ्नो अतीतलाई पैलाएर स्वाभिमानसाथ जिउने अनुप्रेरणा दिन्छ । यहाँ म कतिपय त्यस्ता केही उद्गार उल्लेख गर्न चाहान्छु जसको स्तुत्य विचारले हामी आफै अनुप्राणित अनुप्रेणित हुदै जानेछौं र एक महान् अतीतलाई श्रध्दाले हेर्ने नवचेतना प्राप्त गर्नेछौं । जर्मनका विज्ञानी तथा नोबेल पुरस्कार विजयी अल्बर्ट आइन्स्टाइनले (१८७९ - १९५५) पूर्वपट्टि फर्केर यसरी उद्गार पोखे - **"हामी पूर्वीयप्रति चिरऋणी छौं किनकि उनीहरूले हामीलाई गणित सिकाए, त्यसको अभावमा कुनै पनि सार्थक प्रकृतिको वैज्ञानिक आविष्कार गर्न सकिने थिएन ।"** त्यस्तैगरी फ्रान्सेली लेखक तथा दार्शनिक भोल्टेअरले (१६९४ - १७७८) भनेका थिए **"म विश्वस्त छु हाम्रोमा सबै कुरा गङ्गाजीको तटबाट प्राप्त भएका छन् खगोलशास्त्र, ज्योतिष शास्त्र अध्यात्मविद्या सबै सबै ।"** डा. गोविन्दराज भट्टराई काठमाडौं नेपाल भन्नुहुन्छ **"पूर्वीय परम्पराको ज्ञान नै प्रथम पाठशाला हो ।"** महाकवि देवकोटाले स्वयं भन्नुभएको छ -

**"मीठो लाग्छ मलाई ता प्रिय कथा प्राचीन संसारको,**
**हाम्रो भारतवर्षको उदयको हैम प्रभा सारको"** ।

यसरी विश्वका एक सयभन्दा बढी महान् व्यक्तिहरूले भारतीय सभ्यता एवं संस्कृतिको गरिमालाई खुला हृदयले स्वीकारेका छन् भने हामीले यो सभ्यताको खोज - अनुसन्धान गर्ने मनलाई पनि उत्तिकै सद्भाव र सप्रेमले हेरिदिनुपर्छ । आउँदो समयले यस्ता महान् चिन्तन, लेखन र विचारलाई सधैं स्वागतको फूलगुच्छा चढाउनेछ भन्नेमा म विश्वस्तछु । अंतमा, यस्तो अनुपम पुस्तकको रचना गरेर विश्वभरि नै यसको सुवास फैलाउन सक्षम हुनुभएका श्री सलील ज्ञवालीप्रति सप्रेम अपार धन्यवाद !

ooo

# गुल्मी धुरकोटका ऐतिहासिक विद्वान्हरू

✍ **डा. रामराज पन्थी**
**बुढानीलकण्ठ, काठमाडौं**

हाम्रो पुर्ख्यौली बसोवास रहेको गुल्मी जिल्लाको धुरकोट पंडित टोला विशेषतः कोटकै सेरोफेरोमा रहेको भारद्वाजगोत्रीय पन्थी थरको बाहुल्य भए तापनि अन्य थरका खस, जनजाति, दलित पनि रहेका कुरा हामीले परापूर्व कालदेखि जान्दै आएका हौं । त्यसो त हाम्रा पूर्वजहरू गुल्मी जिल्लाको वाग्लाबाट यस ठाउँमा केही भाइ बसाइ सरेर आएको पन्थी वंशावलीमा उल्लेख छ । भारद्वाजगोत्रीय ब्राह्मणहरू वाग्लाबाट स्थानान्तरण भई देशका विभिन्न जिल्लामा रहेका पन्थी वा वाग्ले नामबाट आफ्नो थर राखे र सोही थरले प्रसिद्ध भए । जेहोस् पन्थी वा वाग्ले भारद्वाज सगोत्रीय सन्तति हुन् ।

गुल्मी, धुरकोटका जयभद्र उपाध्यय पन्थीका साहिला छोरा पं तुल्सीराम उपाध्याय पन्थीले घरमै गुरुकुलीय पद्धतिबाट परम्परागत चण्डी, रुद्री, श्रीमद्भागवत, अमरकोष, लघुकौमुदी आदिको अध्ययन गरेपछि वाराणसीमा संस्थागत अध्ययन गर्न जानु भएको रहेछ । केही वर्षको अध्ययन पश्चात् उहाँ आफ्नो घर धुरकोटमा फर्कनु भयो । उहाँका पिता जयभद्र उपाध्याय पन्थीले आफ्ना छोरा तुल्सीरामसित सोध्नुभएछ - बाबू तुल्सीराम ! तिमीले जे जति अध्ययन गरी वाराणसीबाट घर फर्कियौ त्यसको सार के पायौ ? तुल्सीरामले पिताजीलाई भन्नु भएछ – घरमा बाख्रा नपाल्ने, धूमपान नगर्ने, तमसुक नलेख्ने र धर्माचरणमा रहने । यी चार कुराको सांकेतिक अर्थ हुन सक्छ बाख्रा पालेपछि मांसाहारी भइने, मांसभक्षण तामसी भएको हुँदा साकाहारी सात्विक भोजन गर्नु राम्रो हुने संकेत गर्दछ जुन अहिलेको सन्दर्भमा पनि उचित छ । धूमपान वा तम्बाकु चुरोट, गाँजा आदिको सेवन स्वास्थ्यको लागि हानिकारक भएको हुँदा सबैले धूमपान नगर्दा कतिपय रोगबाट बच्न सकिन्छ र स्वस्थ्य जीवन यापन गर्न सकिन्छ ।

तमसुक नलेख्ने अर्थात् ब्याज खाने रीतिको विरोध र तमसुकले आर्थिक शोषण हुने हुँदा यसको सांकेतिक विरोध गरिएको हो ।

धर्माचरणको पालन गरियो भने सामाजमा समन्वय र सहिष्णुभाव हुन्छ, आपसमा मिलाप हुन्छ, धर्म संस्कृतिको संरक्षण हुन्छ । माथि उल्लिखित चार शास्त्रसारहरू आज पनि उत्तिकै उपयोगी, सान्दर्भिक र अनुकरणीय छन् ।

पं. तुल्सीरामका साँहिला छोरा पं. माधवप्रसाद उपाध्याय पन्थी तत्कालीन बाईसे चौबीसे राजा (मल्ल)का बडागुरुज्यू भएर त्यस अवस्थाको राजपाठ, शासन सञ्चालनमा सहभागी हुनुभएको इतिहासमा पाइन्छ । उहाँको कौशल, विद्वताको ख्याति मुसीकोट, अमरपुर, मर्भुङ्ग, नयाँगाउँ आदि अन्य छिमेकी गणराज्यहरूमा पनि राम्रो थियो । पं. माधवप्रसाद प्रखर विद्वान् हुनुहुन्थ्यो, उहाँलाई श्रीमद्भागवत कठस्थ, मुखाग्र थियो र उहाँको स्वयं हस्तलिखित श्रीमद्भागवत हाम्रो पन्थी कुलघरानामा अझै सुरक्षित छ । उहाँले पनि आफ्ना पिता तुल्सीरामले जस्तै वाराणसीमा गएर आवश्यक औपचारिक अध्ययन पूरा गर्नुभएको रहेछ ।

पं. माधवप्रसाद उपाध्याय पन्थीका तीन भाइ छोराहरू यज्ञमूर्ति उपाध्याय पन्थी (जेठा), श्रीकृष्ण उपाध्याय (माइला) र ईश्वरी उपाध्याय (कान्छा) भए । उहाँहरू आफ्नो समयका विद्वान् र सामाजिक अभियन्तासमेत हुनुहुन्थ्यो । पं. यज्ञमूर्ति उपाध्याय पन्थीले वाराणासीबाट संस्कृतको विशद् अध्ययन गर्नुभएको हो र उहाँको विद्वत्ता देश देशावरसम्म विस्तार भएको दृष्टान्त महोत्तरीको जलेश्वरमा उहाँले श्रीमद्भागवत वाचन गर्दाकै अवस्थामा देहान्त भएको जानकारीबाट पाउन सकिन्छ । पं. श्रीकृष्ण उपाध्याय पनि धर्म संस्कृतिमा रमाउने, शास्त्रार्थ गर्ने, उहाँको मुखारविन्दबाट श्रीमद्भागवत श्रवण गर्न टाढा टाढाबाट अनुरोध, निमन्त्रणा गर्ने निकै धेरै हुन्थे रे । उहाँ एक भद्र, शालीन, अत्यन्त सम्मानित ब्यक्ति हुनुहुन्थ्यो । धार्मिक अनुष्ठान यज्ञ-यज्ञादि कर्ममै उहाँको जीवन व्यतीत भयो भन्दा अत्युक्ति नहोला ।

पं. ईश्वरी उपाध्याय पनि विद्वान् मात्र नभएर उहाँ सामाजिक अभियन्तासमेत हुनुहुन्थ्यो । गुल्मी जिल्ला, धुरकोटको प्रसिद्ध भगवती कोटको मन्दिर निर्माणमा उहाँको विशेष योगदान रहेको कुरा कोटमा प्रयोग भएका सामान र त्यहाँ रहेका सामग्रीबाट पनि जानकारी पाउन सकिन्छ । उहाँ एक सामाजिक अगुवा पनि हुनुहुन्थ्यो । सानातिना झै-झगडा मुद्दामामिलाको छिनोफानो उहाँकै रोहवरमा हुने गर्थे भन्ने बुझिन्थ्यो ।

पं. श्रीकृष्णका सात भाइ छोराहरूः ढुण्डिराज उपाध्याय पन्थी, जनार्दन, युवराज, घनश्याम, नारायण, ऋषिराम र जागेश्वर यी सबै शिक्षित, विद्वान् र समाजमा ख्याति आर्जन गरेका थिए । पं. श्रीकृष्ण उपाध्याय पन्थीका जेठा छोरा पं. ढुण्डिराज उपाध्याय पन्थी काठमाडौंको तीनधारा संस्कृत पाठशालामा मध्यमा सम्मको अध्ययन पूरा गरेपछि अरूलाई पनि शिक्षित बनाउनुपर्छ भन्ने पवित्र भावना लिई रिडीमा आई भाषापाठशाला स्थापना गर्नुभयो । गुल्मी जिल्लामा बिधिवत् शिक्षाको ज्योति बाल्ने कामको शुरूवातको श्रेय निसन्देह पं. ढुण्डिराजलाई जान्छ भन्दा अत्युक्ति नहोला । उहाँ नै पछि रिडीको संस्कृत प्रधान पाठशालाको प्रधानाध्यापक भएर काम गर्नुभयो ।

पं. श्रीकृष्ण उपाध्याय पन्थी र जेदूकुमारी पन्थीका छैठौं सुपुत्रका रूपमा ऋषिराम उपाध्याय पन्थीको जन्म आषाढ शुक्ल पंचमी, वि.सं. १९५२ सालमा भएको हो । विद्वान् पन्थी कुलघरमा जन्मनु भएका ऋषिरामको अध्ययन घरबाटै शुरू भयो । उहाँले हिन्दू धर्मसंस्कारको अध्ययन आदि आफ्ना पिता र अग्रज दाजुहरूबाट प्राप्त गर्नुभयो ।

पं. श्रीकृष्ण उपाध्यायका ठाईला छोरा अर्थात् पं. ऋषिराम उपाध्याय पन्थीले पिता पुर्खाले आर्जन गरेको अध्ययन-अध्यापनलाई पछ्याएको देखन्छ । तीनधारा संस्कृत प्रधान पाठशाला काठमाडौंबाट मध्यमा गर्नु भई आफ्नो जन्मथलोभन्दा अलि पर जिल्ला बाग्लुङमा गएर भाषा पाठशाला स्थापना गरी शिक्षाको प्रचारको थालनी गर्नुभएको थियो । सरकारी स्तरबाट गरिएको शिक्षाको आरम्भ भनेको वि.सं. १९७२–७३ सालतिर हुनुपर्दछ । बाग्लुङमा उहाँले विद्यार्थीहरू जम्मा गरी चौरमा बसेर अध्यापन प्रारम्भ गर्नुभएको र पछि पाठशाला स्थापना गरिएको बाग्लुङका प्रबुद्धवर्ग अद्यावधि स्मरण गर्छन् ।

पं. ऋषिराम उपाध्यायको विवाह गुल्मी जिल्लाकै मर्भुङ्ग अर्यालवंशीय विद्वान् पण्डित कुलमा वागमती देवीसँग भयो । विवाहपश्चात् उहाँ सपरिवार बाग्लुङ जानुभयो र शिक्षा विकासमा निरन्तर लागिरहनुभयो । बाग्लुङमा रहदाकै अवस्थामा उहाँलाई दुई सन्तान प्राप्त भए । ज्येष्ठ सन्तानको रूपमा सुपुत्री रामकुमारी (वि.सं. १९७५), त्यसपछि सुपुत्र युवराज (वि.सं. १९७९) भए । करिब एक दशकसम्म बाग्लुङमा संस्थापक भाषा पाठशाला शिक्षकको रूपमा व्यतीत गर्नु भएका ऋषिराम पन्थी, पछि उहाँको इच्छा र घरको आवश्यकताअनुसार सरूवा भएर आफ्नै गृह जिल्ला गुल्मी र आफ्नै सुपरिचित स्थान धुरकोट वस्तुमा आउनुभयो । यो अवधि भनेको वि.सं. १९८१ सालतिर हुनुपर्दछ उहाँ गुल्मी आउनुभएको । वस्तुको हटियामा स्थानीय गन्यमान्य साहू महाजनको सहयोगमा उहाँले भाषापाठशाला खोली सरकारी प्रधानाध्यापकको रूपमा पठनपाठन प्रारम्भ गर्नुभयो । यसरी ऋषिराम उपाध्याय पन्थीले आफ्नो जीवन पूर्णरूपमा शिक्षा क्षेत्रको विकास र विस्तारमा गुल्मी र बाग्लुङमा खर्च गरेको देखिन्छ । उहाँ नेपाल सरकारको शिक्षकको रूपमा समर्पण गर्नुमा आफ्ना जेठा दाइ पं. ढुण्डिराज उपाध्याय पन्थीको प्रभाव रहेको देखिन्छ । यसरी एकै घरका पाँच जना ढुण्डिराज पन्थी, ऋषिराम पन्थी, उमानाथ उपाध्याय पन्थी, भोजराज पन्थी र युवराज पन्थीले गुल्मीको रिडी र धुरकोटको वस्तु तथा बाग्लुङ जिल्ला अर्घाखाँची र कपिलवस्तु जिल्लामा शिक्षाको प्रचार-प्रसार मात्र गर्नुभएन बरू आधारशिला नै तैयार गर्नुभयो । पं. ऋषिराम पन्थीले आफ्नो जीवनको करिब ४० वर्षभन्दा बढी शिक्षाक्षेत्रमा समर्पण गर्नुभयो र ६० वर्ष उमेर हदका कारण वस्तुको पाठशालाबाट २०१२ सालमा सेवानिवृत्त हुनुभयो ।

उमानाथ पन्थी, आफ्ना पिता ढुण्डिराज पन्थीको सोही स्थानमा प्रधानाध्यापक भएर आउनुभयो । उहाँले रिडीमा रहेको अवस्थामा गण्डकी गौरवम् नामक पुस्तक लेख्नुभयो । यस पुस्तकमा पवित्र गण्डकी नदी र त्यसको सेरोफेरोको प्राकृतिक मनोरम, धर्म, संस्कृति आदिको संस्कृत भाषामा उल्लेख गरिएको छ । उहाँको दुःखद निधन २००५ सालमा अल्पायुमा श्रीमद्भागवत वाचनकै सिलसिलामा प्यूठानमा भयो ।

पं. ऋषिराम उपाध्याय पन्थीका ज्येष्ठ सुपुत्र युवराज पन्थीले आफ्ना पितामहका विद्वत्तालाई पछ्याउँदै तीनधारा संस्कृत प्रधान पाठशाला काठमाडौंबाट मध्यमा र सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट शास्त्री र धर्मशास्त्रमा आचार्यसमेत गर्नुभयो । आचार्यमा सर्वप्रथम भई सोही विश्वविद्यालयबाट उत्कृष्ट अध्ययनको लागि स्वर्णपदकसमेत प्राप्त गर्नुभएको थियो । युवराज पन्थीले पनि अध्यापनलाई नै आफ्नो वृत्ति विकास र कपिलवस्तुको तौलेश्वरनाथ संस्कृत प्रधान पाठशालालाई कर्मथलो बनाउनुभयो । तर उहाँ सेवा निवृत्त भने कपिलवस्तु तौलिहवाको श्री यशोधरा माध्यमिक विद्यालयबाट हुनुभयो । ऋषिराम पन्थीका माईला पुत्र गुणानिधि पन्थीले पनि काठमाडौंको तीनधारा पाठशालाबाट मध्यमा संम अध्ययन गरी केही समय सरकारी सेवामा पनि काम गर्नुभयो । २००४ सालको जयतु संस्कृतम् जुन शिक्षा सुधारको माग राखी संस्कृत पाठशालाका विद्यार्थीहरूले आन्दोलन गरेका थिए त्यसमा गुणानिधि पन्थीको सक्रिय सहभागिता रहेको जानकारी पाउन सकिन्छ ।

पं. ऋषिराम पन्थीका नाति युवराज पन्थीका जेठा छोरा मदनराज पन्थीले २०२० सालतिर हिमालय हाई स्कूलमा विज्ञान र गणित विषय अध्यापन गर्नुभयो । यद्यपि उहाँले लामो समय त पढाउनु भएन किनभने कोलम्बो प्लान अन्तरतगत तत्कालीन सोभियत संघ हालको रूसमा ईञ्जीनियरिङ् विषयमा अध्ययन गर्न जानुभयो । मदन पन्थीको अन्य विषय हालसम्म अज्ञात नै छ ।

पं. ऋषिराम उपाध्याय पन्थीको दीर्घ शिक्षा सेवा एवं प्रेरणाबाट गुल्मी धुरकोट वस्तु मात्र नभएर यस भेकका सबैले अध्ययन गर्ने अवसर प्राप्त गरेर पछिल्लो पिढीलाई अध्ययन गर्न सहजसमेत भयो । वस्तुको हटियामा संभवतः वि.सं.१९८१ सालमा स्थापना भएको भाषा पाठशाला २०१५ सालसम्म यथावत् नै चलिरह्यो । २०१५ साल चैत्र १५ गते हिमालय मिडिल स्कूलको नामले सञ्चालन भयो । आठ कक्षासम्मको अध्ययन-अध्यापन गर्ने यस संस्थाबाट आधुनिक शिक्षाको प्रारम्भ भएको बुझिन्छ ।

ooo

# थकित पैताला टेकेर

✍ लीलाराज दाहाल
वागमती - ११, कर्मैया, सर्लाही

"हैन, यो दर्के झरीमा त नगए नि हुन्न पदयात्रामा ?" श्रीमतीको प्रेमिल कचकच थामिएको थिएन । बिहानको छ बजेर तीस मिनेट भैसकेको थियो । झमझम पानी परिरहेकै छ बाहिर ।

"जान त जान्छु ! आज शनिबार हो । एकछिनमा पानी रहन्छ होला !" यति भनेर हतार हतार झोला ठीक पार्न थालें ।

२०७६ साल श्रावण चार गते बिहान सात तीस बजेसम्म बल्खूमा उपस्थित भैसक्नु भन्ने स्नेही हुकुम छ संयोजक शीतल गिरीको ! कोठामै सात बज्न लागेकाले पानी रहने आशा नगरी झोला र छाता टिपेर हतार हतार बाहिरिन्छु कोठाबाट !

बल्खू चोक पुग्दा संयोजक शीतल गिरी र डा. धनप्रसाद सरबाहेक अन्य पदयात्रीको अनुपस्थितिले आफू छिटो दगुरेकोमा चिनीविनाको सर्बत जस्तो खल्लो भयो मन अब हामीमाझ अन्य पदयात्रीको प्रतीक्षा गर्नुबाहेक अरू विकल्प पनि थिएन !

पदयात्रीहरू कोही कताबाट कोही कताबाट थपिने क्रम जारी थियो । लेखक एवं सम्पादक नवराज रिजाल, (गीतकार) संगीतकार नारायणप्रसाद भण्डारी जनकपुरी, साहित्यकार दम्पती परशुराम पराशर, शारदा पराजुली, घनश्याम प्रसाईं र वसन्त रिजालको उपस्थितिले आजको पदयात्राको इज्जत जोगिने अनुमानका साथ पदयात्रा टोली बल्खूबाट प्रस्थान गरेको थियो !

कुमारी क्लबबाट बालसाहित्यकार प्रा.डा. ध्रुव घिमिरे र सुन्दरीघाटबाट मन्दिरा मधुश्री, शान्ति सापकोटा र निशा के.सी. को टोली आएर मिसिएपछि हाम्रो टोली चोभारतिर लाग्यो ।

बल्खू दक्षिणकाली सडकखण्डको टी.यू. गेट पार गरेपछि पूरै सडक अधीनस्थ गरी पदयात्रीहरू लंगमार्च गर्दै अघि बढिरहेका थियौं । हिंडाइको गति मापन गर्दै पदयात्री शारदाको ओठ खुल्यो, "उकालो हिंड्न त जति पनि सक्छु तर ओरालोमा गाह्रो हुन्छ कि !"

"गाह्रो भए बोक्नलाई परशु दाजु हुनुहुन्छ नि ! किन आत्तिएको ?" मन्दिरा मधुश्रीले यति भन्दा एकपटक हाँसोको लहर फैलियो । बोल्न को भन्दा को कम ! हिंडेरमात्रै हो र बाटो काटिने !

चोभार गेटबाट आदिनाथतर्फ उक्लँदा कोही फोटो खिच्न त कोही वनस्पति र पर्यावरण अवलोकनमा व्यस्त रहे । आदिनाथको आधा उकालो पार हुन लाग्दा पो लघुकथाकार एवं पत्रकार डिल्लीरमण सुवेदी झुल्किए । बीच बाटोमा स्वागत गर्ने उनको यस्तो शैली साँच्चै तारिफयोग्य थियो ।

हामो लक्ष्य भनेको न त फोटो खिच्नु मात्रै हो न त खुरूखुरू हिंड्नु मात्रै, बरू यी सबै कुराका अतिरिक्त जनजीवन र संस्कृतिको अध्ययन, अवलोकन मुख्य कुरा हो । केही बेरमै हामी सल्लाघारी बीचैबीच उक्लिँदै आदिनाथको मन्दिर परिसरमा पुग्यौं । मन्दिरपूजाको विरोध गरे पनि मन्दिर पुगेपछि कसैले घण्ट बजाएको, कसैले पुजारीबाट टीका थापेको त कसैले मूर्तिमा शिर राखेको दृश्य भने रमाइलो थियो !

आजको बारेमा तपाईंले लेख्नु पर्ने भएकोले यस मन्दिरको संस्कृति र पुरातात्विक महत्त्वको बारेमा जानकारी लिनुहोला भन्दै मतिर फर्केर संयोजक शीतल गिरीले अरू थपे, "आदिनाथ भनेका गोरखनाथका पनि गुरु हुन् । रोगबाट जोगिन र भाकल पूरा गर्न यस मन्दिरमा भाँडाकुडा चढाउने चलन छ ।"

हामीलाई न त भाकल पूरा गर्नु थियो न त केही माग्नु नै थियो । यस्ता कुरामा विश्वास पनि थिएन । मन्दिर अवलोकन र फोटो खिच्ने कार्य सम्पन्न गरी हामी छिटै नै बाहिरियौं ।

हामी मन्दिरको खोजीमा नभए पनि फेरि बाटोमा वैष्णोदेवीको मन्दिर आइपुग्यो । मन्दिरको छेउमा रहेको रुख, जुन रुखको बिरूवा जंगबहादुर राणाले बेलायतबाट ल्याएर रोपेको भन्ने गरिन्थ्यो, बाँदर झुक्किने रुखका रूपमा प्रसिद्ध थियो । चारैतिरबाट घुमीघुमी बाँदर झुक्याउने रुखको अवलोकन गरेपछि साथीहरू त्यसैको फेदमा केहीबेर सेल्फीको आनन्दमा रमाए ।

केही पदयात्री भने अलि तल रहेको मसानघाटको अवलोकनार्थ जाँदै थिए । केही थाकेकी जस्ती देखिएकी मुक्तककार निशा के.सी. भन्दै थिइन्, "लौ तपाईंहरू नै जानुस्, हेर्नुस् ! आफ्नो त त्यता जाने बेला भएको छैन ! यतै बसिरहन्छु !"

उनको भनाइ सुनेर हामी निकैबेर हाँसिरह्यौं । उनको ठट्टाले गहन अर्थ बोकेको थियो । मसानघाट हेरेर पदयात्रीहरू फर्केपछि संयोजक एवं पुरातात्त्विक अन्वेषक शीतल गिरीले भने, "सार्वजनिक स्थानमा मानव अतिक्रमणले पुरातात्त्विक सम्पदाहरू नाश हुने क्रममा छन् । त्यसको ज्वलन्त उदाहरण यो आर्यघाट पनि हो । यो अहिले निकै खुम्चिएको छ !"

त्यहाँबाट हामी अघि बढेका थियौं करीब नौ बजेतिर ! भाजंगल, पाँगा हुँदै हाम्रो यात्रा दूधपोखरीतिर सोभियो । खेतको फाँट नियाल्दै हिंड्दा परपर देखिने

धानको हरियालीमा रमायो मन ! धानखेतका गरालाई टुक्राटुक्रामा विभक्त गरेर घंडेरी बनाएको देखेर नवराज रिजालको मनमा विभिन्न कुरा खेल्न थाले । उनले सोचमग्न भएर भने, "लु हेर लीला भाइ ! धान फल्ने ठाउँमा सिमेन्टका पिल्लर फल्न थालेपछि कृषिमा कसरी आत्मनिर्भर हुन्छ देश ?"

वास्तवमा कुरा सत्य थियो । अलि पर पुग्दा व्यावसायिक तरकारी खेती गरेको देखेपछि मात्रै उनको उदास मन प्रसन्न भएको थियो । तरकारी बारीमा फलेका कलिला काँक्रामा एनबी जनकपुरीका आँखा अड्किए ! उनी तरकारी टिप्दै गरेकी महिलातिर फर्केर कराए, "काँक्रा कसरी बेच्ने हो साहुनी ?"

सय रूपैंयाँमा पाँचवटा कलिला काँक्रा लिन सफल भएका जनकपुरी दाइ भित्रैदेखि प्रसन्न देखिएका थिए । उनीबाट उपहारस्वरूप प्राप्त काँक्राले तिर्खाएको आँत केही रसिलो भएको थियो मेरो पनि । अलि अगाडि-अगाडि हिंडेका पदयात्रीहरू त बाटामा पर्ने पसलमा बसेर फेन्टाको चिसोमा रमाउँदै रहेछन् !

त्यहाँबाट खेतको आलीआली हिंडेर हामी पाँच पोखरी पनि भनिने दूधपोखरीमा पुग्यौं । अवलोकन गर्‍यौं । चारैतिर हेर्‍यौं । ढुंगे धाराको प्रयोग सम्बन्धमा पालना गर्नु पर्ने नियमहरू उल्लिखित सूचनापाटीमा सबैका आँखाहरू अल्झिए केहीबेर । सूचनापाटीमा वास्तविक कुरा लेखिएका भए पनि हाम्रा आँखाहरूले अश्लील अर्थ लगाइरहेका थिए ! अझ भक्त राई पनि भएको भए उनका आँखाले छुट्टै अर्थ लगाउँथे भन्ने सोचेर म केहीबेर भित्रैदेखि मुस्कुराएँ ! धारा परिसरमा कपडा धुन लागेका नवयौवनाहरूसँग त्यहाँको वस्तुस्थिति बुझ्नका लागि पदयात्री मन्दिरा, शान्ति र निशा अन्तर्वार्ता लिन तयार पत्रकार झैं झुम्मिएका थिए !

धारामा नुहाइरहेका पुरुषहरूप्रति लक्ष्यित सूचनाबाट आँखा हटाएर वरिपरिको पर्यावरण नियाल्दा ढुंगेधाराको छेउमा शालीन हँसमुख नियात्राकार, संस्मरणकार अच्युत खनाल भेटिनुभयो ! उहाँसँग केहीबेर बातचित भए । उहाँ उसै भेटिनु भएको भने होइन । शायद नवराज रिजालको जनाउ थियो उहाँलाई । हाम्रो यात्रामा उहाँले निकैबेर साथ दिनुभएको थियो ।

हामी त्यहाँबाट मत्स्यनारायणतर्फ बढ्यौं । बाटोमा भोजनको लागि उपयुक्त स्थानको खोजी पनि गर्दै थियौं । चुन्देबी मन्दिर परिसरलाई भोजनालय मानेर पेटपूजा गर्दा मध्यान्न भैसकेको थियो । आपसमा खानेकुरा बाँडेर खाँदाको आनन्दले शरीरको आलस्य पूरै दूर भैसकेको थियो ! शीतल पवनको स्पर्शले थकित ज्यानमा नयाँ उमंग भरियो ! त्यसमाथि भोको पेटमा परेको अन्नको ऊर्जाले सबैको अनुहार सुर्योदयपछिको क्षितिज जस्तो उज्यालो देखिएको थियो !

केहीबेर सुस्ताएपछि त्यहाँबाट अघि बढेको हाम्रो टोली मत्स्यनारायणको मन्दिरमा पुगेर अडियो । शिकार अगाडि पुगेको शिकारीले हतियार ठिक्क पारेझैं सबैले

आ-आफ्ना मोबाइल झिकेर क्यामेरा ठिक्क पारे फोटो खिच्नलाई ! फोटो खिचेर फेसबुकमा राख्ने चलन हाम्रो जीवनको अभिन्न अंग भैसेकेको छ अचेल !

"आखिर नयाँ ठाउँमा पुगेको प्रमाण भनेकै फोटो त हो !" लघुकथाकार डिल्लीरमणको निष्कर्ष यस्तै थियो ! वरिपरिको वातावरणमा रमाउँदै थिए सबै ! मेरो मनमा भने एक्कासि एउटा हाइकु रचनाको बीजारोपण भयो !

**नयाँ नेपाल**
**मन्दिर घुमी पूजा**
**भौतिकवादी !**

यतिखेरै पानी दर्कन थाल्यो ! झोलाहरूबाट छाता निस्किए । त्यहाँबाट हामी अघि बढ्यौं । अब हाम्रो अन्तिम गन्तव्य भनेको मातातीर्थ । लामा लामा पाइला गरेका छौं । मुक्तककार निशाले रेनकोट लगाएपछि कसले चिन्ने ! मन्दिरा र शान्ति आफ्नै तालमा गफिँदै हिंडिरहेका थिए । नवराज रिजाल, धनप्रसाद र म पनि चुप लागेका थिएनौं ।

श्रीमतीले ओढेको छाता आधा आफूतिर ढल्काएका पति परशुरामलाई कवि शारदा भन्दै थिइन्, "आफ्नो छाता चाहीं कहिलेलाई साँच्नु भएको हजुरले ?"

परशुराम, शारदा बीचको प्रेमिल ठट्टा मस्करीले यात्रालाई अझै रोचक बनाइरहेको थियो ।

मलाई हिंड्न गाह्रो भैरहे पनि मातातीर्थ आइपुग्न लागेको सूचनाले खुसीको लहर छाएको थियो मेरो अनुहारभरि । गोडाहरू एकछिन सुस्ताउने रहरमा थिए । सबै भन्दा ज्येष्ठ शीतल गिरी नवयुवक झैं ठमठम हिंड्दै थिए । घनश्याम, ध्रुव, वसन्त, नवराजहरू अझै बीसौं कोशको दूरी नाप्न सक्ने ऊर्जा लिएर अघि बढ्दै थिए । म पो निकै गलेको थिएँ यो पटक ।

मातातीर्थ परिसरमा पुगेपछि पो पदयात्रीहरू खुसीले भरिंदै माताको मूर्ति वरिपरि झुम्मिए । मातातीर्थ मन्दिर परिसरमै साहित्यिक कार्यक्रम गर्ने योजना थियो । बस्ने ठाउँको अभावले केहीबेर अलमल भए पनि अन्ततः आफूले बोकेका पत्रिकाहरूलाई ओछ्याएपछि कार्यक्रम स्थल तयार भएको थियो ।

डिल्लीरमणको उद्घोषणमा साहित्यिक कार्यक्रम शुरू भयो । मातातीर्थको प्रांगण भएकाले धेरै सर्जकहरूले आफ्ना सिर्जनामा आमालाई सम्झिए । कार्यक्रम रोचक मात्रै भएन, हरेक हिसाबले सम्झनलायक पनि भयो !घनश्याम प्रसाईंको गीतमाथि ध्रुव घिमिरेको टिप्पणी उल्लेखनीय थियो । वाचक मात्रै भएनौं, स्रोता पनि भएका थियौं हामी !

करीब दुई तीसभन्दा बढी भैसकेको थियो समय । आजको पदयात्राको घोषित अन्तिम बिन्दु पनि यही थियो । मातातीर्थबाटै बस चढेर फर्कने कि थानकोट झर्ने भन्ने विषयले टड्कारो समस्याका रूपमा केहीबेर गिजल्यो हामीहरूलाई । धेरै सदस्यहरूको राय थानकोट झर्ने भन्ने रहेकाले फेरि यात्रा बढायौं ।

तर थकित पैतालाहरू भने मातातीर्थबाटै बस चढ्ने अडानमा एकमत थिए !

ooo

---

*// कविता //*

# फूल

✍ **सरु सुधा**
**रेसुङ्गा-७, गुल्मी**
**हाल : बाग्लुङ**

म फुलिदिन्छु
जगत् नै मग्मगाउने गरी
सृष्टि नै डग्मगाउने गरी
दृष्टि नै खल्बलाउने गरी
आफ्नै रङमा
आफ्नै सुवासमा ।

मेरो सौन्दर्यले
लोभीहरू अघाऊन्
पापीहरू डराऊन्
ढोंगीहरू लजाऊन्
रोगीहरूलाई आरोग्य मिलोस् ।
तर
कसैले आँट नगरून्
शिरमा सिउरिने
गलामा लगाउने
कलशमा सजाउने ।

नपरून् निर्मम हातहरू ममा
जो पातसहित हाँगै चुडेर
मन्दिर पुग्छन्
प्रेमीलाई समर्पण गर्छन्
ओंठले चुम्छन्
फूलदानीमा सजाउँछन् ।

मलाई अत्तर बनेर कसैको
शरीर सुम्सुम्याउनु छैन
सोत्तर बनेर कुनै मलखाद भर्नु छैन
चुँडिनु छैन
च्यातिनु छैन
भाँचिनु छैन
अल्पायुमै ।

जिउनु छ त केवल फूल बनेर
बरू सुक्न परोस् बोटमै
कुहिन परोस्
झर्न परोस्
तर
ममाथि केवल सद्दे नजहरू परून्
म मेरो पूर्ण आयु बाँच्न चाहन्छु
म बनेर ।

त्यसैले
मलाई तिमीमा दृष्टिभ्रम सिर्जना गर्नुछ,
फूल बनेर तर काँडाको ॥

ooo

*// कविता //*

# भानुभक्त र उनको रामायण

✍ **कृष्णशरण उपाध्याय पौडेल**
**देवघाट, चितवन**

कालो तामस - रातको समयमा, मुस्काउने भानु हौ
थोत्रो जात र भातको प्रहरमा, सुस्ताउने भानु हौ
भाषा - प्रेरक हौ विचार गुरु हौ, हे भानु ! यो देशका
आशा - दीपक हौ विशाल तरु हौ, संस्कारका भेषका ।१।

नेपाली मन शुद्ध आस्तिक थियो, झन् उच्च गर्ने तिमी
नेपाली जन - भाव धार्मिक थियो, सर्वत्र छर्ने तिमी
तिम्रा निर्मल काव्यभित्र मणि छन्, देख्दैन कोही किन ?
तिम्रा पावन काव्यस्वर्ण कण हुन्, टिप्दैन कोही किन ? ।२।

भाषाले जनएकता कति गर्‍यौ, लेखेर रामायण
मीठा नैतिक चेतना पनि छर्‍यौ, लेखेर रामायण
हावा सिर्सिर झैँ सरर्र कविता, कथ्ने अरू को थियो ?
पन्छी चिर्बिर झैँ हरर्र कविता, रच्ने अरू को थियो ? ।३।

जान्थे वीर युवा जुनै मुलुकमा, बोकेर रामायण
सुन्थे; भन्न लगाउँथे सब मिली, घोकेर रामायण
हुन्थे पल्टनमा सबैथरि युवा, यो जात त्यो जातका
भाषा माध्यम बन्दथ्यो मिलनको, यो बात त्यो बातका ।४।

हुन्थ्यो रात जसै मिलीकन सबै, बस्थे रमाईकन
थाल्थे गाउन भानुका कृतिहरू, मस्ती जमाईकन
जोड्ने हार्दिक प्रेम - बन्धन थियो, त्यो भव्य रामायण
मोड्ने संस्कृतितर्फ साधन थियो, सत्काव्य रामायण ।५।

लग्ने संस्कृत छन्द लोक - लयमा, शार्दूलविक्रीडित
राख्ने केवल कण्ठमा हृदयमा, शार्दूलविक्रीडित
कोही हौ यदि व्यक्ति अब्बल भने, हौ भानु नै केवल
कोही हौ यदि व्यक्ति शाश्वत भने, हौ भानु नै केवल ।६।

भन्थे देश - विदेशमा शहरमा, सत्काव्य रामायण
गर्थे गायन गाउँमा र घरमा, सत्काव्य रामायण
यस्तो दिव्य महत्त्वपूर्ण रचना, पढ्दैन कोही किन ?
यो सत्काव्य लिएर कर्म - पथमा, बढ्दैन कोही किन ? ।७।

ooo

*// लेख //*

# अधिकमास (मलमास) कसरी आउँछ?

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**रामहिटी, बौद्ध, काठमाडौं**

अहिले यसै वर्ष २०८० साउन महिनाको २ गतेदेखि लिएर ३१ गतेसम्म अधिकमास पर्न आएको छ । अधिकमास भनेको बढेको १ महिना हो । अधिकमासलाई मलमास पनि भन्ने चलन छ । अहिले यो सानो लेखमा अधिकमास कसरी पर्न आउँछ ? र यसरी आएको अधिकमासमा के-कस्ता धार्मिक कर्महरू गर्न वा पूजाआजा गर्न हुन्छ वा हुँदैन भन्ने कुराको पनि संक्षिप्त जानकारी दिने कोशिस गरिएको छ ।

पाठक महोदय ! हामीले हेर्ने गरेको पात्रो भनौं या पञ्चाङ्ग प्रायः एउटै भए पनि यसभित्र ६ थरी वर्षहरू हुने गरेका छन् । ती ६ किसिमका वर्षहरूमा पाँच किसिमका वर्षहरू त हेर्ने चलन चलेकै छ । त्यस्ता ५ प्रकारका वर्षहरू के - के हुन् भन्ने जानकारी अहिले गरौं । तिनमा -

१. सौरमास गणना गरेर हुने वर्ष

२. चान्द्रमास गणना गरेर हुने वर्ष

३. सावनमासको हिसाबले हुने वर्ष

४. बार्हस्पत्य वर्ष

५. ईसवी सन्अनुसारका मास गणना गरेर हुन आउने वर्ष र

६. नेपाल सम्वत्अनुसारको वर्ष

यीबाहेक पात्रोमा उल्लेख नगरिएका किन्तु नेपालका विभिन्न जातिहरूमा प्रचलनमा रहेका अरू वर्षहरू पनि छन् । ती वर्षहरूलाई ती ती समाजका समुदायहरूले विचार गर्ने गर्दछन् जस्तै शक संवत्, मैथिल संवत्, एले संवत् (किराँत संवत्), माघ शुक्ल प्रतिपदा, सोनम ल्होसार (तामाङ् नववर्षारम्भ्) तमुल्होसार, फागुन शुक्ल प्रतिपदा, ग्याल्बो गुरुङ नववर्षारम्भ, माघ-१ गते थारू नववर्षारम्भ इत्यादि ।

यीमध्ये बार्हस्पत्य वर्षमा मास गणना हुँदैन । यसमा १३ महिनाको १ वर्ष हुने गर्छ । यस वर्षको गणना समाजमा प्रचलित छैन तापनि ज्योतिष जानेका विद्वान् तथा धर्मशास्त्रीहरूले यसलाई विचार गर्दछन् । अरू ५ प्रकारका वर्षहरू यस प्रकारले हिसाब गरिन्छन् -

१. **सौरमासको गणना गरेर हुने वर्ष :** यो सूर्यको गतिअनुसार गणना गरिने वर्ष हो । यसमा वैशाख, जेठ, आषाढ इत्यादि १२ महिनाहरू हुन्छन् । वैशाख १ गते सूर्य मेष राशिमा संक्रमित भएपछि वैशाख महिना हुने, त्यसैगरी वृष राशिमा सूर्य संक्रमित भएपछि ज्येष्ठ महिना हुने र सूर्य मिथुन राशिमा संक्रमित भएपछि आषाढ महिना हुने आदि क्रमले सूर्य मीन राशिमा भएपछि चैत्र महिना हुने यस्तो क्रमले मेष, वृष आदि बाह्र राशिमा सूर्य रहेसम्म एकवर्ष हुन्छ । यो वर्षमा ३६५ दिन र साढे ५ घन्टापछि फेरि अर्को नयाँ वर्षको वैशाख लाग्ने गर्छ ।

२. **चान्द्रमासको गणना गरेर हुने वर्ष :** यो वर्ष चन्द्रमाको गतिअनुसार विचार गरिन्छ । आकाशमा चन्द्रमा हामी बसेको पृथ्वीदेखि धेरै नजिक छन् । त्यसैले चन्द्रमाले हाम्रो जीवन संचालनमा ठूलो प्रभाव पारेका छन् । अर्को कुरा, चन्द्रमालाई यो चराचर जगत् संचालन गर्ने राजा हुन् पनि भनिएको छ । (वेदमा भनिएको छ सोमोऽस्माकम्...राजा) राजा भएपछि जगत् संचालनका लागि मन्त्री र विभागहरूको पनि व्यवस्था हुन आवश्यक छ । यसरी विचार गर्दा विभिन्न राशि र नक्षत्रहरू चन्द्रमाका मन्त्रालय र विभागहरू हुन् भने सूर्य, मङ्गल आदि ग्रहहरूले ती मन्त्रालयहरूको संचालन गरेका छन् । आकाशमा शुक्लपक्ष र कृष्णपक्ष गरी हरेक महिनामा चन्द्रमाको उदय अस्त हुने गर्दछ । चन्द्र राशिहरू प्रतिदिन चौबीस घन्टामा पृथ्वीको वरिपरि घुमिसक्छन् र चन्द्रमा एउटा राशिमा लगभग साढे २ दिनमात्र रहन्छन् । यसरी एक महिनामा बाह्रै राशिहरू (बाह्र अढैया ३०)को हिसाबले १ महिनामा चन्द्रमाले बाह्रै राशिभोग गर्दछन् । यसरी १ महिनाभित्र बाह्रै राशिमा संक्रमण गरिसक्दा जुन दिन चन्द्रमाको सूर्यसँग भेट हुन्छ त्यही दिनत्यस महिनाको औंसी तिथि पर्न आउँछ । त्यसैले चन्द्रमा सूर्यसित सँगै उदाउने र अस्ताउने हुन जाँदा औंसीको रात पूर्णतया अँधेरी रात हुन आउँछ अनि चन्द्रमा बसेको राशिदेखि सातौं राशिमा पर्न आउने नक्षत्रअनुसार पूर्णिमा तिथि पर्न आउँछ । यसरी पर्न आउने पूर्णिमा तिथिमा सूर्य अस्त हुनासाथ चन्द्रमाको उदय हुने हुँदा पूर्णतया उज्यालो रात हुन्छ । यताबाट पनि पूर्णिमा तिथिका दिन कुन नक्षत्र परेको छ सोही नक्षत्रअनुसार त्यस महिनाको नाम रहेको देखापर्छ । जस्तै विशाखायाम् अस्ति पूर्णिमा यस्मिन् मासे समासो वैशाखः । ज्येष्ठा नक्षत्रे अस्ति पूर्णिमा यस्मिन् मासे स मासो जेष्ठः । ... अश्विनी नक्षत्रे अस्ति पूर्णिमा यस्मिन् मासे स मासः आश्विनः । कृतिकानक्षत्रे अस्ति पूर्णिमा यस्मिन् मासे स मासः कार्तिकः । ... मघा नक्षत्रे अस्ति पूर्णिमा यस्मिन् मासे स मासो माघः । ... चित्रानक्षत्रे अस्ति पूर्णिमा यस्मिन् मासे स मासश्चैत्र । यसरी विचार गरिएको हुँदा वैशाख, जेठ आदि महिनाका नामहरू

पनि चन्द्रमाकै गतिअनुसार राखिएका रहेछन् भन्ने कुरा बुझिन आउँछ । यस्तो चान्द्र वर्ष चैत्र महिनाको शुक्लपक्षको प्रतिपदा तिथिदेखि प्रारम्भ हुने गर्दछ र पूर्णिमासम्मका १५ दिनको पहिलो शुक्लपक्ष र त्यसपछि औंसीसम्मका १५ दिनको दोस्रो कृष्णपक्ष हुने गर्दछ । यसरी हुन आउने १२ महिनामा अर्थात् एउटा चान्द्र वर्षमा ३५४ दिन हुन्छन् ।

३. **सावन मासको हिसाब गरेर हुने वर्ष :** यो वर्षको उल्लेख कुनै पनि पात्रोमा गरिएको छैन । परन्तु हाम्रो गाउँ समाजका जनजनका मुखमुखमा यो वर्ष कण्ठै छ । यसमा ३० दिनको १ महिना हुने गर्छ र वर्षभरिमा ३६० दिन मात्र हुन्छन् । जस्तो कि कुनै नयाँ मानिससँग भेट भएको अवस्थामा अथवा घरायसी व्यवहारमा लिनेदिने गर्नु परेमा पनि यो महिना चलनचल्ती हुने गरेको छ । जस्तै कुनै मानिस घरबाट १५ गते हिँड्यो भने अर्को महिनाको १५ गते ऊ हिँडेको एक महिना हुन्छ । त्यस्तै कुनै मालसामान वा नगद लिने वा दिने गरेको छ भने त्यस्तो सामान जुन महिनाको जति गते लिएको वा दिएको हो अर्को अर्को महिनाको त्यति नै गते १ महिना वा २ महिना हुने गर्छ ।

४. **बार्हस्पत्यवर्ष :** यो वर्ष भनेको बृहस्पति ग्रह जुन राशिमा बसेका छन् त्यसबाट अर्को राशिमा संक्रमित भएको दिनबाट शुरू हुने गर्छ । यसमा मास गणना हुँदैन । बृहस्पति एउटा राशिमा बसुन्जेल अर्थात् लगभग १३ महिनाको एक वर्ष हुने गर्छ ।

५. **ईसवी सन्अनुसारका मास गणना गरेर हुन आउने वर्ष :** यो वर्ष ईसु खीस्टको मृत्यु भएको दिनदेखि गणना गर्न शुरू गरिएको रहेछ । यसको प्रारम्भ विक्रम वर्षको पौष महिनाको १७ गतेदेखि हुने गरेको छ । यसमा जनवरी, फरबरी, मार्च, आदि महिना हुन्छन् र वर्षभरिमा ३६५ दिन हुन्छन् । अहिले ईसवी सन्अनुसार २०२३औं वर्ष चलिरहेको छ ।

६. **नेपाल सम्वत्अनुसारको वर्ष :** यो वर्ष नेपालमा रहेबसेका नेवार समुदायमा विशेष रूपमा प्रचलित छ । यसको प्रारम्भ विक्रम वर्षको कार्तिक शुक्ल प्रतिप्रदाको दिनदेखि हुने गर्छ । वास्तवमा यो नेपाल सम्वत् चान्द्रमासकै तिथिअनुसार चलनचल्तीमा ल्याइएको वर्ष हो । यसको प्रारम्भ शंखधर साख्वा नामका एकजना नेवार समुदायका धनी व्यक्तिले सबै जनताको ऋण तिरिदिएको हुनाले त्यसै वर्षदेखि शुरू गरिएको रहेछ । नेपाल सम्वत्को अहिले ११४४ औं वर्ष चलिरहेको छ । यो वर्षमा १२ महिना हुँदैनन् परन्तु चान्द्रमासका पक्षमा हुने तिथिअनुसार शुक्ल पक्षका १५ दिनको र कृष्ण

पक्षका १५ दिनको भिन्दा भिन्दै नाम दिइएको देखिन्छ । चान्द्रवर्षमा अधिकमास पनि पर्न आउने हुँदा त्यसका दुई पक्षलाई पनि छुट्टाछुट्टै नाम दिइएको देखिन्छ । जस्तै - कार्तिक शुक्ल पक्षको कछलाथ्व, कार्तिक कृष्ण पक्षको कछलागा, मार्ग शुक्ल पक्षको थिंलाथ्व, मार्ग कृष्ण पक्षको थिंलागा, पौष शुक्ल पक्षको पोहेलाथ्व, पौष कृष्ण पक्षको पोहेलागा, माघ शुक्ल पक्षको सिल्लाथ्व, माघ कृष्ण पक्षको सिल्लागा, फाल्गुन शुक्ल पक्षको चिल्लाथ्व, फाल्गुन कृष्ण पक्षको चिल्लागा, चैत्र शुक्ल पक्षको चौलाथ्व, चैत्र कृष्ण पक्षको चौलागा, वैशाख शुक्ल पक्षको वछलाथ्व, वैशाख कृष्ण पक्षको वछलागा, ज्येष्ठ शुक्ल पक्षको तछलाथ्व, ज्येष्ठ कृष्ण पक्षको तछलागा, आषाढ शुक्ल पक्षको दिल्लाथ्व, आषाढ कृष्ण पक्षको दिल्लागा, यसै वर्ष पर्न गएको अधिक श्रावणमास शुक्लपक्षको अनलाथ्व र अधिक श्रावणमास कृष्णपक्षको अनलागा, शुद्ध श्रावण शुक्ल पक्षको गुंलाथ्व र शुद्ध श्रावण कृष्ण पक्षको गुंलागा, भाद्र शुक्लपक्षको ञलाथ्व र भाद्र कृष्णपक्षको ञलागा, आश्विन शुक्ल पक्षको कौलाथ्व र आश्विन कृष्ण पक्षको कौलागा । यिनी बाह्रै महिनाका र मलमासका समेत गरी चान्द्रमासअनुसारका २६ पक्षका नेवारी नाम हुन् । अहिले यी नामहरूको नेवार समाजमा मात्र चलनचल्ती भएजस्तो लाग्छ (मैले सुनेको एउटा यो कुरा पनि प्रस्तुत गरौं त्यो के भने श्री ३ महाराज चन्द्रशमशेरको पालासम्म उपर्युक्त पक्षका नेवारी नामहरूकै आधारमा नेपाल सरकारका कर्मचारीहरूलाई १५/१५ दिनमा तलब सुविधा दिने गरिन्थ्यो । श्री ५ महाराजाधिराज त्रिभुवनको राज्यारोहण भएको वर्ष वि.सं. १९६८ सालदेखि वि.सं. अनुसारका वैशाख, ज्येष्ठ, आदि महिना पूरा भएपछि तलब सुविधा दिने चलन चलेको हो ।)

योबाहेक शक सम्वत्लाई शाके सम्वत् पनि भन्दछन् । उहिले भारतको मध्यप्रदेश अन्तर्गत कुनै राज्यमा सातवाहन् नाम गरेका राजाका वशंधर शालिवाहन् नामक राजाले यो सम्वत् चलाएका हुन् । अहिले यो सम्वत् १९४५ औं वर्ष हो । यो सम्वत् वि.सं. भन्दा १३५ वर्षपछि चलनमा आएको हो । समाजमा यसको चलनचल्ती नदेखिए पनि पात्रोको बाहिरी गातोमा छापिने गरेको छ । खासगरी ज्योतिषीहरूले बालकको जन्मकुण्डली लेख्दा यसको उल्लेख गर्ने गरेको देखिन्छ । त्यसैगरी मैथिल संवत् चल्ती भएको अहिले १४३१ औं साल भएको छ । यो सम्वत् मैथिल समाजमा प्रचलितै होला ।

एले संवत् नेपालमा किराँत वंशका प्रथम राजा यलम्बरदेखि चलिआएको हो । यो संवत् चलेको ५०८३ वर्ष भएको छ । यसैगरी सो नाम संवत् २८५९ वर्ष भएको छ । यो सम्वत् तामाङ समुदायमा चलिआएकै छ । अन्य सम्वत्हरूको बारेमा विशेष थाहा नभएकाले यहाँ उल्लेख गरिएन ।

यी त भए विभिन्न वर्षहरूका जानकारीका कुरा । अब अधिकमास वा मलमास कसरी पर्न आउँछ भन्ने कुरातिर लागौं । माथि उल्लेख भएका वर्षहरूमध्ये सौर वर्ष ३६५ दिन र साढे ५ घन्टाको हुन्छ भनिएको र चान्द्रवर्ष अनुसारका दिनहरू ३५४ हुन्छन् भनिएको हुँदा सौरवर्षका ३६५ दिनहरूमा चान्द्रवर्षका ३५४ दिन घटाउँदा एक वर्षमा सबा ११ दिन जति कमी हुन आएको देखिन्छ । दुई वर्षमा त साढे २२ दिन कमी हुन आउँछ । अब आधा वर्षमा हुन आउने साढे ५ दिन जतिलाई जोड्दा लगभग २८ दिन नपुग हुन आएको देखिन्छ । यसरी ३० दिन भित्र पर्न आउने चान्द्रमासका दुई पक्ष शुक्ल र कृष्णमा यदि सौरमासअनुसारको सङ्क्रान्तिको दिन भेटिएको छैन भने त्यस्तो सौरसङ्क्रान्ति रहित भएको एउटा चान्द्रमास अधिक हुन आउँछ । यसैलाई अधिकमास भन्ने गरिएको छ । ज्योतिषशास्त्रमा उल्लेख भएको छ कि असङ्क्रान्तिमासोऽधिमासः स्फुटं स्यात् अर्थात् सूर्य सङ्क्रान्तिविहीन चान्द्रमास पर्न आएमा त्यो अधिकमास हुन्छ । अब धर्मशास्त्रअनुसार कहिलेकाहीं अधिकमास पर्न आएको बेलामा साठी दिनको पनि महिना हुने गर्छ भनिएकोले अहिले अधिक श्रावण मास र शुद्ध श्रावणमासलाई समेत गन्दा त्यस्तो महिना पर्न आएको छ । अब बाँकी रह्यो धर्मशास्त्रमा उल्लेख गरिएको सूर्य संक्रान्ति विहीन चान्द्रमास = मलिनमास अर्थात् मलमास हुन्छ र यस्तो मलमास परेको समयमा नियमित पूजापाठबाहेक कुनै पनि धार्मिक कर्म गर्नुहुँदैन भनेर निषेध गरिएकोले यस्तो मलमासमा कुनै पनि मङ्गलकार्य वा पूजापाठ तथा विवाह, व्रतबन्ध गर्नुहुँदैन । परन्तु जुठो सुतक परिआएमा तत्सम्बन्धी सबै काम सम्पादन गर्न र त्यही महिनाको अधिकमासमा नै पहिले मृत्यु भएका मातापिताको एकोद्दिष्ट श्राद्धको तिथि पर्न आएमा त्यस्तो एकोद्दिष्ट श्राद्ध पनि गर्न हुन्छ र गर्नै पर्दछ । अन्य दैनिक गर्ने गरेका स्नान, ध्यान, जप, पूजा, पाठहरू पनि गर्नुहुन्छ र गर्नुपर्दछ ।

बृहन्नारदीय महापुराणमा उल्लेख भएअनुसार उक्त प्रकारको मलमासले मलाई सबैले निन्दा गर्ने र मेरो समयमा धार्मिक पूजाआजा, मङ्गल कार्य कसैले नगर्ने भएकामा भगवान् विष्णुसँग पुगेर उसले चित्त दुखाएछ । यस्तो देखेर मलमासको समयमा भगवान् विष्णुले तिमी मेरो महिना भयौ म तिम्रो स्वामी बन्छु । अबदेखि तिमीलाई सबैले पुरुषोत्तम मास भनून् तिम्रो निन्दा कसैले नगरून् । अबदेखि मलमासमा पुरुषोत्तम भगवान्को पूजाआराधना गर्न र तिमी मेराबीच भएको संवादसम्बन्धी कथा सुनेमा ठूलो पुण्य मिल्नेछ भन्ने वरदान दिनुभएको हुँदा यस किसिमको पुरुषोत्तम महात्म्य पनि उपलब्ध छ । समाजमा यसको प्रचलन पनि छ । किमधिकम् ।

ooo

// *नियात्रा* //

# गौरीशंकरको छायाँ

✍ **खगेन्द्र गिरी 'कोपिला'**
**नेपालगञ्ज, बाँके**

भक्तपुरको सडक खुकुलोखुकुलै छ बिहानी पख । नेपालको सबैभन्दा व्यवस्थित र सफा सडकमा गनिन्छ यो सडक । सूर्योदयसंगै बढ्दै गयो मान्छेको कल्याङमल्याङ् । बढ्न थाल्यो सडकमा गाडीको दुगुरादुगुर पनि । हामी सुलुलुलु कुद्दै छौं । हामी भनुँ कि म भनुँ? अलमलमा छु । आज हामीहरूको माझमा म भने एक्लो छु । केही परिचित, केही अपरिचित जस्तो भएर वरपर आँखा डुलाउँदै छु म । आआफ्ना धूनमा डुबेका छन् गाडीमा भरिएका यात्रुहरू । समय दुगुरिरह्यो, आँखाहरू दुगुरिरहे । माथिमाथि आकाशमा उडिरह्यो मन । आफ्नै सोपानमा मुस्कुराइरह्यो उत्तुङ्ग जुगल हिमाल ।

भक्तपुर काटेर साँगाको उकालो चढ्दै गर्दा अलिकति गाडीको ओहोरदोहोरले जाम परेजस्तो हुन लाग्यो । वरपरका हरियापाखाहरू भने उन्मुक्त छन् आफ्नै लयमा । खुकुलो आकाशलाई छुन पाएर मख्ख देखिन्छ यस सडकभन्दा परको ग्रामीण परिवेश । लटरमम धान फलेर पहेलपुर भएका पाखाहरूको स्वर्णिम रङ् पनि ध्यान तानिरहेको छ । पाल्देन तामाङ नाम गरेका हँसिला केटाले चलाइरहेका छन् गाडी । उनकै छेउनिरको सिटमा बसेको छु म ।

साँगामा उभिएका महादेव मुसुमुसु हाँसिरहनुभएको छ आफ्नै पछिल्तिरको पाखोबाट घामका किरण फ्याँकेर । पश्चिम फर्केर उभिएका महादेवको बडेमानको मूर्ति पछिल्तिरबाट नै सूर्य उदाएजस्तो देखिदोरहेछ बिहानी पख त । लाग्यो भगवान् महादेवकै शरीरबाट निस्किएको ज्योति हो यो घाम । तिनै महादेवको आँखाबाट हेर्न पाएको भए कस्तो देखिदो हो भक्तपुरको खाल्डो? अझ भक्तपुरभन्दा परपरका दृश्यहरू कस्ता देखिदा हुन्? कस्ता देखिदा हुन् काठमाडौंसम्म फिंजिएका कागेश्वरी, मनोहरा र कोटेश्वरसम्मका बस्तीहरू । एकछिन मभित्र चञ्चल भएको उत्सुक मनले मलाई नै सोधिरह्यो । म भने आकाश बनेर निरन्तर डुलिरहैं परपर अज्ञात क्षितिजतिर ।

साँगा काटेपछि हामी बनेपा उक्लियौं । हैन बनेपा ओर्लियौं भन्दा पनि हुन्छ । भक्तपुरबाट उकालो चढ्दै आएको नागबेली बाटोले साँगामा सानो भञ्ज्याङ् छिचोलेर पल्तिर ओर्लिएजस्तो गरेको हो । बनेपा आउने बेलामा त पहाड काटेर तराईमा दौडिएजस्तो गर्न लाग्यो बाटो । बनेपाको साँगुरो र घना बस्ती डल्लो परेर यही सडक वरिपरि खुम्चिएको हो कि जस्तो भान पर्‍यो । धुलिखेल नपुगुन्जेल बिहानीपख पूर्वतिरबाट आएका गाडीका ताँतीले बाटो छेकिरहे । साँगुरो

सडकलाई नै ढाकेर घ्याच्चघ्याच्च गर्दै गाडीहरू हिंडिरहेका छन् । पहाडको ठाउँमा जति फराकिला बनाए पनि साँगुरा भैहाल्छन् सडक । धुलिखेलमा सिन्धुली जाने बाटो छुट्टिएपछि भने गाडीले केही गति समात्यो । धुलिखेलबाट अगाडि बढेपछि धुलो पनि हरायो र बाक्लो बस्ती पातलिन थाल्यो । हलुङ्गो भएर आयो शहरी क्षेत्रको उकुसमुकुसमा निसास्सिएको मन ।

पाँचखालका मनोरम दृश्यहरू पर्न थाले आँखामा । पाँचओटा खाल्डाहरूले बनेको उपत्यका हो रे पाँचखाल । अचेल त जताततै घर भरिइसकेका छन् । जता हेऱ्यो उतै घरैघर देखिन्छन् पाँचखालमा पनि । पाँचओटा खाल्डाहरू एकै खाल्डोमा मिसिएका हुनाले यो नाम रहेको होला कदाचित् ! निकै हराभरा र उर्वर लाग्यो पाँचखालको भूगोल ।

'काठमाडौंको लागि तरकारी पठाउने ठाउँ यही हो' छेउको सिटमा बसेका एकजना व्यक्ति बेलिबिस्तार लगाउन थाले पाँचखालको । एउटै सिटमा परेपछि कुराकानी भैहाल्यो । भर्खरै परिचित भएका यी साथी एफएम रेडियोजस्तो एकोहोरो बोलेकोबोल्यै छन् । मैले केही नसोधे पनि उनी आफै मेरो जिज्ञासा थाह पाए जसरी मेरा जिज्ञासा मेटाउन केही न केही बोलिरहन्छन् । म 'ए ! अँ! हो ! है !' भनेर उनका कुरा सुनेजस्तो गरिरहन्छु । मेरो मन भने गाडीका झ्यालबाट बाहिर हुत्तिएर परपरका डाँडाकाँडासित अँगालो हाल्न खोजिरहेको छ । उडेर परपरको श्वेत हिमाललाई छोइदिउँ छोइदिउँ जस्तो गरिरहेको छ ।

हुन त नेपालमा जहाँ गए पनि हिमालको अवस्थिति र भूगोल उस्तैउस्तै हो । पहाडका रूपरङ र आकृतिहरू पनि उस्तैउस्तै लाग्छन् । तर हरेक ठाउँ र हरेक दृश्यले केही न केही नयाँ र ताजापनको अनुभूति गराइहाल्छन् । म पनि आजका नयाँ र ताजा अनुभूतिहरूलाई आँखाको क्यामेराले खिचेर हृदयको एलबममा सङ्कलन गर्ने चेष्टा गरिरहेको छु ।

पाँचखाललाई बाईबाई गरियो लामीडाँडाबाट । लामीडाँडा काटेपछि अरनिको राजमार्ग साँगुरोसाँगुरो हुन थाल्यो । एउटा सानो खोलाको किनारैकिनारै दुगुर्न थाल्यो सडक । यो नदीको खोंच निकै साँगुरो र अँध्यारो छ । माथिमाथिका अग्ला पहाडले आएर च्याप्लान्च्याप्लान्जस्तो भैरह्यो । साँगुरो बाटोमाथि कुद्दै पुगियो दोलालघाट । उत्तरपश्चिमबाट आएको इन्द्रावती नदी यहाँ उत्तरपूर्वबाट आएको सुनकोशी नदीमा मिसियो । इन्द्रावतीले अँगालो हालेपछि फेरि उन्मुक्त भएर दुगुऱ्यो दक्षिण दिशालाई गन्तव्य बनाएर सुनकोशी नदी ।

हाम्रो गाडी कुदिरहेको सडक भने दोलालघाटबाट उत्तरपूर्व दिशातिर तन्किरह्यो । सुनकोशीको किनारैकिनार दुगुर्न छोडेको छैन सडकले । सुनकोशीको किनारमा सुकुटे, भैंसे, बलेफी, अँधेरीजस्ता ससाना ठाउँहरू आइरहे,

गैरहे । ठाउँ ससाना भए पनि यी ठाउँको पर्यटन व्यवसायमा ठूलो महत्त्व छ । ठाउँठाउँमा र्‍याफ्टिङ गर्ने गरिएकोले पर्यटन व्यवसाय निकै फस्टाएको छ यहाँ । सुकुटेको सुकुटी र दोलालघाटका माछा त प्रसिद्ध नै छन् ।

काठमाडौंबाट ७७ किलोमिटर कुँदेपछि आयो खाडीचौर । घ्याच्च रोकियो गाडी । 'लौ छिटोछिटो खाना खाउँ' कराए पाल्देन । आजको खाना खाने बिसौनी हो खाडीचौर । यहाँ मीठो खाना पाइन्छ । यहाँका माछा स्वादिला हुन्छन् । यहाँ त पहाडी गेडागुडीको झोल पिउनुपर्छ । साँच्चैको झोल नपिए खाडीचौरमा खाना खाएको के स्वाद ! यहाँको त साग हो चाख्नै पर्ने । जतिथरी मान्छे उतिथरी बयान र वर्णन सुनिए । 'छोटी दूकान मीठी पकवान' भन्ने हिन्दी उखानलाई सम्झेर म भने अलि सानै होटलमा परें । तर खाडीचौरको खानामा स्वाद भने त्यस्तो छुट्टै केही भेटिएन । स्थानीय स्वादको तलतलमा व्याकुल भएको मन व्याकुल नै रह्यो । यहाँ खाएको खानामा समावेश भएका सबै कुरा तलैबाट आएका रहेछन् ।

'यहाँको भन्नु त पानी मात्रै त हो !' हरेक कुरा जाँचेजसरी बोल्दै छन् एकजना ।

'अघि सुकुटेमैं खाना खाएर जाऊँ त भनेको हो नि मैले, गुरुजीले कुदाएको कुदायै गरे' एकजना यात्रुले गुनासो पोखिहाले । 'सुकुटेमा पनि यस्तै हो । सुकुटेमा त नेताहरूलाई मात्रै दिन्छन् मीठोमीठो' । फेरि जति थरी मान्छे उति थरी कुरा उठे ।

फेरि ड्राइभरले घुमाए स्टेरिङ् । खाडीचौरको खोंचबाट ठूलोपाखरको उकालोतिर उक्लिन थाल्यो गाडी । थुम्पाखर भन्ने ठाउँ आयो बाटोमा । हरिया र उज्याला पाखा रहेछन् ठूलोपाखर र थुम्पाखर भनेका । सिलढुङ्गा पुगेपछि छ्याङ्गै देखियो हिमाल । अझ परपर देखिन थाले कुहिरोले ढाकिएका थुम्काहरू । सरमथली काटेपछि 'हर्ससुई माउन्टेन' पार गरेर मुडे पुग्यौं । यो 'हर्ससुई' माउन्टेन भन्ने नाम कसरी रहन गयो होला? जान्न पाए हुने । पाल्देनलाई पनि केही थाहा रहेनछ । यस्तै सोच्दासोच्दै मुडे पनि पार भैहाल्यो । यहाँसम्म सिन्धुपाल्चोक जिल्ला नै रहेछ । हलहलेबाट दोलखा जिल्ला लाग्यो । हलहले पार गरेपछि पल्तिरका नाङ्गा थुम्काहरूले आँखाभरि मोहनी लगाए । रुखवृक्ष केही पनि नउम्रेका साना ठूला थुम्काका लहर परपरैसम्म देखिए । तीनै थुम्काहरूको मास्तिर घुमाउरो बाटो सुललुलुलु कुदिरह्यो । यी पहाडी थुम्काहरूको रूप र आकृति निकै फरक छ । कोदालीले ताछेर बनाइएका हुन् या कुचोले बढारेर मिलाइएका हुन्? वा गल्फ खेल्नकै लागि बनाइएका चौर पो हुन् कि? फूलबारी घुम्ती नपुगुन्जेल आँखामा नाचिरहे ती नाङ्गा थुम्काहरू ।

'आज त छ्याङ्गै देखिएका छन् हिमाली चुचुराहरू' गाडीभित्र कसैले बोलेको सुनियो । तिहारको पूर्व सन्ध्यामा भएको ठूलो वर्षातले छ्याङ्ग खुलेको छ आकाश । हामीसंग आँखा जुधाउन पाएका छन् हिमालले पनि । 'हिमाल हेर्न पनि अब त पानी नै परेको दिन पर्खिनु पर्ने भो' फेरि बोले कोही अर्का । पानी परेर थामिएपछिको पारिलो मौसममा म यहाँ आएकोले हिमाललाई छ्याङ्गै हेर्न पाएको रहेछु मैले । यो सोचेर नै रमाउन लाग्यो मन । मेरोलागि आज हिमाल मात्र हैन वरपरका सबै पहाडी दृश्यहरू कौतुकमय बनेका छन् ।

आयो खरिढुङ्गा चौकी भन्ने ठाउँ । वरपर जतातातै चुनढुङ्गा निकालेर फालिएका ढुङ्गाका रास देखिए । एउटा थोत्रोथोत्रो देखिने कारखाना पनि रहेछ । चिसापानी भन्ने ठाउँ नपुगुञ्जेल यिनै दृश्य हेरिरहनुपऱ्यो । 'पहिले चुनढुङ्गाको कारखाना नै थियो यहाँ' छेउका सहयात्री सुनाइरहेका छन् । सके यो कारखानाको संरचना त्यही होला । चर्नावतीको पुल पार गरेपछि बाटो ओरालो लाग्यो । बोंच, साखिने, चोथाङ र मकैबारीसम्म बाटो तेरपायाँतेरपायाँ तल र माथि गर्दै कुदिरह्यो । पारिपट्टिको पारिलो पाखोभरि छरिएका रूपौला दृश्य हेर्दै पुगियो बल्ल चरिकोट । दोलखा जिल्लाको सदरमुकाम । भगवान् भीमेश्वरको तपोभूमि । खाडीचौरबाट ५३ किलोमिटरको दूरी रहेछ ।

चरिकोटको चोकैनिर उभिएको एम्बोरसिया होटलमा हुने भयो वास । प्रेम तामाङ् र प्रकाश उप्रेती नाम गरेका दुई जना युवाले मुसुक्क हाँसेर गरे सत्कार । व्यापारिक कर्तव्यसित जोडिएको उनीहरूको औपचारिक स्वागतसत्कारमा पनि मैले पाइरहें अर्केअर्के मीठो स्नेह ।

'चरिकोटमा हेर्नै पर्ने ठाउँ के के छन् नि भाइ?' कोठामा झोला नथन्क्याउँदै सोधिहालें मैले । प्रेम तामाङ्ले भने 'सर यही होटेलको छतको टावरबाट पूरै चरिकोट देखिन्छ कतै जानै पर्दैन' । साँच्चै हो रहेछ । एम्बोरसिया होटलको छतमा उक्लिएर चारैतिर आँखा डुलाएपछि देखिए पहाडी भूगोलका विहङ्गम दृश्य । म विहङ्ग अर्थात् चराजस्तै बनेर हेर्न लागें क्वारक्वार्ती । पारिपट्टिको शैलुङ्गेको डाँडो, आँखैनिरको चरिघ्याङको थुम्को, पछाडिपट्टि उभिएको सिम्पानीको पाखो र मानेडाँडा अनि माथिपट्टि टुप्पोमा ठडिएको भ्युटावर आफ्नै कुतूहल बोकेर मुस्कुराइरहे । चरिकोटको सौन्दर्यले यसरी लठ्याइरह्यो कि म त घाम डुबुञ्जेल तल ओर्लिन पनि बिर्सिए छु ।

'माथिमाथि शैलुङ्गेमा चौरी डुलाउनेलाई' भन्ने गीत सम्झिदै एक्लैएक्लै काटियो चरिकोटको पहिलो रात ।

भोलिपल्ट उघ्रियो चरिकोटको पहिलो बिहान पनि । सखारै लागें कालिञ्चोक । चरिकोट त आधार शिविरजस्तो मात्रै हो । मेरो लक्ष्य भनेको त कालिञ्चोक नै

हो । कमल पाखरिन नाम गरेका एकजना भाइ बिहानै आइपुगे मलाई लैजान । चरिकोटबाट तीन किलोमिटर पश्चिम आएर मकैबारी भन्ने ठाउँबाट ठाडो लाग्यो बाटो । सुस्पा क्षमावतीको भञ्ज्याङ काटेपछि पुग्यौं गैरी । गैरीबाट उकालैउकालो लाग्यो टमक्क वनले घेरिएको बाटो । खसरू, उत्तीस, सल्ला, गुराँस चिमल, गोब्रेसल्लो, ठिङ्रेसल्लो, खोटेसल्लो नाम गरेका कति हो कति रुखहरू चिनाइरहे कमल पाखरिनले । रातो रङ्को वनऐसेलु पनि देखियो । पहिलोपल्ट थाहा पाएँ ऐसेलु त वन पनि हुनेरहेछ घर पनि हुनेरहेछ ।

हल्लिदैहल्लिदै डेड घण्टाजतिमा पुग्यौं कुरी । एउटा खाल्डोमा देखिए राता र नीला रङ्का घरहरू । 'सबै होटल हुन्' चिनाए कमलले । कुरीबाट केवलकार चढेर पुग्नु छ कालिञ्चोक । कुरीमा अलमल गर्नु छैन । कमल यतै बसे । म एक्लै चढेँ केबलकारमा । एक्लै भएँ कृबलकारको डब्बाभित्र । सय मिटर जति ठाडै उकालोमा सुलुलुलु उक्लियो केबलकार र ओरालिदियो एउटा थुम्कोमा लगेर । त्यहाँबाट माथिको यात्रा त हिंडाइ नै हो । अग्लो चट्टाने छाती वरिपरि बेरिएको साँगुरो बाटो हिड्दै माथि जाँदा रिङटा पनि लागेजस्तो हुने रहेछ । बाटो वरपरका पसलेहरू कराइकराईकन फूलमाला, नरिवल र त्रिशूल बेचिरहेका छन् । तानातानजस्तै पो हुने रहेछ । 'टिरिशुल चडाउनु पर्छ डाइ यहाँ ट' एकजना बूढो मान्छेले बाटो छेकेजस्तो गरेर बोलाए । उनकै पसलबाट किनें पूजा सामाग्री मैले । यो उकालोका बीसबाइसवटा पसलहरू जम्मै तामाङ समुदायका रहेछन् ।

सय मिटरजति घुमाउरो बाटो उक्लिएपछि पुग्यौं थुम्कोमा । साँगुरो चुचरोमाथि उक्लिदा छरिए त्रिशूलैत्रिशूल गाडिएका दृश्य । यहाँ मन्दिर वा थानको कुनै आकृति देखिएन । कालिञ्चोक भगवती कदाचित् यिनै त्रिशूलका पङ्क्तिभित्र कतै मुस्कुराइरहनु भएको होला । तर उहाँको उपस्थितिको आभास भने वायुमण्डलभरि व्याप्त छ ।

ठाउँठाउँमा गाडिएका त्रिशूलको छेउमा बसेर मान्छेहरू कोही पूजा गर्दैछन् कोही कोही ध्यान गर्दैछन् कोही पाठ गर्दैछन् । आआफ्नै शैलीले पूजामा निर्लिप्त देखिए सबै जना । म पुजारीको छेउ गएँ । एकछिन कुरा गर्ने मनशाय राखेपछि उनले आफ्नो जिम्मेवारी अर्कालाई दिएर मसित कुरा गर्न थाले । सुकमान तामाङ रहेछ यिनको नाम । कालिञ्चोक पल्लोपट्टिको गाउँका बासिन्दा रहेछन् । उनैले सुनाए यहाँ 'ब्राह्मण पुरोहित र तामाङ पुजारीले संयुक्त रूपमा पूजा गर्ने चलन छ' । नेपाली संस्कृतिको आफ्नै सुवास, आफ्नै सुगन्ध, आफ्नै प्रकारको विशिष्ट सामाजिक बन्धन । गुठीद्वारा सञ्चालित रहेछ मन्दिरको व्यवस्थापन । व्यवस्थापन समितिको वर्षेनी चुनाव हुने रहेछ । उनले पुजारीको दायित्व निभाएबापत मासिक पन्ध्र हजार पारिश्रमिक पाउँदा रहेछन् ।

एकजना ब्राह्मण मन्दिरको अर्कोपट्टिको थानमा बसेर संस्कृतका मन्त्र पढ्दै पूजा गराइरहेका छन् । म उनीसित पनि कुरा गर्न थालेँ । गणेशप्रसाद घिमिरे रहेछ उनको नाम । 'यो काली माताले आराधना गरेको ठाउँ भएकोले कालिञ्चोक नाम रहन गएको हो । समुद्र सतहबाट ३८४२ मिटर अग्लो छ यो चुली । ' सुनाए ती ब्राहमणले । फेरि बोले –'यो चुलीमा तीनओटा पानीका मूल छन् ती मूल तीनतिरबाट बग्दैबग्दै तामाकोशी, सुनकोशी र भोटेकोशीमा गएर मिसिन्छन्' ।

यो चुलीमा पूजा गर्न आएका मान्छेहरू पूजा मात्रै गरेर ओर्लिन्नन् । यहाँबाट देखिने हिमाली दृश्यहरूको दृश्यावलोकन नगरी फर्किन्नन् । पूजा आस्था हो भने हिमालको दर्शन त्यो आस्थाको शृङ्गार हो । गणेश हिमाल गणेश भगवान्जस्तै उज्यालिएका छन् । गौरीशङ्कर हिमालभरि भगवान् शङ्कर र माता गौरीको प्रणयगाथा पोखिएको छ । पल्तिरबाट जुगल हिमालले पनि आफ्नै सौन्दर्य पोखिरहेका छन् । वरिपरिका अनगन्ती हिमाली चुचुराले घेरेको कालिञ्चोक थुम्को थालमाथि राखिएको पिठोको डल्लोजस्तो लाग्यो । हातैले पनि टिप्न सकिएलाजस्ता लाग्छन् परपरका अग्लाअग्ला हिमालहरू । कालिञ्चोकको चुली वरिपरिको हरियो वनले आफ्नै शोभा पस्किरहेको छ । यति नजिकै हिमाली शृङ्खला अनि यति नजिकै हरियो वन । यस्तो दृश्य अन्यत्र कदाचित् भेटिएला । जति हेर्‍यो उति मोहक देखिन्छन् हिमाली चुचुराहरू ।

आँखाका हरेक हेराइमा कुतूहलताहरू फेरिफेरि थपिदै गए । कुतूहलताको चक्रव्यूहमा अल्झिदै गएँ म । यो कुतूहल केको हो? आफ्नै मनको, आफ्नै बुद्धिको वा आफ्नै कल्पनाको ? ध्यानस्थ भएर हिमालसित आँखा जुँधाउँदै छु म । र केलाउँदै छु कुतूहतलाको रङ् । कुन उत्सुकताले ल्याइपुर्‍यायो मलाई यहाँ ? र कुन एकाग्रताले ध्यानस्थ बनाइदिएको छ मलाई यस टाकुरामा ? उत्तरविहीन प्रश्नहरूको हुरी चलिरहेको छ मभित्र । म भने त्यही हुरीको एउटा छेउमा टोलाएर आफैलाई नियाली रहेको छु । बोलेर भन्न नसकिने, भनेर चिन्न नसकिने र चिनेर बोल्न नसकिने जिज्ञासु अनुभूतिले उचालिरहेको छ मलाई । विक्रम संवत् २०७९ साल कार्तिक ५ गते शनिवारको यो उज्यालो बिहानीमा ।

मान्छेको आउने जाने क्रम चलिरह्यो । टुप्पामा एकोहोरो चलिरहेको बतासले मान्छेलाई धेरै अडिन दिएको छैन । मलाई भने ओर्लिने अनुमति दिएको छैन मनको अविरल कुतूहलताले । आकाश खुल्दै गयो, भीड बढ्दै गयो । मेरो मनको उत्सुकता भने झन्झन् बढ्दै गयो ।

घण्टी बज्यो मेरो मोबाइलको । भङ्ग भयो एकाग्रता । कमल पाखरिनको रहेछ । 'सर ढिलो भयो फर्किनुपर्‍यो' हो त मैले उनलाई एक घण्टा मात्रै लगाउँछु भनेर ल्याएको हुँ । मैले ढिलो गर्दा उनको अन्य काममा बाधा पुग्छ । एकदिनमा पाँच

पटकसम्म चरिकोट–कुरी ओहोरदोहोर गर्छु भन्थे । सम्भिएँ उनको भनाइ । धीत नमरेको रहरलाई रहरै रहन दिएर ओर्लिएँ म कालिञ्चोकको थुम्कोबाट ।

'दाइ पदमचाल, शिलाजीत, ओखर, जडिबुटी लैजानु होस्' फेरि चिच्याउन थाले ओरालोका पसलबाट साहुनीहरू । मलाई त्यतापट्टि लाग्नु छैन । कालिञ्चोकमा बटुलिएका सम्भनाहरूलाई जस्ताको त्यस्तै लैजानु छ घरसम्म । अन्यत्र अलमलियो भने बिथोलिएलान् भनेर भरिरहैँ ओरालो । ओइलाउन दिनु भएन गौरीशङ्करको छायाँमा संगालेका यी सम्भनाहरू ।

थामिएको छैन मनको उत्सुकता यतिञ्जेल अनेकौं ठाउँ हेरेर पनि । हल्लिएको गाडीमा हिड्दा एकोहोरो हेरिह्यो भने आँखा दुख्छन् भन्ने कुरा थाहा नभएको हैन । घाँटीले त दुख्न थालेको संकेत गरिसकेको छ । तर म न त सक्छु ढुक्कसँग निदाउन, न सक्छु आँखा चिम्लेर उङ्न । जति शान्त हुन खोज्छु उति भन्भन् उर्लिन्छन् जिज्ञासा र कुतूहलहरू । एकोहोरो आँखामा ठोक्किइरहेका छन् पहाडी दृश्यहरू । मन र मस्तिष्कको हारालुछ भैरह्यो प्रकृतिसित सन्निकट हुने रहरको प्रतियोगिता जस्तो । चलिरह्यो द्वन्द्व यथार्थ र कल्पनाको ।

चरिकोट पुगुञ्जेल केही पनि बोल्न मन लागेन । 'सरले मन उतै कालिञ्चोकमैं छाडेर आउनुभयो कि क्या हो ?' कमलको बोलीले भस्कायो मलाई । कालिञ्चोकका दृश्यहरूको परावर्तन भैरह्यो चरिकोट पुगुन्जेल । खाना खाएर कमल पनि मसित छुट्टिए । म एकछिन आराम गरेर फेरि निस्किहालें चरिकोटको परिभ्रमणमा । चरिकोट बजारको मूल चोकबाट एकापट्टि चरिघ्याङ्को थुम्को छ भने अर्कोतिर मानेडाँडा । बौद्ध धर्मालम्बीहरूको घ्याङ भएको यस थुम्कोलाई कोट भन्दाभन्दै चरिघ्याङ्को नाम चरिकोटमा फेरिएको रहेछ । बजारबाट चरिघ्याङ्सम्म टमक्कै भरिएका छन् घरैघर । मानेडाँडा पुग्न भने चरिकोटभन्दा माथिपट्टिको वनभित्रभित्र हिड्नु पऱ्यो निकै । चरिघ्याङ्को थुम्कोमा पुगेपछि मात्रै छ्याङ्गै देखिए डाँडाहरू । मानेडाँडा उक्लिएपछि त हिमाल पनि देखिदारहेछन् । हिमालको दर्शन बिहानै गरिसकिएकोले म त एकोहोरो हेरिरहैँ दक्षिणपट्टिको शैलुङ्गेलाई । मानेडाँडा पुगेर आउन भने निकै समय लाग्यो । जति गाहारो भयो उकालो चढ्न उस्तै गाहारो भयो ओर्लिन पनि । मानेडाँडाबाट ओर्लेर होटेलमा आइपुग्दा भमक्क भैसकेको थियो चिसोचिसो साँभ ।

फेरि सम्भिएँ रातभरि उही गीत 'माथिमाथि शैलुङ्गेमा चौंरी डुलाउनेलाई' ।

चरिकोटको दोस्रो बिहान मैले छुट्ट्याएको छु भीमेश्वर दर्शनको लागि । बिहान भिसमिसेमैं लागें द्वाल्खातिर । चरिकोटबाट पाँच किलोमिटर जति टेम्पोमा कुदेपछि पुगियो द्वाल्खा । ठ्याक्कै चरिकोटभन्दा पल्तिरको पाखोमा रहेछ । भीमेश्वर मन्दिर भएको ठाउँको नाम हो द्वाल्खा ।

'नेवारी भाषाको नाम द्वाल्खालाई पर्वते जिब्रोले दोलखा उच्चारण गर्दागर्दा द्वाल्खा दोलखा हुन पुगेको हो' मन्दिरको सिढीमा बसेका एकजना ब्राह्मणले सुनाए । 'महाभारतकालीन पात्र भीमेसनले भगवान् विष्णु र शिवको संयुक्त उपासना गरेको रूपलाई भीमेश्वर भन्छन्' उनैले सुनाए । ढुङ्गाका खामा, ढुङ्गाका पटाङ्गिनी र ढुङ्गै ओछ्याइएका बाटा र ढुङ्गे सिढीले सुशोभित छ मन्दिरको सम्यक् परिवेश । मन्दिरभन्दा तलको बाटो र मन्दिरबाट उकालो लागेको बाटोमा पनि परैसम्म ओछ्याइका छन् ढुङ्गा ।

ढुङ्गाले बनेको यस मन्दिरको छत तामाको छ तर मूल मन्दिरको गर्भगृहको माथिपट्टि भने ह्वाङ्गै खुला देखियो । यस्तै छत नभएको मन्दिर स्याङ्जाको लसर्घामा देखेको थिएँ । भगवान्को विग्रहको माथिपट्टि खुलै राख्ने आफ्नै प्रकारको चलन यहाँ पनि रहेछ ।

दोलखाका भीमेश्वर भगवान्लाई पसिना आयो भने नेपालमा केही न केही उथलपुथल हुन्छ भन्ने प्रचलित भनाइ सम्झिएँ । मन्दिरको दर्शन र परिभ्रमण सकेर फर्किने बेला अर्का ब्राह्मणले भने– 'ऊ त्यो तलको त्रिपुरासुन्दरी मन्दिर पनि दर्शन गरिहाल्नुहोस्' । म उनले भनेकै बाटो हुँदै पल्तिरको पाखोमा ओर्लिन थालेँ ।

'ओहो ! यहाँ पनि वाराणसी ?' झस्किएँ म । तिरमिराए आँखा । वाराणसी तीर्थक्षेत्र प्रवेशद्वार लेखेको एउटा साइनबोर्ड देखियो बाटैमा । तर वाराणसी नै भनिहाल्नु पर्ने अरू कुरा भने केही देखिएनन् । त्रिपुरासुन्दरी मन्दिर देखियो त्यहीं निर । मन्दिरभन्दा पनि यो त पुरानो दरबारजस्तो लाग्यो । उक्लिएँ त्यतै । देवीको दर्शन गरेर ओर्लिएपछि लागियो वाराणसी तीर्थक्षेत्र खोज्न । त्यो त एउटा साइनबोर्डमा मात्रै सीमित रहेछ । बरू भेटियो चम्पूजा पार्क । हुन पुग्यो ढुङ्गा खोज्न गएको देवता भेटिएजस्तै ।

चम्पूजा पार्कबाट परपर देखिने दृश्यहरूले मनभरि आनन्दको वर्षा गर्न थाले । पार्कभित्रको वातावरण भने त्यति प्रीतिकर लागेन । हलक्क बढेका झ्याङ र झाडी, नउखेलिएको घाँस, अनि मनलाग्दी परारले बढिरहेका बोटबिरूवाका हाँगाबिंगाहरूले यसलाई पार्क भन्न दिएनन् । अलि परसम्म गएपछि भिरालोनिर एउटा ठूलो ढुङ्गो भेटियो । त्यसैमाथि चढेर हेरेँ चारैतिर । पारिपट्टिको सुनखानीको हरियो पाखोले मनलाई बाँधिरिह्यो निकै बेर । केही केटाकेटीहरू रमाएर फोटो खिच्दै छन् । मैले पनि एक जना बालिकालाई बोलाएर केही फोटो खिच्न लगाएँ । निमा तामाङ् रहेछ यिनको नाम । सुनसानीको हरिया पाखो र त्योभन्दा माथिको गौरीशङ्कर हिमाललाई पृष्ठभूमिमा पारेर खिचिदिइन् फोटो ।

फेरि फर्किएँ द्वाल्खा नै । अघि ओर्लिंदा त टाढा लागेको थिएन । तर चम्पूजा पार्कबाट टेम्पो चढ्ने ठाउँसम्मको उकालो चढ्दा एकछिन त पसिनै आयो । भीमेश्वरबाट फर्केपछि मैले खाना खाएर एम्बोरसिया होटेलका भाइहरू प्रेम तामाङ र प्रकाश उप्रेतीसित बिदा लिएँ । मसित बिदा हुन्जेल पनि उनीहरूले आफ्नो कर्त्तव्य बिर्सेका छैनन् । मलाई जिरीसम्म पुग्ने जीपको व्यवस्था गरिदिएका छन् । म पैसा तिरेर सेवा लिने ग्राहक भए पनि उनीहरूको सहयोगले अनुगृहित भै रहेँ ।

चरिकोटबाट बिदा लिएपछि मेरो यात्रा ओरालो लाग्यो । ठूलाचौर, धर्मघर, पिपलबोट, किरातीछाप हुँदै घुमाउरो बाटो तलतल गैरह्यो । मेरो मन भने उडेर माथिमाथि गौरीशङ्कर हिमालको छेउछाउतिर पुग्न लाग्यो । गौरीशङ्करको छायाँमा मनको शान्ति खोज्न थालेँ । तलतल खोंचमा थुप्रिएको सेतो बादलले हिमालको छायाँ परेको आभास गरायो । पहाडको पाखामा धान खेती र खोंचतिर हिमाल डुल्न आएको भान पारिरह्यो नागबेली बाटोले । बाटो घुम्दैघुम्दै तामाकोशीको किनारमा पुग्यो । तामाकोशीको पुल तरेपछि रामेछाप जाने बाटो दाहिने लाग्यो । जिरी जाने बाटो सालघारीको उकालो चढ्न थाल्यो । बाटोमा कुस्ती, बैतेश्वर, नाम्दु, गैरीमुदी, मिर्गे नामका गाउँहरू आइरहे । गैरीमुदी पुगेपछि त्यतै अलमलियो एकछिन मेरो मन । उज्यालो पहाडी पाखोमा थपक्क बसेको यस गाउँले मलाई शेषराज शिवाकोटीज्यूको सम्झना दिलायो । न्यायाधीशको रूपमा काम गर्नु भएका शिवाकोटीज्यू साहित्यको परिचित नाम हो । उहाँका वंशजरा यही गाउँमा पलाएका हुन् र ती झाङ्गिएर यहाँबाट अमेरिकासम्म पुगिसकेका छन् । उहाँद्वारा प्रकाशित कानून र ज्ञानगुन नामका पत्रिकाको आफ्नै परिचय छ । उहाँ उच्च अदालतको न्यायाधीशको रूपमा नेपालगन्जमा कार्यरत हुँदा मैले मेरो पुस्तक 'गजल सञ्चेतना सन्निधि' को विमोचन उहाँका बाहुलीबाट गराउने अवसर पाएको थिएँ । सम्झिरहेँ उहाँलाई मैनापोखरी नपुगुञ्जेलसम्म ।

आज भेटिएका छन् रामकुमार घिसिङ् नाम गरेका हँसिला ड्राइभर । भीमबहादुर तामाङको जिल्ला भनेर चिनिएको दोलखामा जहाँ पुगे पनि तामाङहरूसित भेट भैरह्यो । अँस्ति काठमाडौंबाट आउँदा पाल्देन तामाङले चलाएका थिए गाडी । हिजो कालिञ्चोक दर्शन गर्न कमल पाखरिनको गाडीमा गइयो । पूजा गराइदिए सुकमान तामाङले । होटलमा पाएँ प्रेम तामाङको सत्कार । चम्पुजा पार्कमा फोटो खिचिदिएकी थिइन् नीमा तामाङले । आज जिरी घुमाउन लादैछन् रामकुमार तामाङले । 'सरलाई के ढाट्नु? मेरो खास नाम त अकबीर हो, बाहिर बोलाउन सजिलो हुन्छ भनेर रामकुमार राखेको हुँ आफैले' बाटोमा सुनाएका थिए उनले । यिनको संगतले तामाङ भाषाका दुईओटा अभिवादन पनि सिकिसकेको

छु मैले – लासो र फ्याफुल्ला । तामाङ्का थरहरू पनि कण्ठै गराइसके मलाई । तामाङ समुदायका एघारओटा थर रहेछन् 'घिसिङ, पाखरिन, बमजन, लोप्चन, गोले, घले, ग्यालन, नेगी, ब्लोन, घलान र थोकर' । मैनापोखरीको उकालो काटेर खावा भञ्ज्याङ पार गदैगर्दा उनले जिस्क्याउँदै भने – 'सर ! शेर्पाहरूको अभिवादन तासेधेले पनि सम्झिराख्नुहोस् जिरीमा काम लाग्छ' ।

खावाँको डाँडा र हाटडाँडा काटेर कलङ पुगेपछि जिरीको रहरिलो दृश्य पर्‍यो आँखामा । ५५ किलोमिटर बाटो काटेर पुगियो चरिकोटबाट जिरी । पहाडी सौन्दर्यका अनेक रङ देखिए दोलखा जिल्लामा । के के देखिने हुन् फेरि यो जिरीमा? उत्सुकतामाथि उत्सुकता थपिदै छन् ।

जिरीखोलाको काखमा वारिपारि कुचुमुच्च भएर बसेको रहेछ जिरीको बजार । उत्तर, पूर्व र पश्चिमतिरबाट पहाडले घेरिएको सानो कटौराजस्तो । दक्षिणतिरको पहाड भने अलि परै छ । कोप्चो परे पनि उज्यालो रहेछ ठाउँ । खाल्डो भनौं या उपत्यका भनौं म अलमलमा परेँ । मानेडाँडा पनि दुईटा रहेछन् । चरिकोटमा पनि थियो, जिरीमा पनि रहेछ ।

रामबहादुर घिसिङ् मलाई बजारको माझैमा ओरालेर फर्किहाले । एक्लै भएँ म अब जिरीमा । दिनभरि आकाशबाट उज्यालो छरिरहेका म एक्लो घुमन्तेका साथि सूर्य पनि पश्चिमतिरको पहाडले छेलिदैछेलिदै कता हराए कता । हिमाली चुचुराहरूलाई छोएर आएको चिसो सिरेटो मलाई जिस्क्याउन थाल्यो । अब त वास नखोजी भएन । यत्रो ठूलो जिरीको बजारमा यो नेपालगन्जको गिरीलाई एक रातको लागि बास कसो नमिल्ला र ?

ooo


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# धार्मिक तथा ऐतिहासिक क्षेत्र रेसुङ्गाको पर्यटकीय महत्त्व

✍ **हीरा ए.सी.**
**इस्मा-६, अमरपुर, गुल्मी**

## १. रेसुङ्गाको परिचय

रेसुङ्गा नेपालको मध्यपहाडी भागमा पर्ने धार्मिक तथा पर्यटकीय स्थलका रूपमा प्रख्यात स्थान हो । यो क्षेत्र लुम्बिनी प्रदेशअन्तर्गत पर्ने गुल्मी जिल्लाको सदरमुकामसँगै रहेको छ ।"२००८ सालसम्म गुल्मी पाल्पाकै प्रशासनबाट सञ्चालित थियो । वि.सं. २००९ सालमा गुल्मी र अर्घाखाँचीलाई जोडेर छुट्टै एक जिल्ला बनाइएको थियो । वि.सं. २०१९ सालमा अघाखाँची छुट्टै जिल्ला मानियो ।" (सुवेदी, वि.स. २०५५, पृ.११) यो जिल्ला मध्यकालका चौबीसी राज्यहरूमध्ये गुल्मी, इस्मा, मुसिकोट र धुर्कोट राज्य मिलेर बनेको हो । यस जिल्लामा हरियालीमय मनोरम पर्वतशृङ्खला, नदी, लेकबेंसी, गुफा, ऐतिहासिक दरबारहरू, धार्मिक मठमन्दिर र तीर्थस्थलहरू रहेका छन् । यहाँ रेसुङ्गासहित रुरुक्षेत्र, कङ्के - देउराली, धुर्कोट कालिका, शृङ्गा, रुद्रवेणी, कुर्घामालिका, तम्घासस्थान, विचित्र गुफालगायतका धार्मिक ऐतिहासक स्थलहरू छन् । यी मध्ये रुरुक्षेत्र र रेसुङ्गा सर्वाधिक महत्त्वका धर्मक्षेत्र हुन् ।" रुरुक्षेत्र र रेसुङ्गा एउटै पहाडका दुई अङ्ग हुन् । रेसुङ्गा शिरस्थान हो भने रूरूक्षेत्र पादस्थान हो ।" (पन्थी, वि.सं. २०६० पृ. ३४)

प्रायः बादलले ढाकेर सेतो पगरी लगाएजस्तो देखिने रेसुङ्गा शिखरको उचाइ समुद्र सतहबाट २३४७ मिटर रहेको छ । उच्च क्षेत्र हुनाले यहाँको हावापानी प्रायः शीतल हुनेगर्छ । हिउँदमा उच्च भागतिर कहिलेकाहीँ हिउँ पर्छ । घना जंगलले ढाकिएको र सदाबहार हरियाली हुने यहाँको वातावरण गर्मीयाममा अझ बढी मनोरम र अनुकूल हुन्छ ।"गुल्मी जिल्लाको केन्द्रबिन्दुमा रहेको तपोभूमि रेसुङ्गा प्रख्यात महाभारत पर्वत हो । रेसुङ्गाको महावन वरिपरिका बस्तीहरू सबै रेसुङ्गा क्षेत्र हो ।" (पन्थी, वि.सं. २०७६ पृ. ३) प्राकृतिक सौन्दर्यले भरिपूर्ण, युगौंदेखि जनताको श्रद्धा, विश्वास र आस्थाको केन्द्र रेसुङ्गा पवित्र धार्मिकस्थल, तपोभूमि र मनोरम पर्यटकीय क्षेत्रका रूपमा परिचित छ । कवि लक्ष्मण रिजालले महाकाव्यमा रेसुङ्गालाई महाधाम र प्राकृतिक चिडियाखाना भनेका छन् । जैविक विविधताको दृष्टिले पनि रेसुङ्गा निकै महत्त्वपूर्ण छ । "रेसुङ्गा क्षेत्रमा १६४ भन्दा बढी प्रकारका वनस्पति, २८ भन्दा बढी किसिमका जनावर, २२८ प्रजातिका चराचुरुङ्गीहरू पाइन्छन् । " (कुँवर, वि.स.२०७६ पृ. ४४)

त्यसैगरी २०६१ सालमा जिल्ला वन कार्यालयले प्रकाशित गरेको बुलेटिनमा रेसुङ्गाको वनमा खोटेसल्ला, बाँझ, खर्सू, लालीगुराँस, ओखरलगायत ६८ प्रजातिका बिरूवा, ३४ प्रजातिका झाडी, ४६ प्रजातिका रुख र १६ प्रजातिका लहराहरू पाइन्छन् । त्यसैगरी यहाँ टिमुर, कुरिलो, सुगन्धकोकिला, चिराइतो, पाषाणभेद, नूनढिकी, कन्टकारी, जटामसीलगायत सयौं जीवनोपयोगी जडीबूटीहरू पाइन्छन् । रेसुङ्गाको जंगलमा घोरल, बँदेल, न्याउली, मृग, चितुवा आदि जनावर र काग, ढुकुर, सुगा, कालिज, गिद्ध, कोइलीलगायत २३० प्रजातिका पक्षीहरू पाइन्छन् । नेपालको ललितपुरमा मात्र पाइने काँडेभ्याकुर र लोपोन्मुख गिद्धसमेत यस क्षेत्रमा पाइएको छ । झण्डै ३५० पानीका मुहान रहेको रेसुङ्गाले यस आसपासको ठूलो जनसंख्यालाई खानेपानी सुविधा दिएको छ भने सयौं हेक्टर जमिन सिंचित गरेको छ । रेसुङ्गाक्षेत्र भन्नाले सबै वनक्षेत्र, आश्रम, धर्मक्षेत्र, मठमन्दिर, पाटीपौवा, यज्ञशाला, धर्मशाला, एवं भग्नावशेषहरू बुझिन्छन् ।

## २. धार्मिक महत्त्व

प्राचीनकालदेखि रेसुङ्गालाई महत्त्वपूर्ण धार्मिक स्थल र सिद्धाश्रमका रूपमा मानिंदै र पूजिँदै आएको छ । "रेसुङ्गा त्रेताकालदेखि नै पवित्र तपोभूमि रहँदै आएको छ । प्राचीनकालमा महर्षि भृगुका आश्रमहरू, तपोभूमिका अनेक स्थानहरू छन् ।" (पन्थी, वि.स. २०४२ पृ. १०१) विद्वान्हरूका अनुसार यहाँको सिद्धस्थान सर्वप्राचीन हो । वाल्मीकीय रामायणमा वर्णित सिद्धाश्रम मध्येको एउटा रेसुङ्गा हो । महर्षि कश्यप, भृगु, पुलह, पुलस्त्य आदिले तप गरेको र भगवान् विष्णुले वामन अवतार ग्रहण गरेको सिद्धाचल रेसुङ्गा हो । पवित्र श्रीकृष्ण गण्डकीको दाहिने भागमा रेसुङ्गा अवस्थित छ । यो क्षेत्र शालिग्राम क्षेत्रकै एउटा खण्ड हो । त्रेता युगमा महर्षि ऋष्यशृङ्ग यहाँ आएर तपस्या गरेको र उनैको नामबाट अपभ्रंश भई ऋष्यशृङ्ग - रिस्सशृङ्ग - रिस्सिङ्ग - रिसिङ्ग - रिसुङ्ग - रिसुङ्गा हुँदै रेसुङ्गा बनेको टीकाराम पन्थीले उल्लेख गर्नुभएको छ । रेसुङ्गासँग ऋष्यशृङ्ग ऋषिको सम्बन्धले यस क्षेत्रको पौराणिक महत्त्व दर्शाउनुको साथै धार्मिक आस्था बलियो बनाएको देखिन्छ । टीकाराम पन्थीका अनुसार ऋष्यशृङ्ग ऋषिको आचार्यत्वमा सम्पन्न पुत्रेष्टि महायज्ञबाट अयोध्याका राजा दशरथलाई राम, लक्ष्मण, भरत र शत्रुघ्नजस्ता चार पुत्रलाभ भएको सन्दर्भ वाल्मिकीय रामायणमा उल्लिखित छ । यसरी पौराणिक कालदेखि यो क्षेत्र प्रख्यात तपोभूमिका रूपमा रहँदै आएको देखिन्छ ।

यसैक्रममा आधुनिक कालका स्वामी शशिधर (१८०४ अर्घाखाँची)ले रेसुङ्गामा आफ्नो योगसाधना र तपस्याद्वारा सिद्धि प्राप्त गरेका थिए । बलीप्रथा, कर्मकाण्ड र जातिभेदविरूद्ध जागरण फैलाउने स्वामी शशिधर वेदान्तका प्रकाण्ड विद्वान् तथा विलक्षण योगसाधक थिए । शशिधर स्वामीपछि उनका छोरा महाप्रभु

लक्ष्मीनारायणले पोखरी बनाउने, मन्दिर बनाउने, रेसुङ्गालाई गोबिर्ता बनाउने, पूजाको लागि गुठी राख्ने आदि महत्त्वपूर्ण काम गरे । परशुराम पन्थीका अनुसार त्यसपछि केही समय सामान्य अवस्थामा चलेको रेसुङ्गामा वि.स. १९८३ पछि प्रभु यदुकानन्द आई ठूल्ठूला यज्ञहरू गरे । उनले नै तामाले छाएको यज्ञशाला र राधाकृष्णको मन्दिर बनाए । नित्य वेदपाठ चलाए, अठार पुराणको पाठपारायण, कथाप्रवचन गराए । वि.स. २०२१ सालमा यदुकानन्दले रेसुङ्गा छोडेपछि पनि कुनै न कुनै साधु सन्तले रेसुङ्गा छोडेनन् ।"त्यसपछि शशिधर स्वामीका कान्छा भाइ बुद्धिरामका पनाति अर्घाखाँची किमडाँडा निवासी धनन्जय मरासिनी, जो यदुकानन्दको घृतधारा यज्ञमा सुरे ब्राह्मण थिए, वि सं २०३५ सालदेखि यदुकानन्दको गुफामा बसे ।" (पन्थी, वि.स.२०४२ पृ. ६४) उनले ४ वर्षसम्म वैदिक र पौराणिक यज्ञ चलाए ।

वि.स. २०४२ सालको जेठ महिनामा योगी नरहरिनाथको योजकत्वमा कोटिहोम यज्ञ सञ्चालित भयो । शशि पन्थीका अनुसार उक्त यज्ञबाट रेसुङ्गाको कीर्ति चारैतिर पुनः फैलियो । त्यसयता रेसुङ्गामा नियमित पूजापाठ गरिँदै आएको छ । सुरेश भुसालका अनुसार यहाँको पूजाआजा व्यवस्थापन, विकास र संरक्षणमा पहल गर्न जनस्तरबाट २०४२ सालमा बनेको रेसुङ्गा संरक्षण समिति अहिले पनि क्रियाशील छ । वि.स.२०६० आषाढमा पण्डित नारायणप्रसाद पोखरेलको प्रमुख आचार्यत्वमा महायज्ञ सम्पन्न भयो । सो यज्ञबाट उठेको सहयोगले केही मठमन्दिर, धर्मशालाहरू निर्माण भए । यस क्षेत्रमा नियमित पूजाआजा, यज्ञयागादि सञ्चालन हुनुका साथै विभिन्न मेलामहोत्सवहरू पनि लाग्ने गर्दछन् । यज्ञप्रसाद गौतमका अनुसार रेसुङ्गामा साउनभरि मेला लाग्दछ, सिद्धको पूजा हुन्छ, हजारौं भक्तजनको घुइँचो लाग्दछ । हरिबोधनी र हरिशयनी एकादशीमा यहाँ विशेष मेला लाग्दछ, देउसीभैलो खेलिन्छ र महापोखरीमा स्नान गरी पूजाआजा गरिन्छ । गोपूजा औंसीका दिन चौतारा गोशालामा गोपूजक भक्तजनहरूको भीड लाग्छ । रेसुङ्गा पोखरी (सिद्धसरोवर) मा स्नान गरी श्रावणमासमा रेसुङ्गा सिद्धको पूजा गरेमा मान्छेका मनोरथ पूरा हुन्छन् भन्ने जनविश्वास छ । यसरी धार्मिक, सांस्कृतिक हिसाबले पौराणिक कालदेखि आजसम्म पनि रेसुङ्गा अति महत्त्वपूर्ण क्षेत्रको रूपमा रहिआएको छ ।

## ३. ऐतिहासिक सन्दर्भ

धार्मिक पौराणिक हिसाबले मात्र होइन रेसुङ्गा ऐतिहासिक हिसाबले पनि महत्त्वपूर्ण स्थान हो भन्ने कुरा विभिन्न ऐतिहासिक दस्तावेज, लालमोहर, सनद, सवाल आदिले पुष्टि गर्दछन् ।"रेसुङ्गाको बयान केबल पुराण र जनश्रुतिहरूले मात्र गरेका छैनन् । यहाँका मठ, मन्दिर, यज्ञशाला, पोखरी, भग्नावशेष, चौतारा, थरी सबै ऐतिहासिक साक्षी र प्रमाण हुन् । रेसुङ्गासित सम्बद्ध सनद, धर्मपत्र,

लालमोहर, लिखित रचना, संस्मरण आदिले पनि यहाँको इतिहास बुझ्न सघाएका छन् ।" (पन्थी, वि.स.२०७६, पृ.७) रेसुङ्गामा योगसाधना गरेका शशिधर स्वामी बडामहाराज पृथ्वीनारायण शाहका सल्लाहकार र राजदूतसमेत थिए ।" शशिधर कस्ता विद्वान् थिए, कस्ता नीतिज्ञ थिए भन्ने विषयमा उनका नाउँमा पृथ्वीनारायण शाहबाट प्राप्त लालमोहर, तम्रपत्र, बिर्तापत्रहरू छन् । उनलाई उत्तरपट्टि ल्हासा, दक्षिणपट्टि कलकत्ता, पटना, काशी र दिल्लीका राजदूतको रूपमा काममा लगाइएको थियो ।" (योगी नरहरिनाथको अन्तर्वार्ता वि.सं.२०५५ पृ.१२) ।" स्वामी शशिधरको सबै जातजातिलाई समान दृष्टिले हेर्ने र तदनुकूल व्यवहार गर्ने विचारबाट प्रेरित भएर नै पृथ्वीनारायण शाहले नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो भन्ने नीति अघि सारेको हुनुपर्दछ ।" (ज्ञवाली, श्रेष्ठ र पोखरेल, वि.स.२०५३, पृ.४)

वि.सं. १८३१ मा पृथ्वीनारायणको देहवसानपछि स्वामी शशिधर रेसुङ्गामा आई बस्न थाले र पश्चिम नेपालको एकीकरण गर्न मद्दत पुर्‍याए । त्यतिबेला नेपालको राजनैतिक तथा सामरिक केन्द्र काठमाडौं भए पनि विचारको केन्द्र रेसुङ्गा थियो । दरबारका भाइभारदारहरू शिक्षादीक्षा लिन रेसुङ्गामा आउँथे । श्री ५ रणबहादुर शाह स्वामी शशिधरको जोसमनि सन्त विचारधाराबाट प्रभावित भई निर्वाणानन्द स्वामीको रूपमा जोगी बनेका थिए ।"नेपालको राजनीतिमा अहम् भूमिका खेल्ने श्री ५ बडामहारानी राजराजेश्वरीको माइती यसै रेसुङ्गाको काखमा रहेको गुल्मीदरबारमा थियो र विवाह गराउने भूमिका शशिधर स्वामीले खेलेका थिए । भीमसेन थापाका भाई कर्णेल रणवीरसिंह थापा यहीँ १२ वर्षसम्म बसी विद्याध्ययन गरेका थिए ।" (ज्ञवाली, श्रेष्ठ र पोखरेल, वि.सं.२०५३ पृ. ४) ।"श्री ५ रणबहादुर शाह र श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई पनि शशिधरले निकै प्रभावमा पारेका थिए ।" (पन्थी, वि.स.२०३३ पृ. १६) शशिधरपछि उनका छोरा महाप्रभु लक्ष्मीनारायणले रेसुङ्गामा तपस्या गरे । राणा प्रधानमन्त्री जंगबहादुर लक्ष्मीनारायणका भक्त थिए ।"जंगबहादुर राणा स्वामीका चेला बनेका थिए भने उनका छोरा ललितजंग ठाडामा जर्नेल भएको बेलामा उनले लक्ष्मीनारायणलाई महाप्रभुको उपाधि दिलाएका थिए ।" (ज्ञवाली, वि.स.२०६२, पृ. ७) । ललितजंगले महाप्रभुको निधनपछि उनको स्मृतिमा समाधिस्थल र मन्दिरहरू निर्माण गरिदिएका थिए ।

वि.सं. १९८३ मा काठमाडौं कालीमाटीका यदुकानन्द रेसुङ्गामा आई तपस्या गर्न थाले । जुद्धशमशेर बिरामी भएको बखत उनले रेसुङ्गाबाट पठाइदिएको औषधिले निको भएपछि जुद्धशमशेर यदुकानन्दसित प्रभावित थिए । अझ यदुकानन्दले तोकेकै दिन १९८९ भाद्र १७ गते जुद्धशमशेर श्री ३ महाराज बनेपछि त उनी यदुकानन्दको शक्तिबाट चौपट्टै प्रभावित भए । "जुद्धशमशेर प्रधानमन्त्री भएपछि

रेसुङ्गा तपोभूमिको टापुमा दोस्रो सिंहदरबार बन्यो । त्यहाँ भण्डार घर बन्यो, भक्तिनी घर, ब्राह्मण घर, गोशाला, यज्ञशाला र प्रभुको भव्य गादी तयार पारिए ।" (पन्थी, वि.सं. २०६८ पृ. २८) जुद्धशमशेरले यज्ञ संचालनको लागि आसपासका २४ गाउँको तिरो रेसुङ्गालाई दिने व्यवस्था गरे । तर राणाशासनको पतनपछि रेसुङ्गाको चहलपहल हरायो । राज्यकोषबाट आउने सहयोग कटौती भयो । उल्टो हिसाब खोज्ने कुरा भएपछि यदुकानन्दले आश्रमका सारा घरहरू, आफू बस्ने गादीसमेतमा २०११ सालमा आगो लगाए । वि सं २०१६ सालमा राजा महेन्द्र र प्रधानमन्त्री विपी कोइराला तम्घास आएका बखत विपी रेसुङ्गा जाँदा यदुकानन्दले नाङ्गै भएर विक्षिप्त रूप प्रदर्शन गरेका थिए । यसरी राणाकालसम्म राजनीतिक र वैचारिक केन्द्रको रूपमा स्थापित रेसुङ्गा अहिले धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्रको रूपमा सुपरिचित छ ।

## ४. पर्यटकीय महत्त्व

धार्मिक आस्था जोडिएको रेसुङ्गाक्षेत्र सांस्कृतिक सम्पदा, जैविक विविधता र प्राकृतिक सौन्दर्यले पनि उच्च पर्यटकीय संभावना बोकेको क्षेत्र हो । यो क्षेत्र पर्यटनका साथै विविध संस्कृतिबाट मनोरञ्जन लिन र हिमालदेखि तराइसम्मको दृश्यावलोकन गर्न पाइने विरलै ठाउँमध्ये पर्दछ ।" भनिन्छ, स्वच्छ मौसम भएका समयमा रेसुङ्गाबाट गोरखपुर, उत्तरतिर धवलागिरि हिमाल र पूर्वतर्फ काठमाडौं उपत्यकासमेत देखिन्छ । त्यस ठाउँमा हरिशयनी एकादशी र हरिबोधनी एकादशीमा विशाल मेला लाग्दछ ।" (सुवेदी, वि.सं. २०५५, पृ. २) रेसुङ्गामा थुप्रै धार्मिक तथा ऐतिहासिक स्थलहरू छन् । रेसुङ्गाको शिरमा सिद्धस्थान छ । यहाँ दैनिक सिद्धको पूजा हुन्छ । रेसुङ्गाको सबभन्दा अग्लो चुचुरामा विष्णुपादुका छ । जुन स्वामी शशिधरको समाधिस्थलमा महाप्रभु लक्ष्मीनारायणले बनाएका थिए । लक्ष्मीनारायणको मृत्युपछि उनको अन्त्येष्टिस्थलमा ललितजंगले बनाएको शिवालय छ । रेसुङ्गाको प्रमुख आकर्षण महापोखरी हो । यसमा श्रावण महिनाभर, हरिशयनी तथा हरिबोधनी एकादशीमा ठूलो मेला लाग्ने गर्दछ । महापोखरीबाट उत्तरपूर्वमा स्वामी शशिधरलगायतका साधुसन्तहरूले तपस्या गरेको गुफाफूलबारीको भग्नावशेष छ । त्यसैगरी यदुकानन्दद्वारा निर्मित तामाको छाना रहेको प्यागोडा शैलीको यज्ञशाला, ऋष्यशृङ्गको आश्रम भनेर विश्वास गरिने सानो रेसुङ्गा, गरुडस्थान, रामकुवा, मैरा, गोशाला, साउने क्षेत्रलगायत थुप्रै धार्मिक तथा ऐतिहासिक स्थलहरू रेसुङ्गामा अद्यापि छन् ।

रेसुङ्गाको वरपर पनि महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरू रहेका छन् । प्रसिद्ध चारधाममध्येको रुरुक्षेत्र रेसुङ्गाबाट ४० कि.मि.को दूरीमा छ । त्यहाँ शालिग्रामको लागि विश्वप्रसिद्ध कालीगण्डकी नदीमा स्नानादि कर्म गरेर वरपर रहेका रूद्रवेणी आश्रम, श्रृंगा, सत्यवती, थाप्लेको लेकलगायतका स्थलहरू घुम्न

सकिन्छ । रेसुङ्गाबाट करिब आठ कि.मि.को दूरीमा रहेको, नेपाली वीरांगना राजराजेश्वरीको जन्मभूमि ऐतिहासिक गुल्मी राज्यको दरबार रहेको छ भने धुर्कोट, इस्मा र मुसिकोट राज्यका दरबारहरू पनि यसको वरपर छन् । जहाँ पुगेर ऐतिहासिक चौबिसी राज्य मध्येका चार राज्यको अध्ययन अन्वेषण गर्न सकिनेछ । तम्घास स्थान, कुर्घामालिकालगायतका मन्दिरहरू र विचित्रगुफा, कंकेदेउराली, टिमुरेतालजस्ता पर्यटकीय स्थलहरू पनि यहीँ छन् । त्यसैगरी नेपालकै पहिलो कफी खेती गरिएको स्थान आँपचौर रेसुङ्गाबाट नजिकै छ । रेसुङ्गाबाट फर्कदा गुल्मीको अर्गानिक कफी, सुन्तला, गुँड, खुदोलगायतका स्थानीय उत्पादनहरू साथै लिएर जान सकिन्छ । दशैंको अवसरमा आउँदा गुल्मीको मौलिक संस्कृतिको रूपमा रहेको सराँय नाच हेर्न पाइन्छ । यस क्षेत्रमा देउसी, भैलो, घाँटु, सोरठी, सालैजो, लाखे, रोपाईजात्रा, भजनकीर्तन, ठाडो भाका, झ्याउरे, वाली जस्ता मौलिक संस्कृतिहरू प्रचलनमा छन् ।

## ५. पर्यटकीय सम्भावना

रेसुङ्गा आफैमा प्राकृतिक भ्यूटावर जस्तो छ । यहाँबाट धौलागिरिदेखि मनास्लुसम्मको हिमश्रृंखला, नौ जिल्लाको दृश्यावलोकन, सूर्योदय र सूर्यास्त अवलोकन गर्न सकिन्छ । देशविदेशमा रहेका जोसमनि सम्प्रदायका अनुयायीहरूको लागि रेसुङ्गा महत्त्वपूर्ण स्थल हो । जहाँ मूर्तिपूजा र जातिभेदविरोधी तथा उदारतावादी सन्त शशिधरले तपस्या गरेका थिए । रेसुङ्गा हिमालदेखि तराइसम्मको दृश्यावलोकन गर्न, जैविक विविधताको अध्ययन एवं ध्यान तथा योगसाधनाको लागि पनि उपयुक्त स्थान मानिन्छ । यहाँ आउनको लागि चौडा र पक्की सडकहरू निर्माण भइरहेका छन् । तम्घास बजारमा राम्रा र सुविधासम्पन्न होटल, रिसोर्टहरू खुलेका छन् । रेसुङ्गाको महापोखरी नजिकै पनि स्तरीय होटल सञ्चालनमा आएकोले यहाँ आउने पर्यटकहरूको लागि आवासको राम्रो सुविधा छ । यसैगरी धर्मसंस्कृतिका अध्येता र धार्मिक भक्तजनहरूको लागि पनि रेसुङ्गा पवित्र गन्तव्य हो । यहाँका मठ, मन्दिर, आश्रम, धर्मक्षेत्र, सुन्दर प्रकृति, शितलता, पौराणिकता र ऐतिहासिकताको प्रचार गर्न सकेमा रेसुङ्गा देशका मुख्य पर्यटकीय गन्तव्यमा पर्न सक्ने देखिन्छ ।

यस हिसाबले हेर्दा रेसुङ्गामा धार्मिक पर्यटनको सम्भावना सर्वाधिक छ । यसका लागि गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट रेसुङ्गा हुँदै बाग्लुङ कालिका मन्दिर र मुक्तिनाथसम्मको यात्रा गराउन सकिन्छ । अर्को देवघाट रानीमहल रिडी हुँदै रेसुङ्गा आई ढोरपाटन र प्यूठानको स्वर्गद्वारीसम्मको धार्मिक यात्रा बनाउन सकिन्छ । यसका साथै बुटवलको सिद्धबाबा, पाल्पाको खड्गभगवती, भैरवस्थान, पवित्र तीर्थस्थल रुरुक्षेत्र हुँदै रेसुङ्गा, अर्घाखाँचीको उलुकछत्र, सुपादेउराली, कपिलवस्तुको तिलौराकोट र लुम्बिनीसम्मको यात्रा गराउन सकिन्छ । त्यसैगरी

रुरुक्षेत्रबाट शृङ्गा, गुल्मीदरबार, रेसुङ्गा, उलुकछत्र, सुपादेउराली, तिलौराकोट हुँदै लुम्बिनीसम्मको ट्रेकिङ्ग रूट उपयुक्त हुनसक्छ । सुपादेउराली, उलुकछत्र, रेसुङ्गा, शालिमेदह, बाग्लुङकालिका हुँदै पोखरा वा मुक्तिनाथसम्मको अर्को ट्रेकिङ्ग रूट बनाएर पनि धार्मिक ऐतिहासिक स्थलको घुमघाम गर्न सकिन्छ । तम्घासबाट रेसुङ्गासम्मको हाइकिङ्ग निकै रोमाञ्चक छ । यसको प्रयोग तम्घास र यसवरपरका थुप्रै घुमघाममा रूचि राख्नेहरूले गरिरहेकै कुरा हो । रेसुङ्गाक्षेत्र पर्यापर्यटन (इकोटुरिज्म) को लागि पनि महत्त्वपूर्ण छ । रेसुङ्गा शालिमेदह ढोरपाटन हुँदै मर्भुङ्ग मालिका गरी चार पहाडी र उच्चपहाडी क्षेत्रको वातावरणीय तथा जैविक अध्ययन गर्न सकिन्छ । त्यसैगरी सालभ्कण्डी रेसुङ्गा ढोरपाटन मदानेसम्मको क्षेत्रलाई इकोटुरिज्मको रूपमा विकास गर्दा तराइ, पहाड र हिमालसम्मको भ्रमण छोटो समयमै गर्न सकिने देखिन्छ । यहाँको बडीगाड नदीमा र्‍याफ्टिङ्गको प्रचुर सम्भावना छ । यसअघि जिल्लाको मुसिकोट नगरपालिकाले यसको परीक्षण पनि गरिसकेको छ । रेसुङ्गाक्षेत्रलाई प्याराग्लाइडिङ्ग गर्ने क्षेत्रको रूपमा पनि विकास गर्न सकिन्छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि जोखिममा परेको प्याराग्लाइडिङ्ग रेसुङ्गा क्षेत्रबाट गर्न सक्दा उत्तम विकल्प बन्नसक्छ । साथै तम्घास खानीगाउँबाट सिधै रेसुङ्गाको चुचुरोमा पुग्ने गरी रक क्लाइम्बिङ्ग अनि रेसुङ्गा वरपर बन्जिजम्पिङ्ग, जीपलाइनलगायतका पर्यटनका नयाँ क्षेत्रहरूको विकास गर्न सक्दा पनि रेसुङ्गाको पर्यटकीय सम्भावना अझ प्रबल बन्ने देखिन्छ ।

## ६. पर्यटन विकासको लागि भएका पहल

रेसुङ्गाको संरक्षण र विकासको लागि समुदायस्तरबाट महत्त्वपूर्ण काम भएका छन् । यसक्रममा २०४२ सालमा गठित रेसुङ्गा संरक्षण समितिको योगदान उल्लेख्य छ । सुरेश भुसालका अनुसार यस समितिको पहलमा आवश्यक स्रोतसाधन जुटाउने, नियमित पूजाआजा सञ्चालन, धार्मिक तथा सांस्कृतिक मेलामहोत्सवहरूको आयोजना, जनपरिचालन गर्ने जस्ता कामहरू भइरहेको छ । त्यसैगरी २०६३ सालमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत "रुरुरेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति" गठन भयो । नरेश भण्डारीका अनुसार उक्त समिति गठन भएपछि सरकारी लगानीमा वृद्धि भई रेसुङ्गासम्मको सडक विस्तार गर्ने, विभिन्न मठमन्दिरहरूको निर्माण पुनःनिर्माण गर्ने, अतिथिगृह, प्रतीक्षालय आदि बनाउने, प्रचार-प्रसारका कार्यक्रमहरू आयोजना गर्ने काम भएको छ । २०७४ सालमा यो समिति विघटन भएपछि पनि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूले यहाँको विकासका लागि आवश्यक बजेट विनियोजन गर्दै आएका छन् । यसैक्रममा गर्जुरामा नेपाल सरकार र रेसुङ्गा नगरपालिकाको गरी रू. सात करोडको

लगानीमा सुन्दर पार्कको निर्माण भइरहेको छ । यहाँका मठ, मन्दिर, धर्मशाला, अतिथिगृह आदि संरचनाहरू सरकारी लगानीमा बन्दैगरेका छन् । यसरी सरकार, स्थानीय समुदाय, सामाजिक तथा गैरसरकारी संघसंस्था र निजीक्षेत्रले पनि रेसुङ्गाको संरक्षण र पर्यटन विकासमा सहयोग पुस्याउँदै आइरहेका छन् ।

## ७. रेसुङ्गामा पर्यटकीय पहुँच

निकट भविष्यमा नियमित उडान भर्न लागेको रेसुङ्गा विमानस्थलको सञ्चालनपछि काठमाडौंबाट ४५ मिनटको हवाइ यातायातमा तम्घास पुगिन्छ । सडक यातायातको प्रयोग गर्दा बुटवलबाट ११४ कि.मि., तानसेनबाट ७५ कि.मि., रुरुक्षेत्रबाट ४० कि.मि. र अर्घाखाँचीको सन्धिखर्कबाट करिब ३५ कि.मि.को दूरीमा रेसुङ्गा रहेको छ । त्यसैगरी लुम्बिनी प्रदेशको राजधानी भालुबाङ्ग र प्यूठान स्वर्गद्वारीबाट पुर्कोटदह हुँदै रेसुङ्गा आउन सकिन्छ । कालीगण्डकी करिडोरको रुद्रवेणीबाट करिब २७ कि.मि., मध्यपहाडी लोकमार्गको खर्बाङ्गबाट करिब २५ कि.मि. र रातडाँडाबाट १२ कि.मि.को मोटर यात्रापछि रेसुङ्गा पुगिन्छ । पूर्वपश्चिम राजमार्गबाट सुरू हुने सालझण्डी ढोरपाटन सडकको निर्माण सम्पन्न भएपछि त करिब ६५ कि.मि.को यात्रामै तराइबाट रेसुङ्गा पुग्न सकिन्छ । सार्वजनिक यातायातका साधन चढेर वा आफ्नै साधन लिएर वा दुई घण्टाको पैदल उकालो यात्रापछि तम्घासबाट रेसुङ्गा पुगिन्छ । रेसुङ्गा महापोखरीसम्म फराकिलो र पक्की सडक छ । राताडाँडा, बलिथुम, परात्मी, मजुवा र गौंडाकोटबाट रेसुङ्गा आउँदा पनि फराकिला सडकहरू छन् । पैदल यात्राका लागि थुप्रै गोरेटा, घोडेटा बाटाहरू छन् । महापोखरीसम्म पुगेपछि कलात्मक ढुंगाको सिंढी चढेर ३० मिनटमा रेसुङ्गाको चुचुरोमा पुगिन्छ । जहाँ गरूडस्थान, रामकुवा, यज्ञशाला, सिद्धस्थान, विष्णुपादुका, शिवालय, भ्युटावरलगायतका महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरू छन् । माहपोखरीको पूर्वउत्तरमा स्वामी शशिधरलगायतले योग साधना गरेको गुफाफूलबारी छ । अलिकति दक्षिणपूर्व लागेपछि महर्षि ऋष्यशृंगले तपस्या गरेकोसानो रेसुङ्गा छ । महापोखरी वरपर केही पुराना र केही नवनिर्मित मन्दिर, पाटी, पौवालगायतका संरचनाहरू छन् ।

## ८. निष्कर्ष

धार्मिक - सांस्कृतिक एवं ऐतिहासिक महत्त्व बोकेको रेसुङ्गा क्षेत्र पर्यटकीय दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । सांस्कृतिक एवं जैविक विविधताले भरिपूर्ण, सदावहार हरियाली र सुन्दर हिमश्रृंखलासहितको मनोरम दृश्यावलोकन गर्न सकिने रेसुङ्गाको पर्यटकीय महत्त्वको उजागर गर्ने उद्देश्यले यो अध्ययन गरिएको थियो । रेसुङ्गाको पर्यटन विकासको अवस्था, वर्तमानमा भएका पहल र सम्भावनाको उजागर गर्ने उद्देश्य पनि यो अध्ययनमा थियो । यहाँका प्रमुख

दर्शनीय स्थलहरू र तिनको धार्मिक एवं ऐतिहासिक महत्त्वको चर्चा पर्यटकीय कोणबाट हुनुपर्छ भन्ने आग्रह यसमा छ । गुणात्मक शोध विधिको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतबाट संकलित सूचनाको व्याख्या विश्लेषणमार्फत यो लेखन तयार गरिएको हो । यस अध्ययनबाट रेसुङ्गा पौराणिक महत्त्व बोकेको धार्मिक तथा ऐतिहासिक क्षेत्र मात्र नभएर आकर्षक पर्यटकीय गन्तव्यको रूपमा पनि विकास हुँदै आएको पाइएको छ । त्रेतायुगमा महर्षि ऋष्यशृङ्गले तपस्या गरेको पौराणिकता एवं पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानका सल्लाहकार तथा जोसमनि सम्प्रदायका प्रवर्तक शशिधर स्वामीले योगसाधना गरेको यो ठाउँ राणाकालसम्म विचार र दर्शनको केन्द्र पनि भएकोले महत्त्व थपिएको छ ।

यहाँबाट हिमालदेखि तराइसम्मको दृश्यावलोकन गर्न पाइने, शीतल हावापानी, नियमित पूजाआजा, भजनकीर्तन, मेलामहोत्सवको आयोजना हुने, सराँय, देउसीभैलो, सोरठीजस्ता मौलिक संस्कृतिको आनन्द लिन पाइने तथा ऐतिहासिक, पुरातात्त्विक महत्त्वका मठमन्दिरहरू रहेकोले पनि यो घुम्नलायक ठाउँको रूपमा विकास भएको छ । यस क्षेत्रमा पर्यटक आगमनमा वृद्धिसँगै रेसुङ्गाको चहलपहल र स्थानीयको व्यवसायमा समेत सकारात्मक प्रभाव पारेको छ । समग्रमा रेसुङ्गा क्षेत्रमा भइरहेका पछिल्ला कामले यहाँको प्रचार-प्रसार बढ्दै जानुका साथै पर्यटन विकासमा पनि टेवा पुगेको छ । साथै स्थानीय समुदाय, सामाजिक संघसंस्था, निजीक्षेत्र र सरकारको लगानीमा पूर्वाधार विकास र संरक्षणका काम भइरहेको, सुरक्षित सडक सुविधा र निकट भविष्यमा हवाइ यातायात पनि सुचारू हुनलागेको तथा तम्घास बजार र रेसुङ्गामा पनि स्तरीय होटल खुल्नाले रेसुङ्गा क्षेत्रको पर्यटन विकासमा सहयोग पुगेको छ । यस क्षेत्रमा निर्माणाधीन संरचनाहरू छिटो सम्पन्न गर्ने, सरकारी लगानी र समुदायको सक्रियता बढाउने, महत्त्वपूर्ण स्थलहरूको चिनारी सम्बन्धित ठाउँमै राख्ने गर्दा सकारात्मक प्रभाव पर्नेछ । साथै धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, पर्यापर्यटनलाई उद्योगको रूपमा विकास गर्न प्याराग्लाइडिङ्, बन्जीजम्पिङ्, रक क्लाइम्बिङ्, ट्रेकिङ्, हाइकिङ्, ऱ्याफ्टिङ्, जिपलाइन आदि जस्ता पर्यटक आकर्षित गर्ने तौरतरिकाहरूको विकास र समयानुकूल प्रचारका नयाँ विधिहरूसमेत अवलम्बन गर्दा यहाँको पर्यटन विकासमा उल्लेखनीय योगदान पुग्ने देखिन्छ ।

## सन्दर्भ-सामग्रीहरू

अधिकारी, बमबहादुर (वि.सं. २०७५), बाईसी तथा चौबीसी राज्यहरूको सङ्क्षिप्त इतिहास. काठमाडौं : डिकुरा प्रकाशन ।

कुँवर, कृष्णबहादुर (वि.सं. २०७६), रमणीय पवित्र रेसुङ्गा, तम्घास : मानव कल्याण वृद्धाश्रम, गुल्मी ।

कुँवर, टेकबहादुर (वि.सं. २०५८), हाम्रो गुल्मी : मेरो अनुभव, काठमाडौं : मीना प्रकाशन ।

खतिवडा र दाहाल (वि.सं. २०७५), नेपालको सांस्कृतिक पर्यटन, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स ।

दाहाल, पेशल (विं.सं. २०५४), नेपालको इतिहास. काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

पन्थी, टीकाराम (वि.सं. २०३६), रेसुङ्गाका आध्यात्मिक कृति, तम्घास : किरण पुस्तकालय ।

पन्थी, टीकाराम (वि.सं. २०४०), नेनेपालः तम्घास : किरण पुस्तकालय ।

पन्थी, टीकाराम (वि.सं. २०४२), केही जनश्रुतिहरू. तम्घास : किरण पुस्तकालय ।

पन्थी, टीकाराम (वि.सं. २०६४), अर्वाचीन रेसुङ्गा, तम्घास : किरण पुस्तकालय ।

पन्थी, टीकाराम (वि.सं. २०६८), तम्घास धर्मक्षेत्र दर्पण, तम्घास : तम्घासस्थान संयुक्त मन्दिर व्यवस्थापन समिति ।

पन्थी, दीन (वि.सं. २०६०), गुल्मी दर्पण, तम्घास : जिल्ला विकास समिति गुल्मी ।

पन्थी, दीन (वि.सं.२०७६), तपोभूमि रेसुङ्गाक्षेत्र र यहाँका तपस्वीहरू. स्मारिका. तम्घास : गु.उ.बा.संघ ।

पन्थी, परशुराम (वि.सं. २०६७), तपोभूमि रेसुङ्गा धाम, तम्घास : किरण पुस्तकालय ।

पन्थी, शशि (वि.सं. २०३३), सन्त शशिधरको बाणोपनिषद्, तम्घास : किरण पुस्तकालय ।

भुसाल, युवराज (वि.सं. २०७८), हाम्रो भौगोलिक इतिहास, तम्घास : किरण पुस्तकालय ।

योगी, नरहरिनाथ (वि.सं. २०५५), हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क - ३६, तम्घास : किरण पुस्तकालय ।

रिजाल, लक्ष्मणप्रसाद (वि.सं. २०६१). रेसुङ्गा महाकाव्य. तम्घास : रेसुङ्गा संरक्षण समिति ।

शर्मा, बालचन्द्र (वि.सं. २०३३).नेपालको ऐतिहासिक रूपरेखा. काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रीपाली, गणेश (वि.सं. २०७८). रेसुङ्गा क्षेत्रको धार्मिक तथा पर्यटकीय महत्त्व ।

श्रेष्ठ, टेकबहादुर (ई. १९८३). गुल्मी राज्यको राजनीतिक इतिहास र केही अप्रकाशित ऐतिहासिक सामग्री. सि.एन.ए.एस. जर्नल भोलम ११ नं. १ ।

सुवेदी, राजाराम (वि.सं. २०६१). नेपालको तथ्य इतिहास. काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजाराम (वि.सं. २०६५). गुल्मीको ऐतिहासिक झलक. तम्घास : किरण पुस्तकालय ।

ज्ञवाली, प्रदीप (वि.सं. २०६२). गुल्मी परिचय (लेख संगालो). काठमाडौं : गुल्मेली समाज ।

ज्ञवाली, सिद्धिनाथ, श्रेष्ठ, कमल र पोखरेल, टंकप्रसाद (वि.सं. २०५३). रेसुङ्गा. : लेखकहरू ।

Remirez, Philippe (2000) Resunga-The Mountain of the Herned Sage. Lalitpur : Himal Books.

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# मारवाडी समाज : सामान्य परिचय

✍ **विजय सागर**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

## विषय प्रवेश

परापूर्वकालदेखि नेपाल विभिन्न जाति, धर्म, भाषा र संस्कृतिको सङ्गमस्थलको रूपमा परिचित रहँदै आइरहेको छ । उत्तरी हिमालय एवम् पहाडी क्षेत्रहरूमा बसोबास गर्ने आदिवासीहरूसँग उत्तर चीन तथा मङ्गोलिया भेकबाट बसाइँ सर्दै हिंड्ने समुदायहरूसँग जसरी घुलमिल भए त्यसैगरी हाम्रो दक्षिणी भेगमा पनि यहाँका आदिवासीहरू दक्षिण सीमामा पर्ने भारतका बासिन्दाहरूसँग घुलमिल भएको पाइन्छ । मानिसहरू आफ्नो क्षेत्र वा देशबाट विस्थापन हुने धेरै कारण छन् । राज्याधिकारीको शोषणःदमन, अन्याय - अत्याचार, प्राकृतिक प्रकोप - भूकम्प, बाढी, पहिरो, अनिकाल, धार्मिक कलह वा जातीय विभेद, बन्दव्यापार आदिका सिलसिलामा मानिसहरू आफ्नो क्षेत्रबाट विस्थापन भएर अर्को क्षेत्रमा पुग्छन् र त्यही क्षेत्र वा देशका बासिन्दा भएर रहन्छन् । यिनै कारणले भारतको मारवाड क्षेत्रबाट मारवाडी समुदाय नेपाल प्रवेश गरेका हुन् ।

## मारवाडी समाज

आजभन्दा करिब १७० वर्षअघि तत्कालीन राणा सरकारले काठमाडौं सहरमा मात्र बन्द व्यापारको निम्ति झिकाइएका मारवाडी व्यापारीहरू विस्तारै वीरगञ्ज, विराटनगर, कलैया, हनुमाननगर, लाहान, भैरहवा, नेपालगञ्ज आदि तराईका सहरी क्षेत्रहरूमा विस्तारित भए । हाल नेपालको सम्पूर्ण तराई इलाकालगायत पहाडका केही ठूला सहरहरूमा समेत मारवाडी समुदायको व्यापार तथा उद्योग व्यवसाय निष्कण्टकरूपमा चलिरहेका छन् । मूलभूत कुरा यिनीहरूको सबभन्दा ठूलो गुण - जहाँ पनि बस्ने गर्छन्, त्यस ठाउँ अर्थात् त्यस कर्मभूमिलाई अत्यधिक माया गर्ने गर्छन् । सात्विक र निरामिष भोजनको कारणले पनि यिनीहरूमा सहयोगी र सेवामुखी भावना छ । अत्यन्त परिश्रमी, आत्मनिर्भर, मीठो बोली र नरम व्यवहारले यिनीहरूप्रति अन्य समुदायहरूको स्नेह, आकर्षण र न्यानो सम्बन्ध कायम हुन्छ । व्यापारव्यवसायमा न्यायोचित मूल्य नै यिनीहरूको सफलताको कडी हो । अत्यन्त धार्मिक भावनाले अन्य समुदायसँग सजिलै घुलमिल हुन्छन् । यिनीहरू विश्वासिला हुन्छन् र बोली कहिल्यै फेर्दैनन् । यसैले यो समुदाय - सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक, स्वास्थ्य, व्यापार एवम् औद्योगिक क्षेत्रहरूमा पूर्ण सफलताका साथ अगाडि बढिरहेको छ ।

वि.सं. १९९० साल माघ २ गते दिनको २ बजे देशमा गएको महा - भूकम्पको प्रलयकारी झट्काहरूले नेपाल राज्यभरि मृतक १६, ८७५, घाइते ३, ३७९ साथै ३, ३७, ९४६ घर, झोपडी, देवालय आदि धरासायी तथा क्षतिग्रस्त भएका थिए । (भण्डारी, २०२७, अध्याय ६ : १६२) साथै राजधानी खाल्डो काठमाडौं, पाटन र भक्तपुर तीन जिल्लामा ४, २९६ जनाको मृत्यु भएको थियो । जसमध्ये - पुरुष १, ९५२ र महिला २, ३४४ थिए (राणा, २०१५ : ६९) । सेवा नै धर्म हो भन्ने पवित्र भावनाबाट प्रेरित यी मारवाडी समुदायले यस्तो भयावह अवस्थामा अत्यन्त मानवीय भावनाबाट प्रेरित भएर सेवा गरे -

(१) महाराज सर्भेन्ट सोसाइटी - यसमा देशी विदेशी गरी करिब ५० जना जति थिए । मारवाडी साहूहरू र अरू सज्जनले यसमा गरिबको उपकारको निम्ति चामल, दूध, रूपैयाँ इत्यादि पठाए । तिनीहरूबाट तपसिलमा लेखिएका काम भए -

    (१) गरिबहरूलाई लत्ता - कपडा, चामल, दूध इत्यादि बाँड्ने ।

    (२) घाइतेहरूलाई औषधि गर्ने ।

    (३) जिउँदा र मरेका मानिसलाई झिक्ने । (राणा, २०१५ : १०२)

२. वि.सं. १९९० सालमा नेपालमा एउटा ठूलो प्रलयकारी महाभूकम्प गयो । जुन प्राकृतिक प्रकोपमा नेपालको राजधानी विशेषतः आक्रान्त रह्यो । हजारौं घरहरूको क्षति र हजारौं व्यक्तिहरूको मृत्यु भएको त्यो अवस्थामा नेपाली मारवाडीहरूबाट जुन प्रकारको सेवा, मानवीयता, सहयोग र आत्मीयता भूकम्प पीडितहरूप्रति रह्यो त्यो भूमिका नेपालीहरूमा मारवाडीहरूप्रति अत्यन्त आस्था र सम्मानको भावना विकास भयो (चौधरी, २०५७ : ११३) ।

मारवाडी समुदाय विशेष गरेर मठ - मन्दिर बनाउने, मर्मत - सम्भार गर्ने, पूजा - आजामा संलग्न हुने, शिक्षण संस्थाहरूको स्थापना गर्ने साथै विविध सामाजिक सेवाहरूमा अत्यन्त उदारमनले सहयोग गर्दछन् । मारवाडी समुदायको व्यापार, उद्योग व्यवसाय, धार्मिकको साथै सामाजिक क्षेत्रहरू - नेपाली भाषा, साहित्य, कला, संगीत, खेलकूद तथा राजनीति हरेक क्षेत्रमा समेत राम्रो योगदान छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा मारवाडीको संख्या ५१, ४४३ रहेको छ । सोमध्ये पुरुष २७, ०४० र महिला २४, ४०३ रहेका छन् । आफ्नो मातृभाषा बोल्ने संख्या (राजस्थानी) २५, ३९४ र सो अनुरूप पुरुष १३, २८६ र महिला १२, १०८ रहेका छन् (cbs, 2013 b: 107 - 109)।

## मारवाडी शब्दको व्युत्पत्ति

हरेक शब्दका व्युत्पत्तिका आधार हुन्छन् । मारवाडी शब्दको व्युत्पत्ति सम्बन्धमा निम्न आधारहरू छन् ।

(क) यसको मुख्य आधार मारवाड रहेको छ । मारवाड शब्द संस्कृतको "मरूवाट" को अपभ्रंश हो । प्राचीनकालमा त्यसलाई मरूप्रदेश भनिन्थ्यो । बालचन्द मोदीको भनाइ छ कि - "माड" जैसलमेरको दोस्रो नाउँ थियो र "वाड" मेवाडको अन्तिम अंश । यस प्रकार माडवाडबाट नै "मारवाड" शब्दको उत्पत्ति भयो । यसैले जैसलमेर र मेवाडलाई मारवाडी शब्दको व्युत्पत्तिको आधार मानिन्छ (विश्वकर्मा, २०५० : १४१) ।

(ख) मारवाड शब्द संस्कृतको "मरूवाट" शब्दको अपभ्रंश हो, भौगोलिक दृष्टिबाट यो शब्द जैसलमेर, मेवाड र जोधपुर सीमातक नै सीमित भएर रहेको थियो । त्यहीँ पूरै राजस्थान, हरियाणा, मालवा तथा उसका नगिचका भू - भागसम्म फैलिएको थियो पछि यस शब्दले यी भौगोलिक परिधिहरूलाई नाघेर जाति तथा गुण विशेषलाई आफ्नो परिचय बनाएको थियो । यस शब्दले व्यवसायी वर्गलाई महानता, उच्चता, गरिमामय तथा पूर्णता प्रदान गरेको छ (खेतान, २०५४ : १५५) ।

## मारवाडी जाति

(क) विशाल भारतको मारवाड क्षेत्र - जयपुर, विकानेर, उदयपुर, सिरोही, अजमेर, जैसलमेर, किसनगढ आदिबाट घेरिएको प्रदेश हो यसमा स्थित प्रसिद्ध नगरहरूमा, नागौर, डीडवाना, मेडता, जोधपुर र जासोर हुन् (शर्मा, २०५४ : ९५) । यस मारवाड क्षेत्रमा बसोबास गर्ने ब्राह्मण, क्षत्री, वैश्य तथा शूद्रहरू गरी सबैलाई जाति विशेषमा सम्बोधन नगरी "मारवाडी" भनी सम्बोधन गरिन्छ ।

(ख) यथार्थमा मारवाडी कुनै जाति नभएर एउटा सांस्कृतिक समुदाय मात्र हो (दाहाल, २०७३ : २५८) । मारवाडी सेवा समिति नेपाल, नेपाल मारवाडी परिषद एवम् नेपाल राष्ट्रिय मारवाडी परिषद्हरूबाट प्रकाशित स्मारिकाहरू तथा नेपालमा मारवाडी समाजको विकाससम्बन्धी भए गरेका गतिविधि सन्दर्भमा संकलित पुस्तक एवम् पत्रपत्रिकाहरूबाट नेपालमा निम्न बमोजिम मारवाडी जातिको बसोबास रहेको देखिन आउँछ । यस टिपोटमा केही थरको चर्चा गरिएको छ ।

◆ मारवाडी थरहरू (वर्णानुक्रमअनुसार)

- अग्रवाल, अटल, अड्डुकिया, आसवा
- इनाणी
- उँटवालिया
- ककरानीया, कन्दोई, कनौडिया, करवा, कांकाणी, कागलीवाला, कानोडिया, काबरा, कालाणी, केडिया, केजरीवाल, क्याल
- खटौड, खन्ना, खेतान, खेमका
- गट्टानी, गाडिया, गीदडा, गुप्ता, गोयल, गोल्छा
- घिराईया, घुडका, घोडीवाला
- चमडिया, चाचान, चाण्डक, चिण्डालिया, चितलांगिया, चैनवाला, चोखानी, चौधरी, चोयल, चौरडिया, चाहर
- छाछेड
- जम्मड, जाजू, जाजोडिया, जालान, जैन, जैसानी, जोधानी, जोशी
- झंवर, झावर, झुनझुनवाला
- टाइँवाला, टिवडेवाला, टिवरेवाला, टेमासी, टेल्टिया
- डागा
- ढढारिया, ढाका
- तातेड, तापडिया, तोडी, तोला, तोदी, तोषनीवाल, तापल
- दरक, दारूका, दास, दुगड, देवडा
- धूत, धानुका, धरिवाल, धारिवाल
- नाथानी, नाहटा, नौलखा
- पटवारी, पन्सारी, पिन्चा, पुगलिया, परताणी
- बंका, बंग, बंगडिया, बथवाल, बलदुआ, बजाज, बबेरवाल, बंशल, बसावटिया, बाकरेवाल, बाडेटिया, बाहेती, बिहाणी, बोथरा
- भट्टड, भूतडा, भदवा, भांगर, भाटी, भीमसरिया, भोपाल

- मंगतु, मणियार, मण्डल, मन्त्री, मर्दा, मल, मस्करा, मेहणसरिया, माखरिया, माघेगाडिया, मारवाडी, मारू, मालपाणी, माल, मोहेश्वरी, मित्तल, मुण्डदा, मुन्द्रा, मोदी, मोर, मुरारका, महेनसरिया, मोहपाल
- रूँगटा, राजगढीया, राठी, रोनियार
- व्यास
- लढा, लस्करी, लाखोटिया, लाडसरिया, लाट, लाठ, लड्डा, लाहोटी, लोढा, लोहारीवाल, लोहिया
- शारदा, सारदा
- संघई, संचेती, शर्मा, सरल, सरावगी, सर्राफ, सरिया, सिकारिया, सिंघानिया, सिरोहिया, सुराण, सुरेका, सेठिया, सोढाणी, सोमानी, सोनी, सोलंगी
- हरलालका, हेडा

मारवाडी समाजभित्र अन्य थरहरू पनि छन् । तर खास गरेर यसमा ४ (चार) समूहको समावेश मानिन्छ १. अग्रवाल २. माहेश्वरी ३. ओसवाल (जैन) र ४. ब्राह्मण । उपर्युक्त मारवाडी समाजभित्र रहेका चार मञ्चमध्ये अग्रवाल समुदायका मानिस बढी छन् । ब्राह्मणबाहेकका अग्रवाल, माहेश्वरी र ओसवाललाई वैश्य भनेर गणना गरिन्छ (शर्मा, २०५४ : ९५ - ९६) ।

## अग्रवाल

अग्रवाल थरको उत्पत्ति सम्बन्धमा अग्रवालका पूर्वज महाराज अग्रसेनले ५०५० वर्ष अगाडि द्वापर युगको अन्तपछि कलियुगको सुरूमा आफ्नो नयाँ राज्य अग्रोहा स्थापना गरे । अग्रोहामा बसोबास गरेका कारण यिनीहरूलाई अग्रवाल भनियो । भैरहवा मैत्रीपथका नारायणप्रसाद अग्रवाल (७१) बाट प्राप्त जानकारीअनुसार यस जातिमा निम्न बमोजिम १८ वटा गोत्र रहेका छन् : -

१. गर्ग २. गोयल ३. गोयन ४. वँसल ५. कंसल ६. सिंहल ७. मंगल ८. जिंदल ९. तिंगल १०. ऐरण ११. धारण १२. मृदकुल १३. विंदल १४. मित्तल १५. तापल १६. भादल १७. नागल १८. कुच्छल

## महाराज अग्रसेन

प्राचीन समयमा अग्रसेन नामका एक युवा प्रतापनगरका राजा बने । उनी आफ्ना स्वर्गीय बुबाको पिण्डदानको लागि "लोहागर्ग" नामक तीर्थस्थानमा

गइरहेका थिए । उनको साथमा हात्ती, घोडा, पैदल नोकर-चाकर, बाजावालाहरूको भीड हिँडिरहेको थियो । बाटोमा भयंकर जङ्गल पऱ्यो । जंगली पशुहरूलाई बाटोबाट भगाउन बाजाहरू जोडजोडले बजाउन थालियो । जङ्गलको बीच बाटोको नजिकै एउटी सिंहनी प्रसववेदनाको कारण एउटा रूखको छायाँमुनि पल्टिरहेकी थिई । अग्रसेन जुन हात्तीमा सवार थिए, त्यो हात्ती जब सिंहनी भएको रुखको नजिकै आइपुग्यो, तब हात्ती, घोडा र बाजाहरूको आवाजले सिंहनीको गर्भ खस्यो । भर्खरै जन्मेको सिंहशिशुले रिसले चुर भएर राजा चढेको हात्तीमाथि आक्रमण गऱ्यो र प्राण त्याग गऱ्यो । राजा अग्रसेनलाई लाग्यो यो वीरभूमि हो । यहाँ भर्खरै जन्मेको सिंहशिशुले हात्तीमाथि आक्रमण गर्ने साहस गर्न सक्छ । त्यसकारण त्यही ठाउँमा नै अग्रोहा नामको नगर बसालेर राज्यको राजधानी बनाए । नयाँ राजधानी अग्रोहा एक सुन्दर र वैभवशाली नगर थियो । यस नगरमा बस्नेहरू कोही पनि गरिब थिएनन् । महाराज अग्रसेनले गरिबी हटाउन एक अद्‌भुत प्रथा राज्यमा सुरू गरेका थिए । आज पनि अग्रवाल एवम् अग्रोहावासी यस प्रथाको गर्वपूर्वक वर्णन गर्दछन् । अग्रोहा नगरमा महाराज अग्रसेनको समयमा एक लाख परिवार बसोबास गर्दथे । सबै समृद्धशाली थिए । यदि कुनै परिवार अन्य ठाउँबाट अग्रोहामा आएर बसोबास गर्न चाहन्थ्यो भने - अग्रोहाका प्रत्येक परिवारले एक इँटा र एक मुद्रा (सिक्का) आउनेवालालाई उपहार दिन्थे । यस सहयोगले नवागन्तुक परिवार एक लाख इँटाबाट भव्य भवन बनाउन सक्थ्यो । एक लाख मुद्राबाट राम्रो व्यापार गर्नतिर लाग्दथ्यो । विश्वमा बन्धुत्वको यस्तो उदाहरण अरू कहीं पाइँदैन । प्राकृतिक आपदा या व्यापारमा नोक्सानीको कारण यदि कोही गरिब निसहाय भए भने त्यसबेला पनि अग्रोहावासीहरू यस्तै प्रकारले सहायता गर्दथे । सुप्रसिद्ध इतिहासकार बुकानन्‌ले लेखेका छन् - यस नगरमा यदि कोही गरिब हुन गए भने सहरका बाँकी सबैले उसलाई पाँच/पाँच रूपैयाँ नगद र एक एक इँट सहायता दिएर आफ्नो बराबरीमा ल्याउँथे । यस्तो थियो अग्रोहाको बन्धु प्रेम तथा समाजवाद (गर्ग, २००१ : ११) ।

## माहेश्वरी वैश्य समाज

माहेश्वरी सेवक नामको विकानेरबाट प्रकाशित हुने पत्रका सम्पादक रामचन्द्र बिहानीको "माहेश्वरी वंशोत्पत्ति" नामको पुस्तकबाट तथा गौरी शंकर शारदाको "माहेश्वरी वंशोत्पत्ति" (तथ्य अन्वेषण) पुस्तकहरूको प्रमाण हेर्दा खण्डेलाका राजा खड्‌गालसेन चौहानका पुत्र सुजान कुंवर ७२ भाइ भारदारहरू कुनै कारणले ऋषिहरूद्वारा श्रापित भएर पाषाणका मूर्तिमा परिणत भएका थिए । पछि भगवान् महेश (शंकरजी) तथा पार्वती (ईश्वरी) का आशीर्वादले पुनर्जीवित भए तथा लौहार्गल नामको तीर्थस्थलमा क्षत्रियहरूले धारण गर्ने गरेका तरवार आदि

शस्त्रहरूको परित्याग गरेर तराजू धारण गरेर क्षत्रियबाट वैश्य भएका हुन् । महेशको कृपाले पुनर्जीवन र नवीन वृत्तिधारण गर्ने भएकाले पूजनीय देवता महेशका सेवक भई माहेश्वरी वैश्य भए । शिवकरण दरकज्यूका शोधकार्य तथा जागाहरूका पुराना वहीहरूको आधारमा पनि यही कथानक भेटिन्छ । माहेश्वरी वैश्य भएको यो कार्यकाल कलियुग प्रारम्भको संवत् ९ कै आसपास ज्येष्ठ शुक्ल ९ (महेश नवमी) अर्थात् कलियुगको प्रारम्भ भन्दा पहिले नै करिब ५००० वर्ष अघि जति भएको हुनुपर्दछ । तर त्यसमा पनि सबै इतिहासकार एकमत भएको पाइँदैन । तैपनि माहेश्वरी सभामा ७२ खांयको मान्यता सबैमा रहेको छ । माहेश्वरी क्षत्रियबाट वैश्य भएको इतिहास रहेको छ, तर माहेश्वरी वैश्य पनि प्राचीन छन् तथा भगवान् महेशका उपासक हुन् (शर्मा, २०५४ :९७) ।

माहेश्वरी वैश्यसमाजका निम्न थर तथा गोत्र रहेका छन् -

| **थर** | **गोत्र** | **थर** | **गोत्र** |
|---|---|---|---|
| १. सोनी | - धूम्रांस | २. सोमानी | - लियांस |
| ३. जाखेटिया | - सीलांस | ४. सोढाणी | - सोढोस |
| ५. न्याती | - नाँन सैण | ६. हेडा | - धनास |
| ७. करवा | - करवांस | ८. कांकाणी | - कपलांस व गौतमस्य |
| ९. मालू | - खलांस व थेवडास | १०. सारडा | - थोवडांस |
| ११. काहल्या | - कगायंस | १२. गीलडा | - गौतमस्या |
| १३. जाजू | - बालांस | १४. बाहेती | - भिन्न भिन्न |
| १५. विदादा | - गजांस | १६. बिहाणी | - बालांस |
| १७. बजाज | - भंसाली | १८. कलंत्री | - कस्यप |
| १९. कासट | - अत्लसांस | २०. कचौल्या | - सीलसा |
| २१. कालाणी | - धौलांस व कालांस | २२. झंवर | - झुप्रांस, माणंस, मोवणांस |
| २३. काबरा | - अचिगांस | २४. डाड | - आमरांस |
| २५. डागा | - राजहंस | २६. गटाणी | - ढालांस |
| २७. राठी | - कपलांस | २८. बिडला | - बालांस |
| २९. दरक | - हरिद्रांस | ३०. तोषनीवाल | - कौसिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१. अजमेरा | - | मानांस | ३२. भन्डारी | - | कौसिक |
| ३३. छापरवाल | - | कौसिक | ३४. भट्टड | - | भटयांस |
| ३५. भूतडा | - | अन्लसांस | ३६. बंग | - | सौडास |
| ३७. अटल | - | गौतमस्या | ३८. इनाणी | - | ससांस |
| ३९. भुराडिया | - | अचित्र | ४०. भनसाली | - | भनसाली |
| ४१. लढा | - | सीलांस | ४२. मालपाणी | - | भटयांस |
| ४३. सिक्ची | - | कस्यप | ४४. लाहोटी | - | कागांस |
| ४५. गदइया | - | गोरास | ४६. गगराणी | - | कस्यप, आम्रांस, कपलास |
| ४७. खटौड | - | कांगास, मूंगास, निरमलांस | ४८.लखोटिया | - | फाफडांस |
| ४९. आसवा | - | पंचास | ५०. चेचाणी | - | सीलांस |
| ५१. मानघण्या | - | जेसलामी | ५२. मूंधडा | - | गोवांस |
| ५३. चोखडा | - | चन्द्रांस | ५४. चांडक | - | चन्द्रांस, बान्छाइस |
| ५५. बलदुआ | - | बालांस | ५६. बालदी | - | लौरस |
| ५७. बुब | - | मूसाईस | ५८. बांगाड | - | चूडांस |
| ५९. मंडोवरा | - | बछांस | ६०. तोतला | - | कपिलांस |
| ६१. आगीवाल | - | चन्द्रांस | ६२. आगसूडा | - | कस्यप |
| ६३. परताणी | - | कस्यप | ६४. नावंधर | - | बुग्दालिम |
| ६५. नवाल | - | नानणांस | ६६. पलौड | - | (फलौड) साडांस |
| ६७. तापडिया | - | पीपलांस | ६८. मणियार | - | कौशिक |
| ६९. धूत | - | फाफडास | ७०. धूपड | - | सिरसेस |
| ७१. मोदाणी | - | साडांस | ७२. पोरवार | - | नानास |
| ७३. देवपुरा | - | पारस | ७४. मन्त्री | - | कंवलाय |
| ७५. नौलखा | - | कस्यप | ७६. टावरी | - | माकरण |

(अखिल भारतवर्षीय माहेश्वरी महासभा पूर्वांचल परिचय पुस्तिका २०१६-२०१९ : १४८-१६०)

## ओसवाल (जैन) वैश्य समाज

ओसवाल वैश्यहरू जैन धर्म मान्ने हुन् । ओसवालहरू पनि क्षत्रियदेखि (बाट) वैश्य भएका हुन् । हालसम्म पनि ओसवाल – मोपाल भन्ने किंवदन्ती पनि रहेको छ । भगवान् महावीरका उपासक हुनाले भगवान् महावीरको प्रादुर्भाव भएपछि नै ओसवाल समाजका वैश्यहरूले अहिंसा परमोधर्मः को सिद्धान्तलाई अंगीकार गरेका हुन् । जैन धर्मका मान्यताहरू निकै राम्रा सिद्धान्तहरूमा आधारित छन् । संख्या कम्ती भए पनि जैन धर्मका साधु र साध्वीहरूले राम्रो तपस्यामूलक जीवन बिताउँछन् । जैन धर्ममा त्यागको ठूलो महत्त्व पाइन्छ । जैन धर्मका ग्रन्थ र मान्यताहरू प्रशंसनीय छन् । पूर्व आचार्य श्री तुलसीबाट प्रेरणाप्राप्त अणुव्रत आन्दोलनले सामाजिक सुधारको क्रममा पनि ठूलो योगदान पुऱ्याएको देखिन्छ (शर्मा, २०५४ : ९७) ।

ओसवाल (जैन) वैश्य समाजको गोत्रसम्बन्धमा भैरहवा गोल्छा हाउस, गल्लामण्डीका बाबुलालजी डागा (५६) बाट प्राप्त जानकारीअनुसार निम्न बमोजिम गोत्र छन् –

१. गोल्छा २. डागा ३. दुगड ४. बोथरा ५. बैद ६. घोषल ७. वारेड ८. सेठिया ९. घिरावत १०. लोढा ११. संचेती १२. नाहटा १३. चिण्डालिया १४. चोरडिया १५. तातेड १६. पुगलिया १७. जम्मड आदि ।

## ब्राह्मण जाति

मारवाडी समाजका ब्राह्मणहरूमा गौड, दधीच, खण्डेलवाल, पारीक, गुर्जर, श्रीमाली, पुस्करणा आदिका विभेद छन् । तर सामूहिक रूपमा ब्राह्मण समाजलाई एउटै मञ्चमा गणना गरिन्छ (शर्मा, २०५४ – ९६) ।

मारवाडी समाज ब्राह्मण थरका गोत्रसम्बन्धमा भैरहवा बालमन्दिरपथ श्री हनुमान मन्दिर (२०५६) का पुजारी पं. विजय शंकर मिश्र (४५) (वशिष्ट गोत्र) बाट निम्न बमोजिम जानकारी प्राप्त भयो –

## ब्राह्मण थरका गोत्र

| | | |
|---|---|---|
| १. वशिष्ट | ६. अगस्त्य | ११. मुग्दल |
| २. गौतम | ७. कौशिक | १२. परासर |
| ३. कश्यप | ८. भारद्वाज | १३. शण्डिल्य |
| ४. आत्रेय | ९. जमदग्नि | १४. हारित |
| ५. कृष्ण आत्रेय | १०. वत्स | १५. अङ्गिरा |

| | | |
|---|---|---|
| १६. जैमिनि | २०. भृगु | २४. साँकृत्य |
| १७. शौनक | २१. हरितस | २५. चान्द्रायण |
| १८. ओशेश्वर | २२. पिप्पलायन | २६. गालव |
| १९. सुपर्ण | २३. व्यौंग | २७. कौत्स |

## नेपालमा मारवाडीहरूको आगमन

नेपालमा मारवाडीहरूको इतिहास केलाउँदा यो समुदायको नेपाल प्रवेशका दुई कारण देखिन्छन् । १२औं र १३औं शताब्दीतिर भारतमा हिन्दु राज्यमाथि मुसलमानहरूको आक्रमण हुन थालेपछि राजस्थान अजमेरका पाल खानदानका साथ अग्रवाल थरका व्यक्ति पनि राजनीतिको कारण डोटीतिर आएका देखिन्छन् । वि.सं. १९०३ को लगभग तत्कालीन राणा सरकारकै आमन्त्रणमा व्यापार व्यवसायको निम्ति मारवाडी समुदायको नेपाल आगमन भएको देखिन्छ ।

## दिपायलका आदिवासी अग्रवालसम्बन्धमा

भारतमा १२औं र १३औं शताब्दीतिर हिन्दुराज्यमाथि मुसलमान शासकहरूले आक्रमण गरेपछि राजस्थान अजमेर प्रान्तका एक जना पाल खानदानका तिरथपाल तत्कालीन युद्धको भार खेप्न नसकी नेपालको सुन्दर र शान्त प्रदेशमा गई शान्तिपूर्वक जीवन यापन गर्ने उद्देश्यले आफूसँग एक जना अग्रवाललाई लिएर महाकाली हुँदै नेपाल पसेका थिए । उनी डोटी पुगेर राज्य स्थापना गरेर डडेल्धुराको अजयमेरूकोटमा प्रथम शासक सहस्रपालको रूपमा शासन गर्न लागे । सहस्रपाल राजाले आफूसँग ल्याएका अग्रवाल हाल दिपायल सिलगढी सेरोफेरोमा बस्ने पहाडिया अग्रवालहरूका पूर्वज थिए जसको नाम हरि अग्रवाल थियो । ती अग्रवाल मिठाइका परिकार बनाउन अति सिपालु थिए । हरि अग्रवाल राजाका अति विश्वासपात्र थिए । उनले दुईवटा विवाह गरे । एउटी खड्काकी छोरी र अर्की स्वाँरकी छोरी । हरि अग्रवालको मृत्यु पश्चात् डोटेली राजाले उनका दुईवटी श्रीमती र सन्तानका लागि दिपायलमै जग्गा उपलब्ध गराई बस्ती बसाली दिएका थिए । हरि अग्रवालका दुई श्रीमतीमध्ये खड्काकी छोरीपट्टिका सन्तान दिपायलमै बसी कृषि पेशा अंगाले भने स्वाँरपट्टिका सन्तानहरू डोटीकै सिलगढीमा बसी आफ्नो पिता पुर्खाको व्यवसाय मिठाइ बनाउने र बिक्री गर्ने पेशा अंगाले जसलाई पछि "हलुवाई" भनिन थालियो । यी अग्रवालका बिहावारी स्वजातमा चल्दैन । नजिक अरू जात नभएका कारण यिनीहरूले - बोगटी, कठायत, खड्का, देउवा, बिष्ट, खत्री र क्षत्री जातिहरूसँग विवाह गर्दै आइरहेका छन् (अग्रवाल, २०६० : ९३ - ९५) ।

## वि.सं. १९०३ पछि नेपाल आगमनसम्बन्धमा

(क) नेपालमा मारवाडी समुदायको प्रवेश उन्नाइसौं शताब्दीको मध्यतिर भएको मानिन्छ । नेपालमा राणा प्रधानमन्त्री जङ्गबहादुरले भारतको बेतिया र राजस्थानबाट वि.सं. १९०५ देखि १९१० तिर व्यापारका लागि केही मारवाडी झिकाएका थिए । सुरूमा यिनीहरू कपडाको व्यापार गर्दथे । सुरूमा जङ्गबहादुरको निम्तामा व्यापार गर्न एक दर्जन मारवाडी यहाँ आए भने त्यसपछि पुनः एक दर्जनलाई यहाँ बोलाइयो । तसर्थ यिनीहरू करिब १६५ वर्ष अघितिर नेपाल भित्रिएका देखिन्छन् । जङ्गबहादुरले राजस्थानबाट झिकाएका ३२ व्यापारीमा २२ परिवार मारवाडी र १० रौनियार थिए । तिनीहरू ३२ कोठी महाजनका नामले चिनिन्थे । मारवाडीले सामान आयात गर्दा भन्सार नबुझाई सिधै घरमा ल्याउने र पछि मात्र यति भन्सार भयो भनेर तिर्ने गर्दथे भनिएको छ । उनीहरूलाई काठमाडौंमा जमिन किन्न र बस्न छुट थियो (दाहाल, २०७३ : २५९) ।

(ख) नेपालमा मारवाडी समाजको प्रवेश सम्बन्धमा जानकारी लिन ठाउँ-ठाउँमा प्रतिनिधि पठाएर त्यस ठाउँका मारवाडी समाजका बुढोपाका तथा जानफकार व्यक्तिहरूसँग सम्पर्क गरी जानकारी हासिल गरिएको थियो । राजधानी काठमाडौं तथा मारवाडी समाज बसेको ठूलो सहर वीरगंजका बारेमा मारवाडी समाजका वयोवृद्ध तथा धार्मिक भावनाका रामकुमार केडियासँग २०१४ साल वैशाखमा अन्तरवार्ता लिइएको थियो । उनको भनाइअनुसार सर्वप्रथम हरदयालजी अग्रवाल वि.सं. १९०३ मा काठमाडौं आएका हुन् । त्यसपछि गुरु सहायमल र रामजस रायलाई पटनाबाट त्यस बखतका राणा सरकारका प्रतिनिधिहरूले लिएर आएका हुन् । पछि हरदयालजीको सम्पर्कबाट आशारामले वि.सं. १९०७/१९०८ तिर नेपाल प्रवेश गरे । रामजस रायका माध्यमबाट मङ्गलचन्द, शिवकरण, गणेशदास तथा सुरजमलहरू आए । गणेशदास र सुरजमलहरूको माध्यमद्वारा सुन्दरमल, गोटीराम आदि तथा शिवकिरण दासका मार्फत चुनिलाल हरनारायण तथा रघुनाथराय, मदन गोपाल आदि अनेक परिवार आए (शर्मा, २०५४ : ९८) ।

यसरी नेपालमा राजनीति र व्यापार व्यवसायका कारण मारवाडीहरू नेपाल प्रवेश गरेको पाउँछौं । डोटी क्षेत्रमा रहेका अग्रवाल (मारवाडी) डोटी क्षेत्रकै पहाडी जनजीवनमा भिजेको पाउँछौं । पछि व्यापारव्यवसायको निम्ति प्रवेश गरेका मारवाडीहरू वीरगंज, काठमाडौं, बारा - कलैया, हनुमाननगर, लाहान बजार, विराटनगर, भैरहवा, नेपालगंज, जनकपुर, भद्रपुर आदि ठाउँहरूमा सुरूदेखि बसोबास गर्दै आए । हाल मारवाडी समुदाय तराईका सबै जिल्लामा फैलिएका छन् । साथै पहाडका केही जिल्लाहरूमा समेत व्यापार व्यवसाय सञ्चालन गर्दै

आइरहेका छन् । भैरहवाको सन्दर्भमा वि.सं. १९९२ मा वीरगन्जबाट नथमल अग्रवाल सपरिवार भैरहवा आएका थिए ।

## संस्कार

कुनै पनि समाजको आफ्नै धार्मिक, सामाजिक, मूल्यमान्यता र विधि विधानहरू हुन्छन् । तिनै मूल्यमान्यता र विधि विधानअनुसार समाजमा चल्दै आइरहेको पद्धतिलाई संस्कार भनिन्छ । संस्काररूपी रुखको जरा प्रत्येक व्यक्तिका जीवनका हर व्यवहारमा गाँसिएका हुन्छन् ।

## जन्मपूर्वका संस्कारहरू

मारवाडी समुदाय हिन्दुहरूले झैं जन्मपूर्वका (गर्भाधान, सिमन्तोनयन र पुंसवन) संस्कारहरू मनाउँदैनन् । तर यो समुदायले गर्भिणीको राम्रो रेखदेख गर्छन् र नियमित स्वास्थ्यपरीक्षण तथा औषधोपचार गराउँदछन् । बच्चा सुरक्षित जन्माउन विशेष गरेर अस्पताल लैजान्छन् । घरैमा बच्चा जन्माउने अवस्था परे स्वास्थ्यकर्मीहरू तथा अनुभवी महिलाहरूको सहयोग लिइन्छ (दाहाल, २०७३ : २६१) ।

## बाल्यकालका संस्कारहरू

### (क) जातकर्म संस्कार

बच्चा जन्मिएपछि बच्चाको जातकर्म संस्कार भने अन्य समुदाय जस्तै गरिन्छ । बच्चा जन्मिनासाथ साल र नाल काटेर नुहाइदिने, त्यसपछि मह वा घिउ चटाउने तथा आमाको दूध खुवाउने चलन छ । जातकर्म संस्कार गर्दा बच्चाको जिब्रोमा महले ओम या राम लेख्ने परम्परा पनि पाइन्छ । जैन समुदायमा भने मह र घिउको बदला नवजात शिशुलाई जन्मघुटी खुवाउने चलन छ । जन्मघुटी एक प्रकारको जडीबुटी हो । मारवाडी समुदायमा बच्चा जन्मनुलाई शुभ कार्य मानिन्छ । सुत्केरी र नवजात शिशुलाई सुत्केरी घरमा सुरक्षित रूपमा राख्ने चलन छ । बच्चाको न्वारान गर्ने तथा सुत्केरी चोख्याउने कार्य नगरून्जेल देव कार्य गरिंदैन ।

### (ख) छैंठी र नामकरण संस्कार

छैंठी अन्य जात र समुदायमा जस्तै मारवाडी समुदायमा बालक जन्मेको छैंठौं दिनमा बालकको भविष्य भावीले लेख्छन् भन्ने मान्यतामा छैठीं गरिन्छ । यसमा बालक जन्म भएको छैठौं रात बालक सुताउने कोठामा कलम र कापी राखिदिने चलन छ । तर जैन मारवाडीमा भने छैठींको

परम्परा रहेको पाइँदैन । जन्मेको समयको घडी र पला तथा राशि जुराएर बालकको नाम ब्राह्मणबाट जुराउने चलन पाइन्छ । बालकको नामको पहिलो अक्षर जुरेपछि त्यसको नाम भने बालककी हजुरआमालगायत ज्येष्ठ महिलाले गर्ने गर्दछन् । मारवाडी समुदायमा संस्कारगत कार्यको जिम्मेवारी ज्यादा महिलाहरूमा रहेको पाइन्छ । सामान्यतया बालक जन्मिएको ११ दिनमा नामकरण संस्कार गर्ने चलन पाइन्छ । तर कतिपय अवस्थामा भने त्यसभन्दा अगाडि ६ या ७ दिनमा पनि नामकरण संस्कार सम्पन्न गर्न छुट दिएको पाइन्छ । जैनमार्गी मारवाडी समुदायमा भने दानदक्षिणा र हिन्दु संस्कारादिलाई धेरै महत्त्व दिने चलन पाइँदैन । तसर्थ बालकको नाम राख्ने कार्य फुपूले पनि गर्ने परम्परा पाइन्छ । तर कतिपय जैनमार्गीले पनि ब्राह्मणलाई लगाएर यो संस्कार सम्पन्न गर्ने गरेको देखिन्छ ।

### (ग) निष्क्रमण संस्कार

बालक जन्मेपछि त्यसलाई घरबाट पहिलो पटक बाहिर निकाल्न गरिने संस्कारलाई निष्क्रमण संस्कार भनिन्छ । यो संस्कार कहिले गर्नुपर्दछ भन्ने विषयमा खासै नियम नरहेको भए पनि बच्चा जन्मिएको पाँचौ महिनाभित्र यो संस्कार गर्ने विधान हिन्दु धर्मशास्त्रहरूमा पाइन्छ । यसलाई पहिलो पटक नवजात शिशुलाई सूर्यको दर्शन गराउने संस्कार मानिन्छ । विभिन्न गृहसूत्रहरूमा निष्क्रमण संस्कार गर्ने विधिहरू दिइएका पाइन्छन् । मारवाडी समुदायमा पनि हिन्दुपरम्पराअनुरूप नै निष्क्रमण संस्कार गर्ने चलन छ । नामकरण संस्कार गरेको अवस्थामा नै बालकलाई घरबाहिर निकाल्ने र सूर्यको दर्शन गराउने चलन रहेको पाइन्छ । यो संस्कार सम्पन्न गराउन पुरोहितको मुख्य भूमिका रहेको हुन्छ । यद्यपि जैन समुदायमा भने यस संस्कारलाई खासै महत्त्व दिने चलन पाइँदैन ।

### (घ) अन्नप्राशन संस्कार

मारवाडी समुदायमा हिन्दु परम्पराअनुसार नै नवजात शिशुको अन्नप्राशन संस्कार सम्पन्न गर्ने चलन छ । यो संस्कार पाँचदेखि आठ महिनाभित्रमा सम्पन्न गर्ने चलन पाइन्छ । यो संस्कार सम्पन्न गर्दा कुलदेवताको पूजा गर्ने, नित्य पूजा गर्ने तथा बालकलाई नयाँ लुगा लगाएर पक्वान्न खुवाउने चलन छ । विशेष गरी पक्वान्नमा बालकलाई खीर खुवाउने गरिन्छ । यसमा पनि बालकको हजुरआमा तथा घरको मुख्य महिलाको भूमिका महत्त्वपूर्ण रहन्छ । सबैभन्दा पहिले घरको मूलीले बालकलाई पक्वान्न खुवाएपछि अन्य सदस्यले, आफन्त र आगन्तुकले बालकलाई पक्वान्न खुवाउने परम्परा पाइन्छ । जैनमार्गीले भने यस संस्कारलाई अनिवार्य मानेको पाइँदैन ।

### (ङ) चूडाकर्म संस्कार

चूडाकर्म संस्कार स्वास्थ्यसँग सम्बन्धित छ । तसर्थ यो संस्कार सबै समुदायमा अनिवार्य ठानिन्छ । मारवाडी समुदायमा पनि चूडाकर्म संस्कार निकै भव्यताका साथ गर्ने चलन छ । यो संस्कार मन्दिर र धार्मिक स्थलमा तीर्थमा लगेर गर्ने चलन छ । यसैगरी चूडाकर्म संस्कार गर्ने दिन बालकलाई मठमन्दिरमा लगेर देवीदेवताको दर्शन गराउने तथा उसलाई हजाम बोलाएर मुण्डन गर्न लगाउने चलन पाइन्छ । हिन्दु मारवाडी समुदायमा अन्य समुदायको सरह नै केटाको मात्र चूडाकर्म संस्कार सम्पन्न गरिन्छ । यसका लागि सकेसम्म बालकलाई राजस्थानमा नै लगेर चूडाकर्म गराउने चलन छ । यसलाई "झुडला" (जात जडूला) गर्न लाने भनिन्छ । तर कसैले भने यो संस्कार यतै पनि गर्ने गरेका छन् । यो संस्कार शुभ दिन र मुहूर्तमा सम्पन्न गरिन्छ । जैन समुदायमा भने केटा र केटी दुबैको मुण्डन कार्य अनिवार्य ठानिन्छ । यो संस्कार गरेपछि मारवाडी समुदायका ब्राह्मण र अग्रवालहरूमा भने शिखा पनि राख्ने चलन पाइन्छ । जैन समुदायमा भने यो संस्कार अनिवार्य छैन ।

### (च) कर्णभेद संस्कार

गहना या आभूषण लगाउनका लागि कान छेड्ने परिपाटी निकै पुरानो हो । कालान्तरमा कान छेड्ने कार्य पनि संस्कारका रूपमा गर्न लागिएको हो । हिन्दुहरूका १६ वटा संस्कारमा यसलाई बाल्यकालको संस्कार मानिन्छ । नेपालका मारवाडी समुदायमा पनि परम्परागत रूपमा यो संस्कार सम्पन्न गर्ने परम्परा छ । यो संस्कार बालक जन्मिएको छैंठौं, सातौं, आठौं र बाह्रौं महिनामा सम्पन्न गर्ने परम्परा छ । परम्परागत रूपमा यो संस्कार केटा र केटी दुबैको गर्ने चलन पाइन्छ । शुभदिन र शुभमुहूर्तमा यो संस्कार सम्पन्न गर्नु उत्तम मानिन्छ (दाहाल, २०७३ : २६१ - २६४) ।

## शैक्षिक संस्कारहरू

हिन्दुहरूमा शिक्षासँग सम्बन्धित अनेक प्रकारका संस्कारहरू प्रचलित छन् । यिनीहरू कतिपय हिन्दु र जैन दुबै वर्गका मारवाडी समुदायमा प्रचलित छन् भने अन्य कतिपय आवश्यक ठानिदैनन् । दुबै धर्मका अनुयायी मारवाडी समुदायमा प्रचलित मुख्य शैक्षिक संस्कारहरू निम्नानुसार छन् ।

### (क) विद्यारम्भ संस्कार

यस संस्कारलाई अक्षरारम्भ संस्कार पनि भनिन्छ । विशेषगरी हिन्दुहरू ब्रह्मा र सरस्वतीलगायतका देवीदेवताको पूजाआजा गरी विभिन्न प्रकारका

विधिविधान पूरा गरी विद्यारम्भ संस्कार सम्पन्न गर्ने चलन परम्परागत रूपमा रहेको पाइन्छ । यता मारवाडी समुदायमा भने यस्तो परम्परा रहेको पाइँदैन । सामान्य रूपमा सरस्वतीपूजा या श्रीपञ्चमीका दिन देवी सरस्वतीको पूजाआजा गरी बालकलाई अक्षर लेख्न सिकाउन थाल्ने परिपाटी रहेको पाइन्छ । यता जैनमार्गी मारवाडी समुदायमा भने यस संस्कारलाई महत्त्व दिने गरिएको पाइँदैन ।

### (ख) उपनयन संस्कार

हिन्दुहरूमा बालकलाई वेदको शिक्षा दिनको लागि उपनयन संस्कार गर्ने चलन छ । मारवाडी समुदायमा ब्राह्मण या शर्माहरूले पुरोहितको काम गर्ने हुँदा तिनीहरूले पनि वेदलगायतको धार्मिक शिक्षा लिन आवश्यक पर्दछ । तसर्थ हाल ब्राह्मण मारवाडीका लागि यो संस्कार पनि आवश्यक ठानिन्छ । अघि हिन्दुपरम्परामा चलेका मारवाडीका लागि उपनयन संस्कार अनिवार्य जस्तो ठानिन्थ्यो । तर हाल यसलाई अनिवार्य ठानिएको छैन । कसैले उपनयन संस्कार सम्पन्न गर्दछन् भने कतिपय समुदायमा यो संस्कार गर्ने परम्परा रहेको पाइँदैन । यता जैन धर्मका अनुयायी मारवाडीहरूमा उपनयनको परम्परा रहेको पाइँदैन । धार्मिक शिक्षा लिने सवालमा भने यो संस्कार अनिवार्य ठानिन्छ । यसैगरी संस्कारगत कार्य गर्नका लागि पनि यो संस्कार आवश्यक ठानिएको छ । उपनयन संस्कार गर्ने मारवाडी समुदायमा यसलाई सामान्य हिन्दुपरम्पराअनुरूप गर्ने गरिन्छ । यसमा यज्ञसूत्र धारणदेखि मन्त्रदानसम्मका विषयवस्तुहरू पर्दछन् । यो संस्कार सम्पन्न गर्दा बटुकलाई यज्ञ मण्डपमा राख्ने तथा भिक्षाटनलगायतका कार्यहरू गराउने चलन छ । यिनमा पनि वर्णअनुसारका गायत्री या जगती मन्त्र दान गर्ने कार्य पर्दछ । यसरी हिन्दुपरम्पराका विधिहरू पूरा गरेर मारवाडी समुदायमा उपनयन संस्कार सम्पन्न गर्ने परम्परा पाइन्छ ।

यीबाहेक, वेदारम्भ संस्कार, केशान्त या गोदान संस्कार र समावर्त या स्नान संस्कार गर्ने परम्परासमेत झिनो रूपमा पाइन्छ (दाहाल, २०७३ : २६४-२६६) ।

## गृहस्थ जीवन सुरू गर्ने संस्कार

### विवाह संस्कार

विवाह एउटा उत्सव र खुशीयालीको संस्कार हो । मानिसको गृहस्थ जीवनमा प्रवेश गर्ने यस संस्कारलाई जुनसुकै समुदायमा पनि निकै ठूलो महत्त्व दिने गरिएको छ । यता मारवाडी समुदायमा पनि यसको महत्त्व त्यत्तिकै रहेको

पाइन्छ । यसलाई खुशीको अवसर मान्दै जम्मा तीन भागमा बाँडिएको पाइन्छ, जसमा पूर्व, मुख्य र अन्तिम विधिहरू पर्दछन् । नेपालका मारवाडी समुदाय परम्परागत रूपमा ओसवाल, माहेश्वरी, अग्रवाल र ब्राह्मण आदि चार वर्गमा विभक्त भएकाले तिनीहरूको विवाह पनि परम्परागत रूपमा आफ्नै वर्गभित्र मात्र गर्ने चलन छ ।

१. पूर्व तयारी : मारवाडीहरूको विवाहको पूर्वतयारीका क्रममा पनि विभिन्न प्रकारका विधिहरू पूरा गरिन्छन् । तिनीहरू विवाहको निर्णय र व्यवस्थासँग सम्बन्धित छन् । मारवाडी विवाहको पूर्व तयारीमा निम्न विधिहरू पूरा गरिन्छ ।

(क) सगाइ : मारवाडी विवाहको पहिलो विधि सगाइ हो । वास्तवमा सगाइ विवाहको कुरा छिन्ने अवसर मानिन्छ । वर र वधूका बारेमा आफन्त या लमीका माध्यमबाट विवाहको कुरा चलेपछि सगाइको दिन निर्क्यौल गरिन्छ । यस अवसरमा केटाको घरमा सगाइ हुने गर्दछ । केटीका तर्फबाट केही पुरुषहरू केटाको घरमा जाने विवाहको कुरा गर्ने र बेहुलीका दाजुले बेहुलाको निधारमा तिलक लगाइदिने गर्दछन् । यस अवसरमा केटालाई केटीको तर्फबाट तरबार, मिठाइँ र लुगाफाटाहरू दिने चलन छ । यसलाई मुघाटीका र नेग पनि भनिएको पाइन्छ । मुघाटीका पछि गोधभराई पनि गर्ने चलन छ । गोधभराईमा बेहुलीलाई अनेक प्रकारका गहना लुगा र उपहार दिने गरिन्छ । यता केटीले बेहुलाको तर्फबाट गरगहना र लुगा फाटा पाएपछि त्यसलाई लगाउने गर्दछिन् भने त्यहाँ स्थानीय मानिस र आफन्तले मांगलिक गीत गाउने र मनोरञ्जन गर्ने गर्दछन् । मारवाडी समुदायमा विवाहका अवसरमा मायाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

(ख) तिलक : मारवाडीहरूको विवाह निश्चित भएपछि दुबै पक्षका घरमा माङ्गलिक गीत गाउने चलन छ । यसैगरी वरपक्षका मानिसहरू कन्या पक्षका घरमा गएर कपडादि दिने गर्दछन् । यसलाई तिलक कार्य भनिन्छ । यहाँ कन्यालाई वर पक्षकाले आफ्नो घरकी सदस्य हुन लागेको मान्यता राख्दछन् । त्यसपछि कन्या पक्षका मानिसहरू वरपक्षका घरमा गएर वरलाई तिलक लगाउने तथा लुगाफाटा दिने गर्दछन् । यसरी मारवाडी विवाहमा तिलक वर र कन्याका घरमा दुबैतिर हुने गर्दछ । यसका लागि दुबै पक्षका मानिसहरू दुबै पक्षका घरमा जाने र यो विधि पूरा गर्ने गर्दछन् ।

(ग) पिठी दस्तुर : मारवाडी विवाहमा सगाइ र अन्य आरम्भिक विधि पूरा भएपछि पिठी दस्तुरको कार्यक्रम पर्दछ । यो विधि वर र वधू दुबैको घरमा सम्पन्न गरिन्छ । पिठी दस्तुर विधिमा बेहुला र बेहुलीको शरीरमा हर्दी र

चन्दन लेपन कार्य पर्दछन् । वर र वधूलाई आ - आफ्नो घरमा पिठी दस्तुर गरेपछि भने उनीहरूले विवाह नसकुन्जेल घर छाडेर बाहिर जान पाउँदैनन् । यसलाई वर वधूलाई मन्त्रले बाँध्ने विधिका रूपमा पनि लिने गरिन्छ । यसमा बेहुलीको लुगा पहेंलो राजस्थानी कपडाको हुन्छ । यसलाई बेहुलाको तर्फबाट आफन्तले चारवटा तरबारमा झुण्ड्याएर ल्याउनु पर्ने विधान छ । त्यसपछि बेहुला र बेहुलीका शरीरमा हर्दी लेपन गरिन्छ । यसलाई तेलवान पनि भनिन्छ । यसैगरी मारवाडी विवाहमा कोरथ नामको एउटा विधि पूरा गरिन्छ । यसको उद्देश्य भने बेहुलालाई विधिवत् रूपमा विवाहका लागि केटीको घरमा आउने निम्ता दिनु मानिन्छ ।

यसरी विवाह पूर्व तयारीहरूमा महिरा दस्तुर, मेफिल, जनेभ तथा पालादस्तुर आदि विधिहरू पनि सम्पन्न गरिन्छ ।

## मूल विवाह

मारवाडी समुदायमा विवाहको सबै तयारी भएपछि विवाहको विधि विधान सुरू हुने गर्दछ ।

(क) वरात : मारवाडी समुदायमा विवाहको दिन गरिने एउटा विधि वरात हो । यसमा बेहुलाका आफन्तहरू बेहुलीका घरमा वरियात जाने गर्दछन् । यसलाई ढुकाव भनिन्छ । यसमा वधू पक्षका महिलाहरूले मण्डपको ढोकामा बसेर वरलाई स्वागत गर्दछन् । सुरूमा पुरुषहरू मात्र वरात जाने गर्दथे भने हाल महिलाहरूको पनि सहभागिता हुने गरेको छ । वरात जाँदा बेहुलाले अचन, पगरी, चुरीदार र जुती लगाउने गर्दछ । अचन एउटा लामो जामा जस्तो लुगा हो । यसलाई घाँघर जस्तो देख्न सकिन्छ । परम्परागत मारवाडी विवाहमा वरियातले हात्ती या घोडामा चढ्ने चलन छ । तर हाल आएर गाडीमा बसेर वरियात जाने चलन चलेको देखिन्छ । परम्परागत रूपमा बेहुला र जन्तीले पनि हातमा तरबार बोकेर वरियात जाने चलन थियो । आजकाल खाली बेहुलाको लागि मात्र तरबार र चाँदीको छडीको व्यवस्था गरिन्छ ।

(ख) आरती : मारवाडीको विवाहको अवसरमा बेहुला, बेहुलीको घरमा या विवाहस्थल पुगेपछि बेहुलालाई बेहुलीतिरका महिलाहरूले घरभित्र या तिनीहरू बस्ने कोठामा लैजाने र बेहुलीकी आमा सहितका महिलाहरूले बेहुलालाई आरती गर्दछन् । त्यस अवसरमा बेहुलातिरको एकजना पुरुष साथी या आफन्त पुरुष रहन सक्तछन् । आरतीमा जाँदा बेहुलाको अनुहार कपडाले छोपिएको हुने गर्दछ । त्यसपछि बेहुलालाई विवाह मण्डपमा लगिन्छ र विभिन्न प्रकारका विधिहरू सम्पन्न गरी विवाह गर्ने चलन छ ।

(ग) तोरणाचरण : विवाहमण्डप तोरणहरूले सजाइएको हुन्छ । विवाहमण्डपमा पस्दा बेहुलालाई एउटा निमको छडी दिइन्छ । यसले तोरणमा छुने या हान्ने गरिन्छ । यसो गरेमा त्यहाँ भएका अदृश्य तथा नराम्रा शक्ति हटेर जाने जनविश्वास पाइन्छ । यस विधिलाई तोरणाचरण भनिन्छ ।

(घ) वरमाला : बेहुला बेहुलीको घरमा पुगेपछि उसलाई स्वागतका साथ बेहुलीको घरभित्र लैजाने तथा बेहुलीकी आमाले आरती गर्ने गर्दछिन् । त्यसपछि बेहुलालाई मण्डपमा ल्याएर स्वागतस्वरूप वरमाला लगाई दिने चलन छ । यता बेहुलीलाई मण्डपमा ल्याउने तथा तिनका मामाले हात समातेर तीन पटकसम्म मण्डपको परिक्रमा गराउने गर्दछन् ।

(ङ) कन्यादान : मारवाडी विवाहमा पनि अन्य हिन्दुविवाह पद्धतिको सरह नै कन्यादान अति महत्त्वपूर्ण विधान मानिन्छ । यसलाई कन्याको जात, धर्म र संस्कार बेहुलातिर सार्ने विधि मानिन्छ । यसमा कन्याका मातापिताले आफ्नी कन्याको दान गर्दछन् । कन्यादानलाई हिन्दुविवाहको सबैभन्दा महत्त्वपूर्ण पाटो मानिन्छ । कन्यादान गरेपछि ती कन्याको जुठो र सुतकसमेतका सबै विषयवस्तु केटातिर सर्ने विश्वास गरिन्छ । कन्यादानका अवसरमा बेहुला र बेहुलीलाई एक आपसमा राखिन्छ र बेहुलीको हातमा चाँदीको एउटा सिक्का राखेर तिनका बाबुले बेहुलीको हात बेहुलालाई दिंदै म हजुरलाई मेरी छोरीको हात दिंदैछु - लामो समयसम्म सँगसँगै आनन्दपूर्वक जिउनुहोस् भन्ने कामना गर्दछन् । यसमा पुरोहितले मन्त्रोच्चारण गरिरहेका हुन्छन् । त्यसपछि बेहुला र बेहुलीको हातमा पानी खन्याएपछि कन्यादान सकिन्छ ।

(च) सिन्दूर दान : सिन्दूर दानलाई मारवाडी समाजमा सेरगुठी भनिन्छ । सिन्दूर दानका अवसरमा बेहुलीलाई एउटा प्लेटमा मिठाइँ, चामल, मुंगको दाल र केही पैसा दिइन्छ । त्यसपछि केटीकी नन्दले केटीको कपाल केही खोली दिने गर्दछे । त्यसका लागि उसले एउटा रातो धागोको सहयोग लिनु पर्दछ, जुन नन्दीगणेशको पूजाका अवसरमा चढाइएको हुन्छ । यसमा वरकी आमाले पठाएको फूली वधूलाई दिने तथा बेहुलाले बेहुलीको शिरमा सिन्दूर हाल्ने काम गर्दछन् ।

(छ) सातफेरा : सातफेरा मारवाडी समुदायमा विवाहको अर्को विधि मानिन्छ । यसमा वर र वधूले विवाह मण्डपको वरिपरि सातपटक घुम्ने गर्दछन् । यसको उद्देश्य वा वधूले जीवनको लामो यात्रा सँगसँगै गरून् भन्ने हुन्छ । मारवाडी विवाहका अवसरमा गरिने सातफेरामा सातवटा वाचा गरिन्छ । यसमा सधैं ईश्वरमा विश्वास, माया, प्रेम र सद्भाव, मजबुती र सत्यको पक्षपाती, परिवारका सदस्यलाई माया र असल सोंच, बालबच्चालाई नैतिकवान् बनाउने र अतिथि सत्कार गर्ने आदि काममा पर्दछन् ।

(ज) बिदाइ : मारवाडी विवाहमा विभिन्न विधिहरू पूरा भएपछि कन्यालाई वरका साथमा मिठाइँलगायतका उपहार दिएर बिदाइ गर्ने गरिन्छ । यस अवसरमा तिनीहरूलाई टीका लगाउने तथा उपहारहरू दिएर पठाउने परम्परा पाइन्छ । त्यसपछि भने केटाका घरका विधिहरू सुरू हुने गर्दछन् ।

## विवाहपश्चात्का विधिहरू

मारवाडी समुदायका कन्यालाई विवाह गरी वरले आफ्नो घरमा ल्याएपछि विवाहपश्चात्का विधिहरूको सुरूवात हुने गर्दछ । त्यसमा वधूको गृह प्रवेश र कुलपूजाका साथमा निम्नानुसारका विधिहरू पूरा गरिन्छन् ।

(क) बडरूकाइ : वधूलाई लिएर आएपछि वरका आमाबाबुले वधूलाई बाटैमा स्वागत गर्ने, वधूको शिरमा मङ्गल कलश राखेर वधूलाई गृह प्रवेश गराउने, वर र वधूलाई ढोकामा रोक्ने तथा गृह प्रवेश गराएर कुलपूजा गर्ने चलन पाइन्छ । नव वधूका साथमा वर घरमा छिरेपछि मारवाडी समुदायमा यो संस्कार सम्पन्न गरिन्छ । बडरूकाइका अवसरमा निम जुहारी खेलाउने चलन छ ।

(ख) पगेलाग्नि : पगलाग्नि भने आफन्तसँग चिनजान गराउने उत्सव हो । नव वधूलाई गृहप्रवेश गराएपछि त्यसको दोस्रो दिनबाट वधूलाई नजिकका मन्दिरमा पठाउने तथा देवताको दर्शन र पूजन गर्न लगाउने गरिन्छ । त्यस्तै आफन्तहरूलाई निम्ता गरी उनीहरूलाई नव वधूसँग चिनजान गराउने परम्परा छ । यसमा आफन्तले नव वधूलाई विभिन्न प्रकारका उपहार दिने गर्दछन् ।

मारवाडी विवाह एक महत्त्वपूर्ण उत्सवका रूपमा हुने गर्दछ । यसमा महँगा लुगाफाटा र गरगहना लगाउने गरिन्छ । लुगाफाटा र गरगहना सम्पन्नताका प्रतीक भएका हुनाले पनि तिनको विवाह ज्यादा महँगो हुने गरेको हो । बुहारीले गृहप्रवेश गर्दा ढोकाका दुबैतिर मङ्गलात्मक वस्तुको रूपमा पानी भरिएको कलश राख्ने परम्परा छ । मारवाडी समुदायमा प्रेम विवाह गरिएको भए पनि त्यसलाई पुनः परम्परागत विवाह गर्ने चलन रहेको पाइन्छ । मारवाडी समुदायमा एउटै गोत्रभित्र विवाह हुँदैन । यिनीहरूमा परम्परागत रूपमा विधवा विवाह स्वीकार्य छ । कुनै महिला कम उमेरमै विधवा भएमा माइत गएर बस्ने तथा बाबु–आमाले पुनः अर्को वर खोजेर विवाह गरिदिने पनि चलन छ । मारवाडी समुदायभित्र केही वर्गमा अघि देवर ब्यहोर्ने चलन पनि थियो । तर बहुविवाह गर्ने चलन भने निकै कम छ । मारवाडी समुदायमा बालविवाह चलनचल्तीमा रहेको पाइँदैन (दाहाल, २०७३ : २७२ - २७३) ।

## मृत्यु संस्कार

जन्मेपछि मानिसको मृत्यु अवश्यम्भावी छ । तर मृत्युलाई पनि हिन्दुहरूले स्वाभाविक प्रक्रिया मानेका छन् र मृतकको उचित रूपमा संस्कार गरी उसलाई परलोकसम्म पठाउने विधिहरू तर्जुमा गरिएको पाइन्छ । हिन्दु मारवाडीहरूले हिन्दु परम्पराअनुसार मृतकको शवलाई अग्निदाह गर्दछन् भने जैनहरूमा पनि अग्निदाह गर्ने नै चलन छ । मारवाडी समुदायमा मृतकको शवलाई अग्निदाह गर्दा पहिलो दिन चितामा चढाएर दाह संस्कार गर्ने तथा तेस्रो दिन मात्र पुनः मसानमा गएर पिण्डादि गरी चिता सफा गर्ने चलन छ । यसमा मृतकको अवशेष पाइएको खण्डमा त्यसलाई गङ्गामा लगेर विसर्जन गर्ने चलन छ । नेपालका मारवाडी समुदायमा मृतकका स्मृतिमा बारिने जूठो अन्य हिन्दुहरूको सरह नै १२ दिनसम्म बार्ने परम्परा पाइन्छ । ती दिनहरूमा मृतकका नाममा पिण्डादि दान गर्ने तथा अन्त्यमा ब्राह्मणलाई मृतकका नाममा दक्षिणा गरेर आशौच फुकाउने परम्परा यस समुदायमा पाइन्छ । कसैकसैले मातापिताको मृत्युमा एक वर्षसम्म सेतो कपडा लगाउने गर्दछन् भने हाल धेरैले १२ दिनमा नै आशौच फुकाउने गर्दछन् । यसैगरी पितृपक्षमा मारवाडीहरूले मृतकका नाममा पितृतर्पण गर्ने गर्दछन् । कतिपय समुदायमा वार्षिक श्राद्ध गर्ने पनि चलन छ । तर यसलाई अनिवार्य भने गरिएको पाइँदैन । नेपालका जैनमार्गी मारवाडी समुदायमा भने मृत्यु संस्कार गर्ने पद्धति केही फरक छ । मृतकको शव अग्निदाह गर्ने चलन भए पनि यिनीहरूमा अस्थि ल्याएर गङ्गामा सेलाउन लाने चलन छैन । यसैगरी आशौच पनि जैन समुदायमा कतै तीन दिनमा र कतै सात दिनमा सक्ने चलन छ । तिनीहरूले मृतकका नाममा दान दक्षिणालाई त्यति महत्त्व दिंदैनन् । त्यस अवसरमा ब्राह्मण आफन्त तथा साधुहरूलाई भोज खुवाउने भने गरिन्छ । यता पुरोहितलाई सामान्य रूपमा दक्षिणा दिए पनि पलङ्ग, छाता र जुत्ता जस्ता मृतकका लागि चाहिने वस्तु पनि दान दिनुपर्दछ भन्ने धारणा यिनीहरूमा रहेको पाइँदैन । यता मृतकका नाममा जैनहरूले कतै १५ दिनमा र कतै एक महिनामा श्राद्ध गर्ने चलन छ । त्यसबाहेक यिनमा वार्षिक श्राद्ध गर्ने परम्परा पाइँदैन (दाहाल, २०७३ : २७३ - २७४) ।

## खानपीन

मारवाडी समुदाय विशुद्ध शाकाहारी भोजन गर्छन् । खानपीन सम्बन्धमा भैरहवा मैत्रीपथ निवासी नारायण अग्रवाल (७१) सँग मैले कुराकानी गरेको थिएँ । उनले दिएको जानकारी अनुसार -

बिहानको नास्ता - पराठा, दही, हरियो खुर्सानीको अचार, आँपको अचार, इडली, नमकीन, सेवई, चना, मोंग, मूंठ, फल, कचौडी, सब्जी आदि हुन्छन् ।

बिहानको खाना - दाल, भात, सब्जी, रोटी, दही तथा मिठाइँ हुन्छन् ।

रात्रिको खाना - पराठा, सब्जीलगायत कडी हुन्छन् ।

खानामा सागपातको प्रयोग धेरै हुन्छ । साथै आलु, लौका, घिरौंला, पालक, मेथी, पनिर, परवल, भिण्डी तथा काँक्रो, गाँजर, मूलाका सलाद हुन्छन् ।

विशेष खाना - लौकाको कोफ्ता, मटर पनिर, पुलाउ, पुडी - कचौरी (मसला हालेको) गट्टाको सब्जी (बेसन हालेको), पापड, मंगोडीको कडी, पानीको मगोडी।

## भोज भतेर

विशेष गरेर राजस्थानी, पन्जाबी, गुजराती तथा मारवाडी खाना रोटी दाल (दाल वाटी चूरमा) पापड तथा प्रशस्त मात्रामा मिठाइँ, पुडी, कचौडी, फलफूल हुन्छन् । साथै बाजराको रोटी, मिस्सी रोटी हुन्छन् ।

## वस्त्राभूषण

विभिन्न जातीय समुदायका आ - आफ्नै संस्कार संस्कृतिअनुरूप भेषभूषाहरू हुन्छन् । यसैअनुरूप मारवाडी समुदायको पनि आफ्नै प्रकारका भेषभूषाहरू छन् । यससम्बन्धमा भैरहवा मैत्रीपथ निवासी नारायण अग्रवाल (७१) सँग कुराकानी गर्दा उनले दिएको जानकारी निम्न बमोजिम प्रस्तुत गरेको छु । मारवाडी समुदायका पुरुषहरूले - शेरवानी, पैजामा, जिन्सकोट, पगडी (विशेष पहेंलो), कुर्ता - पैजामा । साथै धोती - कुर्ता लगाउँछन् । धोती कुर्तामा - कुर्ता सेतो वा क्रिमकलरको र धोती सेतो हुन्छ । मारवाडी समुदायका महिलाहरू - घाँघरा र चोली त्यसमाथि ओढनी ओढ्छन् । विवाहमा माइतीहरूले छोरीलाई चुनरी (ओढनी) लगाई दिन्छन् । साडी, ब्लाउज लगाउँछन् । मारवाडी महिला - पुरुषहरू नयाँ फेसनअनुरूप चलन चल्तीमा रहेका सबै प्रकारका डिजाइनका लुगाहरू लगाउँछन् । आभूषणको हकमा पुरुषहरू खास गरेर हातको औंलामा सुनको औंठी, गलामा सुनको सिक्री र हातको नाडीमा सुनको ब्रासलेट लगाउँछन् । महिलाहरूको सन्दर्भमा बोरोलो (विन्दिया - मांग टीका), नथ, टप, सिक्री, हार तथा लाखको चुरा, पातला चुरी, औंठी, करधनी (कम्मरमा लगाउने) तथा बाजुबन्ध सबै सुनका हुन्छन् । खुट्टामा पाइजेव र औंलाहरूमा विछिया लगाउँछन् । यी चाँदीका हुन्छन् ।

## पेशा

मारवाडी समुदायको पेशाको हकमा भन्नु पर्दा यिनीहरू जन्मजात व्यापारी हुन् । मीठो बोली, नरम व्यवहार तथा सामानका उचित मूल्यका कारण यो समुदाय

व्यापारमा सफल भएका हुन् । हुन पनि करिब वि.सं. १९०५ देखि १९१० तिर तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुरले व्यापारको निम्ति १ दर्जन मारवाडी झिकाएका थिए । सुरूमा यिनीहरू कपडाको व्यापार गर्दथे । विस्तारै विस्तारै यो समुदायले व्यापारसम्बन्धी सम्पूर्ण कार्यलगायत उद्योग व्यवसायमा समेत आफ्नो वर्चश्व कायम गऱ्यो । मारवाडी समुदाय भन्नाले अग्रवाल, माहेश्वरी वैश्य समाज, ओसवाल (जैन) वैश्य समाज तथा ब्राह्मण समाजभित्रका थुप्रै जात जातिमा फैलिएको समुदाय हो । यस समुदायभित्र व्यापार, विविध उद्योग व्यवसाय, सरकारी नोकरी, डाक्टर, इन्जिनीयर, वकिल, वैज्ञानिक आदि शैक्षिक क्षेत्र एवं खेलकूद, गायन, राजनीतिक तथा विभिन्न संघ-संस्थाहरूमा उच्च तहमा सेवारत रहेका छन् । धेरै जसो ब्राह्मणहरू आफ्नै धार्मिक मूल्य मान्यताका पेशाहरूमा आबद्ध छन् । अहिले नेपालमा व्यापार र उद्योग क्षेत्रमा मारवाडी समुदाय पहिलो नम्बरमा आउँछ । नेपाली समाजमा यो समुदायको मान्यता उच्च छ ।

## धर्म/चाडपर्व

मारवाडी समाज हिन्दु धर्म मान्ने र जैन धर्म मान्ने गरी दुई समुदायमा रहेको पाउँछौं । अग्रवाल, माहेश्वरी र ब्राह्मणहरूले हिन्दु धर्म अङ्गीकार गरेका पाइन्छन् । माहेश्वरी समूहका मानिसहरू महेश (शिव) तथा पार्वती (ईश्वरी) का उपासक हुन् । ओसवालहरू जैन धर्म मान्दछन् । यद्यपि मारवाडी समाजका जुनसुकै समूहका मानिसहरूले जैन धर्म अपनाउन सक्दछन् । यसो भए तापनि मारवाडी समाजका यी चार समाजले आ - आफ्नै परम्परागत धार्मिक चाडपर्वहरू मान्ने गरी आएका छन् -

१. अग्रवाल समाज - अग्रसेन जयन्ती !
२. माहेश्वरी समाज - महेश नवमी !
३. ओसवाल समाज - महावीर जयन्ती !
४. ब्राह्मण समाज - परशुराम जयन्ती !

यसरी आ - आफ्नो समाजले आ - आफ्नो तरिकाले धार्मिक पर्वहरू मान्दै आइरहे तापनि पवित्र "गणगौर पर्व" यस्तो पर्व हो जो सबै मारवाडी समाजले आस्थापूर्वक मनाउँदै आइरहेका छन् । विशेष गरेर "गणगौर पर्व" मारवाडी समाजका महिलाहरूको एक मात्र सामूहिक पर्व हो । आजकाल होली, दीपावली, रक्षाबन्धन तथा अन्य पर्वहरू पनि अन्य सबै समुदायले मनाउने गर्दछन् ।

## गणगौर पर्व

मारवाडी समाजमा मनाइने "गणगौर पर्व" भगवान् शंकर तथा माता पार्वतीसँग सम्बद्ध छ । भगवान् शंकरलाई (ईश्वर) र माता पार्वतीलाई गवर (गौरी) को

रूपमा पूजा गरिन्छ । गणगौरको पूजा र व्रत कुमारी कन्याहरू आफ्नो मनले चिताएअनुकूलको पति पाउन र विवाहित महिलाहरू आफ्नो पतिको चिरायुको कामनासाथ पूजा गर्दछन् । यो पर्व १८ दिनसम्म मनाइन्छ । यो पर्वको प्रारम्भ होलिका - दहनको भोलिपल्ट झारंडी (छालोडी, धुलेटी, धुलेडी, धुरंगी) को प्रातः समयदेखि सुरू हुन्छ । कुमारी कन्याहरू र नव विवाहित महिलाहरू होलिकाको भस्मी (खरानी) बाट पींडोली (लामो आकारको लड्डु) बनाएर माटोको भाँडामा, जसलाई राजस्थानी भाषामा पालसिया या कूण्डा भनिन्छ राखेर, त्यसलाई केशर, कुमकुम, फूल र अनेक प्रकारका रङ्गहरूद्वारा पूजा गर्छन् र गवर (गौरी) को गीत गाउँछन् । चैत्र कृष्ण अष्टमीदेखि गवर (गौरी) को पूजा गर्नेहरू सबै कन्या र नव विवाहित महिलाहरू ईसर (शंकर) गवर (गौरी) र भाइये (भाइयेलाई गौरी पुत्र मानिन्छ) हरूका काठ वा माटोले बनेका मूर्ति (जस जससँग छ) लाई मध्याह्नमा पानी चढाउँछन् र कुनै कुवा, पोखरी या मन्दिरमा गएर त्यहाँका भित्ताहरूमा अनेक प्रकारका रङ्गहरूले माङ्गलिक चिह्नहरूको चित्रण गर्दछन् । अनि भरिएको जल पात्र आ - आफ्नो शिरमा राखेर झुण्ड झुण्ड भई घर फर्कन्छन् (डागा, २०५० : ३३) ।

मारवाडी समाजद्वारा मनाइने अन्य विभिन्न प्रमुख चाड - पर्वहरू निम्न प्रकारका छन् -

| | | | |
|---|---|---|---|
| १. | न्यौरता (नवरात्रि) | - | चैत्र सुदी एकमदेखि नवमीसम्म |
| २. | रामनवमी | - | चैत्र सुदी नवमी |
| ३. | महावीर जयन्ती | - | चैत्र सुदी तेरस |
| ४. | हनुमान जयन्ती | - | चैत्र सुदी पूनम |
| ५. | बूढो बासेडो | - | वैशाख बदिको कुनै एक सोमबार बुधवार या शुक्रबार |
| ६. | आखा तीज (अक्षय तृतीया) | - | वैशाख सुदी तीज |
| ७. | नृसिंह जयन्ती | - | वैशाख सुदी चौदस |
| ८. | वड पूजनी मावस | - | ज्येष्ठ महिनाको औंशी |
| ९. | गङ्गा दशहरो | - | ज्येष्ठ सुदी दशमी |
| १०. | निर्जला ग्यारस | - | ज्येष्ठ सुदी ग्यारस |
| ११. | रथ यात्र | - | आषाढ सुदी दूज |
| १२. | देव सोवणी ग्यारस | - | आषाढ सुदी ग्यारस |
| १३. | गुडी बुहावणी ग्यारस | - | आषाढ सुदी ग्यारस |
| १४. | शिव पूजा एवम् व्रत | - | सावनका सबै सोमबार |
| १५. | मङ्गला गौरी पूजन एवम् व्रत | - | सावनका सबै मंगलवार |

| | | | |
|---|---|---|---|
| १६. | नागपञ्चमी | - | सावन वदि पञ्चमी |
| १७. | श्रावणको सिंघारा तथा तीज | - | सावन सुदी दूज तथा तीज |
| १८. | राखी पूनम (पूर्णिमा) | - | सावन सुदी पूनम (पूर्णिमा) |
| १९. | बूढी तीज | - | भाद्र वदि तीज |
| २०. | चानन छट | - | भाद्र वदि छठ |
| २१. | जन्माष्टमी | - | भाद्र वदि आठै |
| २२. | गूगा नवमी | - | भाद्र वदि नौमी |
| २३. | बछवारस | - | भाद्र वदि वारस |
| २४. | सतियां की मावस | - | भाद्र औंशी |
| २५. | हडताल तीज | - | भाद्र सुदी तीज |
| २६. | गणेश चौथ | - | भाद्र सुदी चौथ |
| २७. | माया पाँचै - ऋषि - पञ्चमी (संवत् सरी) | - | भाद्र सुदी पञ्चमी |
| २८. | दूवडी सातैं | - | भाद्र सुदी सातै |
| २९. | अनन्त चौदस | - | भाद्र सुदी चौदस |
| ३०. | सराध | - | भाद्रको पुन्यूदेखि असोजको औंशीसम्म |
| ३१. | आशा भागोतीको व्रत | - | असोज सुदी अष्टमी |
| ३२. | देवीपूजा न्यौरता (नवरात्री) | - | असोज सुदी एकमदेखि नवमीसम्म |
| ३३. | दसरावो | - | असोज सुदी दसमी |
| ३४. | शरद पुन्यू | - | असोज सुदी पूनम |
| ३५. | करवा चौथ | - | कार्तिक वदि चौथ |
| ३६. | होईको व्रत | - | कार्तिक वदि आठै |
| ३७. | धनतेरस | - | कार्तिक वदि तेरस |
| ३८. | दीवाली | - | कार्तिक वदि औंशी |
| ३९. | गोवर्धन पूजा | - | कार्तिक सुदी एकम |
| ४०. | भैया दूज | - | कार्तिक सुदी दूज |
| ४१. | छठमाई | - | कार्तिक सुदी छठ |
| ४२. | गोपाष्टमी | - | कार्तिक सुदी ओठे |
| ४३. | आंवला नवमी | - | कार्तिक सुदी नवमी |
| ४४. | देव उठनी ग्यारस | - | कार्तिक सुदी ग्यारस |
| ४५. | श्यामबाबाको जन्मोत्सव | - | कार्तिक सुदी बारस |
| ४६. | संक्रात | - | पौष या माघ महिनाको १४ जनवरी |

| | | |
|---|---|---|
| ४७. माही चौथ | - | माघ वदि चौथ |
| ४८. वसन्त पाँचै | - | माघ सुदी पञ्चमी |
| ४९. सूर्य सप्तमी | - | माघ सुदी सप्तमी |
| ५०. शिवरात (शिवरात्री) | - | फागुन वदि तेरस |
| ५१. ढूंढ को नेग | - | फागुन सुदी बारस |
| ५२. श्यामजीकी जात | - | फागुन सुदी बारस |
| ५३. होली | - | फागुन सुदी पून्यो |
| ५४. सिंधारा | - | चैत्र सुदी दोज |
| ५५. वासेडो | - | चैत्र सुदी ओठे |

(नेपाल मारवाडी राष्ट्रिय सम्मेलन, स्मारिका - २०५० : ९१ - ९२)

## भाषा

विश्वमा करिब ७१०६ भाषाहरू छन् । हाम्रो देश नेपालमा १२३ भाषा छन् । जस मध्ये मारवाडी भाषा पनि एक हो । मारवाडी भाषा सम्बन्धमा निम्न विद्वान्हरूको विचार प्रस्तुत गरिएका छन् । (१) भारतीय उपमहाद्वीपका आधुनिक आर्य भाषाहरूको विकास निःसन्देह संस्कृतबाट भएको हो । भाषाहरूको आनुवंशिक सम्बन्धलाई केलाउँदा महापण्डित राहुल सांकृत्यायनको विचारमा मारवाडीलाई नेपालीको सहोदर भाषा नै मान्नुपर्छ । महापण्डित राहुल सांकृत्यायनको विचारमा यी सारा पहाडी आर्यभाषाहरू तथा राजस्थानी (मारवाडी) को केन्द्रस्थ मूल बोली "कुमाउनी" (कुमाउको मध्य पहाडी भाषा) हो । यस कुमाउनी सहोदरा बहिनी भाषाहरू मारवाडी, नेपाली, गढवाली तथा कुलू र चम्ब क्षेत्रका भाषाहरू हुन् (मिश्र, २०५० : ११) । (२) भाषाको पनि आफ्नो परिवार हुन्छ । त्यसमा छोरा नाति जस्तै पूर्वज पनि हुन्छन् । आजको हाम्रो नेपाली भाषाका भाइ, बहिनीहरू मारवाडी, मैथिली, ब्रज, बंगाली र हिन्दी आदि हुन् भने काकाको रूपमा प्राकृत र पालिलाई लिन सकिन्छ । देवभाषा संस्कृत यी भाषाहरूकी बूढी आमा हुन् । यदि उच्चारण भेदलाई बुझेर अवलोकन गर्ने हो भने नेपाली र मारवाडी भाषाहरूमा आश्चर्यजनक साम्य छ । आश्चर्यजनक यसकारणले कि दुबै भाषाका विकासस्थलहरूमा पर्याप्त भौगोलिक दूरी छ । भारतको पश्चिमी प्रान्त राजस्थानको पनि दक्षिणी भेगको भाषासित बढी साम्य भेटिएको छ । जस्तो कि–

घरमा (नेपाली) - घरमा (मारवाडी)

पर्वतमाथि (नेपाली) - पर्वत माथँ (मारवाडी)

जान्छु (नेपाली) - जाउँछु (मारवाडी)

## क्रियात्मक शब्दहरू

| नेपाली | मारवाडी | नेपाली | मारवाडी | नेपाली | मारवाडी |
|---|---|---|---|---|---|
| आउ | आउ | आयो | आयो | देख्यो | देख्यो |
| जाउ | जाउ | गयो | गयो | बोल्यो | बोल्यो |
| खाउ | खाउ | खायो | खायो | गयो | गयो |
| पिउ | पिउ | पियो | पियो | रोयो | रोयो |
| लेख्यो | लेख्यो | दिउंला | देउंला | मच्चियो | मच्यो |
| लिउंला | लेउंला | गुड्यो | गुडायो | लेखूंला | लिखूंला |

## झिनो फरक भएका

| नेपाली | मारवाडी | नेपाली | मारवाडी | नेपाली | मारवाडी |
|---|---|---|---|---|---|
| पच्छौरी | पछेवडी | अधकल्चो | अधकच्रो | बहुला | बाहुला |
| मनसाय | मनस्या | झीनो | झीणो | पछि | पछँ |
| बैनी | बैन | यत्रो | अत्रो | पाहुना | पावना |
| भन्यो | भण्यो | जसो - तसो | जिसो - तिसो | | धनी धणी |

## जस्ताको तस्तै

| नेपाली | मारवाडी | नेपाली | मारवाडी | नेपाली | मारवाडी |
|---|---|---|---|---|---|
| तातो | तातो | कालो | कालो | रातो | रातो |
| बाछा, बाछी | बाछे, बाछी | पाडो, पाडी | पाडो, पाडी | जस, अपजस | जस, अपजस |
| भलाद्मी | भलाद्मी | बाजागाजा | बाजागाजा | तागाधारी | तागाधारी |
| राडी | राडी | भाइ | भाइ | छोरो | छोरो |
| छोरी | छोरी | बुच्चो | बुच्चो | लुच्चो | लुच्चो |

मारवाडी र नेपाली भाषाको साम्यको एउटा ज्वलन्त उदाहरण एउटा नेपाली उखान र त्यसको मारवाडी अनुवादले अझ प्रष्टाउँछ -

नेपाली - एकदिनको पाहुना - मीठो मीठो खा, दुईदिनको पाहुना जसोतसो खा!

मारवाडी - एकदिनको पावना - मीठो मीठो खा, दोयदिनको पावना जिसो तिसो खा !

*(गोल्छा, २०५० : १०७ - १०९)*

## मारवाडी समाजमा नारी

विश्वको जुनसुकै विकसित वा विकासोन्मुख देशमा पनि पुरुष प्रधानता देखिएको छ । जुनसुकै देशको संविधानमा पुरुष र नारी अधिकारबारे समानताका जस्तो सुकै बुँदा लेखिए तापनि व्यवहारमा समानता नदेखिएको यथार्थता समाचार सुन्नमा र पत्रपत्रिकाहरूमा पढ्न पाइरहेका छौं । नहुनु पर्ने यस्तो व्यवहार किन हुन्छ ? शायद प्रकृतिले नै नारीहरूलाई अत्यन्त स्नेहमयी, करूणामयी, ममतामयी, क्षमामयी र मातृत्वमयी गुणहरूले भरिपूर्ण बनाएर हो कि ? वा स्वयं नारीहरूले आफूमा निहित यिनै गुणहरूमा थिचिएर विद्रोह गर्न नसकेका हुन् ? समाजमा नारीशोषण, नारी उत्पीडन, नारीबेचबिखन, नारी बलात्कार, जतातत्तै अझै छन् । कानुनले दहेज प्रथालाई निषेध गरेको छ । तर पनि हाम्रो देश नेपालको तराई भू - भाग र छिमेकी मित्र राष्ट्र भारतको ठूलो भू-भागमा अहिले पनि दहेज प्रथाको अन्त हुन सकिरहेको छैन । दहेजको कारण महिलाहरूको हत्या वा आत्महत्यासम्बन्धमा बराबर समाचारहरू सुन्नमा आइरहन्छन् ।

भारतको राजस्थान मारवाड क्षेत्रबाट नेपाल आएका मारवाडी समुदायमा पनि पहिला पहिला पर्दा तथा दहेज प्रथा थियो । तर हाल समयको परिवर्तन, महिला शिक्षाको प्रचार-प्रसार र सामाजिक चेतनाको जागरणको कारणले मारवाडी समुदायमा पर्दा प्रथा त हराएरै गएको छ भने दहेज प्रथा पनि बिलाउँदै जाने क्रममा रहेको बुझिएको छ ।

यिनै सन्दर्भमा मारवाडी समुदायभित्र कुरीति र नारी स्वतन्त्रताको सम्बन्धमा केही विद्वान् र विदुषीहरूको तर्क यहाँ प्रस्तुत गरिएका छन् -

१. हिजो समाज सुधारको कुरा गर्दा पर्दा प्रथा हटाउने, दहेज प्रथा हटाउने तथा अन्य सामाजिक कुरीतिहरू हटाउनुपर्छ भनी आन्दोलन र प्रदर्शनी आदि गर्थ्यौं । आज दहेज प्रथा एक ज्वलन्त प्रथा छैन । तर त्योभन्दा पनि एक ठूलो समस्या देखा परिरहेको छ त्यो हो औकातको प्रदर्शनी । धेरै जसो वैवाहिक कार्यक्रममा बोलेर दहेज त कसैले माग्दैनन् । किनकि आफ्नो हैसियत बराबरको व्यक्तिसँग सम्बन्ध राख्न चाहन्छन् । त्यसभन्दा अगाडि नै अर्को परिवार उसको आकांक्षाअनुरूप खरो उत्रन्छन् कि उत्रदैनन् भनेर हिसाब किताब गरिसकिएको हुन्छ । विशेष गरेर आर्थिक स्थितिले जो सम्पन्न छन् उनीहरूको लागि यो अति आवश्यक छ कि समाजमा मध्यम वर्गीय व्यक्तिहरूको भलाइको लागि उनीहरू औकातको प्रदर्शनी नगरून् जसले गर्दा मध्यम वर्गीय परिवारमा कुनै हीन भावना जागृत नहोस् (लखौटिया, २०६७ : २१९) ।

२. आज पनि आइमाईहरू घरभित्रै सीमित छन् । पुरुषहरूमा नारीहरूलाई कमजोर राख्ने प्रवृत्ति उस्तै छ । छोरीको जन्ममा तक्दिरलाई धिक्कारिन्छ, विधवा महिलालाई साक्षात् अपसकुन सम्झिइन्छ र घृणा गरिन्छ । तर्कमा पुरुषको रायभन्दा भिन्दै राय राख्ने महिलालाई उदण्ड सम्झिइन्छ । स्वाभिमान नारीहरूको गुण हैन दोष मानिन्छ (अग्रवाल, २०५० : ४९) ।

३. समाजमा फैलिएका रूढिवादी संस्कार र सामाजिक कु - प्रथाहरू जस्तै - पर्दा प्रथा, दहेज प्रथा, मृतक भोज तथा मिथ्या प्रदर्शन आदि कैयौं दुर्गुणहरू पनि नभएका हैनन् । पर्दा प्रथाको विरोधमा प्रतिज्ञा लिने क्रममा तोलाराम दुगडले "म मेरी पत्नीलाई आजैदेखि पर्दाबाट मुक्त गर्दछु" भन्ने प्रतिज्ञाले उहाँको परिवारमा ठूलो समस्या उत्पन्न हुन गयो । दुगडका पिता लुनकरण दुगड पुराना विचारधाराका धार्मिक व्यक्ति हुनुहुन्थ्यो । समाजमा नभएको यस्तो नयाँ कुरा छोराले गर्न लाग्यो भनेर उनी ज्यादै असन्तुष्ट भए । तोलारामले घरै त्याग्नु पर्नेसम्मको स्थिति उत्पन्न हुन जाँदा पनि नडगमगाई आफ्नो प्रतिज्ञामा अटल रहेका हुँदा समाजका नवयुवकहरूले मारवाडी युवामञ्चबाट उनलाई अभिनन्दन-पत्रबाट सम्मान गरिएको थियो (शर्मा, २०५० : १४५ - १४९) ।

४. विदेशीहरूको आक्रमणपछि उनीहरूबाट महिलाहरूलाई बचाउनको निम्ति नारी स्वतन्त्रतामाथि बन्देज लगाइयो र पर्दा, अशिक्षा एवम् अन्धविश्वासका अध्यायहरू प्रारम्भ भए । पुरुष, नारीलाई खाना बनाउनु, घर सजाउनु, पतिको सेवा गर्नु र बच्चाहरूको पालन पोषण गर्नु मात्र हो सम्झिन्छन् । पुरुष जान्दैनन् कि उनीहरूको सफलताको पछाडि नारीहरूको हात हुन्छ । पर्दा प्रथा र धर्मका ठेकेदारहरूले नारी शिक्षालाई "नरकको ढोका" भनेर शिक्षाको गौरवबाट वञ्चित गरिदिए । उच्च शिक्षाको ढोकामा पुग्ने-पुग्ने बेलामा विवाह जस्तो कुवामा खसाली दिन्छन् । नारीहरूलाई यति पनि हक छैन कि उसले आफ्नो जीवनसाथी खुद चुन्न सकोस् (अग्रवाल, २०५० : ९७) ।

५. घरमा छोरीलाई अपहेलनाको दृष्टिले हेरिन्छ । विवाहपूर्व दहेजले सताएको हुन्छ । विवाहपश्चात् दहेजको प्रलोभनबाट बुहारीहरूलाई आत्महत्या गर्न पनि बाध्य गर्ने, जलाउने र यातना दिने आदि जस्ता कुकृत्य र जघन्य अपराध भएका, देखेका, सुनेका र पढेका छौं । तर आज समाजमा जागरूकता छाई छोरीहरूलाई पढाउन थालिएको छ । जसअनुसार छोरीहरू चार्टड एकाउण्टेन्ट, वकिल, डाक्टर, इन्जिनीयर आदि बनेका छन् र उद्योग व्यवसायमा समेत संलग्न छन् । आज भ्रूणहत्याले गर्दा समाजमा छोरीहरूको संख्या कम भएर समाजमा ६५ प्रतिशत पुरुष र ३५ प्रतिशत

मात्र महिलाहरू छन् । यस कारण कमै परिवारमा अन्तरजातीय विवाह भइरहेका छन् (लालवानी, २०५४ : ३११) ।

६. विवाहको कुरा चलेपछि केटा पक्षहरू दङ्ग पर्छन् । कुरा तय भएपछि केटी हेर्ने कुरा आउँछ । केटी केटी नभएर शो पीस हो । पटक पटक हेरिन्छ । तिरस्कृत गरिन्छ । मानौं केटीमा कुनै भावना र इच्छाहरू हुँदैनन् । केटी हेरेको केही दिनपछि केटा पक्षबाट खबर आउँछ - अहिले विवाह गर्ने विचार छैन । केटो तैयार भइरहेको छैन । केटीको अनुहार पनि त्यति उज्यालो छैन । तर पछि केटीको बाबुले दहेज केही बढी दिन तयार भए भने - सबै ठीकठाक हुन्छ । केटीको अनुहारको रंग पनि केटा पक्षलाई उज्यालो देखिन्छ । के कसैले पनि केटीको तर्फबाट सोच्ने कोशिस गरेका छन् कि - केटीको मनमा कति आघात परेको होला? (अग्रवाल, २०६० : ११५) ।

७. पुरुषहरूसँग सहारा माग्ने महिलाहरू तबसम्म अबला हुन्छन् जबसम्म उनीहरूले स्वयं आफूलाई चिन्दैनन् । यदि नारीहरूलाई लक्ष्मण रेखाभित्र राखी राख्ने हो भने कहिल्यै पनि रावणहरूको अन्त हुने छैन । नारी त्यो अनमोल रत्न हो जसलाई मान्छेहरू घूँघटरूपी दराजमा बन्द राखेर दुनियाँसँग लुकाइएको हुन्छ । दार्शनिक अरस्तुका अनुसार - "नारीहरूको उन्नति र अवनतिअनुसार राष्ट्रको उन्नति र अवनतिमा भर पर्छ" (अग्रवाल, २०६७ : २०५ - २०६) ।

८. कन्या भ्रूणहत्या नारी जातिको नाममा कलंक हो । यस घोर अपराधको लागि केवल नारीहरू मात्र हैन, पूरा परिवार, समाज जिम्मेवार छन् । कुनै पनि श्रेष्ठ धर्म भ्रूणहत्याको समर्थन गर्दैन । गर्भपात एक जीवित प्राणीको हत्या हो । आज पनि धेरै मान्छेहरू दहेज प्रथाको कारण कन्या भ्रूणको हत्या गर्छन् जो मातृशक्तिको घोर अपमान हो (मिण्डा, २०६७ : २४४) ।

९. माथिका यिनै सन्दर्भमा भैरहवा मैत्रीपथका नारायण अग्रवाल (७१) सँग कुराकानी हुँदा उनले भने - मारवाडी समाजमा हाल पर्दा प्रथा छैन । घूँघटको चलन पनि छैन । नारीशिक्षा प्रशस्त बढेको कारण पुराना कु - प्रथाहरू हराउँदै गएका छन् । मारवाडी चेलीहरू विविध क्षेत्रमा अगाडि बढे भैं - फिल्म क्षेत्र, मोडेल, गायन तथा खेलकूदहरूमा समेत राम्रो सहभागिता रहेको छ । विवाहको सम्बन्धमा आफ्नो स्तरअनुसार बिहावारी हुन्छ । पहिला दहेजको लेनदेन खुल्लम खुल्ला हुन्थ्यो । हाल कम हुँदै गएको छ । तर विवाहमा तडक भडक धेरै हुने गरेको छ । समाज शिक्षित भएको कारण जागरण आएको हुँदा सुधार निरन्तर हुँदैछ ।

१०. मारवाडी समाजमा नारी सन्दर्भमा जानकारी लिन मित्र वनमाली निराकार र म सिद्धार्थनगर भैरहवा - ९ निवासी विना अग्रवाल (५३) को घर पुगेका थियौं । कुराकानीको प्रसङ्गमा उनले भनिन् - म पहिलो सन्तान । सह शिक्षालयमा पढें । हाम्रो घरको वातावरणमा कुनै भेद थिएन । उच्च शिक्षा पद्मकन्या कलेजमा हासिल गरें । विवाह बराबरीमा गरिन्छ । दहेजको प्रचलन पहिलापहिला भए पनि हाल केही समय देखि छैन । तिलकको प्रचलन छ । कन्या पक्षले 'वर'लाई तिलक (टीका) लगाइ दिंदा नरिवल र एक सिक्का दिइन्छ । नेपालको मारवाडी समाजमा भ्रूण - हत्या छैन । १२/१५ वर्षदेखि मारवाडीहरू करिबकरिब एउटा बच्चामा सीमित भएका छन् । मारवाडी महिलाहरूलाई स्वतन्त्रता पनि छ । बराबरी पनि छ । तर पनि २/४ दिनको लागि घरबाहिर जानुपर्‍यो भने पुरुषहरूको स्वीकृति बेगर जान पाइँदैन र स्वीकृति कमै पाइन्छ । हाल प्रेमविवाह प्रचलनमा आइरहेको छ ।

११. जानकारी लिने क्रममा पुजारी पं. विजयशंकर मिश्र (४५) सँग कुराकानी गर्दा उनले भने - शिक्षाले जागरण ल्याएको कारण मारवाडी समुदायमा पुरुष र महिलामा भेद छैन । त्यसकारण नारीहरूमा बन्देज छैन । नारी पुरुष सबै बराबरी छन् । पहिला पर्दा प्रथा, घूँघट प्रथा थियो, हाल छैन । दहेज प्रथा पनि पहिला थियो, हाल छैन । कन्या भ्रूण - हत्या सबै जातिमा छ । मारवाडीमा पनि छ । शिक्षितहरूले भ्रूण - हत्या गर्दैनन् । हिन्दु धर्ममा छोराको महत्त्व छ । छोरा नभए वंश कसरी चल्छ ? पिण्डदान कसले गर्छ ? छोरीबाट पिण्डदान दिने सम्बन्धमा शास्त्र मौन छ । अहिले मारवाडी समाजमा केटीहरूको अभावको कारण धनीहरूले पनि साधारण वर्गका केटीहरू (कन्या) सँग विवाह गर्छन् । दहेजको प्रथा नै हराएको छ । प्रेम विवाह मारवाडी समाजबाहिर पनि केटाकेटीले गर्छन् ।

## उपसंहार

परापूर्वकालदेखि नेपाल विभिन्न जात, धर्म, भाषा र संस्कृतिको सङ्गमस्थलको रूपमा परिचित रहँदै आइरहेको तथ्य सबैमा विदित नै छ । आजभन्दा करिब १७० वर्ष अघि तत्कालीन राणा सरकारले काठमाडौं सहरमा मात्र बन्द व्यापारको निम्ति केही मारवाडी झिकाइएका थिए । पछि बिस्तारै नेपालको सम्पूर्ण तराई भू - भागमा फैलिएर पहाडका केही जिल्लाहरूमा समेत मारवाडीहरू व्यापारमा संलग्न छन् । मारवाडीहरू जहाँ बसोबास गर्छन् त्यस कर्मक्षेत्रलाई अति माया गर्छन् । शाकाहारी यिनीहरू सहयोगी र सेवामुखी हुन्छन् । अत्यन्त परिश्रमी, आत्मनिर्भर प्रवृत्ति र मीठो बोली र व्यवहारका कारण अन्य समुदायसँग सजिलै घुलमिल हुन्छन् । धार्मिक भावनाले ओतप्रोत यिनीहरू सामाजिक, धार्मिक,

शैक्षिक, स्वास्थ्यलगायत समाज उत्थानका जुनसुकै क्षेत्रमा पनि सहयोगको निम्ति तत्पर हुन्छन् । भारतको राजस्थान मारवाड क्षेत्रका बासिन्दा भएकाले मारवाडी कहलिएका यिनीहरू कुनै जाति नभएर सांस्कृतिक समुदाय हुन् । मारवाडी समुदायभित्र हुन त अरू जातिहरू नभएका हैनन् तर खास गरेर अग्रवाल, माहेश्वरी, ओसवाल (जैन) र ब्राह्मण चार समूहको समावेश मानिन्छ । थुप्रै जात जाति थरहरूमा विभाजित यिनीहरू नेपालमा लगभग १६० थरका मारवाडीहरूको बसोबास रहेको पाइएको छ । द्वापरयुगको अन्तपछि करिब ५०५० वर्षअघि प्रतापी राजा अग्रसेनले अग्रोहा नामको राज्य स्थापना गरेका थिए । त्यही अग्रोहा राज्यमा बसोबास गरेका कारण यहाँका बासिन्दालाई अग्रवाल भनियो । खण्डेलाका राजा खड्गल सेन चौहानका पुत्र सुजान कुँवर, ७२ भाइभारदाहरू कुनै कारण ऋषिहरूद्वारा श्रापित भएर पाषाणका मूर्तिमा परिणत भएका थिए । पछि भगवान् महेश (शंकरजी) तथा पार्वती (ईश्वरी) का कृपाले पुनर्जीवित भए । महेशका कृपाले पुनर्जीवन र नवीन वृत्ति धारण गर्ने भएकाले पूजनीय देवता महेशका सेवक भई माहेश्वरी वैश्य भए । ओसवाल वैश्यहरू जैन धर्म मान्दछन् । यिनीहरू क्षत्रीबाट वैश्य भएका हुन् । हालसम्म पनि ओसवाल - मोषाल भन्ने किंवदन्ती छ । भगवान् महावीरका उपासक हुनाले भगवान् महावीरको प्रादुर्भाव भएपछि नै ओसवाल समाजका वैश्यहरूले अहिंसा परमोधर्मको सिद्धान्तलाई अङ्गीकार गरेका हुन् । मारवाडी समाजका ब्राह्मणहरूमा गौड, दधीण, खण्डेवाल, पारीक, गुर्जर, श्रीमाली, पुस्करणा आदि विभेद छन् । तर सामूहिक रूपमा ब्राह्मण समाजलाई एउटै समाजमा गणना गरिन्छ ।

नेपालमा मारवाडीको इतिहास केलाउँदा यो समुदायको नेपाल प्रवेशका दुई कारण देखिन्छन् । (१) १२औं र १३औं शताब्दीतिर भारतमा हिन्दु राज्यमाथि मुसलमानहरूको आक्रमण हुन थालेपछि राजस्थान अजमेरका निरथपालका साथ अग्रवाल थरका व्यक्ति पनि राजनीतिको कारण डोटी आइपुगेका देखिन्छन् । तिनै अग्रवाल नै हाल डोटी, सिलगढी, दिपायलतिरका पहाडी अग्रवालका पूर्वज हुन् । (२) वि.सं. १९०५ देखि १९१० सम्म तत्कालीन राणा सरकारको आमन्त्रणमा व्यापार व्यवसायको निम्ति मारवाडी समुदायको नेपाल आगमन भएको देखिन्छ ।

संस्कारगत मूल्यमान्यतामा मारवाडी समुदायमा जन्मपूर्वका संस्कारहरू, बाल्यकालका संस्कारहरू (निस्क्रमण संस्कार, अन्नप्राशन संस्कार, चूडाकर्म संस्कार, कर्णभेद संस्कार) शैक्षिक संस्कारहरू (विद्यारम्भ संस्कार, उपनयन संस्कार), वेदारम्भ संस्कार, केसान्त वा गोदान संस्कार, समावर्तन या स्नान संस्कार गर्ने परम्परासमेत पाइन्छ । यसै गरी गृहस्थ जीवन सुरू गर्ने संस्कार अन्तर्गत विवाह संस्कार (वरात, आरती, वरमाला, कन्यादान, सिन्दूर दान, सातफेरा, बिदाइ) तथा विवाहपश्चात्का विधिहरू (वडरूकाई, पगेलाग्नि) हुन्छन् । मारवाडीहरूमा एउटै गोत्रभित्र विवाह हुँदैन । यिनीहरूमा परम्परागत रूपमा

विधवाविवाह स्वीकार्य हुन्छ । मृत्यु संस्कार अन्य हिन्दू सरह नै गर्छन् । १२ दिनसम्म बार्ने, मृतकको नाममा दक्षिणा गरेर आशौच फुकाउने परम्परा छ । कतिपयमा वार्षिक श्राद्ध गर्ने चलन छ । तर अनिवार्य छैन । जैन मार्गी मारवाडी समुदायमा मृतकको शव अग्नि दाह गर्ने चलन भए पनि अस्थि गङ्गामा सेलाउने चलन छैन । आशौच पनि कतै ३ दिनमा कतै ७ सात दिनमा सक्ने चलन छ । दान दक्षिणालाई त्यति महत्त्व दिदैनन् । तर त्यस अवसरमा ब्राह्मण, आफन्त तथा साधुहरूलाई भोज खुवाउने भने गरिन्छ । वार्षिक श्राद्ध गर्ने परम्परा पाइँदैन । सम्पूर्ण मारवाडी समुदाय शाकाहारी हुन् । दाल, भात, सब्जी, दही, दूध तथा मिठाइँ यिनीहरूका मनपर्ने भोजन हुन् । मारवाडी समुदाय आफ्नै संस्कार र संस्कृतिअनुरूप पुरुष र महिलाहरूले वस्त्राभूषण प्रयोग गर्दछन् । जन्मजात व्यापारी भए पनि यिनीहरूले उद्योग व्यवसायलगायत सरकारी नोकरी, प्रोफेसर, डाक्टर, इन्जिनीयर, वकिल, मनोरञ्जन, सङ्गीत, खेलकूद, सामाजिक संघ संस्थामा समेत पेशागत रूपमा कार्यरत रहन्छन् । मारवाडी समाज हिन्दू धर्म मान्ने र जैन धर्म मान्ने गरी दुई समुदायमा रहेका पाउँछौं । अग्रवाल, माहेश्वरी र ब्राह्मणहरूले हिन्दू धर्म अङ्गीकार गरेका पाउँछौं । यसमा पनि माहेश्वरी समूहका मानिसहरू महेश (शिव) तथा पार्वती (ईश्वरी) का उपासक हुन् । ओसवालहरू जैन धर्म मान्दछन् । चाड पर्वहरू धेरै भए पनि "गणगौर" पर्वलाई सबै मारवाडीहरूले विशेष रूपमा मान्दछन् र समाजगतरूपमा अग्रवाल समाजले - अग्रसेन जयन्ती, माहेश्वरी समाजले - महेश नवमी, ओसवाल समाजले - महावीर जयन्ती ! तथा ब्राह्मण समाजले - परशुराम जयन्ती ! निष्ठापूर्वक भव्यताका साथ मनाउँदछन् । हाम्रो देश नेपालमा हाल १२३ भाषा छन् । ती मध्ये मारवाडी भाषा एक हो । भाषाको पनि आफ्नो परिवार हुन्छ । त्यसमा छोरा नाति जस्तै पूर्वज पनि हुन्छन् । आजको नेपाली भाषाका भाइ बहिनीहरू मारवाडी, मैथिली, ब्रज, बंगाली र हिन्दी आदि हुन् भने काकाको रूपमा प्राकृत र पालीलाई लिन सकिन्छ । देवभाषा संस्कृत यी भाषाहरूकी बूढी आमा हुन् । यदि उच्चारण भेदलाई बुझेर अवलोकन गर्ने हो भने नेपाली र मारवाडी भाषाहरूमा आश्चर्यरूपमा साम्य छ । बदलिंदो समय, शिक्षाको प्रचार - प्रसार तथा सामाजिक परिवर्तनको कारणले पहिलेको मारवाडी समाज हाल रहेन । पहिला मारवाडी समाजमा पर्दा प्रथा कडाइका साथ लागु थियो भने दहेज प्रथा पनि खुल्लमखुल्ला चलनचल्तीमा थियो । तर हाल पर्दा प्रथा छैन । मारवाडी चेलीहरू उच्च शिक्षा हासिल गरी पुरुषसरह नै हरेक क्षेत्रमा अगाडि आइरहेका कारण दहेज प्रथा स्वतः निर्मूलीकरणमा छ । मारवाडी चेलीहरू व्यापार र उद्योग धन्दामा मात्र हैन प्रोफेसर, डाक्टर, इन्जिनीयर, सरकारी अधिकृत वित्तीय संस्थाका व्यवस्थापकलगायत चलचित्र, मोडेल, सङ्गीत, खेलकूद आदिमा पनि सहभागी छन् । यसरी मारवाडी समुदाय नेपाली समाजको एक बलियो अङ्ग भएर देखा परिरहेको छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना

अनुसार यस समुदायको कुल जनसंख्या पुरुष २७, ०४० र महिला २४, ४०३ गरी कुल ५१, ४४३ रहेको छ ।

## केही सुझावहरू

अत्यन्त सात्विक जीवन अपनाउने, परिश्रमी, आत्मनिर्भर प्रवृत्ति साथै मृदु व्यवहारका कारण व्यापार, उद्योग, सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक लगायत हर क्षेत्रमा सफलता हासिल गरेको यस मारवाडी समुदायमा केही विचलन देखिन थालेका छन् । पर्दा प्रथा र दहेज प्रथा हटाइएको नाममा विवाह, ब्रतवन्ध तथा अन्य यस्तै संस्कारजन्य कार्यहरूमा अत्यधिक तडक भडक गरी शान शौकत प्रदर्शन गर्ने गरेको पाइएको छ । यसले समुदायका मध्यम वर्गका परिवारमा स्वतः हीनताबोध गराउँदछ । यसकारण समाजहितको निम्ति संयमित तरिका अपनाउनु जरूरी छ । युवा पिंढीमा पश्चिमी शैलीको प्रभावले भोगवादी प्रवृत्ति हावी भएको कारण नैतिक ह्रासका साथसाथै रिसोर्ट, होटेल आदिमा खुल्लमखुल्ला मदिरापान, मांसाहार र जुवातास खेल्ने प्रवृत्तिले संस्कारको अपहेलना त भएको छ नै यसले युवा पिंढीको स्वास्थ्य र लतमा समेत नराम्रो असर परिरहेको तथ्य अवगत गरी युवा पिंढी समयमै सचेत हुनु अनिवार्य छ ।

## सन्दर्भग्रन्थ-सूची


अग्रवाल, छाया (२०६०), "क्या लडकी नुमाइसकी सामग्री है ?", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल राष्ट्रिय मारवाडी परिषद्, काठमाडौं ।

अग्रवाल, ललिता (२०५०), "कुरीतियों से घिरा हुआ नारी जीवन", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति, काठमाडौं ।

अग्रवाल, वीरेन्द्रबहादुर (२०६०), "दिपायलका आदिवासी अग्रवालहरू : एक सिंहावलोकन", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल राष्ट्रिय मारवाडी परिषद्, काठमाडौं ।

अग्रवाल, सन्तोष (२०५०), "मारवाडी समाज मे नारी", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति नेपाल ।

अग्रवाल, स्वाती (२०६७), "नारी एक परिचय (अस्तित्वबोध)", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल राष्ट्रिय मारवाडी परिषद्, काठमाडौं ।

खेतान, गुलाब (२०५४), "मारवाडी की परिभाषा", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल मारवाडी परिषद्, काठमाडौं ।

गर्ग, शिवशंकर (२००१), "लोक कथाओं मे अग्रोहा", अग्रोहाधाम रजत जयन्ती विशेषांक : अग्रोहा विकास ट्रष्ट, हरियाणा, भारत ।

गोल्छा, हुलासचन्द (२०५०), "आर्यभाषा परिवारकी दुई बहिनी : नेपाली र मारवाडी भाषा", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति, नेपाल ।

चौधरी, वसन्तकुमार (२०५७), "मारवाडी जाति - सेवा र उद्यमको पर्यायवाची", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल राष्ट्रिय मारवाडी परिषद्, काठमाडौं ।

डागा, द्वारकादास क. (२०५०), "गणगौर", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति, नेपाल ।

दाहाल, कमला (२०७३), "मारवाडी जातिका सामाजिक संस्कार", : नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

भण्डारी, ढुण्डिराज (२०२७), "नेपालको आलोचनात्मक इतिहास" : बाबू साप्र शर्मा, वाराणसी - १ ।

मिण्डा, सरिता (२०६७), "मत करो कन्याभ्रूण वध" : ने.रा.मा. सम्मेलन स्मारिका, ने.रा.मा. परिषद्, काठमाडौं ।

मिश्र, कृष्णचन्द्र (२०५०), "मारवाडी र नेपाल भाषाको निकट सम्बन्ध", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति, नेपाल ।

राणा, ब्रह्म शमशेर (२०१५), "नेपालको महाभूकम्प १९९०", : पब्लिकेसन नेपा - लय, काठमाडौं ।

लखोटिया, राम निवास (२०६७), कल, आज और हम, नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल राष्ट्रिय मारवाडी परिषद्, काठमाडौं ।

लालवानी, विमला (२०५४), "मारवाडी समाजका नारी", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : नेपाल मारवाडी परिषद्, काठमाडौं ।

विश्वकर्मा, वसन्तकुमार (२०५०), "मारवाडी समाज : परिभाषाको कसौटीमा खोज्दा", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति, नेपाल ।

शर्मा, मेघराज (२०५०), "अखिल नेपाल मारवाडी सम्मेलन (प्रथम अधिवेशन)", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन स्मारिका : मारवाडी सेवा समिति, नेपाल ।

शर्मा, मेघराज (२०५४), "नेपालमा मारवाडी समाजको विविध पक्षमा सङ्क्षिप्त विवरण", नेपाल मारवाडी राष्ट्रिय सम्मेलन : नेपाल मारवाडी परिषद् ।

अखिल भारतवर्षीय माहेश्वरी महासभा पूर्वाञ्चल परिचय पुस्तिका (२०१६ - २०१९) : अखिल भारत वर्षीय माहेश्वरी महासभा ।

Central Bureou of Statistics (2013b), National Population and Housing Census - 2011, (Vol . 01), Kathmandu CBS .

मारवाडी समाज अध्ययनको क्रममा निम्न लिखित विद्वान् विदुषीहरूसँग अन्तरवार्ता लिइएको थियो । उहाँहरूबाट प्राप्त महत्त्वपूर्ण जानकारीको निम्ति आभारीका साथ कृतज्ञता व्यक्त गर्दछु ।

नारायणप्रसाद अग्रवाल (७१), वरिष्ठ समाजसेवी, योगाचार्य, अध्यक्ष नथमल गिनियादेवी अग्रवाल ट्रष्ट, भैरहवा ।

बाबुलाल जी डागा (५६), व्यवस्थापक, भूदेव खाद्य उद्योग प्रा.लि., गोल्छा हाउस, गल्लामण्डी, भैरहवा ।

विना अग्रवाल (५३), महिला नेतृ, संस्थापक अध्यक्ष, भैरहवा मारवाडी महिला मञ्च, केन्द्रीय प्रथम उपाध्यक्ष, मारवाडी महिला मञ्च ।

पं. विजय शंकर मिश्र (४५), पुजारी, हनुमान मन्दिर, मारवाडी सेवा संघ, भैरहवा ।

मारवाडी समाज अध्ययनको क्रममा निम्न महानुभावहरूबाट विभिन्न पत्र - पत्रिका, स्मारिका एवम् तथ्याङ्कहरू स - स्नेह उपलब्ध भएको हुँदा उहाँहरूप्रति सादर आभार व्यक्त गर्दछु -

नारायणप्रसाद अग्रवाल - सि.न.पा., भैरहवा

मुरारीलाल अग्रवाल - सि.न.पा., भैरहवा

शिवरतन डागा - सि.न.पा., भैरहवा

प्रदीपकुमार राठी - सि.न.पा., भैरहवा

बाबुलालजी डागा - सि.न.पा., भैरहवा

वनमाली निराकार - सि.न.पा., भैरहवा

राजेश अमात्य - सि.न.पा., भैरहवा ।

ooo

// लेख //

# घर्ती/भुजेल जातिका स्थल नामहरू

✍ **विष्णु घर्ती 'भनभनेली'**
**भनभने, गुल्मी**

## विषय प्रवेश

शदीऔंदेखि नै बहुजातीय मानवसमूहको बसोबास रहेको पवित्र स्थलमा हामी छौं । यसै भूमिको अग्र स्थानमा आउन नसकेको जातिमध्ये घर्ती/भुजेल पनि एउटा आदिवासी जनजाति हो । २०५९ सालमा सरकारबाट ५९ जातीय समूहलाई आदिवासी/जनजातिमा सूचीबद्ध गर्दा ३४ नम्बरमा घर्ती/भुजेललाई पनि समेटिएको छ । ७०० वर्ष अघिसम्म भुजेलहरूले राज्य गरेको भुजी राज्य हालको बाग्लुङ जिल्ला ढोरपाटन नगरपालिकामा पर्दछ । घर्ताखोलाबाट घर्ती र भुजीखोलाबाट भुजेल कहलाएको इतिहास भेटिन्छ । घर्ताकोट र भुजीराज्यको बीचमा अवस्थित गुल्मी जिल्लाको विशेष महत्त्व रहेकोले यस जिल्लाको विभिन्न स्थानहरूमा घर्ती/भुजेलहरूका थरबाट नामकरण भएका स्थलहरूका बारेमा थप जानकारी राख्न खोजिएको छ ।

## घर्ती/भुजेलको उत्पत्ति स्थल

वि.सं. १३७२सम्म ढोरपाटनको अर्नाकोट र बोबाङ् देउरालीमा भुजेल राजाहरूले बाईस पुस्तासम्म राज्य सञ्चालन गरेको इतिहास पाइएको छ (भुजेल जागरण, २०६२, पृ. २७) । अर्नाकोटमा अहिले पनि भुजेल राजाको दरबारको भग्नावशेष रहेको छ । यस जातिको उत्पत्तिको मूल थलो रुकुमको घर्ताकोट, घर्ताखोला (सिस्नेखोला) र बाग्लुङ्गको भुजीखोला (अर्नाकोट) नै हो (भुजेल जागरण, २०६२, पृ. ३१) । यिनै क्षेत्र वरपरका स्थानमा यस समुदायको बस्ती बाक्लो रहेको छ । उक्त स्थानहरूमा घर्ती वा भुजेल वा खवास भनेर समान रूपमा चिनाउँछन् भने पूर्वी नेपाल र भारतसम्म भुजेल तथा खवास भनी चिनाउँछन् । धर्तीलाई नै आफ्ना मातापिता मानेर सदासर्वदा धर्तीकै सेवा गर्ने भएकोले धर्ती पुत्र भन्दाभन्दै पछि घर्ती भन्न थालियो । गुल्मी र रुकुमका जाड्या राजाका सन्तान घर्तीमा परिवर्तन भएको विश्वास गरिन्छ (भुजेल जागरण, २०६२, पृ. २७)।

## गुल्मेली चौबीसी राज्यमा घर्ती/भुजेलहरू

इस्माली राजा श्रीपति भट्ट अर्ज्यालले अमरभूमिको दुर्ग (किल्ला) मा घर्ती र रोक्काहरूलाई समेत बसालेका थिए (गुल्मी परिचय, २०६२, पृ. ३६३) । राजा तिलविक्रमसिंह शाहले आफ्ना गुरु जनमेजय अर्ज्याललाई वि.सं. १७३१ मा दिएको एउटा सुन्दर रसिलो राहालेको खरकको दानपत्रमा साछी गंगाराम घर्ती उल्लेख गरेको पाइन्छ (गुल्मी परिचय, २०६२, पृ. ३६) । राजकुमार विजयप्रताप सिंह र रानी मातृकासिंहले चित्तौडगढबाट मुसिकोट, गुल्मी आउँदा साथमा

आएका जातजातिहरूमा विभिन्न थरसँगै घर्ती पनि थिए (सुवेदी, २०५५, पृ. ६२)। सात सय वर्ष पहिले जुम्लाबाट गुल्मी, धुर्कोटमा राजा आउँदा अन्य जातिसँगै मैतु (धामी) घर्तीलाई समेत ल्याई राज्य थालेको इतिहास फेला परेको छ (सुवेदी, २०५५, पृ. ३०) । यस कोटको पुजारी, आठपहरिया र भारदारमा घर्ती समावेश थिए । धुर्कोटरजस्थल मौजाका जिम्मावाल मुखिया तालुकदारमा घर्ती पनि थिए (सुवेदी, २०५५, पृ. ३१) । पाल्पाका कमाण्डर इनचिफ जनरलले पत्याउने एक व्यक्ति तालुकी कबल गर्दा पुर्कोट तल्लावनका घर्तीलाई छानेका थिए (घर्ती, २०६७, पृ. ३४) । अढाई सय वर्षपूर्व (१८०० - १८२५ तिर) चन्द्रकोट (शान्तिपुर) निवासी सुवेदी ब्राह्मणका सन्तान मानसिंहले घर्ती, राना, पुन, थापा इत्यादि थरका मानिस बसोबास भएको भाडगाउँमा घर्तीलाई बसालेका थिए (घर्ती, २०६७, पृ. २७) । जुभुङ्का स्थानीय युवाहरूले भुजेलमारा भन्ने स्थानको सामान्य उत्खनन गर्दा भवनको केही भग्नावशेष तथा केही औजारहरू फेला पारेका छन् ।

## घर्ती/भुजेल जातीय स्थल नामहरू

हाम्रो विगतको ऐना, जातीय गौरवको शान र ऐतिहासिक तथा भौगालिक प्रमाण हो धर्ती र घर्तीको सम्बन्ध । जहाँजहाँ घर्तीहरू पुगे त्यहाँत्यहाँ ठूलाठूला चौर वा खर्क वा टारहरूमा घर्तीहरूले प्रथम पटक आवाद गरेर खेतीपाती गरेका उदाहरण थुप्रै भेटिन्छन् (भुजेल जागरण, २०६२, पृ. ३०) । जस्तै : घर्तीगाउँ (रोल्पा), घर्ताकोट र घर्ताखोला (रुकुम), घर्तीछाप (काभ्रेपलाञ्चोक), घर्तीटोल (सल्यान), घर्तीखोर र रोकाचौर (अर्घाखाँची), घर्तीस्वाँरा(स्याङ्जा), घर्तीचौतारा (तनहुँ), घर्तीथोक(बाग्लुङ र म्याग्दी), घर्तीबारी र घर्तीटार (धादिङ्) आदि । त्यसैगरी भुजेलहरू पनि जहाँ गएर बसे, त्यहाँ आफ्नै वर्चस्व जमाए । जस्तै : भुजीखोला र भुजी उपत्यका (बाग्लुङ), भुजेल गाउँ -तनहूँ), भुजौली (रूपन्देही), भुजेलथान (पर्वत), भुजेलपानी (अर्घाखाँची), भुजेलटार (भक्तपुर) आदि । यस जातिका नाममा स्थानीय स्तरमा रहेका स्थान नामले समेत यसै कुरालाई थप पुष्टि गर्दछ । गुल्मी जिल्लाका विभिन्न गाउँठाउँमा पुग्दा र बुझ्दा यस जातिका थरहरूसँग सम्बन्धित गाउँटोलका नामहरू रहेको पाइयो । यसरी नाम रहनुका केही ऐतिहासिक तथ्यहरू पक्कै पनि अन्तरनिहित छन् । यस्ता ऐतिहासिक स्थलका बारेमा विहंगम रूपमा सोधखोज गर्न बाँकी नै छ । अहिलेलाई गुल्मी जिल्लाका घर्ती/भुजेलका थरबाट रहेका स्थल नामहरूको विवरण देहायबमोजिम उल्लेख गरिएको छ (घर्ती, २०६७, पृ. २२८)।

| | | |
|---|---|---|
| १. भुजेलटाँरी - | मदाने गा.पा. ३ | (साबिक सिर्सेनी गा.वि.स. १) |
| २. घर्तीकाचौर - | मदाने गा.पा. ७ | (साबिक भनभने गा.वि.स. ७) |
| ३. भुजेलथान - | मालिका गा.पा. ३ | (साबिक ह्वाङ्दी गा.वि.स. ३) |

४. घर्तीफाँट र घर्तीयाबारी - इस्मा गा.पा. २ (साबिक हस्तिचौर गा.वि.स. ९)
५. भुजेलधारा - धुर्कोट गा.पा. १ (साबिक नयाँगाउँ गा.वि.स. ४)
६. खवास टोल र घर्ती टोल - धुर्कोट गा.पा. ३ (साबिक हाडहाडे गा.वि.स. १)
७. खवास टोल - धुर्कोट गा.पा. ६ (साबिक धुर्कोट रजस्थल गा.वि.स. २)
८. भुजेलखर्क - रेसुङ्गा न.पा. ७ (साबिक तम्घास गा.वि.स. ८)
९. खानीगाउँ (पुरानो घर्तीगाउँ) - रेसुङ्गा न.पा. ९ (साबिक तम्घास गा.वि.स. ५)
१०. भुजेल टोल - रेसुङ्गा न.पा. १३ (साबिक दुबिचौर गा.वि.स. ३)
११. घर्ती टोल - गुल्मीदरबार गा.पा. १ (साबिक बलिथुम गा.वि.स. ३)
१२. भुजेलमारा - गुल्मीदरबार गा.पा. २ (साबिक जुभुङ्ग गा.वि.स. १)
१३. भुजेलपानी - गुल्मीदरबार गा.पा. ३ (साबिक गौंडाकोट गा.वि.स. ९)
१४. घर्ती टोल - चन्द्रकोट गा.पा. ४ (साबिक शान्तिपुर गा.वि.स. ७)
१५. घर्तीडाँडा - सत्यवती गा.पा. ६ (साबिक जुहाङ् गा.वि.स. ४)

## निष्कर्ष

आदिवासी जनजातिहरूको सम्बन्ध हजारौं वर्षदेखि भूमि र प्रकृतिसँग गाँसिएको छ । उनीहरूले आफ्नो जीविकाका साधनमा जल, जंगल, जमीनलाई लिएका छन् । यिनै स्थानहरूमा शिकार खेलेर, पशुपालन गरेर, खेतीपाती गरेर, कन्दमूल बटुलेर जीविका चलाउँथे । नेपाली जाति, जनजाति तथा आदिवासीहरूको उद्‌गम स्थल, बसोवासको स्थल, खेतीपाती र पशुचरनका स्थलहरू प्रशस्तै छन् । यस्ता खालका ऐतिहासिक स्थलका बारेमा विस्तृत जानकारीहरू बाहिर आउन सकिरहेका छैनन् । यस जातिको छुट्टै रूपमा गहनतम अध्ययन गरेको कमै मात्रामा पाइन्छ । त्यसैले यस जातिको इतिहास, भौगोलिक तथा सामाजिक स्थान, संस्कृति र संस्कार, भाषा र धर्मकर्म, चालचलन आदिलाई जुनकुनै तरिकाले जीवन्त पार्नै पर्ने देखिन्छ । यही विषय नै सबैको हितमा अवश्य हुनेछ ।

## सन्दर्भ–सामग्री

गुल्मी परिचय(२०६२), काठमाडौं : गुल्मेली समाज ।

घर्ती, विष्णु 'भनभनेली'(२०६७), गुल्मीमा घर्ती/भुजेलहरू, गुल्मी : भुजेल समाज ।

भुजेल जागरण, वर्ष १, अंक १, (२०६२), काठमाडौं : भुजेल जाति अध्ययन मञ्च ।

सुवेदी, राजाराम, (२०५५), गुल्मीको ऐतिहासिक झलक, गुल्मी : किरण पुस्तकालय ।

ooo

# गाउँ सबै रित्तियो

✍ **विष्णुकान्त पन्थी**
**धुर्कोट – ७, बडाचौर, गुल्मी**

छैनन् मानिस बस्तीमा किन अहो ! बाँझै छ जग्गा सब ।
चर्केको घर खाली देख्दछु सधै आउँदैन कोही अब ॥
गाईवस्तु कुनै पनि त अहिले देखिन्न चारैतिर ।
यस्तै देख्छु पहाडमा त जहिले मान्छे तराईतिर ।१।

झर्दैछन् किन आज यो धरतीमा गर्मी छ चर्को तर ।
छोड्दै छन् सबले चटक्क किन हो आफ्नो पहाडी घर ॥
गाई, भैंसी थिए टनाटन सबै गोठै भरिला थिए ।
ऐले खाली म देख्छु, गोठहरूमा वस्तु सबै सिद्धिए ।२।

लिप्थे ती घरका दलानहरूमा रातो बनाईकन ।
सुक्थे आँगनमा बिसुनहरू ती खाली नराखीकन ।
ऐले लिप र पोत छैन घरमा धुलो र मैलो कति ?
छैनन्, आँगनमा बिसूनहरु क्यै घाँस्ले बढायो गति ॥३॥

पेटी छैन सफा दुबो छ त्यसमा पस्दै छ भित्रैतिर ।
देख्छू दृश्य जसै अगाडि उभिदा मन्मा थपीयो पीर ॥
सम्झन्छू मनमा जसै घरभरी बस्दा परीवार् सब ।
सच्चा स्वर्ग समान लाग्छ अहिले सम्झन्छु त्यो वास्तव ॥४॥

आगो बाली अगेंनीको वरिपरि हामी बसेका थियौं ।
भान्छामा कसरी पकाइ सबले मीठा कुरा बाँड्दथ्यौं ॥
चौका चार थिए सबै त्यही बसी गर्थ्यौं कुरा दुःखका ।
हाँस्दै बोल्न पनि सिक्यौं त्यहीं बसी, बोली कुरा सुखका ॥५॥

गोलैंची फुल फुल्दथ्यो घर अघि बास्ना चलाईकन ।
ऐले बोट सुकेर छैन त्यसमा निष्प्राण भै जीवन ॥
थिए आँप ठूला ठूला घरमुनी 'बम्बै' र 'काठे' गरी
छैनन् आज तिनी ठुला रुखहरू दूबै गएछन् मरी ॥६॥

अम्बा धेर थिए त्यही घरमुनी खाईनखाई थियो ।
यौटा बोट पनी म देख्दिन यहाँ कत्ती छिटै सिद्धियो ॥
देख्दा शून्य जतासुकै अब यहाँ सम्पूर्ण घर् खाली यो ।
यस्तै हो यदि लौ भने अब छिटै गाऊँ सबै रित्तियो ॥७॥

000

# मान्छे र प्रकृति

✍ **कमला गौतम**
**काठमाडौं महानगरपालिका-१४, काठमाडौं**

बुद्धि र मानी बनाए किन बर्माले मान्छेको
भलाइ आफ्नै सधै छ रमाई संसार उसैको
खाएर सबै सजाई लुगा रमायो मज्जाले
दुःखको कुरा हुँदै नै हुन्न लगायो बुद्धिले

मान्छे त बस्यौ ओतको बास ओतैमा रमायो
चरी छ बरै दुःखको बास झरीले रुझायो
प्रकृति प्यारी रिसाई धेरै बिगार धेरै भो
मातमा सबै दोषी छौ हदै जमाना यस्तै यो

झिकेर सबै ग्यास र पानी अनेक चीजको
हेर त भारी बोकायो मान्छे बडेमान् घरको
फलाम धातु ढुंगा र माटो सबै नै सकाए
दिएर गाली प्रकृतिलाई रचना बनाए

खनेर खोस्री माटोको काम उब्जाउ जति हो
बनेका ज्यान यहाँ छौं हामी हेर त कति हो
जतिमा पढ जतिमा लेख भए नि पिएच् डी
खाने त उहीँ माटोको स्वाद मीठोमा छ कति !

सोचना भयो पैसाको धेरै दुःखी भो जीवन
अर्कै भो बाटो बिरायौ मान्छे मनले बुझेन
कोमल मन भयो है कस्तो कठोर प्रवृत्ति
देखेर दुःख लाग्दैछ ऐले मान्छे र प्रकृति ! ।

ooo

# देश दुख्नुपर्दछ

✍ **राकेशकुमार झा 'रसिक'**
**जनकपुरधाम - २०**

देश बनाउन नेपालीहरूमा देश दुख्नुपर्दछ ।
हरेक नेपालीहरूको मुटुमै देश दुख्नुपर्दछ ॥

पहिला हिमालको देश, अनि कसैको भेष ।
पहिला पहाडको देश, अनि कसैको भेष ।

पहिला तराईको देश, अनि कसैको भेष ।
देशै रहेन भने कसको के बँच्ने हो शेष ॥

नेपालीको नशा–नशामा देश बग्नुपर्दछ ।
त्यसैले प्रत्येकको मुटुमै देश दुख्नुपर्दछ ॥

सबै भाषाभाषी र भेष बीच एकता हुनुपर्दछ ।
सबै धर्म र संस्कृति बीच विशेषता हुनुपर्दछ ।
देश रहेन भने कहाँ कसको बँच्ने हो अवशेष ॥

नेपालीहरूको आँखामा देश फुल्नुपर्दछ ।
त्यसैले नेपालीहरूको मुटुमा देश दुख्नुपर्दछ ॥

नेपाल सबैको फूलको डाली बन्नुपर्दछ ।
हामी सबै यसको माली बन्नु पर्दछ ।
देशै रहेन भने कुन सत्ता र भत्ताको रेस ॥

त्यसैले सबैको हत्केलामा देश उठ्नुपर्दछ ।
देश बनाउन नेपालीहरूमा देश दुख्नुपर्दछ ॥

000

# वडाध्यक्ष र नेपाली स्याट–१

✍ गुरुप्रसाद कुमाल 'बुलबुल'
लमही नगरपालिका-४, सेमरहवा, दाङ देउखुरी

म हरक्षण देशको बारेमा सोच्छु । म गदगद हुन्छु । म छक्क पर्छु । बेलाबेला आक्रोशित पनि हुन्छु । नेपालले वैशाख ५ गते अन्तरिक्षमा नेपाली स्याट - १ नामक भू - उपग्रह प्रक्षेपण गरेपछि नेपाल अन्तरिक्ष युगमा प्रवेश गर्‍यो । ओहो ! नेपाल त अन्तरिक्ष युगमा प्रवेश गर्‍यो भन्ने सोच्दा म गदगद हुन्छु । तत्क्षण राउटेहरू त अझै जंगलमै छन् । हैन, हामी त अझै जंगली युगमै रहेछौं भन्ने सोच्छु । छक्क पर्छु । हामी नेपाली कति धेरै पछाडि रहेछौं जस्तो लाग्छ । कपिलवस्तु जिल्ला अझै खुला दिसामुक्त हुन सकेको छैन । आर्थिक अभाव भएर शौचालय नबनाएको हैन । बनाउने सोच नभएर हो । जग्गा प्रशस्त छ । पक्की घर छ । तर, कच्ची शौचालयसमेत छैन । जनप्रतिनिधिको घरमा समेत शौचालय छैन भनेपछि कुरै सक्किगो । यी कुरा सम्झदा मन यति आक्रोशित हुन्छ कि कुरै छोडौं ।

एक दिन आभास मास्के र हरिराम श्रेष्ठसँग चिया पिउने मौका जुर्‍यो । दाइहरूसँग पनि त्यही विषयमा कुरा गरेँ ।"दाइ हजुर, वडाध्यक्षको घरमा समेत शौचालय छैन । सबै लोटा लिएर खुलामा शौच गर्छन् । यिनीहरूले खुलामा शौच गर्दाको तस्वीर नेपाली स्याट - १ बाट खिच्न मिल्दैन ?" दाइहरू हाहा हाहा हाँस्नुभयो । आभास दाइले मुसुमुसु हाँस्दै भन्नुभयो - "कहाँ भाइ, यसले सानातिना कुरा खिच्छ र । यसले त वैज्ञानिक खोज, प्रयोग तथा अनुसन्धान त्यसपछि सूचना तथा सञ्चार अनि मौसमसम्बन्धी पूर्वानुमान गर्न सघाउँछ । कहाँ शौच गरेको तस्वीर खिच्छ त ।"

केही दिनपछि हरिराम दाइले फोन गर्नुभयो ।"हेलो भाइ, कता हराछौ ? सामाजिक सञ्जालमा वडाध्यक्षको तस्बिर त्यत्रो भाइरल भएको छ । तिमीलाई थाहा छैन ?" भन्नुभयो ।"नमस्कार दाइ ! म त केही दिनदेखि व्यस्त भएर फेसबुक हेरेकै छैन । मैले भनेँ ।" ल ल भाइ । राम्रो काममा व्यस्त हुनुपर्छ । फेरि कुरा गरौंला ।" दाइले व्यस्तता दर्साउनुभयो । "हुन्छ दाइ । धन्यवाद ! शुभ दिन !" मैले भनेँ ।

वास्तवमा कुरा के रहेछ भने वडाध्यक्षले खुलामा शौच गरिरहेको तस्वीर एक जना युवाले ड्रोनद्वारा खिचेका रहेछन् । उक्त तस्वीर उनले आफ्नो फेसबुक पेज

मार्फत् पोष्ट गरेका रहेछन् । फेसबुक, ट्वीटर, इनस्ट्राग्राम सबैतिर तस्वीर भाइरल भएछ ।

त्यसपछि वडाध्यक्षले आफ्नो वडामा सबैले आआफ्नो घरमा हप्तादिनभित्र अनिवार्य शौचालय बनाउनु पर्ने उर्दी जारी गरेछन् । नगरपालिकाले पनि दुई हप्ताभित्रमा नगरपालिकालाई खुला दिसामुक्त घोषणा गर्ने योजना बनाएछ । शौचालय नबनाए नगरपालिकाबाट प्राप्त हुने सबै सेवासुविधा रोक्का गर्ने निर्णय भएछ । जिल्लाका अरू नगरपालिकाहरूले पनि त्यही सिको गरेछन् । एक महिनाभित्र कपिलवस्तु जिल्ला खुला दिसामुक्त भयो ।

दाइहरूसँग फेरि चिया गफ गर्ने मौका जुर्‍यो । आभास दाइले भन्नुभयो - "हामीले हामीसँग भएको स्रोत साधन प्रयोग गरेर धेरै कुरा गर्न सक्छौं । ठूलाठूला काम गर्नै पर्दैन । सानासाना कुराले पनि ठूलो परिणाम ल्याउन सक्छ । ती युवाले ड्रोनबाट खिचेको तस्वीरले पूरै जिल्ला खुला दिसामुक्त घोषणा गर्ने कार्यमा भूमिका खेल्यो ।" मैले भनेँ - "वडाध्यक्षले खुलामा शौच गरेको तस्वीर खिच्न ड्रोन नै काफी रहेछ नि । अनि किन चाहियो नेपाली स्याट - १ !" हाहाहा हाहाहा हामी सबै हाँस्यौं ।

ooo

**तपाईंले लेखेका, तपाईंसँग भएका पत्र–पत्रिका किरण पुस्तकालयलाई दिई सहयोग गर्नुहोस् ।**

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

// *निबन्ध* //

# सानो कद

✍ **चिरञ्जीवी दाहाल**
**तान्द्राङ, गोरखा**
**हाल : चितवन**

पुड्को भनेर म सुपारीको कुड्को जस्तै पुड्को पनि होइन, तर मुठी नपुगेको मानो जस्तै सानो कदको भने अवश्य हो । यो यथार्थ मैले त्यस दिन थाहा पाएँ, जतिबेला म एघार वर्षको थिएँ । यसभन्दा अघिसम्म म आम मान्छेहरूभन्दा उचाइमा केही फरक छु भन्ने कुरामा अलिकति पनि शङ्का थिएन । त्यसदिन बल्ल थाहा भयो अन्य मान्छेको तुलनामा मेरो कद केही सानो नै रहेछ ।

त्यसताका दशैंमा घरपरिवार र मान्यजनबाट टीका थापेपछि मावली घर कहिले पुगौं जस्तो लाग्थ्यो । घरदेखि मावल पुग्न लगभग तीन घण्टाको समय छुट्याउनुपर्थ्यो । सहजै साथी पाए ठिकै थियो तर नपाए पनि बाटोमा कुनै बटुवा कसो नभेटिएला त, भन्दै एक्लै बाटो लागिन्थ्यो । सन्जोगले बटुवा भेटिए उसैका सुरमा हिंड्नु पर्ने, नभेटिए पनि खासै फरक पर्दैन थियो । बरू द्रुतगतिमा लामो पाइला सार्दा निर्धारित समयभन्दा छिटो पुग्न सकिन्थ्यो । किनकि आफ्नो सारा ध्यान मावलमा दशैंलाई ठिक्क पारेको नोटको नयाँ बिटोमा मात्र केन्द्रित हुन्थ्यो र त्यसैको आकर्षणले पाइला खिचिरहेको हुन्थ्यो ।

जब म त्यसदिन मावल नजिकैको सानो बजार पुगेँ, त्यहाँ केही पसलहरू थिए । एक मोहरको मिस्री किनेपछि निकै डटेर एक अत्तेरा पानी माग्ने हिम्मत आउँथ्यो । अन्यथा पानी माग्न डरै लाग्थ्यो । त्यसदिन पानी मिस्री खाएर पर्खालमा टुसुक्क बसेको मात्र थिएँ, पसलेले सोध्यो -

"ए फुच्चे घर कता हो ?" मैले तान्द्राङ भनेर बताएपछि उसले पुनः सोध्यो - "स्कूल जाने गरेको छ ?" स्कूल मात्र होइन म अहिले पाँच कक्षामा पढ्दै छु ।" मैले निकै फुर्तीसाथ बताइदिएँ ।

"कता जान हिंडेको ?" उसले मलाई अर्को पनि प्रश्न गर्‍यो ।

म ढकालको भानिज हुँ, दशैंको टीका थाप्न मावल जान लागेको ।"

सायद उसले मलाई चिनेछ क्यारे !

तिमी दाहालको छोरा हो ? "दाहालको छोरा मात्र होइन म पनि दाहाल हो ।" मैले भनें ।

उसले पुनः मेरो शिरदेखि पाउसम्म नियालेर हेर्दै भन्यो -

"अलि बढी बोल्दा रहेछौ, यति सानो बच्चा पनि कतै पाँच कक्षामा पढ्छ ? नचाहिने कुरा गर्नुहुन्न बुझ्यौ ?"

उसले मेरो कुरा पत्याएन । तर वास्तविकता चाहिँ त्यही थियो, म पाँच कक्षामा पढ्दै थिएँ ।

"पत्याउनु नपत्याउनु तपाईंको कुरा, तर म पाँच कक्षामै पढ्छु ।" मैले पनि अदबसाथ भनिदिएँ ।

"कति वर्षको भयौ ?" उसले अझै पनि मेरो जाँच गरिरहेको थियो ।

"एघार वर्ष ।"

मैले यति भनेपछि उसले जिब्रो टोक्दै भन्यो -

"त्यसो भएर पो यस्ता छिप्पिएको कुरा गरेको । तिमी त जिलीगान्टे रहेछौ ! मान्छे सानो भए पनि उमेर त पुगिसकेको रहेछ । छिप्पिएको कुभिण्डो न हो, फुस्रो नहुने कुरै भएन !"

यसअघिसम्म कुरा गरिरहँदा मलाई निकै आनन्द आइरहेको थियो । जब उसले मलाई जिलीगान्टे र फुस्रिएको कुभिण्डोसँग तुलना गर्‍यो, मलाई अचानक करेन्ट लागे जस्तै भयो । झनक्क रिस पनि उठ्यो । म उत्तिखेरै कालो निलो भएँ । यतिन्जेल उसलाई देखाइरहेको मेरो फुर्ती एकाएक, एकदिन अघि टिपेको रायोको साग जस्तै ओइलाउन थाल्यो । अब मलाई त्यहाँ एकछिन पनि बस्न मन लागेन ।

पसलदेखि ओरालो झरेर मावल पुग्न आधा घण्टाको बाटो भए पनि त्यस दिन भने म पन्ध्र मिनेटमा झरें ।

पेट पोलिरहेको थियो, मेरो शारीरिक कद अन्य मान्छेको तुलनामा केही सानो रहेछ । अब मान्छेहरूले मलाई वामपुड्के भन्न सक्छन् । खिसी गर्न सक्छन् । मेरो सानो कदमाथि व्यङ्ग्य प्रहार गर्न सक्दछन् । त्यसदिन मलाई मेरो उचाइप्रति घृणा लागेर आयो ।

त्यस मान्छेले मलाई जिलीगान्टे भनेको कुरा मैले कसैलाई पनि सुनाइनँ । सबैलाई सुनाउने हो भने अझै मेरो पुड्कोपनको औपचारिक रूपमा पुष्टि हुन सक्थ्यो । त्यस मान्छेले मलाई पुड्को भनेको कुरा मैले गुपचुपमा राखें । म पुड्को भएको यथार्थ गोप्य रहोस्, म यही चाहन्थें । हुन त इज्जत जाला भनेर मान्छेलाई डोकाले छोप्नु र आफू गान्टे भएको कुरा कसैलाई भन्दिनँ भन्नुको कुनै अर्थ थिएन । दुबै कुरालाई छेक्न र ढाँट्न सकिदैन । संजोगले केही वर्षसम्म

मलाई कसैले पनि जिलीगान्टे भनेनन् । त्यस घटनाभन्दा पछि, होचो कदकै कारण म धेरै पटक फटाहा मानिएको छु, धाक लगाउने मान्छेमा गनिएको छु ।

बरू जागिरमा पद पुड्को भए केही पनि फरक नपर्ने रहेछ । सरकारले पुड्को र अग्लो नछुट्टिने गरी पोशाकको व्यवस्था गरिदिएको छ, तर कद पुड्को हुनुको पीडा त कति हुन् कति ! कुरै गर्ने हो भने आजसम्म मलाई रेडिमेड कपडा लगाउने अवसर जुरेको छैन । रेडिमेड कपडा मलाई मनै नपर्ने भने होइन, तर मैले रेडिमेड सर्ट पाइन्ट लगाउन नपाउनुको मूल कारण मेरो सानो कद जिम्मेवार छ । बेबी साइजको कपडा सानो हुन्छ । त्यसभन्दा माथिको साइज ठूलो हुन्छ । बीचको साइज बजारमा पाइँदैन । जुत्ता चप्पलको व्यथा पनि लगभग उस्तै हो ।

म सदरमुकाममा एस.एल.सी परीक्षा दिन गएको थिएँ । त्यसदिन गणित विषयको परीक्षा चलिरहेको थियो । तीनचार जनाको एउटा टिम आएर परीक्षा दिइरहेका बेला मलाई उठाइयो । अधीक्षकले टिम बनाएर आएका रहेछन् । मेरो नाम, जन्ममिति, बाबुको नाम सोधियो । मैले उत्तर दिँदै गएँ । मेरो प्रवेश–पत्रको तस्वीर र मेरो अनुहारमा पटक पटक हेरियो । सायद त्यतिले मात्र पुगेन । मेरो विद्यालयका गार्ड बनेर आएका तर त्यसदिन अर्को कोठामा खटाइएका शिक्षकलाई बोलाएर सोधियो –

"यो भाइ चिरञ्जीवी हो ? शङ्का लागेर सोधेको ।"

ती शिक्षकले "हो यिनी चिरञ्जीवी हुन्" भनेपछि म अपराध मुक्त ठहरिएँ । मेरो ७ मिनेटको समय बरबाद भयो । त्यो ७ मिनेट नोक्सान भएको समयको जिम्मेवारी लिने काम कतैबाट पनि भएन, त्यसको जिम्मा मेरो होचो कदलाई नै सुम्पियो ।

आजसम्म मेरो कपाल फुलेको छैन । फुलेको दारी जुँगा म राख्दिनँ, कम्तीमा पनि एक – दुई दिन बिराएर खुर्कने गरेको छु । जब म कुनै अस्पताल र ल्याबमा पुग्छु, मभन्दा निकै कान्छा उमेरका व्यक्तिहरू ज्येष्ठ नागरिकको लाइनमा उभिन्छन्, म त्यहाँ उभिदा मलाई भने कनिष्ठ नागरिकको लाइन देखाइन्छ । मलाई ठाडै प्रतिवाद गरेर रमिता देखाउन मन लाग्दैन । देखाएर पनि हुनेवाला केही छैन । मैले बोलेको पनि कसैले सुन्ने प्रयास गर्दैन । जे त होला,ज्येष्ठ नागरिकको लाइनमा भन्दा एकाध घण्टा बढी उभिनु पर्ने न हो । हार नमानी म कनिष्ठ नागरिकको लाइनमा उभिन्छु ।

मेरो ससुरालीतिरका कुनै आफन्त मेरो घर आएको बेला सबैभन्दा कठिन परिस्थिति त्यतिबेला उत्पन्न हुन्छ, जतिबेला उनीहरूले मसँग एउटा प्रश्न सोध्ने गरेका छन् ।

"बाबू, आमा कता हुनुहुन्छ ?"

एकदुई पटक त मैले भन्ने गरेको थिएँ -

"आमा घर हुनुहुन्न, उहाँ काठमाडौं बस्नुहुन्छ ।" मैले त्यसो भनिसक्दा नसक्दै मेरी अर्धाङ्गिनी फुत्त ढोकामा देखा पर्थिन् । उनीहरू नाक खुम्च्याउँदै घुरेर मलाई हेर्थे । मानौं म निकै फटाहा मान्छे हुँ । आमा भित्र हुँदाहुँदै पनि म ढाँटिरहेको छु । उनीहरूलाई के थाहा ढोकामा उभिने ती नारी मेरी अर्धाङ्गिनी हुन् भनेर !

हार खाइसकेर अचेल म भनिदिन्छु - "आमा भित्रै हुनुहुन्छ ।"

जब मेरी अर्धाङ्गिनीले "बाहिर बस्ने छोरो कहाँ हो र ? उहाँ त बुढा" भनेपछि कान रातोपिरो हुने पालो मेरो होइन उनीहरूको हुन्थ्यो । उचाइको कुरा गर्ने हो भने म श्रीमतीभन्दा चार अङ्गुल मात्र होचो छु । अझै एक दुई अङ्कुल थप होचो भएको भए त यिनीहरूले मलाई छोरो होइन मेरी अर्धाङ्गिनीको नाति नै ठान्दा हुन् ।

म छोरीको घरमा गएको बेला आँखाको दृष्टि कम भइसकेका बूढो सम्धीले कसैलाई सोध्नुभयो - "उहाँ को हो ?" उसले भनिदियो "हजुरको ठूली बुहारीको बा ।"

उहाँ रिसाउदै भन्न लाग्नुभो - "ख्याल बोल्नुको पनि हद हुन्छ नि । बरू बुहारीको दाजु हुनुहुन्छ होला । म बूढो मान्छेलाई किन जिस्क्याइरहेको ?" केही सिप नलागे पछि म आफैले स्पष्टीकरण दिनुपर्‍यो ।"हो हजुर, म हजुरको बुहारीको दाजु होइन बा नै हो ।"

मेरो कदसँग जोडिएका यस्ता प्रसङ्गहरू अनगिन्ती छन् ।

म पाल्पामा जागिरे हुँदा घटेको सुँगुर काण्डपछि म हिलाम्य भएको घटना त मेरो आत्मकथा "मुमूर्षामा" समेत उल्लेख गरिसकेको छु । जुन यहाँ पनि उद्धृत गर्दैछु । म त्यसदिन काम विशेषले हेक्लाङ जानु थियो । सालबास भन्ज्याङ्बाट साँघुरो गल्लीको थोरै उकालो बाटो, दुबैपट्टि सिस्नोको झाँग थियो । डाँडाको कलधाराबाट बगेको पानी गल्ली हुँदै बग्ने भएकोले बाटो हिलाम्य र फोहर देखिन्थ्यो । जब म उकालोको बीच भागमा पुगेँ, माथिबाट झरेका एक हुल सुँगुरसँग जम्काभेट भयो । म विलखबन्दमा परें । अगाडि बढ्न पनि नसकिने, पछाडि फर्कन पनि नमिल्ने । दायाँबायाँ जाउँ सिस्नोको झ्याङ्ग छिचोल्नसक्ने सम्भावना छैन । साँघुरो गल्लीमा छेउ कुनातिर उभिने ठाउँ पनि छैन । बाध्य भएर टाँग फिट्टा बनाएर उभिनुको विकल्प नभएपछि मैले त्यसै गरें । जब सुँगुरको लाइन अगाडि बढ्यो, मेरो पाइन्ट हिलाम्य भएर हेरि नसक्नु भएको

थियो । धन्न माउ सुँगुरहरू थिएनन् र म फोहर गल्लीमा पछारिनबाट जोगिएँ । त्यसदिन पनि मेरो होचो कदकै कारण मैले त्यो सास्ती भोग्नुपरेको थियो ।

जब बसमा कोचाकोच हुन्छ, तीन जनाको सिटमा चार जना राख्नु पर्‍यो भने खलासी भाइको पहिलो नजरमा म पर्ने गरेको छु । ऊ फ्याट्टै भनिदिन्छ "लहै सानो मान्छेहरू चारजना अटाउँछ, अलि पर सर्नू ।" मलाई रिस उठे पनि म चुप लागेर कुनातिर कोचारिन्छु । कदकै कारण बसमा आरामले बस्नसमेत पाइँदैन

जब घरमा, मन्दिरमा पूजाआजा गरिँदा पण्डितले सधैं मभन्दा अगाडि मेरा भाइहरूलाई टीका र प्रसाद दिने गरेका थिए, मलाई झनक्क रिस उठ्थ्यो । अचेल भने बानी परिसकेको छ । पण्डितले टीकाको थाली हातमा लिनासाथ म सबैभन्दा अगाडि निधार तेर्स्याएर भन्छु "पहिला यता टीका लगाउनुस् गुरुजी, म यिनीहरूको दाजु हुँ ।"

मेरो सालोले कसैसँग खबर पठाउँछ, "हाम्रो भिनाजुलाई एक छिन ससुराली जान भनिदिनुस् है ।" त्यो मान्छेले जब मलाई देख्छ, सायद उसले "भिनाजु" भनेको बिर्सन्छ क्यारे । उसले मलाई भन्छ, "तपाईंको जेठानले बोलाएको छ, ससुराली जानुस् अरे ।"

मेरो जेठान भएको भए त त्यसले ठिकै भन्यो होला भन्ने लाग्थ्यो । तर एकजना पनि मेरा जेठान छैनन्, जति छन् सबै मेरा सालाहरू मात्र हुन् । त्यसले मेरो कद देखेर नातामा हेरफेर गर्‍यो भन्ने कुरा म सजिलै थाहा पाउँछु ।

रात भएपछि दिन, उज्यालो भएपछि अँध्यारो भनेजस्तै हरेक कुराको फाइदा बेफाइदा हुन्छ । सानो कद हुनुको फाइदा पनि मैले प्रशस्त पाएको छु । सानो मान्छेको गानो जाँदैन भन्थे, हो रहेछ । यसले भारी बोक्न सक्दैन भन्छन्, बोक्नै पर्दैन । गह्रौं भारी बोके पो गानो जानु । आजसम्म मेरो गानो गएको छैन ।

जागिरे भएपछि जब मैले आफ्नो लागि सर्ट पाइन्ट किन्नुपर्थ्यो, अन्य साथीको भन्दा मलाई कम कपडाले पुग्थ्यो । म त्यसबेला भने निकै मख्ख पर्थें, कमसेकम केही रूपैयाँ बचत भएको खुसियालीमा ।

यही होचो कदलाई हतियार बनाएर जागिरे भएपछि पनि धेरै वर्षसम्म मैले बसमा यात्रा गर्दा विद्यार्थी सहुलियत लिने गरेको थिएँ । भनिदिन्थें "मसँग विद्यार्थी परिचयपत्र छ ।" ओछ्यानमा भएको खाट, सिरक, डसना पनि बडेमानको बनाउनुपर्दैन । घर बनाउँदा पुराना घरका झ्याल ढोका ल्याएर प्रयोग गरें, उनीहरूले होचो भनेर विक्री गरेका ढोका मेरो लागि गजब ठूलो भएका छन् । तर पाहुना पाछा आउँदा भने निकै बिचार पुर्‍याउनैपर्ने हुन्छ ।

त्यतिमात्र होइन, उहिले हाम्रो घरको स्टोरमा एउटा अर्ध चन्द्राकार झ्याल थियो । जहाँ प्रायः ताला ठोकेर, केरा पकाउन राखिएको हुन्थ्यो, मैले त्यसै झ्यालबाट पसेर रुचिअनुसारको केरा खाने गरेको थिएँ । त्यो झ्यालबाट बिरालो र मबाहेक कोही पनि छिर्न सक्दैन थियो ।

त्यसताका राजनीतिक र साहित्यिक कद निकै ठूलो भए पनि शारीरिक कद केही होचो भएका एक जना व्यक्तित्व राष्ट्रिय पञ्चायतको अध्यक्ष थिए । कसैले भन्थ्यो, जब उनी सवार झण्डावाला गाडी ट्राफिक प्रहरीले रोकेर ड्राइभरलाई केरकार गर्न लाग्थ्यो, उनी गाडीको सिटमा उभिएर भन्थे रे, "म साथमा छु ।" जब यस्तै कुराको प्रसङ्ग कसैले झिक्थ्यो, म निकै रोमाञ्चित हुन्थें ।

एक पटक उनको घरमा गोरखातिरका एक जना कार्यकर्ता पुगेछन् । लचकदार सोफामा बसेर उनी सायद कुनै साहित्यिक सिर्जनामा तल्लीन थिए, ती कार्यकर्ताले उनलाई नदेखेपछि टेबुलमा भएको चुरोटको बट्टा गोजीमा राखेछन् । पछि उनी नक्कली खोकी निकाल्दै झुल्किएछन् । चुरोट राख्ने कार्यकर्ता लाजले रातो पिरो भए । उनले तिनको मर्का बुझेर भनेछन् । विदेशबाट कसैले एक बट्टा चुरोट ल्याएको थियो, मलाई चाहिन्न तपाईं नै राख्नुभए हुन्छ । त्यसपछि, ती कार्यकर्ताले बल्ल राहत महसुस गरेका थिए रे । सानो कदको मान्छेको विषयमा यस्ता प्रसङ्ग सुन्दा भने मलाई आत्मग्लानि होइन, सानो कद भएकोमा निकै गौरव लाग्थ्यो । कल्पना गर्थें, म पनि मन्त्री, राष्ट्रिय पञ्चायतको अध्यक्ष भएँ भने यस्तै हुन्थ्यो होला । म मनमनै मन्त्री भएको कल्पना गर्थें ।

मैले होचो कदको प्रत्यक्ष लाभ पटक पटक लिएको छु । जब हातमा चन्दा रसिदको ठेली लिएर केही मान्छेहरू मेरो घरमा चन्दा माग्न आउँछन्, मैले सित्तै पाएको घरमुली दर्जालाई तिलान्जली दिएरै भनिदिन्छु - "बा आमा घरमा हुनुहुन्न ।" चन्दा लिउँला भनेर कस्सिएर आएकाहरू दोहोरो बात नखापी फिर्ता हुन्छन् । म भने मख्ख पर्छु ।

होचो कदको पद भएकोले अग्लो कदको पद भएको मान्छेको गाली र हप्कीदप्की पनि त पटकपटक खाइरहनुपर्छ । प्रधानमन्त्रीले मन्त्रीलाई, मन्त्रीले साँसदलाई, साँसदले हाकिमलाई, हाकिमले अधिकृतलाई, अधिकृतले सुब्बालाई, सुब्बाले खरदारलाई, खरदारले मुखिया, मुखियाले पियन, पियनले, श्रीमती, श्रीमतीले छोरालाई र छोराले बाख्रालाई कुटेको कथा निकै प्रसिद्ध छ । तर खुशीको कुरा पद होचो जस्तै कद होचो भएकालाई पनि गाली गर्ने र हप्कीदप्की गर्ने प्रचलन भइदिएको भए जीवनमा कति गाली खाइन्थ्यो होला !

ooo

// कविता //

# मेरो देश ऋण बोकिरहेछ

✍ **हेमबाबु लेखक**
**बैतडी**

जब फूलमाला र अबीरको जात्रामा
रमाएका अनुहार हेर्छु
तिनका अनुहारको कान्ति र
मनोविज्ञान पढ्छु
यति निश्चिन्त र गौरवान्वित देखिन्छन्
मानौं, कुनै कीर्तिमान् कायम गरेका छन्
मानौं, दुश्मनसँग युद्धमा
विजयी भएका छन्
यहाँ, बस्छन् एकथरी यस्ता पनि मान्छे
जो वर्षौंदेखि यही सोचिरहेका छन्
'बेचिएका प्रत्येक खोलानालामा'
'मिचिएका हरेक सीमानामा'
"मेरो देश ऋण बोकिरहेको छ ।"

जसले खाएको पनि देशले तिर्नुपर्छ
जसले लाएको पनि देशले बुझाउनुपर्छ
जसको ओखतीमूलो सबै देशले बेहोर्नुपर्छ
जसका शाखा - सन्तान,
चम्चे, धुपौरे सबैलाई देशले पाल्नुपर्छ

जब खादामा, दोसल्लामा सजिएका
तिनै अनुहार देख्छु
तिनका अनुहारको कान्ति
र मनोविज्ञान पढ्छु
यति निश्चिन्त र गौरवान्वित देखिन्छन्
मानौं, तिनले देशलाई ठूलो गुन लगाएका छन्,
यहाँ, बस्छन् एकथरी यस्ता पनि मान्छे
जो वर्षौंदेखि यही सोचिरहेका छन्

'खाएका प्रत्येक गासमा'
'सुस्ताएका हरेक पलमा'
"मेरो देश ऋण बोकिरहेको छ ।"

जसले गर्दा युवा अरब र खाडी पुगेको छ,
मुग्लानमा चेलीबेटीको अस्मिता लुटिदैछ,
सरकारी अस्पतालको डाक्टर
निजी क्लिनिकमा बिरामी बोलाउँछ
सरकारी स्कुलको मास्टर
पार्टीको आमसभामा भाषण ठोक्छ
चोर - पुलिस मिलेर सचिवालय चलाउँछन्
जिउँदै मान्छे जलाउनेहरू 'माननीय' हुन्छन्

जब सार्वजनिक अभिनन्दन भएका
र करोडौं दामले पुरस्कृत
तिनै अनुहार देख्छु
तिनका अनुहारको कान्ति
र मनोविज्ञान पढ्छु
यति निश्चिन्त र गौरवान्वित देखिन्छन्
मानौं, तिनले जनतालाई ठूलो 'उपकार' गरेका छन्,
यहाँ, बस्छन् एकथरी यस्ता पनि मान्छे
जो वर्षौंदेखि यही सोचिरहेका छन्
'विदेसिएका युवाको जवानीमा'
'अहिलेका नाबालक सन्ततिहरूको भोलिमा'
"मेरो देश ऋण बोकिरहेको छ ।"

म आफ्नै छोराको अनुहार हेर्छु
र झस्किन्छु
अनि, मनमनै सोच्छु
छोरा ! तेरो स्कुलको 'बस्ता' र 'टिफिन'मा पनि
"तेरो देश ऋण बोकिरहेको छ ।"

ooo

// कविता //

# आदिकवि भानुभक्त आचार्य

✍ **टेकनारायण रिमाल 'कौशिक'**
**याङ्गुन म्यान्मा, बर्मा**

श्री भानुभक्त आचार्य भाषा र जातिका कवि
तनहूँ गाउँ रम्घामा उदाए चम्किला रवि
अठार सय सम्वत्मा एकहत्तर जोडिँदा
जन्मिए भानु आषाढ उनन्तीस गते हुँदा ।

धनञ्जय पिता, माता देवी धर्मावती थिइन्
ममताको सुधा सारा छोराभरि भरिदिइन्
बाजे श्रीकृष्ण आचार्य विद्वान् थिए धुरन्धर
नातिलाई दिए शिक्षा लेखाईकन अक्षर ।

दिए संस्कृतको शिक्षा काशीसम्म लगीकन
कलिला भानुको लाग्यो रामका भक्तिमा मन
कुनै दिन कुनै घाँसी भेटिएछ र भेटमा
कुरा गर्दा अनायास दिएछ उच्च प्रेरणा ।

धनभन्दा ठूलो नाम भन्ने तथ्य बुझेपछि
कविताको फुट्यो मूल अध्यात्ममा रुझेपछि
लेखे प्रारम्भमा दोटा कविता श्लोक सुन्दर
निखार शिल्पमा आई, फुर्दै गयो निरन्तर ।

नेपालीमा मिठो पारी, उल्था रामायणै गरे
यसरी ज्ञानको ज्योति मानौं विश्वभरी छरे
पूर्व पश्चिमका सारा नेपाली मनमा पसे
एकताको दिई मन्त्र भावना - सूत्रले कसे ।

अरू पनि ठुला साना कविता रचना गरी
दिए अमृतका धारा नेपाली मनमा भरी
संसारभरि गोर्खाली छरिएर बसे पनि
सबका दिलमा भानु बस्तछन् धुक्धुकी बनी ।

आदिका कवि हुन् भानु भनिन्छन् यस कारण
जयन्ती उनको मान्छौं उनलाई नबिर्सन
नेपालीका घरैपिच्छे अनिवार्य गरीकन
श्रीरामायणको पाठ होओस् रोज दिई मन ।

तब जोगिन्छ अस्तित्व हामी जहाँ पुगे पनि
जब बोलिन्छ मायाले नेपाली जननी भनी
असोज छ गते, संवत् त्यो उन्नाइस-पच्चिस
धर्ती छाडी गए भानु, रहे कृतिहरूबिच ।

ooo

*// कविता //*

# राष्ट्रघातक

✍ **शकुन्तला पौडेल**
**कपिलवस्तु न.पा. - ३, तिलौराकोट, तौलिहवा**

चिनाउन खोज्दछन् आफूलाई, ठूला भलाद्मी भनी
अरूलाई गन्दैनन् शठहरू, मै जान्ने बुझ्ने बनी
देखाउँछन् बाहिर आदर्श, समाजसेवी बनी
दयालु बन्दछन् पापी झुठा मुखौटा ओढी ॥
॥ १ ॥

मेरै चाकरी गरून् भन्छन्, बुझ्दैन चित्त कसै
गरीबलाई गर्दछन् हेला, मै छु धनाढ्य सोची
सर्वे - सर्वा मै हुँ यहाँको, नबढोस् कोही अघि
मै ठूलो छु सोंच्दछ शठले, विद्वान् बोल्दैन केही ।
॥ २ ॥

चुक्ली चाप्लुसीको यहाँ, वर्चश्व भो कायम
सोझा इमान्दार यहाँ, पछाडि पर्दै झन
आफ्नो बुद्धि केही छैन, चिनोस् कसरी गुणी
गुणवान्लाई अघि बढाए, भरिंदैन आफ्नो भुँडी ।
॥ ३ ॥

राष्ट्रियता छैन यिनमा, यिनै छन् राष्ट्रसेवक
राष्ट्रलाई खोक्रो पार्ने, यिनै हुन् दुष्ट घातक
ज्यू हजुरी हुन्छ यिनकै, शक्ति सामर्थ्यका कारण
जय - जयकार हुन्छ दुष्टकै, सत्यता हार्दै यहाँ ।
॥ ४ ॥

ooo

# कसरी बन्छ यो देश ?

✍ **कृष्ण पाण्डेय**
**कपिलवस्तु**

शिक्षानीति भए राम्रो राम्रो हुन्छ सबै कुरा
अर्कैले योजना दिन्छ छैन मौलिकता पूरा ।

विदेशी योजनाभित्र शिक्षानीति बनाउने
जरामा बालुवा राख्ने माथि पानी भिजाउने ।

सम्पदा जलमा हामी दोस्रो नम्बरमा हुँदा
पानी पिउनको लागि विदेशी पानी ल्याउँछ ।

क्रान्ति उद्योगमा ल्याए समृद्ध राष्ट्र बन्दछ
समृद्ध बन्न नेपाल उद्योग सब बेच्दछ ।

यत्रतत्र सबैतर्फ जडीबुटी प्रशस्त छ
कौडीमा बेच्दछौं हामी औषधि बहुमूल्य छ ।

कृषिमा क्रान्ति गर्ने हो सबैको एउटै स्वर
गर्ने हो कसरी क्रान्ति दृष्टि नै छैन आखिर ।

ऊर्जावान् देशका युवा सीप बेच्छन् विदेशमा
गर्छन् भाषण नेताले उफ्री समृद्धि देशका

विदेशिए युवा सारा उच्च शिक्षा लिने भनी
प्रविधि, ज्ञान औ सीप देशबाट हिड्यो अनि ।

ooo

*// लेख //*

# नेपाली जनजीवनमा देहरादूनको महत्त्व

✍ **उदय ठाकुर**

**५०८ गढी कैन्ट, रिक्खीराम गली, देहरादन, उत्तराखण्ड (भारत)**

देहरादूनमा नेपाली बसोबासको इतिहास पुरानो छ । यसको इतिहास वीर बलभद्र कुँवरसँग आएका गोर्खालीमा आधारित छ । देहरादूनमा बसोबास गर्ने नेपालीहरूको रहनसहनको तरिका, बोली औ भाषा छुट्टै प्रकारको छ । स्थायी रूपमा बसोबास गर्ने नेपालीहरू संख्यामा बहुल भए पनि नेपाल, भारतसमेतका नेपालीहरूका जन-जीवनको कुनै न कुनै पक्षलाई प्रभावित गर्न पुगेका छन् । यहाँ नेपाली जनसंख्यामा हिन्दू धर्मको बहुलता छ । यहाँ पूर्वमा तीन गोर्खा रेजिमेंट सेन्टर थियो जहाँ नेपाली केटाहरूको भर्ना हुन्थ्यो । त्यसैले सुगम जागिर, सुविधा सम्भवतः महत्त्वपूर्ण कारक थिए ।

देहरादून शिक्षाको महत्त्वपूर्ण स्थान हो । पारम्परिक औं आधुनिक शिक्षा दुबैका निमित्त देहरादून प्रख्यात छ । एकातर्फ सबैभन्दा ठूलो 'दून स्कूल', विश्वविद्यालयहरू देहरादूनमा अवस्थित छन् भने अर्कातर्फ अंग्रेजी माध्यम और पारम्परिक शिक्षा प्रचलनलाई पनि देहरादूनले जिउँदै राखेको छ । देहरादूनमा आर्थिक दशाले अनि बुद्धिजीवीका प्रारम्भिक पिढी औ स्तम्भले देहरादूनमै शिक्षा प्राप्त गरेको इतिहास छ । नेपालीहरूको आर्थिक, सामाजिक स्थिति उनीहरूको निवास स्थानको भौगोलिक कारणले गर्दा सन्तोषजनक छैन । परन्तु दयनीय आर्थिक स्थिति भए तापनि शिक्षाको प्रेम कम भएन । आज पनि देरादूनमा धेरै जसो अंग्रेजी माध्यमका स्कूलमा आवासको व्यवस्था भएकोले नेपालीहरूलाई देहरादूनले आकृष्ट गर्नु स्वाभाविक छ । नेपालीहरूको स्थायी निवासलाई हेर्दा राम्रो परिस्थिति देख्दा नेपालीहरू यहाँ आए अनि धेरै यहाँबाट सुविधाजनक स्थिति पाएर फर्किएनन् । यहाँ नै बिहे गरेर, जागिर खाएर बस्न मन पराए ।

यस भन्दा अघि म देहरादूनको गोर्खाली बहुल ठाउँ वा गाउँको बखान गर्न चाहन्छु । भारतीय नेपाली जनजीवनमा देहरादूनको जे जति प्रभाव पर्‍यो ती सबैको जड यी ठाउँ वा गाउँ नै हुन् । देहरादूनको नेपाली जीवन, जनजिब्रा यही गाउँहरूमै जन्मियो र यहींबाट प्रस्फुटित भयो ।

शिक्षा र जागिरको केन्द्र देहरादूनको नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण स्थान रहेको छ । ठाकुर चन्दन सिंहको नाम यस क्षेत्रमा सबैभन्दा पहिले आउँछ । उनको सम्पादनमा देहरादूनबाट निस्केको 'गोर्खा संसार' सबैभन्दा पहिलो नेपाली पत्रिका मानिएको छ । नेपाली साहित्यको विकासमा भाक्सू धर्मशालाको पनि प्रमुख महत्त्व रहेको छ । हामीले मित्रसेन थापाको नाम अनि सामाजिक कार्य भुल्न सक्दैनौं । यसै प्रकार मास्टर आनन्दसिंह थापा, खडकबहादुरसिंह विष्ट, शहीद दुर्गा मल्लको नाम देहरादूनको शान र मान

मानिन्छ । आज पनि प्रायः जसो नेपाली पुस्तक, पत्र-पत्रिका यहींबाट मुद्रित वा प्रकाशित हुने क्रम चल्दै छ ।

यति मात्र होइन देहरादूनले गोर्खालीको सामाजिक क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेको नै छ चाहे त्यो यहाँको गोर्खाली सुधार सभा' वीर बलभद्र खलङ्गा विकास समिति होस् अथवा गाउँ-गाउँमा गोर्खालीहरूको धार्मिक मन्दिर, संस्था नै होस् । देहरादूनले राजनीतिमा पनि महत्त्वपूर्ण स्थान ओगटेको छ । चाहे त्यो 'उत्तराखण्ड राज्य प्राप्तिको आन्दोलन होस् अथवा नेपालको क्रान्ति । एक समय यहाँका नेपालीहरूले पनि नेपालको १९५० को क्रान्तिमा महत्त्वपूर्ण सहयोग दिएका थिए ।

यस प्रकार धेरै पुस्तादेखि यहाँ बसोवास गर्दै आएका गोर्खाली । नेपालीहरूका भाषामा बोलीमा र रहनसहनमा स्थानीय प्रभाव धेरै पर्न गएको छ । यसै कारणले होला धेरै परिवारमा बोलचालको भाषा हिन्दी छ । हिन्दी भाषा हाम्रो राष्ट्रभाषा हो । भारत नै हाम्रो राष्ट्र हो र भारतीय संस्कृति हाम्रो गौरवको विषय हो तर अन्धो भएर, बलेकै आगो ताप्नु पनि कमजोरी हो । दाउरा झिक्रा खोजेर आगो सल्काएर आगो ताप्नु कर्तव्य पनि हो ।

ooo

---

*// लघुकथा //*

# नाता

✍ **कल्पना पौडेल 'जिज्ञासु'**
**खजुरा, बाँके**

बेडको बिरामीको मान्छे खोई ? नर्सले बोलाउँदै थिइन् कोही बोलेनन् ! प्रतीक्षा कक्षमा बसेका बिरामी कुरूवाहरू मुखा-मुख गर्दै थिए । निर्मलाले सिकिस्त भएका पति प्रेमलाई अस्पतालमा भर्ना गरेर आफन्तलाई फोन लगाउँदै थिइन् । नर्सले फेरि चिच्याइन् । प्रेम शर्माको मान्छे आउनुस् त-"निर्मला हतासिदै नर्स छेउ पुगिन् । बिरामीसँग अरू को हुनुहुन्छ ? अप्रेसन गर्दा रगतको जरूरत पर्न सक्छ । एक पोका रगतको तुरून्तै व्यवस्था गर्नुस् । खबर गरेकी छु आउँदै होलान् । मनमनै सोचिन् - "उनीहरूलाई आपत् पर्दा सहयोग गरेकै थियौं कहिले सुन त कहिले जग्गा धितो राखेर" !

फेसबूकमा पनि अस्पतालमा भएको जानकारी गराएकै छु ! ढुक्क मन बनाउँदै बाटो हेरिन् । लौ प्रेमको मान्छे यहाँ सही गर्न आउनुस् । अब अप्रेसन शुरू हुन्छ ।' नर्सले भनिन् । 'रगत दिने मान्छे आउँदै हुनुहुन्छ । पर्खनुस् सिस्टर । निर्मलाले भनिन् । ल तपाईंको मान्छे आएर रगत दिइसक्नु भो त भन्दै निर्मलालाई प्री अप्रेटिभ वार्डमा लगिन् । त्यहाँ प्रेमकी पूर्व प्रेमिका शारिकाले रगत दिइरहेकी थिइन् ।

ooo

# फर्की आऊ घर

✍ **नमोनारायण पन्थी**
**तम्घास, गुल्मी**

वनमा बस्ने चरीको घर बनेको कहाँ छ ?
रूख नै घर सम्झिन्छ पर त्यो गुँड जहाँ छ ।

तोडेर नाता भुल्दैन गुँड, फर्कन्छ उडेर
देशमा डुल्छ, पर्देश डुल्छ फर्कन्छ सम्झेर ।

फर्कनु पर्छ देशमा आफ्नै ममता बुझेर
स्वदेश जस्तो प्रदेश हुन्न सम्झ है जोखेर ।

माटो छ यहाँ पुर्खाको रगत् पसिना भिजेको
हावा छ मिठो हिमालबाट सरर बगेको ।

शानले छाती ढालझैँ बन्छ गौरव सम्झेर
जन्मेको भूमि, नभुल साथी विदेशमा डुलेर ।


माटो छ हाम्रो उर्वरा राम्रो यै फल्छ मिठास
हिमालको सुन्दर शीतल काख स्वर्गको आभास !

पाखुरी चले उद्योग खुल्छन् यै हाम्रो पाखामा
पसिना पोखौं खुशीका गीत गाएर भाकामा ।

मालिक बनौं नोकर होइन पुर्खाको माटोमा
अगाडि बढौं आफूले पौरख पोखेको बाटोमा ॥

ooo

# मेरा चार पुस्ताले भारतीय सेनामा सेवा गरेका छन् ।



✍ **विष्णुबहादुर सिंह**

*(श्री विष्णुबहादुर सिंह गुल्मी मुसिकोट बडागाउँमा जन्मी भारतीय सेनामा भर्ती भई सुवेदर पदबाट सेवा निवृत्त एक सशक्त समाजसेवी व्यक्ति हुनुहुन्छ । ९३ वर्षमा पनि उहाँ सक्रिय हुनुहुन्छ । उहाँ अंग्रेजी, हिन्दी, नेपाली शब्द मिसाएर ठेट कुरा गर्नुहुन्छ । उहाँका अनुभवबारे शशि पन्थीले गरेको छोटो कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । - सम्पादक)*

**१. श्री विष्णुबहादुर सिंहज्यू, तपाईं कहिले कहाँ जन्मनुभएको हो ?**

◆ मेरो जन्म वि.सं. १९८७ फाल्गुन-८ गते भएको हो ।

**२. तपाईंको बाल्यकाल कसरी बित्यो ?**

◆ मेरो बाल्यकाल गाई बाख्रा चराउने गरेर बितेको हो ।

**३. तपाईंको शिक्षादीक्षा कहाँ कसरी भयो ?**

◆ १२-१४ वर्षको हुँदा भारतको देहरादून गई (सन् १९४४) देहरादूनको गोर्खा स्कूलमा भर्ना भई अध्ययन शुरू गरेको हुँ ।

**४. तपाईं कहिले कसरी भारतीय सेनामा भर्ती भई के कस्ता कामहरू गर्नुभयो ?**

◆ भारतीय सेनामा भर्ती भई रंगरूट अवस्थामा नै Best रंगरूटको रूपमा तालिम प्राप्त गरी signal ट्रेनिङ्गमा सहभागी भएको र पछि Instructor Training Company मा काम गरेको हुँ ।

## ५. भारतीय सेनामा गोर्खालीहरूले के कस्तो वीरता प्रदर्शन गरेका छन् ?

- 22 December 1956 मा Naga Hill को एम्बुसमा परेको जसमा ४ ओटा Jeep मध्ये 2 ओटा Jeep का सिपाहीहरूको मृत्यु भयो । हामी संयोगले बाँचियो ।

## ६. गोर्खाली सेनालाई के कस्तो मान मर्यादा छ ? के कस्तो संख्यामा गोर्खालीहरू त्यहाँ रहेका छन् ?

- भारतमा तत्कालीन अवस्थामा GORKHA फौजको धेरै इज्जत रहेको थियो । सम्मान गर्थे Public ले । हामी गोर्खाली लडाइँको मैदानमा डटेर लड्थ्यौं, सक्षम इमान्दार लडाकुको रूपमा हाम्रो पहिचान रहेको छ । गोर्खाली फौज बस्ने गरेका ठाउँहरूमा त्यहाँका स्थानीयले आनन्दको निद लिने गर्दथे । ढुक्कसँग आफ्नो जीवनयापन गर्दथे । सारै ठूलो मान मर्यादा, इज्जत दिन्थे भारतीयहरूले हामी गोर्खाली फौजलाई ।

## ७. तपाईं भारतीय सेनामा कुन पदसम्म पुगेर कहिले सेवा निवृत्त हुनुभयो ?

- सिपाही भएर सेवा प्रवेश गरी सुवेदार पदसम्म पुगी 11 Nov.1975 सम्म २८ वर्ष भारतीय सेनामा सेवा गरी सेवा निवृत्त भएको हुँ ।

## ८. सेवा निवृत्त जीवनमा के-के कामहरू गर्नुभयो ?

- आफ्नो मातृभूमिमा आएपछि श्रीप्रसाद बुढाथोकीसँगको भेटघाट पछि गुल्मी जिल्लाको नेपाल भूतपूर्व सैनिक संगठनको सभापति भई काम गरेको हुँ ।

  - २०३६ सालमा बहुदलप्राप्तिका लागि संघर्ष गरेको थिएँ ।
  - २०४० सालमा राष्ट्रिय पंचायत सदस्य पदमा उमेदवार भएको हुँ ।

  २०४६ साल चैत्र २६ गते स्व.राजा वीरेन्द्रबाट सेवा मेडल तक्मा प्राप्त गरेको थिएँ ।

  तत्कालीन समयमा गाउँमा विद्यालयहरूको अभाव थियो । गुल्मी जिल्लाका भारतीय भूतपूर्व सेनाका छोराछोरीहरूका लागि छात्रावास बनाउने सोचका साथ तम्घासमा घडेरी खरिद गर्ने कार्य भयो पछि उक्त घडेरी (जग्गा) रेसुङ्गा क्याम्पसलाई हस्तान्तरण गरियो । तत्कालीन अवस्थामा मुसिकोट मा.वि. र पृथ्वी मा.वि.को अध्यक्ष भई सेवा गरेको थिएँ ।

**९. अहिले तपाईंको पारिवारिक अवस्था कस्तो छ ?**

- मेरा ४ पुस्ताले भारतीय सेनामा सेवा गरेका छन् ।

  - घरपरिवारको अवस्थाबाट म आफू असन्तुष्ट रहेको छु । मान्छेहरू बसाइ सरेर हिँडिरहेका छन् । मेरो घरका पनि सबै परिवार घरमा छैनन् ।

  - भारतीय सेनाबाट सेवानिवृत्त भएका अधिकांश मानिसहरू बसाइ सराइ गरी अन्यत्र जाँदा पनि आफूलाई यही जन्मघर प्यारो लागेकोले मैले बसाइ सराइ नगरेको हो । सबैले छोडेर जाँदा एक्लो जस्तो भइने रहेछ ।

**१०. तपाईंको जीवनको लामो अनुभवबाट हाम्रा सन्तानहरूले सिक्नुपर्ने कुरा के-के छन् ?**

- आफ्नो समाज र देश राम्रो बनाउन सबैले आ-आफ्नो कर्तव्य पूरा गर्नुपर्छ । प्रत्येक व्यक्तिको काम, कर्तव्य राम्रो हुनुपर्‍यो, परोपकारको भावना सबैमा हुनुपर्‍यो, सबैको उच्च विचार हुनुपर्‍यो ।

**११. तपाईं स्वयम् आफ्नो जीवनसँग कति सन्तुष्ट हुनुहुन्छ ?**

- "I am very Happy"

  हाल ९३ वर्ष सम्म बाँच्न पाउँदा मलाई सन्तुष्टि छ । यति बाँच्नु आफैलाई भाग्यमानी ठान्दछु ।

**१२. जीवनमा गरेका कुनै कामप्रति पश्चात्ताप (पछुतो) पनि छ कि ?**

- कुनै प्रकारको पछुतो छैन । पल्टनमा हुँदा पनि सम्मानजनक रूपमा सेवा गरियो । नेपाल फर्केपछि राज वीरेन्द्रबाट सम्मानित भएँ । परदेशमा पनि स्वदेशमा पनि इमान्दारीपूर्वक काम गरेपछि जहाँ पनि सम्मान पाइँदो रहेछ ।

**१३. अरू केही भन्नु छ कि ?**

- हाम्रो पुरुषार्थ पत्रिकालाई धन्यवाद, शशि गुरुलाई धन्यवाद । किरण पुस्तकालय र हाम्रो पुरुषार्थको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ooo

पुस्तकालय परिचय

# ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, कोहलपुर, बाँके

✍ **शिवध्वज शाही**
**कम्प्युटर अपरेटर**
**पुस्तकालय तथा स्रोत केन्द्र, कोहलपुर**




कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशको प्रवेशद्वार लुम्बिनी प्रदेशको केन्द्र विन्दुमा रहेको बाँके जिल्लाको कोहलपुर नगरपालिका नेपालका सबै जिल्लाका मानिसहरूको बसोवास भएको क्षेत्र हो । यस क्षेत्रमा बसोबास गर्ने बहुजाति, बहुभाषिक, बहुधार्मिक परम्परा बोकेका समाजका विभिन्न क्षेत्रमा क्रियाशील मानिसहरूको रुचि र आवश्यकताअनुसार आध्यात्मिक, भौतिक, साहित्यिक, कला संस्कृति, प्रविधि, राजनैतिक, आर्थिक, सामाजिक र ज्ञान विज्ञान जस्ता विविध विषयका पुस्तकहरू एकीकृत र संगृहीत गरी व्यवस्थित रूपमा अध्ययन गर्ने बानीको विकास गर्न विभिन्न जातजाति, भाषाभाषी, धर्म, वर्ग, लिंग, पेशा र क्षेत्रका समुदायहरू बीच सुमधुर एवं अन्योन्याश्रित सम्बन्ध कायम गरी आर्थिक सामाजिक, सांस्कृतिक र शैक्षिक तथा सामुदायिक विकास अभिवृद्धि गर्दै निःस्वार्थ सेवाबाट सहयोगको भावना जगाई समाजलाई सीपमूलक प्रविधिको विकाससँगै अगाडि बढाउन सामुदायिक पुस्तकालय तथा सामाजिक संस्थाको

आवश्यकता महसुस गरी वि.सं. २०५८ सालमा कोहलपुरका समाजसेवी, शिक्षाप्रेमीहरू केशव सिग्देल, गणेश ढकाल, युवराज उपाध्याय, नारायणप्रसाद गौडेल, रेशमलाल पोखरेल, जीवलाल ढकाल, स्व. ऋषिराम शर्मा चापागाईलगायतको सक्रियतामा ज्ञानोदय सामुदायिक पुस्तकालय नामक शैक्षिक संस्था जिल्ला शिक्षा कार्यालय बाँकेसँग अनुमति लिई सञ्चालन भएको पाइन्छ ।

स्थापना कालमा तरूणदल कोहलपुरको कार्यालयभित्र आफ्नो सानो कार्यालय स्थापना गरी सञ्चालन गरेको भए तापनि पछि आफै कोठा भाडामा लिई कार्यसञ्चालन गरेको र २०६४ सालमा आइपुग्दा कोहलपुर नगर विकास समिति, रिड नेपाल, तत्कालीन जिल्ला विकास समिति, कोहलपुर गा.वि.स. लगायत विभिन्न संघसंस्था, समाजसेवी, शिक्षाप्रेमीहरूको साथ सहयोगमा कोहलपुर नगर विकास समितिले भोगचलनमा कोहलपुर न्यूरोड चोकको पूर्वपट्टि दिएको १ कट्ठा जमिनमा आफ्नै भवन बनाउन सफल भएको पाइन्छ । यस पुस्तकालयलाई स्थापना कालदेखि पुस्तकालय व्यवस्थापनसम्बन्धी प्राविधिक सहयोग साथै समुदायको आवश्यकताअनुसारका विभिन्न कार्यक्रमहरूमार्फत रिड नेपालले सहयोग गर्दै आइरहेको छ।

यो पुस्तकालय २०५८ सालमा जिल्ला शिक्षा कार्यालय बाँकेसँग अनुमति लिई सञ्चालन भएको भए तापनि वि.सं. २०७१ सालमा संस्था दर्ता ऐन २०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालय बाँकेमा समेत ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको नाममा दर्ता गरिएको थियो भने २०७३ सालमा समाजकल्याण परिषद् र स्थानीय सरकार कोहलपुर नगरपालिकामा समेत दर्ता भएको छ । बाँके जिल्लाभर कार्यक्षेत्र भएको यस पुस्तकालयमा नेपालीहरू मात्र नभएर विश्वका कुनै पनि देशका मानिसहरू आएर निःशुल्क पढ्न वा सुविधा लिन सक्दछन् ।

हाल पुस्तकालयमा २५ देखि ३० जना सँगै बसेर पढ्न सकिने वाचनालय सहितको पुस्तकालय कक्ष, २५-३० जना लेख्न पढ्न मिल्ने विभिन्न पुस्तक खेल सामाग्रीहरूसहितको बालकक्ष, ८ वटा कम्प्यूटर इन्टरनेट तथा वाइफाई सुविधासहितको कम्प्यूटरकक्ष, विभिन्न वाद्यवादन तथा खेल सामाग्रीहरूसहितको युवा खेलकुद तथा संगीतकक्ष, विभिन्न जनचेतनामूलक सूचनाहरूसहितको सूचना प्रविधिकक्ष, १५० जना मानिसहरू बसी कार्यक्रमहरू गर्न मिल्ने सभाकक्ष, सबै तलामा शौचालय तथा खाने पानी सुविधा, पाठकहरूको सुरक्षाको लागि सि.सि. क्यामेरा, पाठकहरूको सुविधाका लागि सःशुल्क प्रिन्ट तथा फोटोकपी जस्ता सुविधाहरू उपलब्ध छन् । साथै समुदायमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू जस्तै : प्राविधिक ज्ञानसेवा कार्यक्रममार्फत कृषि, पशुपालन, जलवायु परिवर्तन,

विपद् व्यवस्थापन, कानुन, मानव स्वास्थ्य जस्ता कार्यक्रमहरू साथै मानव बेचबिखन, बालविवाह जस्ता सामाजिक कुरीतिहरूका विरूद्ध जनचेतनामूलक कार्यक्रमहरू, दियो परियोजनामार्फत सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । प्रत्येक वर्ष राष्ट्रिय पुस्तकालय दिवस भदौ १५ को अवसर पारी रक्तदान कार्यक्रम, नियमित पाठक तथा पुस्तकालयको क्षेत्रमा सहयोग गर्ने शिक्षाप्रेमी समाजसेवीलाई सम्मान गर्दै आइरहेको छ ।

स्थानीय निकाय विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँगको समन्वयमा विभिन्न साहित्यिक गतिविधिहरू, विद्यालयका बालबालिकाहरूका लागि चित्रकला, वक्तृत्वकला, हाजिरी जवाफ, खेलकुद प्रतियोगिताहरूसमेत गर्दै आइरहेको छ । यस पुस्तकालयले विश्वभरि महामारीको रूपमा फैलिएको कोभिड १९ को लकडाउनको समयमा समेत मानिसहरू घरमै बसेर पढ्ने व्यवस्थाको लागि पुस्तक आदान-प्रदानका लागि मात्र नियमित पुस्तकालय खोली सेवा दिएको थियो भने रिड नेपालसँगको सहयोग तथा सहकार्यमा कोहलपुर नगरपालिकाभित्र बसोवास गर्ने, दैनिक ज्याला मजदुरी गर्ने, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिलाहरूलाई समेत खाद्यन्न तथा स्वास्थ्य सामग्रीहरू उपलब्ध गराउनुका साथै वडाहरूमा रहेका स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा स्वास्थ्य सुरक्षाका सामाग्रीहरूसमेत हस्तान्तरण गरेको थियो ।

पुस्तकालय प्रत्येक दिन बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म र शनिबारसमेत बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म खुला रहन्छ भने आइतबार बन्द हुने गर्दछ । यस पुस्तकालयको पुस्तकालयकक्षमा विभिन्न राष्ट्रिय, स्थानीय, दैनिक, साप्ताहिक, मासिक पत्रपत्रिकाहरू विभिन्न विधाका १२ हजारभन्दा बढी पुस्तकहरू पुस्तकालय खुलेको समयमा पुस्तकालयमा बसेर पढ्ने सुविधा छ । निश्चित धरौटी रकम जम्मा गरी पुस्तकहरू घरमा लगेर समेत पढ्न पाउने व्यवस्था छ । जुन धरौटी रकम पुस्तक आएमा पूरै फिर्ता गरिन्छ । यदि आफूले पढ्न चाहेको पुस्तक पुस्तकालयमा छैन भने नाम टिपाएमा पुस्तकालयले पुस्तक खरिद गर्दा प्राथमिकतामा राखेर खरिद गरी ल्याइदिनेसमेतको व्यवस्था छ । त्यसैगरी बालकक्षमा बालबालिकाहरू बसेर पढ्न खेल्न सक्छन् भने कोहलपुर नगर शिक्षा बाल शिक्षा कक्षाअन्तर्गत विद्यालय जानु पूर्वका बालबालिकाहरूका लागि बिहान १०:०० बजेदेखि ३:०० बजेसम्म कक्षासमेत सञ्चालन गरिएको छ । कम्प्यूटर कक्षमा ८ वटा कम्प्यूटरमा इन्टरनेट र वाइफाई आफ्नो अनुकूलताअनुसार बसेर चलाउन सकने सुविधा रहेको छ ।

युवा खेलकुद तथा संगीत कक्षमा हार्मोनियम, पियानो, तबला, मादल, बाँसुरी वाद्यवादन तथा संगीत सामग्रीहरू छन् भने चेस, लुडो, ब्याडमिन्टन, भलिबल लगायतका विभिन्न खेल सामग्रीहरूसमेत रहेका छन् । सूचना तथा प्रविधि कक्षमा, कृषि, पशुपालन, विपद् व्यवस्थापन, जलवायु परिवर्तन, मानव बेचविखन विरूद्ध, बालविवाह, वैदेशिक रोजगारसम्बन्धी जनचेतनामूलक सूचनाहरू, भिडियो, अडियो, विभिन्न पुस्तकहरू, पर्चा, पम्पलेट, फ्ल्यासबोर्डहरू उपलब्ध छन् । जहाँ आफूलाई कुनै विषयमा जान्न मन लागेमा जिज्ञासा टिपाउन सकिन्छ र त्यस्ता जिज्ञासाहरू विभिन्न माध्यमबाट सम्बोधन गरिन्छ । पुस्तकालयबाट सम्बोधन हुन नसकेका जिज्ञासाहरू विषयविज्ञको सहायतामा समेत सम्बोधन गरिन्छ ।

नगर विकास समिति कोहलपुरले भोगचलनको स्वामित्व दिएको १ कठ्ठा जग्गामा विभिन्न सरकारी तथा गैरसरकारी निकाय तथा संघसंस्था, व्यापारी, समाजसेवी, शिक्षाप्रेमीहरूको सहयोगमा बनेको ३ तलाको भवनको भुइँतलामा रहेका ३ वटा सटर भाडाबाट हुने आम्दानी तेस्रो तलामा रहेको सभाहल भाडाबाट हुने आम्दानी, सदस्यता शुल्कबाट हुने आम्दानी, विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट सहयोग प्राप्त रकम, संघ-संस्थाहरूले दिएको सहयोगमा प्राप्त भएको रकम यस पुस्तकालयका आम्दानीका स्रोतहरू रहेका छन् ।



यस पुस्तकालयमा संस्थागत, आजीवन र साधारण गरी जम्मा ९३० सदस्यहरू रहेका छन् जसबाट प्रत्येक ३ वर्षको लागि १३ जनाको सञ्चालक समिति छनोट हुने गरेको छ । हाल यहाँ ३ जना पूर्णकालीन कर्मचारीहरू कार्य गर्दै आइरहेका छन् । विगत १० वर्षदेखि रिड नेपालको सहयोगमा पुस्तकालयको कार्यक्षेत्रभित्र विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन् । जसअन्तर्गत विभिन्न

ठाउँहरूमा कृषक समूह, किशोरी समूह, युवा समूहहरू बनाई कृषि, पशुपालन, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, बालविवाह, मानव बेचबिखन, वैदेशिक रोजगारीलगायतका विषयमा समुदायमा उठेका जिज्ञासाहरूलाई समूह छलफल, रेडियो तथा भिडियो सामग्रीहरू प्रर्दशन, अन्तरक्रिया, प्रयोगात्मक, तालिममार्फत समुदायमा गएर सम्बोधन गर्दै किसानहरूको आयआर्जनमा टेवा पुर्‍याउनुका साथै समुदायमा प्राविधिक ज्ञानहरू प्रदान गर्दै आइरहेको छ ।

पुस्तकालय पढ्न सक्ने मानिसहरूका लागि मात्र नभई कृषक, मजदुर, व्यापारीलगायत सबै वर्गका मानिसहरूको हो भन्ने भावना विकास गरिएको छ । यस पुस्तकालयले समाजमा रहेका कुरीति, विसंगति र सामाजिक सरोकारका विषयमा बोल्न र लेख्नुपर्छ भन्ने मान्यताका साथ यसका गतिविधि अगाडि बढेका छन् । यस पुस्तकालयमा विगतका वर्षहरूमा दैनिक झण्डै १०० जनाभन्दा बढी पाठकहरूको उपस्थिति हुने भए तापनि कोभिडको समयमा एकदमै घटेको र हाल आएर दैनिक ५०-६० जना मानिसहरू नियमित पुस्तकालयमा आउँछन् । यस पुस्तकालयलाई ई-पुस्तकालयको रूपमा विकास गर्नुपर्ने, अपाङ्गमैत्री, आधुनिक प्रविधि मैत्री बनाउन पुस्तकालय प्रशासन, आर्थिक परिचालन जस्ता अन्य आवश्यक नीति नियमहरू बनाउनुपर्ने यस पुस्तकालयका आजका आवश्यकताहरू हुन् ।

निष्कर्षमा भन्नु पर्दा ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र कोहलपुर क्षेत्रको विकास र सम्मृद्धिमा टेवा पुर्‍याउँदै आइरहेको साझा संस्था हो । यो विभिन्न विद्यालय र विश्वविद्यालयका विद्यार्थी, पढाइ सकेर बसेका व्यक्तिहरू, विभिन्न जागिरको तयारी गरिरहेका मानिसहरू, जागिरे जीवनबाट अवकाश प्राप्त, विद्यालयबाट टाढा रहेका मानिसहरू, पत्रकार, शिक्षाप्रेमी, कृषक, व्यापारी, मजदुर, शिक्षक, प्राध्यापक, विद्यार्थी, समाजसेवी, राजनीतिज्ञहरू, साहित्यकार बौद्धिक व्यक्तित्वहरूको जमघट हुने थलोका रूपमा रहेको छ । यस पुस्तकालयको समग्र विकास गराउनका लागि यस पुस्तकालयमा एक अनुसन्धान केन्द्र स्थापित गर्ने, विभिन्न क्षेत्रका विविध समस्याहरूलाई केलाउँदै आवश्यक अनुसन्धानमूलक प्राज्ञिक तथा शैक्षिक जर्नल प्रकाशन गरी आम समुदायका मुद्दाहरू उठान गर्नु आवश्यक छ । प्रोत्साहनका कार्यक्रमहरू ल्याउने र पुस्तकालयमा अनुसन्धान गर्ने वातावरण तयार गर्ने, खुल्ला विश्वविद्यालयलाई शिक्षाको स्रोत केन्द्र तथा अनुसन्धान केन्द्रको रूपमा विकास गरी ए ग्रेडको पुस्तकालय बनाउन पुस्तकालय नियमावलीअनुसारका विभिन्न कक्षहरूको व्यवस्थापन गरी आधुनिक पुस्तकालयका रूपमा विकास गर्न आम सरोकारवाला निकायहरूको साथ सहयोग, समर्थन हुन आवश्यक छ ।

ooo

# पुस्तौं पुस्तका लागि पुस्तकालय

जुन बेला अहिले जस्तै लेख्ने पढ्ने साधनहरू थिएनन् त्यसबेला ज्ञान मौखिक रूपमा एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण गरिन्थ्यो । अघिल्ला पुस्ताले मौखिक रूपमा पछिल्ला पुस्तालाई सुनाउँदै आएका ज्ञानका कुराहरू श्रुतिका रूपमा रहे । सुनेका कुराहरू श्रुति र सम्झेका कुराहरू स्मृतिको रूपमा विकसित भए । तिनीहरूलाई कालान्तरमा लिपिबद्ध गरी पुस्तक या ग्रन्थको रूपमा सुरक्षित राखियो । त्यस्ता ग्रन्थ या पुस्तकहरूको सङ्ग्रहस्थललाई ग्रन्थालय या पुस्तकालय भन्न थालियो । पुस्तकालयलाई अङ्ग्रेजी भाषामा लाइब्रेरी (Library) भनियो । यस्ता लाइब्रेरीलाई हाम्रो देशमा पुस्तकालय भन्ने प्रचलन छ । पुस्तकालयहरू ज्ञानका भण्डार हुन् । पुस्तौं पुस्ताको ज्ञान सुरक्षित राख्ने ज्ञान मन्दिर हुन् पुस्तकालयहरू ।

पुस्तौं पुस्ताको ज्ञान सुरक्षित राख्ने मुख्य संस्था पुस्तकालयहरू भएको हुनाले विकसित देशहरूले पुस्तकालयको स्थापना, सञ्चालन, संरक्षण र विकासमा धेरै ठूलो लगानी गरेका हुन्छन् । मानवजातिको सभ्यता, संस्कृति, ज्ञान-विज्ञान, कला, साहित्य, ऐतिहासिक गौरवगाथा आदि सबैलाई संरक्षण गरी पुस्तौं पुस्तासम्म सुरक्षित राख्ने महत्त्वपूर्ण माध्यम पुस्तकालयहरू भएको हुनाले नै यस वर्ष २०८०/०८१ का लागि सोह्रौं पुस्तकालय दिवसको अवसरमा "पुस्तौं पुस्ताका लागि पुस्तकालय" भन्ने आदर्श वाक्य निर्धारण गरी २०८० साल भाद्र १५ गते देशव्यापी रूपमा पुस्तकालय दिवस मनाइयो ।

सोह्रौं पुस्तकालय दिवसको अवसरमा किरण पुस्तकालयले पनि विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनायो ।

सोह्रौं पुस्तकालय दिवसका अवसरमा विभिन्न व्यक्तिहरूबाट किरण पुस्तकालयलाई पुस्तकहरू प्रदान गर्ने काम भयो । यस वर्ष बलेटक्सार लालभिला, गुल्मी निवासी पुस्तकालयप्रेमी स्व. प्रयागलाल श्रेष्ठकी छोरी निलम श्रेष्ठ र जुवाईं गणेशबहादुर श्रेष्ठबाट २१४ थान पुस्तकहरू यस पुस्तकालयलाई प्राप्त भए । त्यस्तै सोह्रौं पुस्तकालय दिवसको अवसर पारेर श्री गणेश श्रीपालीद्वारा विभिन्न विषयका ३७ थान पुस्तकहरू, मणिराम पाण्डेबाट ३० थान पुस्तकहरू पुस्तकालयलाई उपहारस्वरूप प्राप्त भएका छन् । यसअघि कविता खनाल (ज्ञवाली)ले पनि पुस्तकहरू यस पुस्तकालयलाई प्रदान गर्नुभएको थियो । कविहरूका जयन्तीहरूमा पनि यस पुस्तकालयमा पुस्तकालयप्रेमीहरूबाट पुस्तकहरू उपहारस्वरूप समर्पण गर्ने कार्यहरू भइराख्दछन् । श्री ऋषिकेशव भारद्वाजबाट संस्कृतका प्राथमिक पाठ्यपुस्तक, डा. मनोज ढुङ्गानाद्वारा १२३ थान

विविध विषयका पुस्तकहरू प्राप्त भएका छन् । यस्तो परिपाटीले पुस्तकालयमा संगृहीत पुस्तकहरू आफू र आफ्नै पालाका पाठकहरूलाई पनि उपयोगी हुने र पुस्तौं पुस्तका लागि पनि काम लाग्ने हुन्छन् । यस वर्षको "पुस्तौं पुस्ताका लागि पुस्तकालय" भन्ने आदर्श वाक्यले पनि हामी सबैलाई पुस्तकालयमा पुस्तक दान दिएर भविष्यका सन्ततिहरूलाई पुस्तक सुरक्षित राख्नुपर्ने कुरा सिकाएको छ ।

**- सचिव**

०००

# रेबिज रोगबारे जानकारी

रेबिज रोग भाइरसबाट मानिस तथा अन्य स्तनधारी पशुहरूमा लाग्ने एउटा प्राणघातक रोग हो । यो रोग विशेष गरी रेबिज रोग लागेका कुकुर तथा बिरालो जातिका घरपालुवा वा जङ्गली जनावरको टोकाइबाट मानिसलगायत अन्य स्तनधारी जनावरहरूमा सर्ने गर्दछ । यो रोगको लक्षण देखा परेपछि रोगीलाई बचाउन सकिँदैन तर रेबिज रोग लागेको पशुले टोक्नासाथ समयमै स्वास्थ्यकर्मीको सल्लाहअनुसार रेबिजविरुद्धको खोप लगाएमा शतप्रतिशत नै बच्न सकिन्छ ।

## रेबिज रोग सर्ने तरिका

रेबिज लागेको जनावरले पशु वा मानिसहरुलाई टोक्दा, बौलाहा जनावरको बिषाणुयुक्त र्‍याल घाउ तथा चोटपटक लागेको ठाउँमा पर्दा, चोटपटक लागेको घाउ तथा पुरानो घाउमा रेबिज लागेको जनावरले चाटेमा, रेबिज लागेको जनावरले चिथोर्दा रेबिजको विषाणु शरीरभित्र प्रवेश गर्दा ।

## रोकथामका उपायहरू

- पशु चिकित्सक वा पशु स्वास्थ्यकर्मीले सिफारिश गरेबमोजिम कुकुर तथा बिरालोलाई निश्चित अवधिमा एन्टि-रेबिज भ्याक्सिन लगाउनुपर्छ ।
- पेशागत रूपले जोखिममा परेकाहरूले पनि रोगको जोखिममा पर्नुपूर्व लगाइने तालिकाअनुसार आवश्यकताअनुसार एन्टिबडीको जाँच गरी वार्षिक रूपमा बुस्टर मात्रा एन्टि-रेबिज भ्याक्सिन लगाउनुपर्छ ।
- कुकुर तथा बिरालोमा एन्टि-रेबिज भ्याक्सिन दिइएको प्रमाण-पत्र सुरक्षितसाथ राख्नुपर्दछ र वार्षिक रूपमा भ्याक्सिन लगाउँदा यो प्रमाण-पत्र देखाउनुपर्दछ ।
- रेबिज लागेको वा रेबिजको शंका गरिएको गाई भैंसीहरूको दूध, दुग्धजन्य पदार्थ वा मासु आदि खानु हुँदैन र बिक्री गर्नु पनि हुँदैन ।
- कुकुरको सङ्ख्या नियन्त्रण, कुकुर आवत-जावत, कुकुरको गासबास तथा कुकुर प्रजनन कार्यमा नियन्त्रण र फोहोर मैलाको राम्ररी व्यवस्थापन गरेर गर्न सकिन्छ ।
- स्वास्थ्य शिक्षा विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरेर विभिन्न माध्यमहरूबाट दिन सकिन्छ ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

तम्घास, गुल्मी

**फोन : ०७९-५२०२२७**


# नौलो सृष्टि : सानो दृष्टि

## १. नेपाली हास्यव्यङ्ग्य निबन्धमा अनुपम उपलब्धी

- चोलेश्वर शर्मा र हास्यव्यङ्ग्य पर्यायवाची झैं लाग्छ मलाई । उहाँको **'सगरमाथा एक पहाडको नाम होइन'** नामक साहित्यिक कृति अहिले मेरो हातमा छ । यसको समीक्षा, विमर्श, चर्चा गर्ने अवसर पनि मलाई प्राप्त भएको छ । यद्यपि यति सूक्ष्म, यति गम्भीर र यति विद्वतापूर्ण निबन्धहरूको गहिराइं छिचोल्ने र स्रष्टाको मन बुझ्न सक्ने सामर्थ्य मेरो छैन तथापि प्रकाशित कृतिमाथि टीका टिप्पणी गर्नु स्वाभाविक पनि मान्नुपर्छ । स्रष्टाले मनमस्तिष्क खन्याएर सृजना गरेका कृतिमा समीक्षकले हल्का टिप्पणी गर्ने छुट पाउँदो रहेछ ।

- निबन्ध त्यत्तिकै उत्कृष्ट विधा हो । त्यसमा हास्य र व्यञ्जनाकृति मिसाइदिदा स्वादिष्ट व्यञ्जन तयार हुन्छ । त्यस्तो स्वादिष्ट व्यञ्जन यहाँ चोलेश्वर सरले पस्कनुभएको छ । उहाँ अल्छी भान्से हो तर ज्यादै सिपालु । उहाँका व्यञ्जन हामी चाख्दै आएका छौं । 'म त अप्रिल फूल भएछु' को स्वादपछि ढिलो गरी प्रस्तुत व्यञ्जन चाख्न हामी पाइरहेछौं । यस व्यञ्जनका लागि कुशल व्यञ्जनकारलाई धन्यवाद दिन चाहन्छु ।

- निबन्धमा निबन्धकार आफ्ना भाव र विचारहरू प्रकट गर्न निर्बन्ध हुन्छ । छन्दका, आकारका, प्रकारका, पात्रका कुनै बन्धन हुँदैनन् । विषय होइन, विषयी श्रेष्ठ हुन्छ यस्ता निबन्धमा । स्रष्टाका निजी अनुभूतिहरू बेरोकटोक खेल्न पाउँछन् । यसमा निबन्धभित्र निबन्धकार तल्लय बनेको हुन्छ । त्यसैले त 'गद्यं कवीनां निकषं वदन्ति' भन्छन् । उत्कृष्ट आत्मपरक (विषयीनिष्ठ) निबन्धहरूका लागि म स्रष्टाप्रति हार्दिक प्रशंसा व्यक्त गर्दछु ।




- व्यङ्ग्य वचनका उत्तर मुह से नही हाथ से दिया जाता है-मुंसी प्रेमचन्द । हास्यव्यङ्ग्य सृजना गर्नु जति यशस्कर हुन्छ त्यति भयंकर पनि हुन्छ । व्यङ्ग्यमा एउटा सिद्धान्त हुन्छ । व्यङ्ग्य मेरो विषय

हो । दुष्ट मेरा पात्र हुन् । सत्पात्रप्रति व्यङ्ग्य गर्न पर्दैन तर अर्को सिद्धान्त हुन्छ । सुधार मेरो लक्ष्य हो । जे होस् समाजका शक्तिशाली तर दुर्जन पात्रहरूबाट व्यङ्ग्यकारलाई सदा भय भइरहन्छ । सत्यको अन्वेषणमा स्थिर रहने व्यङ्ग्यकार सदैव हावाको प्रतिकूल रहन्छ । त्यसैले मानसम्मानभन्दा बढी भुक्तमान पाउँछ भनिन्छ त ! उसको अभिव्यक्ति मर्मभेदी हुन्छ । व्यङ्ग्यका लक्षित पात्रहरू तिखो र मर्मभेदी अभिव्यक्तिबाट आहत हुन्छन् । उनीहरू व्यङ्ग्यकारप्रति आघात गर्न सदा उद्धत रहन्छन् । व्यङ्ग्यकारिता एउटा जोखिम पनि हो । यस्तो जोखिम मोल्ने आँट गर्नु हुने व्यङ्ग्य स्रष्टा चोलेश्वर सरलाई शब्दद्वारा हार्दिक अभिनन्दन गर्दछु ।

- हास्य रस हो, व्यङ्ग्य अर्थ हो । हास्य सरल र बहिर्मुखी हुन्छ, व्यङ्ग्य जटिल र अन्तर्मुखी हुन्छ । हास्यको आनन्द क्षणिक छ, व्यङ्ग्यको आनन्द दीर्घकालीन छ । हल्का स्वरूपमा गहन मर्म प्रस्तुत गर्नु नै हास्यव्यङ्ग्यको धर्म हो । हास्य सरल रूपमा प्रकट हुन्छ तर व्यङ्ग्यार्थ भने वक्ता वोद्धव्य, देश, काल, प्रसङ्ग, काकु आदिको तालमेलबाट बुझ्नुपर्छ । व्यङ्ग्यार्थले नै अभिव्यक्ति गम्भीर, सशक्त, तिखो, स्वादिलो र मार्मिक बन्छ । मृदु लाग्ने पदावलीहरू पनि व्यङ्ग्यको पाइन चढेपछि तिखा बाण जस्तै बन्छन् । मलाई लाग्छ प्रस्तुत कृतिका बाणहरू पनि मर्मभेदी छन् ।

- प्रस्तुत कृति मैले सर्सर्ती पढें । यति गहन कृतिलाई सर्सर्ती पढेर यसको सम्यक् समीक्षा गर्न सकिन्छ भन्ने मलाई लागेन । यसमा एक्काईसवटा आफैमा परिपूर्ण निबन्ध छन् । यी निबन्धहरू गिलासमा भरेका रस होइनन् रसिला ऊखु हुन् । ऊखुलाई राम्ररी चुस्नेले मात्र रस पिउन पाउँछ । दाँत बलिया नहुनेले त जिभ्राले चाटेर गुलिया छन् मात्र भन्ने हो । त्यसैले त म गुलिया छन् मात्र भन्छु ।


- प्रस्तुत हास्यव्यङ्ग्य निबन्धसंग्रहभित्रका निबन्धहरूमा हाम्रो समाजका बहुविध पक्षमा रहेका विकृति, विसंगति, बेथिति, ढोंग, स्वाङ र विद्रूपताहरूमाथि मिठो मजाकसहित तिखो व्यङ्ग्य प्रहार गरिएको छ । मजाक गरे पनि लक्ष्य सुधार नै हो । प्रस्तुत संग्रहमा एक्काईसवटा व्यङ्ग्यार्थमूलक रचनाहरू छन् । यिनमा कतै मान्छेका ढोङ्, स्वाङ्, आडम्बर, विसंगतिप्रति मजाक उडाइएको छ । किताब र खोलाको माछाझैं परम कर्तव्यका कुरा पनि खाने र देखाउने भएको प्रति लेखकको तिखो व्यङ्ग्य ज्यादै प्रभावकारी देखिन्छ । हिन्दीका हरिशंकर परसाईको व्यङ्ग्यलेखनसँग चोलेश्वर शर्माको व्यङ्ग्यलेखन तुलनीय छ । कतै 'वृक्षरोपणसँग जोडिएका विद्रूपमय स्वाङ् र लोकाचारप्रति तिखा व्यङ्ग्य छन् भने कतै आफ्ना पुराना बासस्थान छाड्दै आफ्नै जरोकिलो उखेल्दै सुखको मृगतृष्णापछि दगुर्नेहरूप्रति कटाक्ष छन् , 'सगरमाथा एक

पहाडको नाम होइन' प्रस्तुत निबन्ध अभिघा र व्यञ्जना दुबै वृत्तिमा विशिष्ट छ । यसैमा यस निबन्धसंग्रहको नामकरण पनि भएकोले यो यस संग्रहको केन्द्रभूमि पनि हो । यसमा भावना, बौद्धिकता र व्यञ्जनाको त्रिवेणी छ अनुपम । देशभक्तिको भावनाले ओतप्रोत प्रस्तुत निबन्ध सम्बोधनात्मक शैलीमा छ । एउटा विदेशी पात्र जर्ज वालेन्स्टाइनले सगरमाथाभन्दा माउन्ट के-२६१ मिटर अग्लो छ भनेर फैलाएको भ्रमप्रति यसमा निबन्धकारको देशभक्तिमा आक्रोश छ । भावना र आक्रोशको चेपुवामा परी यसमा हास्य भागेको छ र व्यङ्ग्यसमेत च्याँपिएर डल्लिएको महसुस हुन्छ । सगरमाथा पहाडमात्र होइन, यो नेपालीको संस्कृति, जीवनशैली, धर्म, आनन्द, आस्था, सौन्दर्य, रहस्य र आजीविका पनि हो भन्ने प्रतीकात्मक भाव यसमा छ । यथास्थानमा सूक्ष्म तर मर्मभेदी व्यङ्ग्यहरू पनि छन् । अभिव्यक्तिको उच्चतम विन्दु यसले छोएको छ । शैलीगत सौन्दर्य र भावनाको उच्च शिखर यसले चुमेको छ । समग्र भावुकता, बौद्धिकता र शिल्प सौन्दर्यको सगरमाथा यस निबन्धले टेकेको अनुभूति मैले गरें । यसभित्रका सबै निबन्धहरू गहन, विचारपूर्ण, कलात्मक र पठनीय छन् । व्यञ्जनाका हिसाबले 'गुरुपूर्णिमाः एक चर्चा' 'मास्कवादका बाटामा नेपाल र होटल श्रीराम : जनकपुरधाम' विलक्षण र बेजोड लागे मलाई । 'गुरुपूर्णिमा : एक चर्चा' समाजमा ब्रहमज्ञान बाँड्न उद्धत धर्म गुरुहरू नै ब्रह्मलुटमा लागेको यथार्थको उद्घाटन गरेको छ । यसले मिथ्यायम र धर्मध्वजीपनप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । 'मास्कवादका बाटामा नेपाल'मा सिद्धान्त र व्यवहारका बीचमा देखिने अनमेलप्रति व्यङ्ग्यात्मक टिप्पणी छ । यसमा भनिएको छ : नाक, मुख वा टाउको ढाक्नु नै 'माक्सवाद' हो । यसले मार्क्सवादसँग समध्वन्यात्मक सम्बन्ध राख्छ ।' होटल श्रीराम : जनकपुरधाम' भन्ने निबन्ध अत्यधिक रोचक पनि छ, घोचक पनि छ । यसमा कल्पना, अख्यानात्मकता र व्यङ्ग्यको अद्भुत संयोग छ । मिथकको आडमा प्रस्तुत गरिएको यस व्यङ्ग्यमा प्रभु रामले होटल खोलेको, लक्ष्यमा अमेरिका पुगेको छन् । मानले राजनीति गरेको जस्ता कपोलकल्पित बिम्ब र प्रतीकहरूबाट कटु यथार्थको बोध गराइएको छ।

यस संग्रहका हरेक निबन्धहरू व्यङ्ग्यात्मक छन्, उत्कृष्ट छन्, परिस्कृत छन् । सबै निबन्धमा बौद्धिकता र परिस्कृत उल्लेखनीय छन् । नेपाली व्यङ्ग्यसाहित्यमा चोलेश्वर शर्माको दरिलो उपस्थिति देखिएको छ । लेखाइमा अल्छी गरेको आरोप हामीले लगाइरह्यौं तर कलात्मक र गहन कृतिमा कति बुँदा भर्नुपर्छ, कति घोरिनुपर्छ, कति खार्नुपर्छ, माझ्नुपर्छ । त्यो स्रष्टालाई नै थाहा होला । जे होस् अब छिट्टै अर्को कृति झुल्कने आश्वासन हामीले पाइसकेका छौं । अन्तमा स्रष्टा चोलेश्वर सरको सुस्वास्थ्य, दीर्घजीवन र शुभकामनाको कामना गर्दछु ।

**– दीन पन्थी**

## २. कान्छी (विज्ञान उपन्यास)




मुक्तिप्रसाद उपाध्याय चर्चित स्रष्टा हुन् । गुवाहाटी, असममा जन्मिएर गणित, रसायन र भौतिक विज्ञानमा स्नातक एवं नेपालीमा स्नातकोत्तर गरेका उनी पेशाले शिक्षक हुन् । उनले झण्डै डेढ दर्जन कृति रचना गरेका छन् । सन् २००६ मा हिमाली विज्ञान उपन्यास लेखेका उनले सन् २०१९ मा दीप्ति उपाध्यायको प्रकाशनमा 'कान्छी' उपन्यास पाठक सामु ल्याएका छन् ।

झट्ट हेर्दा 'कान्छी' सामाजिक उपन्यासजस्तो लाग्छ । यो यन्त्र मानवको स्त्रीलिङ्गी स्वरूप हो । यस उपन्यासका पात्रहरू कृष्ण, कृष्णकी आमा, बहिनी मेघा, डा.दमयन्ती, कृष्णका साथी सूर्य, कृष्णकी प्रेमिका रन्ध्रता, ऋमारवि रोबोट कम्पनीका हात्तीबाबा (विवेक), ऋचा आदि रहेका छन् भने मानवजस्तै देखिने मानवेतर पात्र प्रसाद र कान्छी हुन् ।


घरमा राखेका दुई नोकर्नी केटीहरूले लट्ठीपट्ठी गरेर भागेपछि कृष्ण रिपोर्ट लेखाउन प्रहरी चौकीमा जान्छन् । त्यहाँ साथी सूर्यको सुझावअनुसार ऋमारवि रोबो फ्याक्ट्रीका हात्तीबाबा (विवेक)सँग कुराकानी भएअनुसार कृष्णले घरायसी कामको सम्पूर्ण संरचना राखेर बनाइएका महिला र पुरुष आकृतिका रोबोट ल्याएका छन् । कान्छीमा धार्मिक र पुरातन सोंचकी आमाको हेरचाह गर्न मिल्ने खालका सम्पूर्ण संरचना राखिएको छ भने प्रसादमा भान्साकोठामा काम गर्ने प्रकृतिको संरचना राखेर तयार गरिएको छ । आमा र अरू आफन्तहरूले कान्छी र प्रसाद रोबोट हुन् भन्ने सुइँको नपाऊन् भन्ने व्यवस्था गरिएको छ । कान्छी र प्रसाद रोबोट हुन् भन्ने कुरा कृष्णलाई मात्र थाहा छ । मूल कथावस्तुको सुरूवात दोस्रो अङ्कबाट भएको छ अर्थात् कृष्णले ऋमारवि रोवो फ्याक्ट्रीबाट भाडामा कान्छी र प्रसादलाई ल्याएका छन् ।

उनीहरूका कामबाट आमा अत्यन्त खुशी हुनु भएको छ । 'कान्छी' नारीजन्य संवेदनाले भरिएकी यन्त्रमानव हो । उसले कृष्णलाई माया गर्न थाल्छे । कृष्णकी बहिनी मेघालाई छोरो जन्मिएपछि कान्छीले आफूले पनि सन्तान जन्माउने चाहना व्यक्त गर्दछे । नारीजन्य ढिपी गरेपछि पुनः ऋमारविमा लगेर उसका केही संरचना परिवर्तन गरिन्छ । कान्छी पुनः यथास्थितिमा आउँछे । मेघाको छोरो हेर्ने

चाहना बढ्नु, आमाले कान्छीको विवाह कृष्णसँग गराउन ढिपी गर्नु, आमालाई कान्छी रोबोट हो भन्ने थाहा नहुँदा आमाले कृष्णलाई बुहारी त कान्छी बनाउनुपर्छ भन्ने प्रसङ्ग चलिरहँदा कान्छी कृष्णको गाडी टिपेर राती नै भानुटारमा पुगेर गाडी एक्सिडेन्ट गराई आफू पनि नष्ट भएको कथावस्तु यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

आजको एक्काईसौं शताब्दीमा विज्ञानले गरेका आविष्कारमध्ये घरयासी काम गर्ने यन्त्रमानवको आविष्कार पनि एउटा हो । उपन्यासकारले ऋमारवि रोबो फैक्ट्रीको काल्पनिक उपस्थिति गराएर कान्छी र प्रसादजस्ता यन्त्रमानवमा मानवीय संवेदना प्रक्षेपण गरिएको छ । अझ विशेषगरी कान्छीमा राखिएको नारीजन्य संवेदना र चेतनाको माध्यमबाट उपन्यास साँच्चै नै कुतूहलता उत्पन्न गर्न सफल भएको छ । आजको विज्ञान पूर्णरूपमा मानवीय संवेदनायुक्त यन्त्रमानव बनाउन सफल हुन्छ भन्ने आशावादी दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ । यस उपन्यासमा सबैभन्दा बढी प्रभावकारी पक्ष त मेघालाई पुत्रलाभ भएपछि र आमाले कान्छीको विवाह कृष्णसँगै हुनुपर्छ भन्ने अड्डी कसेपछि कान्छी सुटुक्क गाडी टिपेर आफूलाई नष्ट (आत्महत्या) गर्न जानुले सिर्जना गरेको छ । यन्त्रमानव पनि सामान्य नारीजस्तै विवाह असफल हुँदा सन्तानको इच्छा पूरा नहुँदा गर्ने आत्महत्याको प्रसङ्गसँग पनि उपन्यासकारले जोडेर आफ्ना अद्वितीय क्षमताको प्रदर्शन गरेका छन् । कृष्णकी आमाको प्रतिक्रियालाई पाठकको कौतूहलमा छोडेर उपन्यास अन्त्य भएको छ । मूल कथावस्तुलाई १६ भागअन्तर्गत जम्मा ९४ पृष्ठमा तयार पारिएको प्रस्तुत उपन्यास डा.गोविन्दराज भट्टराईले भूमिकामा लेखेजस्तैः- "थालेपछि अन्त्यमा नपुगी रोकिन मन नलाग्ने कृति" भएको छ ।

## ३. आरब्ध




क्रियाशील मुक्तककार अनुराधा ढकालको मुक्तक-संग्रह आरब्ध (२०७९चैत्र) अकिञ्चनको हातमा परेको छ । गजलबाट लेखनयात्रामा निस्केकी स्रष्टा ढकालका फुटकर कविता र गजलसमेत विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । कृतिका रूपमा भने उनको यो पहिलो हो ।

कविताको लघुतम रूप मानिने मुक्तक चतुष्पदी/एकश्लोकी आफैमा पूर्ण रचना हो । अनुराधा ढकालको प्रस्तुत संग्रहमा मान्छेका वैयक्तिक भावना, समाजमा व्याप्त अनेकौं विकृति र विसङ्गति, राजनीतिक क्षेत्रमा देखिएका

विडम्बना, प्रकृति, संस्कृति, दर्शन, युगीन यथार्थका अनेकौं पक्ष, मानवीय यथार्थका सूक्ष्म पक्ष, संवेदनाको गहिराइसमेतलाई चित्रण गर्दै भावनाहरू पोखिएका छन् । प्राकृतिक, मानवीय विभेद,जातीय भेदभावसँग सम्बद्ध प्रश्न गर्दै आरम्भ गरिएको मुक्तकमा अभाव,गरिबी, मानवीय पीडा र हाम्रो देशको राजनीतिक विकृति यसरी प्रस्तुत गरेकी छन् :

**गरिबीले मुग्लान पसेको मदन देखाइदिनू**
**पीडा के हो, बादल लागेको गगन देखाइदिनू**

**कलियुगको कुरूक्षेत्र सोधेछ यदि कसैले भने**
**देखाइदिनू, कुर्सी, सत्ता र सदन देखाइदिनू**

देशमा विद्यमान भ्रष्टाचार, स्वेच्छाचारी प्रवृत्ति संगतिहीनता स्पष्ट पार्दै मुक्तककार लेख्छिन् :-

**देशका शासक वर्गहरू भ्रष्टाचारको जालमा भेटिन्छन् ।**
**सुकुम्बासी भूमिहीनहरू सधै फाटेको पालमा भेटिन्छन् ।**

**खै ! कसरी समृद्धिको सपना साकार होला**
**मेरो देशको जहाँ युधिष्ठिर, भीम र अर्जुनहरू जुवाको खालमा भेटिन्छन् ।**

त्यस्तै अर्का ठाउँ मुक्तकार लेख्छिन् :-

**चाह्यो भने मान्छे बुद्ध हुन सक्थ्यो राम हुन सक्थ्यो**
**गर्न सके आफूले जीवनमा काम तमाम हुन सक्थ्यो ।**


**थोरै मात्र नैतिकता भैदिइएको भए देश हाक्नेहरूमा**
**यो माटो आज संसारभर पवित्र घराधाम हुनसक्थ्यो ।**

खोज्दै जाँदा प्रस्तुत मुक्तकमा यस्ता धेरै सन्दर्भ पाउन सकिन्छ । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको आशीर्वचन, प्रा.डा. लक्ष्मणप्रसाद गौतमको भूमिका, सरुभक्त, बूँद राना र रुद्र ज्ञवालीसमेतको मन्तव्य रहेको प्रस्तुत मुक्तकसंग्रह ४०९ वटा मुक्तकहरूको सुन्दर सुवासित माला तयार भएको छ ।

### ४. समय संवेग

डा. अञ्जना वस्ती भट्टराई लामो समयसम्म त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा अँग्रेजी शिक्षा विभागमा प्राध्यापन गरी सेवा निवृत्त व्यक्तित्व हुन् । पाँचवटा पेशागत पुस्तक अँग्रेजी भाषामा प्रकाशित गरिसकेकी डा. अञ्जनाले समय संवेग निबन्ध संग्रह (२०७८) पाठक सामु ल्याएकी छन् । स्थापित ख्यातिप्राप्त लेखक प्रा.डा. गोविन्दराज भट्टराईकी श्रीमती हुनुका नाताले बेलाबखत सोधिने गरेको प्रश्न - "तपाईं लेख्नुहुन्छ ? तपाईं लेख्नुहुन्न ?" बाट प्रेरणा ग्रहण गरेर पेशागत

पुस्तक लेखनका साथै सिर्जनात्मक कृति प्रकाशनमा जुटेकी डा.अञ्जनाको यो तेस्रो कृति हो ।





बेला बेलामा साहित्यकारसँग साक्षात्कार हुँदा सोधिने गरेका प्रश्न (तपाईं लेख्नुहुन्छ ? तपाईं लेख्नुहुन्न ?) नै निबन्धकार अञ्जनालाई लेख्नका लागि प्रेरणाको स्रोत भएको तथ्य प्रस्तुत कृतिको पहिलो निबन्धबाट बुझ्न सकिन्छ । यसभित्र गम्भीर भावयुक्त २१ वटा विभिन्न शीर्षकमा निबन्धहरू रचना गरिएको छ । शीर्षकबाट नै पाठकको मन तान्न र भाव गम्भीर छ भनेर अनुमान गर्न सकिने अवस्था सिर्जना गरिएको छ । अपेक्षा महिलाको, पुरुषत्व र पशुत्व, सन्तान विभेदक सोच, नारीको शिक्षा चेतना, अवसर नै उन्नतिको ढोका, कपाल सेतो मेरो : मन तरङ्गित अरूको, प्रातः कालीन नित्यकर्म र अर्थ परिवर्तन, पृथक्करणका स्वरूपजस्ता शीर्षकका निबन्धहरूमा सारगर्भित विषय सन्दर्भ समेटिएको छ । अझ नामकरण र अर्थनिर्माण, शब्दनिर्माण र अर्थपरिवर्तन, थेगो यी तीन निबन्धमा भाषिक प्रयोग, भाषिक चिन्तन, भाषिक परिवर्तनजस्ता विषय सन्दर्भहरू गम्भीरतापूर्वक उठान गरिएको छ । अन्तिम शीर्षकमा प्रस्तुत गरिएको निबन्ध 'पृथक्करणका स्वरूप' मा कोरोनाकालका प्रसङ्ग मात्र होइन मासिक श्राव हुँदा हाम्रो समाजमा प्रचलित चलनलाई निजी अनुभवहरूमा घोलेर अत्यन्त वास्तविक रूपमा प्रस्तुत गरिएको छ। अधिकांश निबन्धमा स्रष्टाका निजी अनुभव/ अनुभूतिहरू छताछुल्ल भएका छन् तर ती सबै हरेक पाठकले मैले पनि यस्तै अनुभूत गर्छु भन्ने खालका छन् । वैयक्तिक र प्राध्यापन जीवनका धेरै तितामिठा अनुभवहरूको अन्तर्घुलनबाट प्रस्तुत निबन्ध आधुनिक नेपाली निबन्धको इतिहासमा एक उत्कृष्ट संग्रह बन्न पुगेको छ ।

### ५. साइनो सौरभ

साइनो वाङ्मय प्रतिष्ठान, नेपालको प्रकाशन र छायादत्त न्यौपाने बगर, डा.सीता सुवेदी, शेखर अर्याल, डा.शेखरकुमार श्रेष्ठसमेतको सम्पादनमा साइनो सौरभ (वि.सं.२०७९) संयुक्त साइनो कविता-संग्रह सार्वजनिक भएको छ ।

वि.सं. २०७६ सालमा छायादत्त न्यौपाने 'बगर'

**'मान्छे छैन इमानी'**
**न छ सहरमा धन**
**न त झोपडीमा पिसानी'**





श्रावण १६ मा सामाजिक सञ्जालमा प्रसारित साइनो नै प्रथम ऐतिहासिक रचना हो । सामाजिक सञ्जालका आडमा उदाएको साइनो छाप पत्रपत्रिकाले पनि विशेष महत्त्वका साथ प्रकाशित गर्न थालेका छन् । सात, आठ र नौ अक्षरका आ-आफ्नै साहित्यिक र लौकिक अर्थ बोकेका २४ अक्षरे संक्षिप्त तर आफैमा पूर्ण रचना नै साइनो हो । आज चार बर्से शिशु अवस्थामा नै नेपाली भूमिको घेरा नाघेर विश्व परिवेशमा नै पाठक र स्रष्टाप्रिय बन्न सक्नु महत्तम उपलब्धि हो । सम्पादकीयमा "२५ जना साइनोकारका ५०/५० वटा साइनो राखेर एवं ५० वटा पुर्‍याउन नभ्याएका स्रष्टाहरूका जति प्राप्त भए त्यति नै समावेश गरेर साइनो सौरभ संयुक्त साइनो कविता-संग्रह प्रकाशन गरिएको छ भने तापनि ३० जना साइनोकारका साइनोहरू यसभित्र समावेश छन् । प्रीति आत्रेय ज्ञवालीका नेपाली भाषामा २० वटा संस्कृत र नेपाली भाषामा पाँच/पाँचवटा गरी जम्मा तीसवटा साइनो समावेश छन् । अन्य धेरै स्रष्टाका पचासवटा र कतिपयका पचासभन्दा कम पनि छन् ।

नेपाली मन माटोमा भर्खरै जन्मेको 'साइनोलाई मलजल प्रदान गर्न साइनो वाङ्मय प्रतिष्ठानसमेत गठन गरेर विभिन्न स्थानमा छरिएर रहेका स्रष्टाहरूलाई साइनो सौरभभित्र स्थान दिइएकोमा साइनो वाङ्मय प्रतिष्ठानलाई साधुवाद । विशुद्ध नेपालीपन झल्केको कविताको लघुतम रूप साइनोले सिर्जनशील स्रष्टाको सानिध्यमा अझ लोकप्रियता हासिल गर्ने अपेक्षा गर्न सकिन्छ ।

## ६. अस्तित्व

पुस्कर अथक रेग्मी मूलतः प्राध्यापन पेशा अँगालेका नागरिक सचेतक, मानवअधिकारकर्मी, लेखक र समीक्षकसमेत हुन् । उनले दुई दर्जनभन्दा बढी कृतिको लेखनकार्य पूरा गरिसकेका छन् भने उनका तेईसवटा कृतिहरू प्रकाशित भैसकेका छन् । तीमध्ये तेईसौं कृतिको रूपमा अस्तित्व' सेनकालीन ऐतिहासिक

आख्यान (२०८०) हालसम्ममा कान्छो कृति हो । यो कृति शून्योध्याय र आत्मोध्यायसहित ३३ अध्यायमा तयार पारिएको एक रोचक आख्यानात्मक कृति हो । माघे संक्रान्तिको मेलामा झमक्क साँझ परेको बेलामा देवघाटको चक्रशिलामा १०८ पटक परिक्रमा गर्दा पुष्कर अथक रेग्मीलाई चक्रशिला प्रसन्न भएर आकाशवाणी भएको र उक्त आकाशवाणीअनुसार अथकले आफूलाई सेनकालीन पाल्पाका अस्तित्वको कथा लेख्ने, सुनाउने र चारितार्थ गर्ने इच्छा भएको बिन्ती गरे । चक्रशिलाले 'तथास्तु' भन्दै चक्रशिला वक्ता र अथक श्रोता/लेखक भई लेखेको आख्यानात्मक स्वरूप नै 'अस्तित्व' हो ।




प्रस्तुत ऐतिहासिक आख्यानको शैली धार्मिक ग्रन्थहरूको नेपाली अनुवादमा उल्लेख गरेझैँ सुरू गरिएको छ । "चक्रशिला आज्ञा" गर्नुहुन्छ, हे अथक ! तिमी एकचित्त भई सुन । श्री स्कन्द पुराणको हिमवत्खण्ड बहत्तरौं अध्यायमा नेपालबारे यसरी लेखिएको छ ।" यो प्रथमोध्यायको आरम्भको शैली हो । यस अध्यायमा नेपाल देशको उत्पत्तिको कथा विस्तार गरिएको छ । द्वितीयोध्यायको तेस्रो अनुच्छेदबाट पाल्पा राज्यको अस्तित्वको कथा प्रस्तुत गरिएको छ । हरेक अध्याय "चक्रशिला आज्ञा गर्नुहुन्छ, हे अथक……… "बाट सुरू गरिएको छ भने हरेक अध्यायको अन्त्य इति श्री सत्यकथायां…… नेपाल देशे पाल्पा खण्डे सेन माहात्म्य चक्रशिला अथक सम्वादे अस्तित्व आख्यानम् ……" बाट गरिएको छ ।

ऐतिहासिक निरस विषयवस्तुलाई संवादात्मक, आख्यानात्मक ढाँचामा ढालेर पाल्पाली सेन वंशको योगदान, पाल्पा शब्दको व्युत्पत्ति, राज्यस्थापना, वंशावली, रुद्र सेनको गौरव गाथा, मुनिराज मुकुन्दको चक्रशिला रूपधारण, मुकुन्द सेनको दिग्विजय, नेपालको एकीकरण, अम्बर सेनको पौरख, तनहूँ राज्य सेन राज्यमा विलय भएको, मिथिला वर्णन, सेन वंश नेपालअधिराज्यमा विलीन भएको गन्धर्वसेनको कथा, मुकुन्द सेन द्वितीयको गौरव गाथा, महादत्त सेनको गौरव गाथा, श्रीनगर सहरको वर्णन, पृथ्वीपाल सेनको कथा, पाल्पा राज्य नेपाल अधिराज्यमा विलय, सेनकालीन कलाकौशल, चार धाम भूस्वर्गको वर्णन, संस्कृति परम्परा, सेनकालीन भाषा र साहित्यको वर्णन, पृथ्वीपाल सेनको अन्त्य, वीरङ्गना नारीहरूको कथा र पाल्पा राज्यको अस्तित्वको वर्ण गर्दै तीस र एकतीस अध्याय समाप्त भएका छन् । एकतीसौं अध्यायमा आख्यानकार स्वयम्ले आत्माभिव्यक्ति

प्रस्तुत गरेका छन् शून्योध्यायमा स्रष्टालाई आख्यान रचना गर्न कसरी प्रेरणा प्राप्त भयो भन्ने सन्दर्भ उल्लेख छ ।

पुष्कर अथक रेग्मी साहित्य सिर्जनामा अथक प्रयास गर्ने स्रष्टा हुन् । प्रस्तुत ऐतिहासिक आख्यानले अथकको सिर्जनाशक्तिको अस्तित्वमा थप उचाइ थपेको छ ।

## ७. देउराली फन्को




गाउँले देउराली साप्ताहिक पत्रिकाका सम्पादक रामप्रसाद अर्याल (अविराम) व्यङ्ग्य निबन्ध-संग्रह, हाइकु-संग्रह, गजल-संग्रह, पाल्पाली साइनो जस्ता कृतिहरू प्रकाशित गरिसकेका व्यक्ति हुन् । उनले ५८ वटा सम्पादकीय लेखहरू संकलन गरेर प्रस्तुत देउरालीको फन्को तयार भएको छ । यसभित्र २०७८ पुसदेखि २०७९ चैत्रसम्म प्रकाशित भएका सम्पादकीय लेखहरू समावेश छन् । सम्पादक अर्यालले यसभित्र समसामयिक सन्दर्भका विषयहरू उठान गर्नुभएको छ। पत्रिकाले समय सापेक्ष सन्दर्भ कोट्याउँछ, जिज्ञासुहरूलाई सुसूचित गर्दछ । प्रस्तुत सँगालोभित्र यस्तै विषय सन्दर्भका कुराहरू उठाइएका छन् । महाधिवेशनले दिएको सन्देश, सन्दर्भ पुस पन्ध्रको, माघे संक्रान्ति र योग दिवस, महाशिवरात्रिको, शुभकामना, नारी दिवसको शुभकामना, स्थानीय निर्वाचन सुनौलो अवसर, असार महिनाको सार, गणतन्त्र दिवसको हार्दिक शुभकामना, धान दिवसको सन्दर्भ, साउने संक्रान्तिको सन्देश तीज पर्वको शुभकामना होलीको शुभकामना आदि यस संग्रहभित्रका केही शीर्षकहरू हुन् । अन्य केही शीर्षकहरू गम्भीर विषयवस्तुमा पनि केन्द्रित छन् :- कृषि कर्ममा जोड, ज्येष्ठ नागरिकप्रति हाम्रो कर्तव्य, असल संस्कारको जगेर्ना, हाम्रो प्राथमिकतामा विकासका कुरा आदि।

सम्पादकीय शैलीमा पाठकको ध्यानाकर्षण गर्ने गरी सामान्य विषयभित्र पनि गूढ गम्भीर विचार प्रस्तुत गरेर सम्पादक अर्यालले आफ्नो शैलीशील्पको परिचय दिएका छन् । पाठक र आम नागरिकलाई सचेत बनाउने उद्देश्यका साथ स्थापित देउराली पत्रिकाले जुन छवि सञ्चार र पाठकजगत्मा फैलाएको छ । त्यसको प्रतिच्छाया प्रस्तुत सँगालोमा पाउन सकिन्छ । सम्पादक अर्यालको साहित्य रचना यात्रा अविराम रहोस् शुभकामना !

**- अकिञ्चन**

०००

# गुल्मीको साहित्यिक पत्रकारिता र हाम्रो पुरुषार्थ

✍ **महेन्द्र थापा**
**बुटवल, रूपन्देही**

लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये गुल्मी एउटा पहाडी जिल्ला हो । साविक लुम्बिनी अञ्चलका ६ जिल्लामध्ये गुल्मी, अर्घाखाँची र पाल्पा ३ पहाडी जिल्ला हुन् । शिक्षा र साहित्यको विकासको दृष्टिले उक्त तीन जिल्लामध्ये गुल्मी पिछाडिएको जिल्ला हो । पाल्पाको तानसेन पहिलेदेखि नै राजनीति, शिक्षा र व्यापारको उन्नत केन्द्र हो । अर्घाखाँची पनि शैक्षिक विकासको दृष्टिले गुल्मीभन्दा केही विकसित जिल्ला हो । अर्घाखाँची सन्धिखर्कको पाणिनि क्याम्पस गुल्मीको रेसुङ्गा क्याम्पसभन्दा कान्छो भए पनि राजनीतिक चेतना, शिक्षा र साहित्यको क्षेत्रमा अर्घाखाँची अग्रणी हो । पहिलेदेखि खिदिमको हरिहर संस्कृत पाठशालाको अर्घाखाँचीलाई विकसित तुल्याउन ठूलो भूमिका छ । पणेना पनि परापूर्व कालको एउटा शैक्षिक केन्द्र हुनुपर्छ । किनकि पाणिनि ऋषिले यहीँ साधना गरेर संस्कृत व्याकरणको रचना गरेको मानिन्छ । गुल्मीमा पहिलेदेखि रुरु (रिडी) क्षेत्रमा रुरु संस्कृत विद्यापीठ सञ्चालित भए पनि यो झाँगिन भने सकेन । रेसुङ्गामा गुरुकुल संस्कृत पाठशाला सञ्चालनको अभ्यास भए पनि सार्थकता मिलेन । रेसुङ्गामा संस्कृत गुरुकुल सञ्चालनमा योगी नरहरिनाथको विशेष भूमिका छ । यद्यपि सफलता भने मिलेन । गुल्मीमा निकै नाम चलेका पुराना शैक्षिक केन्द्र तम्घासको महेन्द्र माध्यमिक विद्यालय र धुर्कोटको हिमालय माध्यमिक विद्यालय २००७ सालको राजनीतिक परिवर्तनपछि खुलेका संस्था हुन् । यहाँ यो पृष्ठभूमि उल्लेख गर्नुको उद्देश्य गुल्मीको शैक्षिक र साहित्यिक इतिहास उति पुरानो छैन भन्नको लागि हो ।

गुल्मीका पुराना साहित्यकारहरूमा स्वर्गीय डा. टीकाराम पन्थीको नाम अग्र पंक्तिमा आउँछ । संस्कृतका धुरन्धर विद्वान् हुनुहुन्थ्यो उहाँ । योगी नरहरिनाथ र उहाँबीच संस्कृतमा कुराकानी हुन्थ्यो भन्छन् जान्ने सुन्नेहरूले । कविता, इतिहास तथा किंवदन्ती एवं जनश्रुतिहरू सङ्कलन तथा लेखनमा उहाँको विशेष अभिरुचि र योगदान देखिन्छ । **केही जनश्रुतिहरू** नामक उहाँको कृति लोकमा विशेष प्रसिद्ध छ । जसमा साविक लुम्बिनी अञ्चल क्षेत्रका पौराणिक तथा सांस्कृतिक स्थलहरूबारे जनश्रुतिहरू संकलित तथा प्रकाशित छन् । उहाँका ने नेपाल, बुद्धस्मरणम्, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा आदि कृतिहरू पनि प्रसिद्ध छन् । उहाँका धेरै कृतिहरू तम्घासको किरण पुस्तकालयले प्रकाशन र वितरण गरेको छ ।

यिनै डा. टीकाराम पन्थीका अनुयायी एवं बन्धु, प्राज्ञ शशि पन्थीले २०२५ सालमा तम्घासमा किरण पुस्तकालय स्थापना गरेपछि गुल्मीमा साहित्यिक पत्रकारिताले गति लिएको छ । शशिले आफ्नो घरमा संकलित निजी पुस्तकालयलाई शशिकिरण पुस्तकालयको रूप दिनुभएको थियो । पछि किरण पुस्तकालय बनाइयो । तम्घासको केन्द्र जिल्ला प्रशासन कार्यालय एवं लाँकुरी मञ्चअगाडि स्थापित यो पुस्तकालयले सार्वजनिक पुस्तकालयको रूपमा गुल्मी जिल्ला एवं छिमेकी जिल्ला अर्घाखाँचीमा समेत ख्याति आर्जन गरेको छ । गुल्मी र अर्घाखाँचीको यो एउटा मात्र ठूलो सार्वजनिक पुस्तकालय हो । जसले गुल्मी र अर्घाखाँचीमा शैक्षिक र साहित्यिक जागरणमा ठूलो टेवा पुर्‍याएको छ । शशि योगी नरहरिनाथले वि.सं. २०४० को दशकमा रेसुङ्गामा स्थापना गरेको गुरुकुल संस्कृत पाठशालाका कुलसचिव एवं रेसुङ्गा क्याम्पसका पूर्व क्याम्पसप्रमुख पनि हुनुहुन्छ । एक समय रूपन्देही जिल्लामा रहेर पत्रकारिता गर्नुभएको शशि गुल्मीमा पत्रकारिताको जग बसाउने पहिलो पत्रकार पनि हुनुहुन्छ । रूपन्देहीमा बसेर सिकेको पत्रकारितालाई उहाँले निरन्तरता दिनुभयो र २०३० सालमा किरण पुस्तकालयको प्रकाशनको रूपमा हाम्रो पुरुषार्थ प्रकाशित गर्नुभयो । जसले २०८० सालमा गौरवमय स्वर्ण वर्षगाँठ सफलतापूर्वक मनाइरहेको छ । यस पत्रिकाले १०० अङ्कलाई स्वर्ण वर्ष अङ्कको रूपमा प्रकाशित गर्दै ५० वर्षको लामो इतिहासमा यसका १०० वटा अङ्क प्रकाशित हुँदै छन् । केही महिनापछि यसको शताङ्क प्रकाशित गर्ने तयारी भइरहेको छ । गुल्मीको साहित्यिक पत्रकारिताको क्षेत्रमा यो पहिलो सुव्यवस्थित तरिकाले निरन्तर प्रकाशित पत्रिका हो । मेरो अध्ययन वा जानकारीमा लुम्बिनी प्रदेश क्षेत्र एवं काठमाडौं उपत्यकाबाहिर साहित्यिक पत्रकारिताको क्षेत्रमा सुव्यवस्थित तरिकाले र निरन्तर प्रकाशित योभन्दा पुरानो दोस्रो पत्रिका छैन । अतः काठमाडौं उपत्यकाबाहिरको साहित्यिक पत्रकारिताको जीवन्त इतिहास र गौरवलायक पत्रिका हो **हाम्रो पुरुषार्थ** । यसको सम्पादकमा प्राज्ञ शशि पन्थी र सहसम्पादकमा प्राज्ञ दीन पन्थी हुनुहुन्छ । दुबैजना नेपाली विषयका रेसुङ्गा क्याम्पसका प्राध्यापक एवं नेपाली साहित्यका विज्ञ व्यक्तित्व हुनुहुन्छ । यसका सहायक सम्पादकमा भुवनप्रसाद अर्याल र सहयोगी मण्डलमा गोपाल पन्थी, राधा पन्थी, हिमकला राना र ईश्वर विश्वकर्मा हुनुहुन्छ । प्राज्ञ दीन पन्थी कविता, कथा, निबन्ध, व्यङ्ग्य लेखनमा पोख्त मानिनुहुन्छ । नेपालको साहित्यिक क्षेत्रमा सुपरिचित नाम हो - दीन पन्थी । ९७ अङ्कमा प्राध्यापक शिव गोपाल रिसालको अन्तर्वार्तालाई मुख्य प्राथमिकता दिइएको छ । रिसालले अन्तर्वार्तामा धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युग, आवश्यक भएको कुरामा जोड दिनुभएको छ । अर्को अन्तर्वार्ता शशिधर पाण्डेको छ । पाण्डेले अहिलेका गीत र भाका दुबै ठाडा र छाडा छन् भन्दै साँस्कृतिक विचलनप्रति खरो टिप्पणी गर्नुभएको छ । कुल एक सय तीस पृष्ठको यो अङ्कमा सात जना व्यक्तित्वका लेख, निबन्ध, समीक्षा, टिप्पणी प्रकाशित छन् ।

कथा, लघुकथा एउटा हास्यव्यङ्ग्य र एउटा संस्मरण पनि प्रकाशित छन् । सम्पादकीय, भेटघाट, अनुभव-अनुभूति, पुस्तकालय परिचय, किरण पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि, यताउताबाट, पाठक-प्रतिक्रिया, किरण पुस्तकालयका विशिष्ट सदस्यहरूको परिचय र हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू शीर्षकका स्थायी स्तम्भहरू पनि प्रकाशित छन् । यसको मूल्य रू.१००/- राखिएको छ । साजसज्जा राम्रो छ । विज्ञापनको प्रयोग थोरै छ । विज्ञापनको कम प्रयोग वा गुल्मीमा विज्ञापनको स्रोत पनि कमै भएको अवस्थामा यसको निरन्तर प्रकाशन चानचुने काम होइन । सामान्य त्याग र समर्पणबाट यो काम फत्ते भएको छैन । आजीवन सदस्यहरूको सहयोग सङ्कलन वा स्वेच्छिक सहयोगबाट यो काम चलिरहेको छ। स्थायी स्रोतको अभाव छ । सरकारी सहयोग र प्रोत्साहनको पनि कमी छ ।

हाम्रो पुरुषार्थ गुल्मी जिल्लाको मात्र नभई नेपाल राष्ट्रकै साहित्यिक पत्रकारिताको एउटा जीवन्त संस्था हो । यसले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्धनमा अतुलनीय योगदान गरेको छ भन्दा अतिशयोक्ति हुने छैन । गुल्मी जस्तो पिछडिएको ठाउँमा रहेर निरन्तर साहित्यको सेवामा तल्लीन हाम्रो पुरुषार्थका सम्पादकद्वय शशि र दीन पन्थी श्रद्धा र प्रेरणाका सुपात्र हुनुहुन्छ । हाम्रो पुरुषार्थ र किरण पुस्तकालयले गुल्मी एवं नेपाल राष्ट्रकै शैक्षिक र सभ्यताको विकासमा ठूलो टेवा पुर्‍याएका छन् । अतः यी दुबै संस्था अभिनन्दनीय छन् । यी दुबै संस्थाले आगामी दिनमा पनि यसैगरी निरन्तरता पाउनुपर्छ । त्यसको लागि शशि र दीन पन्थीले उत्तराधिकारी उत्पादन गर्न जरूरी छ । यी दुबै संस्थाको संरक्षण र थप प्रवर्धन एवं पन्थी द्वयको योगदानको कदर गर्न सरकारको तत्काल ध्यानाकर्षण होस् ।

*साभार : **बुटवल टुडे**, राष्ट्रिय दैनिक, वर्ष : ११, अङ्क : २७६, १० साउन, २०८०*

# पचास वर्षपहिलेको समाचार

गुल्मीको चिठ्ठी :

## किरण पुस्तकालयको तृतीय वार्षिकोत्सव भव्य रूपमा मनाइने

तम्घास,
यही कार्तिक २० गते तम्घासको किरण पुस्तकालय ३ वर्ष पूरा गरी चार वर्षमा लाग्ने हुँदा यसको तेस्रो (तृतीय) वार्षिकोत्सव भव्य रूपमा मनाइने कार्यक्रम छ । द्वितीय वार्षिकोत्सवभन्दा तृतीय वार्षिकोत्सव भव्य रूपमा मनाइँदैछ ।

गत वर्षका कार्यक्रममा केही घटाइएको छ र नयाँ कार्यक्रमहरू प्रशस्त थपिएको छ । यसै दिन पुस्तकालयको यस वर्षको तेस्रो साधारण सभा पनि सम्पन्न हुँदै छ । स्मरण रहोस् तम्घासमा यो पुस्तकालय २०२५ कार्तिक २० गते स्थापित भएको थियो । स्थापनाकालदेखि यता यसको उत्तरोत्तर प्रगति हुँदै आइरहेको

छ । गुल्मीको सदरमुकाम तम्घासमा रहेको एक मात्र पुस्तकालय किरण पुस्तकालय नै हो ।

*- साभार : **दैनिक निर्णय**, वर्ष ७, अङ्क ७, भैरहवा २०२८ कार्तिक १७ गते*

# किरण पुस्तकालयमा देवकोटा जयन्ती

गुल्मीको चिट्ठी

तम्घास, ढिलो गरी प्राप्त समाचारअनुसार स्वर्गीय महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको उपलक्ष्यमा स्थानीय किरण पुस्तकालयमा एक समारोह भएको थियो ।

समारोहको सभापतित्व स्थानीय प्र.पं. श्री डिल्लीराज उपध्यायले गर्नुभएको थियो । समारोहमा उपस्थित पुस्तकालय परिवार र साहित्यप्रेमी सज्जनहरूको एक समूहले स्वर्गीय महाकवि देवकोटाको श्रद्धामा १ मिनेट मौन रही श्रद्धाञ्जलि अर्पण गरेको थियो । यसभन्दा पहिले उनको फोटोमा अबीरका साथ माल्यार्पण गरिएको थियो । उनको सम्मानमा आयोजित समारोहमा पुस्तकालयका सचिव श्री शशि पन्थीले महाकवि देवकोटाले दिनुभएको ६ दिने कवि सम्मेलनको भाषणको एक अंश पढेर सुनाउनुभयो ।

प्रवचनमा पुस्तकालयका अध्यक्ष डा. टीकाराम पन्थीले महाकवि देवकोटालाई विश्वका कुनै पनि कविसँग तुलना गर्न सकिन्न, भन्नुको विषय अलग भए तापनि देवकोटाको विलक्षण कवित्व प्रतिभालाई केवल पुराना संस्कृत साहित्यका महर्षि वेदव्याससँग तुलना गर्न सकिन्छ भन्नुभयो । अगाडि आफ्नो लामो स्वच्छ परिमार्जित प्रवचनको सिलसिलामा श्री डाक्टरज्यूले भन्नुभयो महाकवि देवकोटा अत्याधुनिक सद्य नेपाली साहित्यका अद्वितीय कवि हुन् । उहाँले कविका रचना र शैली विषयमा विस्तृत प्रवचन दिनुभएको थियो ।

पुस्तकालयका कोषाध्यक्ष श्री भेषबहादुर कुँवर 'प्रयासी'ले मुनामदनको महत्त्व तथा सर्वप्रथम प्रयोग गरिएको झ्याउरे छन्दको नयाँ क्रान्ति विषयमा बोल्नुभयो । महेन्द्र हाई स्कूलका शिक्षक श्री पद्मप्रसाद पन्थीले विश्वमा नेपाली साहित्यलाई चिनाउने पहिला कवि देवकोटा नै हुन् भन्नुभयो । श्री पद्मप्रसाद पन्थीले यो पनि भन्नु भयो कि समाज र प्रकृतिलाई यथार्थ रूपमा अगाल्न देवकोटा अत्यधिक कुशल छन् ।

स्मरण रहोस् कि गुल्मीमा किरण पुस्तकालयले देवकोटाको जन्मजयन्ती दोस्रो पल्ट मनायो र कविहरूको जन्मजयन्ती मनाउने परम्परामा यो चौथो हो ।

*- साभार : **दैनिक निर्णय**, वर्ष ७, अङ्क ७, भैरहवा २०२८ कार्तिक १७ गते*

ooo

पाठक-प्रतिक्रिया

# हाम्रो पुरुषार्थ रुरुक्षेत्र विशेषाङ्क पढिसकेपछि

मैले बाल्यकालमा रिडीको संस्कृत पाठशालामा अध्ययन गरेको र पछि २०२४ देखि २०२७ सालसम्म सोही विद्यालयमा अध्ययन कार्य गरेको हुँदा रिडीप्रति मेरो अगाध स्नेह छ । त्यसैले म प्रायः माघे संक्रान्ति र वैशाख संक्रान्तिमा रिडी जाने गर्दछु । रिडीको चित्र मेरो आँखा वरिपरि घुमिरहेको हुन्छ । रिडीको बारेमा लेखिएका लेख-रचना चाख राखेर पढ्ने गर्दछु ।

मेरा मित्र शशि पन्थीज्यूले किरण पुस्तकालयबाट प्रकाशित "हाम्रो पुरुषार्थ" रुरुक्षेत्र विशेषाङ्क त्रैमासिक पत्रिका पठाइदिनुभएकोले रुरुक्षेत्रको बारेमा धेरै विद्वान्हरूले लेख्नुभएको लेख-रचनाबाट धेरै कुरा जान्ने अवसर पाएँ । यसको लागि मित्र शशि पन्थीज्यूप्रति आभार प्रकट गर्दछु ।

यसै पत्रिकामा विद्वान् डा. रामराज पन्थीज्यूले लेख्नुभएको "रिडीको संस्कृत पाठशालामा पं.ढुण्डीराज पन्थीज्यू र उहाँका छोराहरूको योगदान" भन्ने लेखमा संस्कृत भाषा पाठशाला वि.सं.१९६९ (कतै १९५९) मा रिडीको विष्णुपञ्जरमा स्थापना गरियो भन्नुभएको छ । विष्णुपञ्जरमा नभै लावो चौपारी पल्तिर कालीगण्डकीको किनारमा स्थापना भएको थियो । पछि २०१८ सालको बाढीले पाठशाला भत्काइदिएकोले त्यसैलाई मर्मत गरी विद्यालय संचालन भैरहेको थियो । २०३५/३६ सालतिर मात्र विष्णुपञ्जरमा सारिएको हो ।

उहाँले अर्को ठाउँमा लेख्नुभएको छ - "यसै विद्यालयलाई आधार मानेर २०१६ सालमा स्कूल तथा साधारण माध्यमिक विद्यालयमा स्तर वृद्धि गरियो ।" संस्कृत तथा साधारण माध्यमिक विद्यालय भन्ने नामकरण २०१६ सालमा नभै २०६५ साल ज्येष्ठ ८ गते भएको हो । २०१६ सालमा त पण्डित रुक्माङ्गद ज्ञवाली र पं.ज्ञानेश्वर ज्ञवाली गुरुहरूको विशेष पहल कदमीबाट शिक्षक र कर्मचारीको दरबन्दी थप भई संस्कृत प्रधान पाठशाला रिडी गुल्मीको नामबाट मा.वि.स्तरमा सञ्चालन भै आएको हो । यस विद्यालयमा मलाई पढाउने गुरुहरूमध्ये ज्ञानेश्वर गुरु अझै रिडीमा हुनुहुन्छ । यस विद्यालयको बारेमा अझ धेरै कुराको जानकारी गुरुबाट प्राप्त गर्न सकिन्छ ।

**- घनश्याम गौतम**

हाल : भैरहवा, रूपन्देही

ooo

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ
किरण पुस्तकालय तम्घास, गुल्मी

किरण पुस्तकालयबाट प्रकाशन हुँदै आएको राष्ट्रिय स्तरको क वर्गको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थको लोकप्रियता बढ्दै गएको छ । ९८ अंकसम्म आइपुग्दा यसका आजीवन ग्रहाकको संख्या ९५३ जना नाघिसकेको छ । म पनि २०५९ कार्तिकमा प्रकाशित सम्पूर्णाङ्क ४५ देखि आजीवन ग्राहक बनी त्यसपछि प्रकाशित भएका सबै अंकहरू मैले अध्ययन गरेको छु । साथै मैले यस अगाडिका सबै अंकहरू पनि पढ्ने अवसर प्राप्त गरेको छु । हाम्रो पुरुषार्थको बारेमा पाठकबाट आएका पाठक-प्रतिक्रियाहरू सम्पूर्णाङ्क १७ बाट सुरू भएको देखिन्छ । विगतका पाठकको प्रतिक्रिया हेर्दा सम्पादकलाई प्रशंसा गरिएको र हाम्रो पुरुषार्थको नियमित प्रकाशनले निरन्तर पाओस् भन्ने सुझावहरू प्राप्त भएको देखिन्छ ।

हालको अवस्थासम्म आउँदा यो पत्रिका नियमित रूपमा प्रकाशित हुँदै आएको छ । यसले साहित्यानुरागीहरूका लागि आफ्नो प्रतिभा देखाउन ठूलो अवसर उपलब्ध गराएको छ । साथै विगतका केही वर्षयता गुल्मी जिल्लाका पालिकाहरूको संक्षिप्त जानकारी दिँदै आएको छ । जसले गर्दा भविष्यका लागि त्यस्ता जानकारीहरू अभिलेखमा सुरक्षित हुनेछन् ।

हालै प्रकाशनमा आएको सम्पूर्णङ्क ९८ लाई हेर्दा रुरुक्षेत्र गाउँपालिकाभित्र रहेका सम्पूर्ण धार्मिक स्थल तथा गाउँपालिकाको परिचयलगायतका विषयमा विस्तृत जानकारीहरूसहित विशेषाङ्क प्रकाशनमा आएको छ । यो अंक गाउँपालिकाको इतिहासको लागि महत्त्वपूर्ण बन्न पुग्छ ।

किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थ नियमित प्रकाशनमा आइरहेको छ । यसका लागि संपादकज्यूबाट निकै समय दिइएको देखिन्छ । साथै यस पुस्तकालयमा आउनेहरूलाई पुस्तकालय र हाम्रो पुरुषार्थको बारेमा जानकारी गराउँदा यसको महत्त्व बुझी स्वतः स्फूर्तरूपमा आजीवन सदस्य बनी पुस्तकालयको सदस्यता लिनेको संख्या बढेको छ ।

पुस्तकालयको व्यवस्थित भौतिक संरचना (पुस्तकालय भवन), विभिन्न पुस्तकको संग्रह, सीपमूलक (Computer) तालिमले गर्दा पुस्तकालयमा दिन प्रतिदिन पाठक संख्या पनि बढ्दै गएको देखिन्छ । तुरून्तै प्रकाशनमा आउन लागेको शताङ्कको पर्खाइसहित शुभकामनासमेत दिन चाहन्छु ।

**- डिल्लीराज खनाल**

रेसुङ्गा नगरपालिका-५, गुल्मी, आजीवन सदस्य- किरण पुस्तकालय, तम्घास, गुल्मी

०००

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय

<u>**आजीवन सदस्य**</u>



नाम : **मित्रप्रसाद गौतम**
साहित्यिक नाम: मित्र 'उराठी' गौतम
पिताको नाम : मोतीप्रसाद गौतम
आमाको नाम : रुन्नता गौतम
जन्ममिति : २०३० ज्येष्ठ २४ गते
जन्मस्थान : अमरपुर-८ (हाल:इस्मा गा.पा.-६), गुल्मी
स्थायी ठेगाना : तिलोत्तमा न.पा.-२, जानकीनगर, रूपन्देही
फोन नं. : ९८४७१०५३८१
इमेल : mitragautam@ gmail.com
शिक्षा : स्नातकोत्तर
पेशा : निजामती सेवा - उपसचिव, नेपाल सरकार
प्रकाशित कृति : गुल्मी अमरपुर र सतिम्लाका गौतम वंशको चिनारी (२०६९), लकडाउनको उपहार (कविता-संग्रह २०७७), मेरो देश नेपाल हाँस्छ ... राष्ट्रिय गीत रेडियो नेपालमा रेकर्डिङ २०६० । कथा, लघुकथा, कविता, गजल, गीत विभिन्न पत्रिकामा प्रकाशित ।
पुरस्कार : विभिन्न संस्थाहरूबाट पुरस्कृत र सम्मानित
संलग्नता : विभिन्न साहित्यिक र सामाजिक संस्थामा संलग्न ।

---



नाम : **हरिप्रसाद भुसाल**
पिता/माता : सुमन्त भुसाल/टीका भुसाल
पत्नी : सरस्वती भुसाल
जन्ममिति : २०२८/१२/२०
नागरिकता नं. : ८८७/१४३
ठेगाना स्थायी : मालारानी गा.पा.-१, सातपाटा, मरेङ, अर्घाखाँची
हाल : रेसुङ्गा नगरपालिका-१, पुतलीबजार, तम्घास, गुल्मी
फोन नं. : ९८४७५१७३८५
शिक्षा : आई.ए. अध्ययन
अभिरुचि : व्यापार, राजनीति, सामाजिक सेवा
संलग्नता : सम्राट विराट स्टोर्स, विभिन्न संघ/संस्थामा आबद्ध ।



नाम : **भवीन्द्रप्रसाद अर्याल**
माता/पिता : लोकनाथ/भुवनेश्वरी अर्याल
पत्नी : दुर्गा अर्याल
जन्ममिति : २०१५/०७/०९
रा.प.प.नं. : ८९९२००५८३१
ठेगाना स्थायी : मदाने गा.पा.-३, सिर्सेनी, गुल्मी
हाल : का.म.न.पा.-१४, रविभवन, काठमाडौं
फोन नं. : ९८५११३४०३४
शिक्षा : एम.ए.(राजनीतिशास्त्र), बी.एल., बी.ए. (अर्थशास्त्र)
इमेल : jparyale@gmail.com
अभिरुचि : भ्रमण, अध्ययन आधुनिक प्रविधि, सामाजिक सञ्जाल
संलग्नता : पूर्व राजदूत, आफ्ना रुचिका गैरनाफामूलक संघसंस्थामा संबद्ध।

---



नाम : **डा.रामराज पन्थी**
पिता/माता : युवराज पन्थी/इन्दुमती पन्थी
पत्नी : मायादेवी पन्थी
जन्ममिति : २०१८/०७/०१
नागरिकता नं. : २७-०१-७९-०८५७३
ठेगाना स्थायी : चपली-२, बुढानीलकण्ठ नगरपालिका, काठमाडौं
फोन नं. : ९८४९५९३९०८ (०१-४३७४०९४)
शिक्षा : BA, MMS, MPH
इमेल : rpantheer@gmail.com
अभिरुचि : अध्ययन र भ्रमण
संलग्नता : नेपाल सरकारको वरिष्ठ स्वास्थ्य प्रशासक पदबाट सेवा निवृत्त, मनमोहन मेमोरियल स्वास्थ्य विज्ञान अध्ययन संस्थानको संचालक सदस्य, नेपाल जनस्वास्थ्य सोसाइटिको सदस्य ।



नाम : **देविराम भण्डारी**

माता/पिता : स्व.चिन्तामणि/चन्द्रकला भण्डारी

पत्नी : कल्पना भण्डारी (भुसाल)

जन्ममिति : २०१८/०५/०७

ना.प.प.नं. : १८५/०३५/३६, गुल्मी

ठेगाना स्थायी : धुर्कोट गा.पा.-५, बस्तु, गुल्मी

हाल : रेसुङ्गा न.पा.-१, क्याम्पसरोड, तम्घास, गुल्मी

फोन नं. : ०७९-५२००८६, ९८४२९३०१३३

शिक्षा : एम्.ए., एम.पी.ए., बी.एल्.

इमेल : deviram.mopr@gmail.com

अभिरुचि : अध्ययन, अध्यापन, खेलकूद तथा सामाजिक सेवा

संलग्नता : सल्लाहकार सदस्य-रेसुङ्गा संरक्षण समिति, उपाध्यक्ष-पतञ्जलि योग समिति, गुल्मी, आजीवन सदस्य-किरण पुस्तकालय, गुल्मी, पूर्व सचिव-प्रदेश सरकार, पूर्व सह-सचिव-नेपाल सरकार ।

---



नाम : **यज्ञप्रसाद शर्मा पन्थी**

पिता/माता : नन्दराम पन्थी/रुन्दता पन्थी

पत्नी : सपना पन्थी

जन्ममिति : २०१८/१०/०२

नागरिकता नं. : ५०/०३५/०४/३०

ठेगाना स्थायी : रेसुङ्गा नगरपालिका-१, मिलनचोक, तम्घास, गुल्मी

फोन नं. : ९८५७०७५१०९

शिक्षा : I.Sc. (Ag.)

इमेल : yagyapanthi5@gmail.com

अभिरुचि : समाजसेवा, अध्ययन र भ्रमण

संलग्नता : सदस्य-रेसुङ्गा बहुमुखी क्याम्पस सञ्चालक समिति, महासचिव-गुल्मी चेम्बर अफ कमर्श, सदस्य-रेसुङ्गा संरक्षण समिति, सदस्य-नेपाल बाल संगठन, गुल्मी

नाम : **मीनप्रसाद झवाली**
पिता/माता : सिद्धिनाथ झवाली/सुभद्रादेवी झवाली
पत्नी : राधादेवी झवाली
जन्ममिति : २०१४/०४/१९
नागरिकता नं. : १२९०४/२०४५/०१/०९, गुल्मी
ठेगाना स्थायी : रुरुक्षेत्र गा.पा.-५, बम्घा, गुल्मी
फोन नं. : ९८५७०६७२४५
शिक्षा : स्नातकोत्तर
अभिरुचि : इतिहास र संस्कृति अध्ययन
संलग्नता : अवकाश प्राप्त शिक्षक



---

## हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू

| क्र.सं. ग्राहकको नाम | ठेगाना |
|---|---|
| ९५४. हरिप्रसाद भुसाल | रेसुङ्गा न.पा.-१, पुतलीबजार, तम्घास, गुल्मी । मो.नं.: ९८४७५१७३८५ |
| ९५५. झवीन्द्रप्रसाद अर्याल | का.म.न.पा.-१४, रविभवन, काठमाडौं । मो.नं. : ९८५११३४०३४ इमेल : jparyale@gmail.com |
| ९५६. डा. रामराज पन्थी | चपली-२, बुढानीलकण्ठ नगरपालिका, काठमाडौं । फोन नं.: ९८४९५९३९०८ (०१-४३७४०९४) इमेल : rpantheer@gmail.com |
| ९५७. देवीराम भण्डारी | रेसुङ्गा न.पा.-१, क्याम्पसरोड, तम्घास, गुल्मी फोन नं.: ०७९-५२००८६, ९८४२९३०१३३ इमेल : deviram.mopr@gmail.com |
| ९५८. यज्ञप्रसाद शर्मा पन्थी | रेसुङ्गा न.पा.-१, मिलनचोक, तम्घास, गुल्मी । फोन नं.: ९८५७०७५१०९ इमेलः yagyapanthi5@gmail.com |
| ९५९. मीनप्रसाद झवाली | रुरुक्षेत्र गा.पा.-५, बम्घा, गुल्मी । मो.नं. : ९८५७०६७२४५ |

०००




२०८० साल भाद्र १५ गते १६ औं पुस्तकालय दिवसका सहभागीहरू



१५८ औं मोती-जयन्तीको अवसरमा श्री महेश आचार्य (दायाँ)बाट किरण पुस्तकालयको अक्षयकोष वृद्धिका लागि रु.१,०१,१११।- को चेक हस्तान्तरण गर्दै ।



१५८ औं मोती-जयन्ती समारोहका सहभागीहरू



पुस्तकालयमा पुस्तक पढ्न तल्लीन बालबालिकाहरू



गण्डकी इङ्गलिश बोर्डिङ्ग स्कूलका विद्यार्थीहरूलाई पुस्तकालयका अध्यक्षद्वारा पुस्तकालयको बारेमा जानकारी प्रदान

# धार्मिक–साँस्कृतिक सहिष्णुता कायम गरौं ।

एक–अर्काको धर्मसँस्कृति,
रीतिरिवाज, रहनसहन र
चाडपर्वको सम्मान गरौं ।
एक आपसमा भेदभाव नगरौं,
धार्मिक–साँस्कृतिक
सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
## विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं


सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)